# हाम्रो नागार्जुन

## स्थानीय विषयको पाठ्यक्रम

## कक्षा १-८

## २०७९


नागार्जुन नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वागमती प्रदेश
हरिसिद्धि, सीतापाइला, काठमाडौं
काठमाडौं

## स्थानीय विषयको पाठ्यक्रम निर्माणमा सल्लाहकार एवम् सुझाव समिति

१) श्री मोहनबहादुर वस्नेत, नगर प्रमुख, नागार्जुन नगरपालिका
२) श्री शुशिला अधिकारी, नगर उपप्रमुख नागार्जुन नगरपालिका
३) श्री ईश्वरीप्रसाद ढकाल, प्रमुख प्रशासकीय अधिकृत नागार्जुन नगरपालिका
४) श्री केशब थापा संयोजक, सामाजिक बिकास समिति, नागार्जुन नगरपालिका

**संयोजन**
१) श्री कृष्णबहादुर कुँवर, शिक्षा शाखा प्रमुख, नागार्जुन नगरपालिका
२) श्री सुर्यनाथ कोइराला, शाखा अधिकृत, नागार्जुन नगरपालिका
३) श्री भावना सुवेदी, शाखा अधिकृत, नागार्जुन नगरपालिका
४) श्री श्रीकृष्ण रेग्मी नागार्जुन नगरपालिका

**सम्पादन मण्डल**
१) श्री सुन्दर पन्त प्रधानाध्यापक श्री अमरज्योति माध्यमिक विद्यालय, स्यूजाटार
२) श्री सुन्दर राज पुरी प्रधानाध्यापक श्री रत्नराज्य माध्यमिक विद्यालय, रामकोट
३) श्री रवि खनाल प्रधानाध्यपक श्री जनउद्दार माध्यमिक विद्यालय, हरिसिद्दि
४) श्री बासुदेव घिमिरे प्रिन्सिपल श्री द एक्सल पव्लिक सेकेण्डरी बोडिङ्ग स्कूल, छकडोल
५) श्री शिवराम गिरी प्रिन्सिपल श्री माइलस्टोन युथ इङ्लिस बोडिङ्ग स्कूल,रामकोट
६) श्री विष्णु श्रेष्ठ प्रधानाध्यापक श्री सीतावालविकास आधारभूत विद्यालय, गौरीगाउँ
७) श्री अमृता श्रेष्ठ प्रधानाध्यापक श्री इचंगुनारायण आधारभूत विद्यालय, इचंगु

**भाषा संयोजन**
१) श्री सविना धिताल शिक्षक श्री युवा सहभागिता माध्यमिक विद्यालय, छकडोल

**विषयवस्तु संकलन तथा लेखन**
१) करुणा धिताल गिरी
२) राजेश्वर रिजाल

**खोज, अनुसन्धान तथा निर्माण**
अन्तर्राष्ट्रिय अनुसन्धान, तालिम तथा बिकास केन्द्र प्रा. लि. (IRTDC Pvt. Ltd)

**प्रकाशक**
नागार्जुन नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बागमती प्रदेश
हरिसिद्धि, सीतापाइला, काठमाडौं

**फोटो सौजन्य**

प्रथम संस्करण : २०७९

# भनाई

शिक्षा मानव जिवनको अभिन्न अंग हो । कुनै पनि देश, समाज बिकासको आधारभूत पक्ष नै शिक्षामा लगानी र शिक्षाको बिकास हो । विश्वमा आज धनी, सम्पन्न, शक्तिशाली मानिएका राष्ट्रहरुको पृष्ठभूमि अध्ययन गर्दा त्यहाँको मेरुदण्ड भनेको नै सिपयुक्त शिक्षित जनशक्ति रहेको कुरा स्पष्ट नै छ । त्यसकारण हाम्रो देश नेपालमा पनि संविधानमा नै शिक्षालाई आधारभूत अधिकारको रुपमा उललेख गरिएको छ । आजको २१औं सताब्दीको विश्वमा बढ्दो प्रतिस्पर्धात्मक बजारमा अव्बल ठहरिन विद्यार्थीहरुले स्थानीयदेखि विश्वव्यापी विषयवस्तुहरुमा ज्ञान, सीप हासिल गरी व्यवहारमा लागू गर्न सक्नुपर्दछ । त्यसकारण स्थानीय परिवेश, रहनसहन, प्राकृतिक, धार्मिक तथा साँस्कृतिक स्रोतसाधनहरुको पहिचान गरी त्यसको महत्वलाई नबुझिकन शिक्षाको उद्देश्य पूरा हुन सक्दैन् र तिनीहरूको दिगो संरक्षण पनि हुन सक्दैन् । आजको यस आवश्यकतालाई हृदयङ्गम गर्दै नागार्जुन नगरपालिकाले स्थानीय आवश्यकताका विषयवस्तुहरुलाई समेटेर स्थानीय विषयको पाठ्यकम **"हाम्रो नागार्जुन कक्षा १-८, २०७९"** निर्माण गरी नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण विद्यालयहरूमा लागू गर्न लागेको हो । शिक्षाको यस महत्वपूर्ण अभियानमा नगरपालिकाले नेतृत्व गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ ।

इचंगु नारायण मन्दिर, ह्वाइट गुम्वा, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जका साथै विभिन्न महत्वपूर्ण शैक्षिक, धार्मिक, साँस्कृतिक केन्द्रहरु रहेको बहुजातिय, बहुभाषिक संस्कृति भएको यस नगरपालिकाको पहिचानलाई औपचारिक शिक्षामा विद्यालय तहमा उजागर गरिएकोले यो पाठ्यक्रम महत्वपूर्ण रहेको छ । यसका लागि स्थानीय स्तरमा व्यक्ति, समुदाय र सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरी स्थानीय सम्पदाको महत्वलाई शिक्षाको मूलधारमा ल्याउन गरिएको प्रयास एउटा नमूनाको रुपमा नै लिन सकिन्छ । यस पाठ्यक्रमले आधारभूत तहमा (कक्षा १-८) अध्ययनरत विद्यार्थी लगायत स्थानीय समुदायलाई समेत आफ्नो प्राकृतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा भाषिक सम्पदाहरुको संरक्षण र संबर्धन गर्दै भविष्यमा आईपर्न सक्ने प्रकोप र बिपद्का असरहरु न्यूनीकरण गर्न समेत अभिप्रेरित गर्नेछ भन्ने मैले बिश्वास राखेको छु । स्थानीय पेशा, प्रविधि तथा सम्पदाको आवश्यकता र महत्वलाई बुझेर यस पाठ्यक्रमको लेखन तथा सम्पादनमा संयोजन गर्नुहुने नगरपालिकाका शिक्षा शाखा प्रमुख, शाखा अधिकृत,सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यपक/प्रिन्सिपल लगायत कार्यालयका सम्पूर्ण कर्मचारीहरू, पाठ्यक्रम लेखन तथा सम्पादन समितिका विज्ञ राजेश्वर रिजाल, करुणा धिताल लगायत यस पाठ्यकमलाई मुर्त रुप दिन खोज अनुसन्धान कार्यमा सहयोग पुऱ्याउने अन्तर्राष्ट्रिय अनुसन्धान, तालिम तथा बिकास केन्द्र प्रा. लि.लाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । यसैगरी नगर उपप्रमुखज्यू, वडाध्यक्षहरू, स्थानीय शिक्षा विद्, शिक्षाप्रेमी सम्पूर्ण महानुभावहरूले आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको सहयोगप्रति आभार प्रकट गर्दछु । यस पाठ्यक्रम निर्माणको सुरुवाती चरणबाट अन्त्यसम्म सहभागी भइ गहन अध्ययन गरी सुझाव दिनुभएकोमा पाठ्यकम बिकास केन्द्रका विषयविज्ञहरुप्रति पनि कतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा यस पाठ्यक्रमको प्रभावकारिता अझ बढाउनको लागि कुनै कमी कमजोरी रहन गएमा विज्ञ वर्गको सुझाव सहित आगामी दिनमा संशोधन गरिदै लगिने वाचा गर्दछु । यसका साथै यो पाठ्यक्रम यस नगरपालिका र जिल्लाकै महत्वपूर्ण दस्तावेजका रुपमा रहनेछ भन्ने सुभेच्छा सहित यसको सफलता एवम् प्रभावकारी कार्यान्वयनको कामना गर्दछु ।

मोहन वहादुर बस्नेत
नगर प्रमुख
नागार्जुन नगरपालिका, काठमाडौं

# विषयसूची


| विषयवस्तु | पेज नं. |
| --- | --- |
| १. परिचय | १–५ |
| २. पाठ्यक्रम निर्माण गर्दा अवलम्बन गरेका सिद्धान्त र प्रक्रिया | ६ |
| ३. स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्यता | ६–७ |
| ४. विषय क्षेत्र छनोट | ७ |
| ५. तहगत सक्षमता | ८–१० |
| ६. विषयवस्तुको क्षेत्र र क्रम | ११–१८ |
| ७. विषयवस्तुको विस्तृतीकरण | १९–१३८ |
| ८. पाठ्यक्रमको पाठ्यघण्टा र अङ्क विभाजन तालिका | १३९ |
| ९. सिकाइ सहजीकरण प्रक्रिया | १४०–१४१ |
| १०. विद्यार्थी मूल्याङ्कन | १४२ |
| ११. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया | १४३ |
| १२. समय निर्धारण | १४४ |
| १३. पाठ्यक्रम परिमार्जन | १४४ |
| १४. अनुसूचीहरू | १४५–१५२ |

# १.परिचय

## १.१ पृष्ठभूमिः

हाम्रो देश नेपाल भौगोलिक, धार्मिक एवम् साँस्कृतिक, जातीय, भाषिक विविधताले भरिपूर्ण देश हो । भौगोलिक अवस्था, जातीय तथा साँस्कृतिक विविधतासँगै मानिसहरुका आवश्यकता र चाहनाहरु पनि फरक फरक किसिमका रहेका छन् । यसरी फरक पृष्ठभूमिका ठाउँहरुकालागि पाठ्यक्रम लगायत पठनपाठनको अभ्यास पनि फरक हुन सक्छन् । त्यसकारण आजको युगमा विद्यालय तहमा केन्द्रबाट तयार गरी पठनपाठन हुँदै आएका पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई आवश्यक ज्ञान, सीप र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात गरी स्थानीय पाठ्यक्रमको अवधारणा अघि सारिएको हो ।

साधारण अर्थमा स्थानीयस्तरमा भएका विद्यार्थी तथा स्थानीय समुदायको सर्वाङ्गीण विकासमा महत्वपूर्ण हुन सक्ने विषयवस्तुहरू समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने अभिप्रायले तयार गरिएको शैक्षणिक सामग्री नै स्थानीय पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रमले स्थानीय क्षेत्रका प्राथमिकतामा रहेका विषयवस्तुहरूलाई समेटी तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रम अनुरूप कक्षाकोठामा पुऱ्याउने काम गर्दछ । यसमा विशेष गरी स्थानीय स्तरका प्राकृतिक, साँस्कृतिक, भाषिक एवम् ऐतिहासिक सम्पदाहरुका साथै स्थानीय परम्परागत पेसा, व्यवसाय, विपद् व्यवस्थापन, असल नागरिक तथा व्यवहारिक परिवर्तन आदि सँग सम्बन्धित विषयवस्तुहरू समावेश गरेर स्थानीय विद्यालयहरुमा लागू गर्न सकिन्छ ।

## १.२ स्थानीय पाठ्यक्रमको सम्बन्धमा भएको व्यवस्थाः

स्थानीय पाठ्यक्रमको अवधारणालाई हेर्ने हो भने नेपालमा वि.सं. २०२८ को शिक्षा ऐनबाट नै केही न केही रुपमा अगाडि बढाएको भएता पनि त्यसको मर्म अनुसार कार्यान्वयन भएको देखिँदैन् । तर बदलिँदो समयक्रमसँगै स्थानीय विषयवस्तुहरुको महत्व समेत बढ्दै गएको र तिनीहरुलाई लागू गर्नुपर्छ भन्ने मान्यता समेत फराकिलो हुँदै गएको छ । यसका साथै अन्य देशहरुमा समेत स्थानीय विषयवस्तुका पाठ्यक्रमहरु पठनपाठन हुँदै आएको पाइन्छ। तसर्थ नेपालमा समेत विभिन्न दस्तावेजमा स्थानीय पाठ्यक्रमलाई नीतिगत रुपमा समावेश गरिएको पाइन्छ । नेपाल लगायत अन्य मुलुकमा स्थानीय पाठ्यक्रम सम्बन्धी भएका व्यवस्थाहरु निम्नानुसार रहेका छन् ।

### नेपालको संविधानः

नेपालको संविधान (२०७२) को भाग ३ मा मौलिक हकको व्यवस्था अन्तर्गत धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ। यसको उपधारा (२)मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको साँस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने छ भन्ने उल्लेख गरिएको छ। त्यसैगरी उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने छ भन्ने प्रावधान रहेको छ । अतः यसको व्यवहारिक कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रम मार्फत समाजमा रहेका भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने प्रकृतिको ज्ञान, सिप र प्रविधि विद्यार्थीलाई दिनु जरुरी छ । यसका लागि स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन नै एक महत्वपूर्ण माध्यम हुन सक्छ ।

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमनसम्बन्धी व्यवस्था गरिएको छ । त्यसैगरी उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण गर्ने कुरा उल्लेख गरिएको छ । जसबाट पनि स्थानीय विषयवस्तुमा आधारित पाठ्यक्रमको महत्व रहेको छ भन्ने बुझ्न सकिन्छ ।

## राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६

नेपाल सरकारद्वारा जारी गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १–३ मा साप्ताहिक पाठ्यभार ५ अर्थात् वार्षिक १६० घण्टा र कक्षा ४–८ मा यसका लागि ४ पाठ्यभार अर्थात् वार्षिक १२८ घण्टा रहनेछ भनी व्यवस्था गरिएको छ । उक्त प्रारूपमा स्थानीय पाठ्यक्रम सम्बन्धमा निम्नलिखित कुरा उल्लेख गरिएको छ :

(क) स्थानीय आवश्यकताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

(ख) राष्ट्रिय पाठ्यक्रमको ढाँचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

(ग) स्थानीय पाठ्यक्रममा आवश्यकतानुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिने छ ।

(घ) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिने छ ।

(ङ) राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइने छ ।

(च) स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिने छ ।

(छ) स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रमसम्बद्ध संरचनाबाट हुने छ ।

## आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६

पाठ्यक्रम विकास केन्द्रले तयार गरेको एकीकृत पाठ्यक्रम योजना २०७६ अनुसार आधारभूत तहमा पाठयक्रम निर्माण तथा कार्यान्वयन गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

(क) स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । स्थानीय विषयअन्तर्गत मातृभाषा वा स्थानीय विषय समावेश गर्नुपर्ने छ । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउने छ ।

संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदरसा, किराँत मुन्धुमजस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरू परम्परागत शिक्षा पद्धतिअनुसार अनुकूलन र विकास गरी कार्यान्वयन गरिने छ ।

(ख) संस्कृत तथा परम्परागत शिक्षाको प्रारम्भिक शिक्षा (कक्षा १-३) लाई एकीकृत सिद्धान्तअनुरूप साधारण शिक्षाकै समकक्षी शिक्षा प्रदान गरिने छ । यस शिक्षामा मातृभाषाका सटट्मा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, किराँत लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

(ग) कक्षा १–३ को कूल पाठ्यभार २६ पाठ्यघण्टा मध्ये ५ पाठ्यभारको मातृभाषा/स्थानीय विषय समावेश गर्नुपर्ने व्यवस्था छ । यसप्रकार स्थानीय पाठ्यक्रमका लागि वार्षिक १६० कार्यघण्टा छुट्याइएको छ भने यस्तो पाठ्यक्रम निर्माण तथा कार्यान्वयन विद्यालयहरूको समेत सहभागितामा स्थानीय तहले नै गर्नुपर्नेछ ।

### स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन मार्गदर्शन, २०७६

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा २०७६ सालमा तयार पारिएको स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन मार्गदर्शन २०७६ (मातृभाषा सहित) समेतले राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६लाई आधार मानेर स्थानीय विषयको पाठ्यक्रम निर्माण र लागू सम्बन्धी मार्गदर्शन प्रदान गरेको छ । जसमा स्थानीय सरकारको अगुवाईमा स्थानीय विद्यालय तथा सरोकारवालाहरुको सहभागितामा स्थानीय आवश्यकताका विषयवस्तुहरु समेटी स्थानीय पाठ्यक्रम बिकास गरी लागू गर्न सकिन्छ ।

### अन्तर्राष्ट्रिय अभ्यास

नेपालमा मात्र नभई विश्वका धेरै मुलुकमा विद्यालय तहको शैक्षिक गतिविधि सञ्चालन स्थानीय सरकार मार्फत हुँदै आएको पाईन्छ । जसमा विद्यालय स्तरमा स्थानीय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयन पनि एक महत्वपूर्ण अंगको रुपमा अंगालेको पाइन्छ । विशेष गरी युरोपियन मुलुक नर्वे, फिनल्याण्ड लगायतका देशहरुमा विद्यालयहरुले आ-आफ्नै आवश्यकताका आधारमा स्थानमा आधारित पाठ्यक्रमहरु निर्माण गरी लागू गर्दै आएका छन् । यी देशका पाठ्यक्रमहरु विषय क्षेत्रमा (Theme based) आधारित रहेर बनाईएका छन् । स्थानीय आवश्यकता र महत्वका आधारमा स्थानीय प्रविधि र सीपलाई जोड दिई प्रयोगात्मक शिक्षालाई प्रर्वधन गर्ने कार्यमा स्थानीय विषयवस्तुका पाठ्यक्रमहरु समेत महत्वपूर्ण हुँदै आएका छन् । कतिपय विद्यालयहरुले व्यवसायिक शिक्षा (Vocational education) र आर्थिक क्रियाकलापसँग जोडेर पनि पठनपाठन गरिरहेका छन् । जसबाट स्थानीय साँस्कृतिक धरोहर संरक्षण, स्थानीय ज्ञान, सीपको प्रवर्धन हुनका साथै विद्यार्थीहरुमार्फत विद्यालयहरुमा आर्थिक क्रियाकलापहरु संचालन गर्न समेत सहयोग भइरहेको हुन्छ ।

एसियाली देशहरु जापान, चीन, थाइल्याण्ड, फिलिपिन्स लगायतका देशहरुमा पनि स्थानीय आवश्यकताका आधारमा विद्यालयहरुले आफ्नै पाठ्यक्रम बनाएर लागू गर्ने गरेका छन् । यी देशहरुमा पनि स्थानीय संस्कृति, प्रबिधि र सीपको प्रवधर्न गरी आर्थिक क्रियाकलापसँग जोड्ने तरिकाले पाठ्यक्रमको योजना गरी कार्यान्वयन गर्ने गरेको पाइन्छ । विशेष गरी थाइल्याण्डको स्थानीय पाठ्यक्रमको बिकास क्रमलाई हेर्ने हो भने ९० को दशकबाट नै समुदायसँग सम्बन्धित ज्ञानलाई

उजागर गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गरी राष्ट्रिय शिक्षा ऐनमा स्थानीय विषयवस्तुमा आधारित पाठ्यक्रमको कुरालाई समावेश गरिएको पाइन्छ । त्यसपछिका दिनहरुमा स्थानीय ज्ञान (Local Wishdom) को रुपमा आधारित स्थानीय संस्कृति, प्रविधि, सीप र ज्ञानलाई उजागर गर्दै आर्थिक क्रियाकलापसँग समेत जोडेर आधारभूत तह विद्यालय शिक्षामा ३० प्रतिशतसम्म स्थानीय विषयवस्तुहरु पठनपाठन हुने गरेको छ । यसरी लागू गरिने स्थानीय विषयको पाठ्यक्रमले विद्यार्थीहरुलाई आफ्नो क्षेत्रको प्रकृति, संस्कृति, परम्परागत प्रविधि, सीपको उपयोग, संरक्षण र प्रवर्धन गर्न प्रेरित गर्नुका साथै आर्थिक क्रियाकलापमा समेत सहयोग पुऱ्याइरहेको पाइन्छ ।

विश्वव्यापी रुपमै स्थानीय पाठ्यक्रम कार्यान्वयनका उदाहरणहरु अध्ययन अवलोकन गर्ने हो भने सबैजसो देशहरुमा ठाउँ र आवश्यकता अनुसार स्थानीय ज्ञान (Local Wishdom) मा आधारित स्थानीय प्रकृति, संस्कृति, भाषा, परम्परागत सीप र प्रबिधिलाई नै उजागर गर्नेगरी पाठ्यक्रमहरु निर्माण गरी लागू गर्ने गरेको पाइन्छ । जसबाट विद्यार्थीहरुमा स्थानीय प्रविधिमा आधारित सीपको विकासमा सहयोग पुग्नका साथै स्थानीय धरोहरहरुको प्रवर्धन र संरक्षणमा समेत महत्वपूर्ण योगदान रहन्छ ।

### १.३ विद्यालय शिक्षाको तहगत संरचनाः

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुईतहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुने छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुने छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास (Apprenticeship) समेटिएको छ । सिकारुको उमेर, सिकाइ क्षमतास्तर तथा बाल मनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत तथा कक्षागत संरचना निम्नानुसार निर्धारण गरिएको छ ।

| **विद्यालयको तह** | **कक्षा** | **उमेर समुह** | **सिकाइ क्षमता स्तर** |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | १-३ | ५ देखि ७ वर्ष | १ |
| | ४-५ | ८ देखि ९ वर्ष | २ |
| | ६-८ | १० देखि १२ वर्ष | ३ |
| माध्यमिक | ९-१० | १३ देखि १४ वर्ष | ४ |
| | ११-१२ | १५ देखि १६ वर्ष | ५ |

## १.४ विद्यालय शिक्षाको पाठयक्रम संरचनाः

### आधारभूत तह कक्षा १-३

| **क.स.** | **विषय सम्बन्धी क्रियाकलाप** | **पाठ्यघण्टा** | **वार्षिक कार्यघण्टा** |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| **जम्मा** | | २६ | ८३२ |

पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको छ ।

### आधारभूत तह कक्षा ४-५

| **क.स.** | **विषय** | **पाठ्यघण्टा** | **वार्षिक कार्यघण्टा** |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शरीरिक तथा सृजनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| **जम्मा** | | ३२ | १०२४ |

**आधारभूत तह कक्षा ६-८**

| क.स. | विषय | | | | |
|---|---|---|---|---|---|
| | **साधारण** | **संस्कृत शिक्षा/गुरुकुल, बेद विद्याश्रम शिक्षा** | **गोन्पा तथा विहार/मदर्सा शिक्षा** | **पाठ्यघण्टा** | **वार्षिक कार्यघण्टा** |
| १. | नेपाली | नेपाली | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | गणित | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक शिक्षा (सृजनात्मक कला सहित) | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक) | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय वा संस्कृत भाषा | वेद वा नीति शास्त्र | भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दू भाषा | ४ | १२८ |
| **जम्मा** | | | | ३२ | १०२४ |

## २. पाठ्यक्रम निर्माण गर्दा अवलम्बन गरेका सिद्दान्त र प्रक्रियाः

स्थानीय पाठ्यक्रमको विकासका क्रममा विद्यार्थीका लागि स्थानीय आवश्यकता र सन्दर्भमा आधारित विषयवस्तु समावेश गरिनुपर्दछ भन्ने मान्यताका आधारमा पाठ्यक्रमको सैद्धान्तिक अवधारणालाई आत्मसात गर्नुपर्दछ । त्यसकारण स्थानमा आधारित शिक्षाको सिद्धान्त (Place-based education theory) ले स्थानीय वातावरण तथा स्थानीय जनजीवनको संरक्षणका लागि समुदायलाई सचेत र सक्रिय बनाउन स्थानीय ज्ञानलाई विद्यार्थी सामु फरक ढङ्गले राख्न स्थानीय पाठ्यक्रम निर्माण हुनुपर्दछ भन्ने कुरामा जोड दिन्छ । त्यस्तै सामाजिक पुनर्संरचनावादी सिद्धान्त (Social Reconstructivism Theory) ले पाठ्यक्रम निर्माणमा सामाजिक आवश्यकता, सामाजिक मुद्दा, सामयिक विचार र भविष्यपरक आशा उल्लेख गर्नुपर्ने कुरामा जोड दिन्छ (Murray Print, 1998)।

सर्वाङ्गीण बालविकासको अवधारणालाई विचार गरी बालकेन्द्रित सिकाइ सिद्धान्तमा आधारित भई विकास गरिएको यो पाठ्यक्रमले मूलतः स्थानीय स्तरमा आधारित शिक्षा, सामाजिक पुनर्संरचनावादी सिद्धान्त तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा उल्लेख गरिएका सिद्धान्तहरूलाई नै पाठ्यक्रम

विकासका सिद्धान्तका रूपमा लिएको छ । अन्तरविषयक तथा बहुविषयक विषयक्षेत्रमा आधारित भई एकीकृत सिद्धान्तअनुसार पाठ्यक्रमको संरचना तयार गरिएको छ भने जीवनोपयोगी तथा व्यवहारकुशल सीपहरूसमेत एकीकृत गरिएको छ । यो पाठ्यक्रम विकास गर्दा नेपालका सामाजिक, साँस्कृतिक तथा भाषिक लगायतका विविधतालाई समावेश गरिनुका साथै स्थानीय आवश्यकतामा आधारित ढाँचा अवलम्बन गरिएको छ । यस पाठ्यक्रममा नेपाली मूल्य र मान्यता तथा ज्ञानको प्रतिनिधित्वका साथै विद्यार्थीको सहभागिता, कार्य तथा खोजलाई जोड दिइएको छ । पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाउन तहगत (कक्षा १-३, कक्षा ४-५, कक्षा ६-८) सक्षमताहरू पहिचान गरिएको छ ।

विश्वव्यापी रुपमा रहेका मान्यता तथा नेपालमा भएका नीतिगत व्यवस्थाहरुका आधारमा नै काठमाडौं जिल्ला, नागार्जुन नगरपालिका अन्तर्गतका विद्यालयहरूका लागि यो स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो । नगरपालिकाका प्रमुख सहित नगरकार्यपालिकाका सदस्यहरू, विद्यालयका शिक्षक शिक्षिकाहरू, स्थानीय बुद्धिजीवी तथा संघसंस्थाहरूको उपस्तिथितिमा आयोजना गरिएको चरणबद्ध कार्यशालामा विद्यालयहरूमा कक्षा १ देखि ८ सम्मको स्थानीय विषयका लागि यसै क्षेत्रको प्राकृतिक, ऐतिहासिक तथा साँस्कृतिक, आर्थिक र सामाजिक मूल्य मान्यता, सकरात्मक व्यवहार, प्रकोप विपद् तथा योग व्यायामको बारेमा आधारभूत तहका बालबालिकाहरूलाई परिचित गराउन महत्वपूर्ण रहेको निष्कर्ष निकालिएको थियो । त्यसै अनुरूप स्थानीय विषय विज्ञहरू तथा मुख्य सरोकारवालाहरूको चरणवद्धरुपमा लेखन, छलफल र अन्तरक्रियाबाट **समृद्ध नागार्जुनको आधार, पर्यटन सहितको पूर्वाधार** भन्ने नगरपालिकाको नारालाई समेत प्रभावकारी कार्यान्वयन गर्ने कार्यमा सहयोगी होस भन्ने हेतुले यो पाठ्यक्रमको निर्माण गरिएको हो । यो पाठ्यक्रम शैक्षिक सत्र २०८० देखि कक्षा १-८ सम्म लागू हुनेछ ।

## ३. स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्यता:

नेपालको विद्यालय शिक्षाका लागि नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्धारा निर्माण गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ स्वीकृत भई विद्यालयहरुमा चरणबद्ध रुपमा लागू हुने क्रममा रहेको छ । उक्त पाठ्यक्रम ढाँचामा भएको व्यवस्था अनुसार कक्षा १-३ सम्ममा पाँचओटा विषय (गणित, नेपाली, अङ्ग्रेजी, हाम्रो सेरोफेरो र स्थानीय विषय) राख्नुपर्ने प्रावधान रहेको छ । त्यसैगरी कक्षा ४-८ मा पनि स्थानीय भाषा वा स्थानीय प्रविधिमा आधारित विषयवस्तु वा स्थानीय आवश्यकताको विषयवस्तुको पाठ्यक्रम निर्माण गरी लागू गर्नुपर्ने प्रावधान रहेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार स्थानीय विषयको पाठ्यक्रम वा मातृभाषामध्ये एक विषय छनोट गरी स्थानीय तहबाट पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान रहेको छ ।

बालबालिकाको सिकाइको क्रम आफ्नो घर र आफ्नो वरिपरिको वातावरणबाट नै प्रारम्भ हुने गर्दछ। त्यसका लागि बालबालिकाहरूले आफ्नो ठाउँ तथा समुदायको पहिचान गर्ने वातावरणको विकास गर्नुपर्दछ । बालबालिकाहरुलाई स्थानीय क्षेत्रमा भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकारी गराउनु आजको आवश्यकता हो । यसका साथै स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम

अपरिहार्य भएको छ । राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रम सबै सरोकारवालाको संलग्नताको सम्भावना रहँदैन । यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन । त्यसैले स्थानीय तहमा भएका भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सीप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सीपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ ।

हरेक स्थानीय तहको आ-आफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवम् साँस्कृतिक, जातीय, भाषिक विविधता हुन्छ । केन्द्रीय तहमा तयार गरिने पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सीप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेश अनुसारको ज्ञान र सीप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न आवश्यक भएकाले र संवैधानिक तथा नीतिगत रूपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले नागार्जुन नगरपालिकाले यो स्थानीय पाठ्यक्रम तयार गरेको हो । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई निम्न बुँदाहरूमा अझ स्पष्ट पार्न सकिन्छ :

क) स्थानीय भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न ।

ख) स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गरी नेपाली कला, सौन्दर्यको संरक्षण तथा संवर्धन गर्न ।

ग) स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सीप, भाषा आदिको संरक्षण र संवर्धन गर्न ।

घ) स्थानीय तहका परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई संरक्षण, संवर्धन र विकास गर्न सहयोग पुऱ्याउन ।

ङ) स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्न ।

च) सभ्य र सुसंस्कृत समाजको निर्माणमा सहयोग गर्न ।

छ) स्थानीय खेलकुद, योग, व्यायाम र सन्तुलित भोजनको सीप बिकास गर्न ।

## ४. विषय क्षेत्र छनौटः

क) नागार्जुन नगरपालिकाको भौगोलिक, ऐतिहासिक परिचय र नगरपालिकाको संरचना तथा नगरपालिकाले प्रदान गर्ने सेवासुविधाहरु

ख) स्थानीय वातावरणमा पाइने वनस्पति, जडीबुटी र पशुपंक्षीहरू, प्रदूषण, फोहोरमैला व्यवस्थापन, उर्जा, खनिज, जलवायु परिवर्तन

ग) यस क्षेत्रको सेरोफेरोमा रहेका नदीनाला, ताल, पोखरी, जलस्रोत प्रदूषण तथा जलस्रोतको संरक्षण

घ) स्थानीय क्षेत्रमा हुन सक्ने भूकम्प, बाढी, पहिरो, आगजनी, चट्याङ, हुरी, बतास र सडक दुर्घटना

ङ) स्थानीयस्तरमा प्रचलित भाषा, चाडपर्व, मेलाजात्रा, धर्मसंस्कृति, रीतिरिवाज र भेषभूषा, परम्परागत सामग्रीहरू

च) यस क्षेत्रमा रहेका मठ, मन्दिर, गुम्बा, चर्च, मस्जिद र अन्य धार्मिक सम्पदाहरू

छ) स्थानीय सामाजिक मूल्य मान्यता र सकरात्मक व्यवहार

ज) स्थानीय क्षेत्रमा प्रचलित परम्परागत पेसा, व्यवसाय, उद्योगधन्दा तथा आयआर्जनका क्रियाकलापहरू (पशुपालन, खेतीपाती, जडीबुटी खेती, हस्तकला, होटल व्यवसाय, उद्योग, पर्यटन आदि)

झ) स्थानीय क्षेत्रमा परम्परागत रुपमा खेलिने खेल, योग व्यायामहरू र सन्तुलित भोजन ।

## ५. तहगत सक्षमताः

पाठ्यक्रम बिकास केन्द्रको प्रावधान अनुसार नेपालमा विद्यालयको तहगत संरचनालाई बाल बिकास केन्द्रदेखि कक्षा १२ सम्म गरी जम्मा ५ तह रहेको छ । यसै आधारमा पाठ्यक्रम बिकास केन्द्रले पाठ्यक्रमहरु समेत बिकास गरी चरणबद्धरुपमा लागू गरिरहेको छ । जसमा सानो कक्षा (कक्षा १-३)मा एकीकृत पाठ्यक्रमको निर्माण गरी चरणबद्धरुपमा लागू भईरहेको छ। जुन पाठ्यक्रमको अध्ययन अध्यापनबाट विद्यार्थीहरुको सिकाइ उपलब्धि क्षमता कुन तहमा जाँच्न वा मूल्याङ्न गर्न सकिन्छ भन्ने कुरा समेत स्पस्ट गर्न सकिन्छ ।

हाल विकास भएका पाठ्यक्रमहरु सक्षमतामा आधारित भइ विकास भएका हुनाले पाठ्यक्रमको लागू पश्चात सहजीकरणका विभिन्न विधि र रणनीतिहरुको प्रयोग गर्न सकिन्छ । जसबाट विद्यार्थीहरुको मूल्याङ्कन गर्दा उनीहरुको बुझाइ तथा ज्ञानको तह (Knowledge), सीपको तह (Skill) र विद्यार्थीहरुको व्यवहारिक परिवर्तन (Attitude) लाई समेत मूल्याङ्कन गर्न सकिन्छ । त्यसैले यो स्थानीय विषयको पाठ्यक्रम समेत सक्षमतामा आधारित भइ बिकास गरिएको हो । यो पाठ्यक्रमको अध्ययन पश्चात विद्यार्थीहरु निम्न कुराहरु गर्न सक्षम हुनेछन् ।

**कक्षा १-३ को सक्षमताः**

यस स्थानीय विषयको अध्ययन पश्चात कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरुले निम्नलिखित सक्षमता हासिल गर्नेछन् :

- आफू बसेको ठाउँ, टोल, वडा र नगरपालिकाको पहिचान
- स्थानीय क्षेत्रमा पाइने बोटबिरुवा र जीवजन्तुको पहिचान, उपयोग र संरक्षणमा सहभागिता
- स्थानीय क्षेत्रमा भएका जलस्रोतको पहिचान र उपयोग
- व्यक्तिगत सरसफाई र वातावरणीय सरसफाईको सीप
- प्रकोप तथा दुर्घटना र विपद्को पहिचान र सावधानी
- स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको पहिचान र संरक्षण
- स्थानीय बाजा, जातजाति, भाषा र भेषभूषाको पहिचान र सम्मान
- स्थानीय चाडपर्वमा सहभागिता
- मेलमिलाप, आदर-सत्कार, सहयोग, सम्मान, पारिवारिक मेलमिलाप जस्ता सामाजिक सीपको बिकास
- स्थानीय कृषि तथा व्यापार व्यवसायको महत्वबोध
- स्थानीय प्रविधिमा आधारित उद्योग- व्यवसायको पहिचान र महत्वबोध
- स्थानीय क्षेत्रमा खेलिने खेलहरुको अभ्यास र खेल सामग्रीहरुको उचित प्रयोग
- योग ध्यानको प्रारम्भिक अभ्यास

**कक्षा ४-५ को सक्षमताः**
यस स्थानीय विषयको अध्ययन पश्चात कक्षा ४ र ५ का विद्यार्थीहरुले निम्नलिखित सक्षमता हासिल गर्नेछन् :

- आफ्नो नगरपालिका र छिमेकी नगरपालिका/गाउँपालिकाको पहिचान
- नगरपालिका क्षेत्रको भू-बनोटको (वनजंगल, खेतीयोग्य, भू-सतह) पहिचान
- स्थानीय क्षेत्रमा पाइने औषधिजन्य बोटबिरुवाको पहिचान, उपयोग र संरक्षणमा सहभागिता
- स्थानीय वन तथा वरपर पाइने चरा लगायत वन्यजन्तुको संरक्षणमा सहभागिता
- नगरपालिका क्षेत्रभित्र भएका पानीका मुहान, सिमसार क्षेत्रको पहिचान, उपयोग, महत्वबोध र संरक्षणमा सहभागिता
- वातावरणीय प्रदुषण, त्यसको असर पहिचान र आफ्नो विद्यालय, घर, टोलमा फोहोर व्यवस्थापन सम्बन्धी सीप
- भूक्षय, बाढी, पहिरो, डुवान, आगलागी, चट्याङ, भूकम्प जस्ता प्रकोप तथा सडक दुर्घटनाले ल्याउन सक्ने विपद्को पहिचान, सावधानी तथा सुरक्षाका उपायहरुको अवलम्बन
- स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुः इचंगुनारायण, नागार्जुन जामचो, रानीवन, हसनटार गुम्वा जस्ता क्षेत्रहरुको पहिचान, महत्व बोध र संरक्षणमा सहभागिता
- स्थानीय जातजातिको भाषा, भेषभूषा, संस्कृतिको महत्वबोध र सम्मान
- स्थानीय मेलाजात्रा, चाडपर्वको महत्वबोध र सहभागिता
- स्थानीय जातजातीहरुले पाहुना तथा मान्यजनलाई गर्ने आदर सत्कारको अनुसरण
- परिवारिक अनुसासन र सकारात्मक सोच
- स्थानीय सामाजिक संघसस्था तथा व्यक्तिको समुदायमा योगदानको महत्वबोध र अनुसरण
- स्थानीय क्षेत्रमा गरिने कृषि (तरकारी, कौशी खेती तथा अन्नखेती) बाली लगाउने सीप
- स्थानीय उत्पादनको बजारीकरणको महत्वबोध
- स्थानीय प्रविधिमा आधारित उद्योग- व्यवसायको पहिचान, महत्वबोध र माटोका केही सामान बनाउने सीप
- स्थानीय क्षेत्रमा परम्परागत रुपमा खेलिने खेलहरुको पहिचान, महत्वबोध र अभ्यास
- प्राकृतिक र पत्रु खानाको पहिचान र खाना खाने सहि तरिकाको सीप

**कक्षा ६-८ को सक्षमताः**
यस स्थानीय विषयको अध्ययन पश्चात कक्षा ६ देखि ८ सम्मका विद्यार्थीहरुले निम्नलिखित सक्षमता हासिल गर्नेछन् :

- नगरपालिकाको भौगोलिक, राजनैतिक, जातिगत संरचनाको पहिचान र नगरपालिकाको नक्सा बनाउने सीप
- नगरपालिकाले प्रदान गर्ने सेवा सुविधाहरुको उपभोग
- स्थानीय क्षेत्रमा भएका वनहरुको उपयोग, व्यवस्थापन र संरक्षणमा सहभागिता
- स्थानीय वनमा पाइने चरा लगायत वन्यजन्तुको संरक्षणमा सहभागिता र वन्यजन्तु अपराध नियन्त्रणमा सहयोग

- नगरपालिका क्षेत्रभित्र भएका सिमसार क्षेत्रको महत्वबोध, उपयोग र संरक्षणमा सहभागिता
- स्थानीय क्षेत्रमा खानेपानीको अवस्था पहिचान र पानी सुद्धिकरणका स्थानीय उयायहरुको उपयोग
- स्थानीय क्षेत्रको जलस्रोत तथा खनीज पदार्थहरुको संरक्षणका सीपहरु र सहभागिता
- वातावरणीय प्रदुषण न्यूनीकरण र फोहोर व्यवस्थापन सम्बन्धी सीप
- स्थानीय क्षेत्रमा प्रकोपले ल्याउन सक्ने विपद्को असरबाट सावधानी र सुरक्षाका उपायहरुको अवलम्बन
- विद्यालय तथा टोलमा प्रकोप/विपद् व्यवस्थापन योजना निर्माणमा सहभागिता
- स्थानीय धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थलहरु (मन्दिर, गुम्बा, बिहार, चर्च, मस्जिद)हरुको पहिचान, महत्व बोध
- स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्रहरुको संरक्षण र व्यवस्थापनमा समुदाय र स्थानीय सरकारलाई सहयोग
- स्थानीय जातजाति (मगर, नेवार, सन्यासी लगायतका जातजाति) को भाषा, संस्कृति, भेषभूषाको महत्वबोध, सम्मान र संरक्षण
- स्थानीय मेलाजात्रा दशैं, तिहार, ल्होसार, बुद्ध जयन्ती, सिटी नःख, योमरी पुन्ही, गाईजात्रा, माघी, भूमे पूजा क्रिसमस, इद जस्ता चाडपर्वमा सहभागीता, धर्म संस्कृतिको सम्मान र संरक्षण
- स्थानीय सामाजिक तथा धार्मिक सहिष्णुता कायम गर्न सहयोग
- स्थानीय प्रविधिमा आधारित काठ, बाँस, माटोका सामान निर्माण गर्ने सीप तथा परम्परागत प्रविधिमा आधारित सामग्रीको उपयोग
- स्थानीय सामाजिक व्यक्तिको योगदानको अनुसरण
- स्थानीय सामाजिक संघसस्था (रेडक्रस, स्काउट, बाल क्लव आदि) हरुको महत्वबोध र सामाजिक कार्यहरुमा सहभागिता
- सामाजिक कुरिती, कुलत र दुर्व्यवसनीको असर पहिचान र त्यसबाट बच्ने उपायहरुको अनुसरण
- स्थानीय क्षेत्रमा गरिने कृषि (माछा, बंगुरपालन, फलफूल खेती, पुष्पखेती, जडीबुटी) कार्यहरु सम्बन्धी सीप
- स्थानीय उत्पादनको प्रर्वधन र बजारीकरण सम्बन्धी सीप
- पर्यटनसँग सम्बन्धित व्यसायको महत्व बोध गरी होम स्टे सञ्चालन गर्न
- दैनिक जीवनमा योग ध्यानको महत्व बोध गरी अभ्यास
- सन्तुलित र प्राकृतिक भोजनको महत्व बोध गरी सन्तुलित भोजनको अभ्यास

## विषयवस्तुको क्षेत्र र क्रम
## कक्षा १-३

| क्र.स. | क्षेत्र | विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|---|
| १. | **नागार्जुन नगरपालिकाको परिचय** | नगरपालिकाको भूगोल र राजनैतिक विभाजनको परिचय | ● नगरपालिकाको नाम र आफू बसोबास गर्ने ठाउँको परिचय<br>● आफ्नो टोल वस्तीमा भएका बाटोहरुको परिचय | ● नगरपालिकाको भौगोलिक अवस्थाको परिचय<br>● नगरपालिकाको चार सिमाना र वडाहरु | ● नगरपालिकाको नक्सा<br>● नगरपालिकाको चार सिमाना सहित वडाहरु |
| २. | **प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण** | स्थानीय बोटबिरुवा | ● स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरु | ● स्थानीय क्षेत्रमा पाइने तरकारीबाली, अन्न, फलफूलबाली, फूलहरु | ● बोटबिरुवाको महत्व र उपयोगिता |
| | | स्थानीय जीवजन्तु | ● स्थानीयस्तरमा पालिने घरपालुवा जनावरहरू र वन्यजन्तुहरू | ● स्थानीयस्तरमा पालिने घरपालुवा जनावरहरूको महत्व | ● स्थानीय वनमा पाइने वन्यजन्तु र चराहरुको सूची र महत्व |
| | | जलस्रोत | ● स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरु | ● स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको उपयोग | ● स्थानीय क्षेत्रको पानीको स्रोतको परिचय |
| | | फोहोरमैला व्यवस्थापन | ● फोहोरमैलाको परिचय<br>● घर, आँगन, विद्यालय, वरिपरीको वातावरणको सरसफाई | ● फोहोरमैलाको प्रकार (कुहिने र नकुहिने) | ● फोहोरमैलाको वर्गिकरण ( ठोस, तरल र ग्याँस) र ठोस फोहोरको व्यवस्थापन |
| ३. | **प्रकोप र विपद्** | प्राकृतिक र मानव निर्मित प्रकोप | ● स्थानीय क्षेत्रमा भएका तथा हुनसक्ने प्रकोप | ● प्राकृतिक तथा मानवीय कारणबाट हुने विपत्तिहरू | ● स्थानीय क्षेत्रमा सडक दुर्घटना (कारण, असर र बच्ने उपायहरु) |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | **धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल** | स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलको परिचय | ● नगरपालिका भित्रका धार्मिक तथा ऐतिहासिक स्थलहरुको नाम | ● धार्मिक तथा ऐतिहासिक स्थलको नाम र ठाउँ | ● धार्मिक तथा ऐतिहासिक स्थलको महत्व |
| | | स्थानीय पर्यटकीय स्थलको परिचय | ● नगरपालिका भित्रका प्राकृतिक पर्यटकीय क्षेत्रहरुको नाम | ● नगरपालिका भित्रका प्राकृतिक पर्यटकीय क्षेत्रहरुको महत्व | ● सहिदपार्क र आसपासका पर्यटकीय क्षेत्रहरुको परिचय |
| ५. | **स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति** | स्थानीय जातजाति, भाषा र भेषभूषा | ● स्थानीय क्षेत्रमा बसोबास गर्ने जातजातिको नाम | ● स्थानीय जातजातिले बोल्ने भाषा र भेषभूषाहरु | ● स्थानीय जातजाति, भाषा र भेषभूषाको महत्व र संरक्षण |
| | | स्थानीय चाडपर्व | ● स्थानीय क्षेत्रमा मनाइने चाडपर्वहरुको नाम | ● स्थानीय क्षेत्रमा मनाइने चाडपर्वहरुको परिचय | ● स्थानीय मेला, जात्रा, चाडपर्वमा बजाइने बाजाहरु |
| | | स्थानीय प्रविधिमा आधारित उद्योग-व्यवसाय | ● स्थानीय परम्परागत प्रविधिबाट उत्पादित वस्तुहरु | ● स्थानीय परम्परागत प्रविधिको परिचय | ● स्थानीय प्रविधिमा आधारित उद्योगहरुको परिचय र महत्व |
| ६. | **सामाजिक मूल्य मान्यता र असल संस्कार** | व्यक्तिगत स्वास्थ्य र सरसफाई | ● आफ्नो शरीरका अंगहरुको सरसफाइ | ● शरीरका अंगहरुको सरसफाई गर्ने अभ्यास | ● आफ्नो सामानहरुको हिफाजत र सरसफाइ |
| | | आदर-सत्कार | ● साथी, गुरुहरू, परिवारका सदस्यहरू र छिमेकी बालबालिकासँग घुलमिल र आदर सत्कार | ● साथी, गुरुहरू, परिवारका सदस्यहरू र छरछिमेकीसँग आदर, सत्कार, सहयोग र मेलमिलाप | ● परिवारिक मेलमिलाप र उत्तरदायित्व |
| ७. | **स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता** | कृषि | ● स्थानीय बालीनालीको नाम | ● स्थानीय कृषि उत्पादन- अन्नबाली, फलफूल, तरकारी, पशुपालन, जडीबुटी) | ● स्थानीय कृषि र कौशी खेती उत्पादनको महत्व र फाइदा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | परम्परागत व्यापार व्यवसाय | • व्यापार व्यवसायहरुको नाम | • परम्परागत स्थानीय व्यापारको परिचय | • परम्परागत स्थानीय व्यवसायको महत्व र संरक्षण |
| ८. | **स्थानीय खेलकुद र योग व्यायाम** | स्थानीय खेलहरु | • स्थानीय स्तरमा खेलिने खेलहरुको नाम र अभ्यास (कुनै २ वटा खेल) | • स्थानीय स्तरमा खेलिने खेलहरुको परिचय र अभ्यास (कुनै २ वटा खेल) | • स्थानीय स्तरमा खेलिने खेलहरुको परिचय र अभ्यास (कुनै ३ वटा खेल) |
| | | योग व्यायाम | • योग ध्यानको प्रारम्भिक अभ्यास | • योग ध्यानको प्रारम्भिक अभ्यास | • योग ध्यान र सन्तुलित भोजनको परिचय |

**कक्षा ४-८**

| क.स. | क्षेत्र | विषयवस्तु | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|
| १. | **नागार्जुन नगरपालिकाको परिचय** | नगरपालिकाको भूगोल र राजनैतिक विभाजनको परिचय | ● नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि तथा छिमेकी गाउँपालिका/ नगरपालिकाहरुको नाम | ● नगरपालिका क्षेत्रको भू-बनोटको - वनजंगल, खेतीयोग्य, भू-सतह) पहिचान | ● नगरपालिकाको नक्सामा चार सिमाना तथा वडाहरुको वर्गिकरण | ● नगरपालिकाको भूगोल, जनसंख्या, जातजाति र शैक्षिक संस्थाहरु सम्बन्धी परिचय | ● नगरपालिकाले दिने सेवा सुविधाहरु |
| | | नगरपालिकाका कार्यहरु | - | - | ● नगरपालिकाको संरचना | ● वडाको परिचय र वडा कार्यालयका कार्यहरु | ● स्थानीय तहमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी परिचय |
| २. | **प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण** | स्थानीय बोटविरुवा | ● स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरु | ● स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको उपयोग | ● स्थानीय वनहरु र व्यवस्थापन | ● वनको संरक्षण र व्यवस्थापनमा स्थानीय समुदाय र नगरपालिका | ● शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज परिचय, वनको अवस्था र संरक्षण |
| | | स्थानीय जीवजन्तु | ● स्थानीय वनमा पाइने जनावरको परिचय | ● स्थानीय क्षेत्रमा पाइने चराहरुको परिचय | ● वन्यजन्तुको संरक्षणमा स्थानीयको भूमिका | ● पारिस्थितीकीय प्रणाली सन्तुलनमा वन्यजन्तुको भूमिका | ● वन्यजन्तु अपराध नियन्त्रण र कानूनी व्यवस्था |
| | | जलस्रोत र खनीज | ● जलस्रोतको प्रदुषणः कारण र असरहरु | ● जलस्रोत प्रदुषण न्यूनीकरण, संरक्षण र | ● नगरपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी | ● जमीन मुनीको पानी संकलन<br>● आकासे पानी संकलन | ● स्थानीय जलस्रोत र खनिज पदार्थको सम्बन्ध तथा संरक्षण |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | व्यवस्थापनमा स्थानीय प्रयास | सुद्दिकरणका स्थानीय उपायहरु | | |
| | | प्रदुषण र फोहोरमैला व्यवस्थापन | • फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर | • स्थानीय क्षेत्रमा वातावरण प्रदुषण (जल, वायु, ध्वनि, जमीन) | • स्थानीय वातावरणमा प्रदुषण न्यूनीकरणका उपायहरू-जल, वायु, ध्वनि, जमिन<br>• फोहोरमैला व्यस्थापन (3R+) | • स्थानीय वातावरण प्रदुषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसंस्थाहरू<br>• कम्पोष्टिङ - गड्यौले मल बनाउने, बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रिया) | • स्थानीय वातावरण प्रदुषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा नगरपालिकाको भूमिका<br>• स्थानीय क्षेत्रमा जलवायु परिवर्तन |
| ३. | **प्रकोप/विपद् व्यवस्थापन** | प्रकोप/विपद्को पहिचान | • भूकम्प, हावाहुरी, आगलागी/डढेलो, घर आगलागी | • स्थानीय क्षेत्रमा भूक्षय, पहिरो, वाढी तथा डुबान | - | - | - |
| | | प्रकोप/विपद्को व्यवस्थापन | - | - | • नगरपालिका क्षेत्रमा हुन सक्ने विभिन्न विपद्हरूका रोकथाम तथा क्षति न्यूनीकरण | • स्थानीय क्षेत्रमा प्रकोप तथा विपद् व्यवस्थापनको योजना निर्माण र कार्यान्वयन | • स्थानीय क्षेत्रमा प्रकोप तथा विपद् व्यवस्थापन र सहरी सुरक्षाको योजना निर्माण र कार्यान्वयनमा नगरपालिका |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. | **धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल** | स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलको परिचय | ● नागार्जुन जामाचो, बरवलडाँडा मन्दिर र बद्री नारायण धाम परिचय | ● ह्वाइट गुम्बा, पचली भैरव मन्दिर र भुवनेश्वरी मन्दिर परिचय | ● हसनटार गुम्वा, पञ्चकन्या मन्दिर,कौडु भगवती मन्दिर र भुवनेश्वरी मन्दिर परिचय | ● छोर्तेन गुम्वा, तारकेश्वर मन्दिर, गणेशथोक वनदेवी मन्दिर, स्थानीय चर्च र मस्जिद परिचय | ● इचंगु नारायण, हल्चोक आकास भैरव, इन्द्रेणी मन्दिर, कृष्ण मन्दिर, ह्वाइट गुम्वा लगायतका स्थानीय धार्मिक ऐतिहासिक क्षेत्रहरुको परिचय |
| | | स्थानीय पर्यटकीय स्थल र क्रियाकलाप | ● पुष्पलाल पार्क लगायत वरपरका पर्यटकीय स्थलहरुको परिचय | ● रानीवन क्षेत्र लगायत वरपरका पर्यटकीय स्थलहरुको परिचय | ● गणेशमान स्मृति पार्क र स्वीजरल्याण्ड पार्क परिचय | ● सहिद पार्क परिचय र मनमोहन स्मृति पार्क परिचय | ● भीमढुंगा, रानीवन, थाप्ले लगायतका पर्यटकीय क्षेत्रहरुको परिचय |
| ५. | **स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति** | स्थानीय जातजाति, भाषा, भेषभूषा र संस्कृति | ● स्थानीय जातजातिले बोल्ने भाषा र संस्कृतिको परिचय | ● स्थानीय मगर जाति (भाषा, भेषभूषा, चाडपर्व जन्म, विवाह, मृत्यु संस्कार) | ● स्थानीय नेवार जाति (भाषा, भेषभूषा, चाडपर्व, जन्म, विवाह, मृत्यु संस्कार) | ● स्थानीय तामाङ, ब्राम्हण, क्षेत्री, सन्यासी लगायत विभिन्न जातजाति - चाडपर्व, भाषा, भेषभूषा, जन्म, विवाह, मृत्यु संस्कार) | ● स्थानीय भाषा, भेषभूषा, संस्कृति संरक्षण र सर्म्बधनमा समुदाय र स्थानीय सरकारको भूमिका |
| | | स्थानीय चाडपर्व, रितीरिवाज र संस्कार | ● स्थानीय क्षेत्रमा लाग्ने मेला जात्राको परिचय | ● भूमे पूजा, माघी पर्व तथा मारुनी नाच ( स्थानीय मगर समुदायको) | ● स्थानीय नेवार समुदायले मनाउने चाडपर्वहरु (सकिमिला पुन्ही, गुँला, | ● विस्केट जात्रा, गाईजात्रा, नागार्जुनमा लाग्ने मेला लगायत स्थानीय क्षेत्रमा लाग्ने | ● दशैं, तिहार, बुद्ध जयन्ती, क्रिसमस, इद परिचय र हाम्रो धार्मिक, सामाजिक सहिष्णुता |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पञ्चदान, सिथी नःख, आदि) | मेलाहरुको परिचय | |
| ६. | **सामाजिक मूल्य मान्यता र असल संस्कार** | असल संस्कार | • पाहुना तथा मान्यजन लाई गर्ने आदर सत्कारको परिचय | • सकरात्मक सोच र चरित्र निर्माण | • सामाजिक व्यक्तित्व - पहिलो शैक्षिक संस्था खोल्ने) | • विद्यालय तथा समुदायमा भएका सामाजिक संघसंस्थाहरु ( बालक्लव र अन्य स्थानीय संस्थाहरु) | • स्थानीय क्षेत्रमा भएका समाजिक संघसंस्थाहरुले गर्ने कार्यहरु (महिला समुह, क्लव, रेडक्रस, स्काउट) र सामाजिक संस्थाहरुमा हाम्रो सहभागिता |
| | | नैतिक मूल्य मान्यता | • सभ्य परिवार र आत्म अनुसासन | • असल परिवारमा अभिभावकको भूमिका | • सामाजिक कुरितीहरु परिचय | • कुलत र दुर्व्यसनीको असर र नियन्त्रण | • सामाजिक विभेद र कुरीति, कुलत सम्बन्धि नगरपालिकाको कानूनी प्रावधान र कार्यान्वयन |
| ७. | **स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता** | कृषि | • तरकारी खेती -काउली, आलु र मुला) कौशी खेती | • अन्नखेती - धान, गहुँ र मकै खेती) | • पशुपालन - कुखुरापालन, माछा र बंगुर पालन) | • पुष्प खेती - सयपत्री, गोदावरी, गुलाफ, चमेली, लगायत) | • जडीबुटी खेती<br>• कृषि व्यवसायमा चुनौति र कृषि प्रवर्धनमा स्थानीय सरकारको भूमिका |
| | | व्यापार व्यवसाय | • परम्परागत व्यवसायको संरक्षणमा स्थानीय समुदाय | • स्थानीय व्यापार, पेसा र व्यवसायको बजार व्यवस्थापन | • स्थानीय परम्परागत उत्पादनको बजारीकरण( हाट बजारहरु परिचय) | • पर्यटन परिचय | • अतिथि सत्कार र होमस्टे व्यवसाय सञ्चालन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | स्थानीय प्रविधिमा आधारित उद्योग-व्यवसाय | • नगरपालिका क्षेत्रभित्रको पहिलो उद्योगको परिचय | • परम्परागत प्रविधिमा आधारित माटोको सामान निर्माण | • परम्परागत प्रविधिमा आधारित बाँसको सामान निर्माण | • परम्परागत प्रविधिमा आधारित काठको सामान निर्माण | • परम्परागत प्रविधिमा आधारित तेल र उखु पेल्ने तरिका |
| ८. | **स्थानीय खेलकुद, योग र सन्तुलित भोजन** | स्थानीय खेलकुद, योग, व्यायाम | • शारीरिक कसरतका लागि स्थानीय स्तरमा प्रचलित अभ्यास | • स्थानीय स्तरमा खेलिने खेलकुद तथा योग व्यायामको महत्व | • योग ध्यानको परिचय र विभिन्न प्रकारका योगप्रणायाम र ध्यानको अभ्यास | • योग ध्यानको दैनिक जीवनमा प्रयोग र यसबाट स्वास्थ्यमा पर्ने सकरात्मक प्रभाव | • स्थानीय क्षेत्रमा भएका योग तथा ध्यान केन्द्रको परिचय र सञ्चालित गतिविधिहरू |
| | | सन्तुलित भोजन | • प्राकृतिक र पत्रु खानाको परिचय | • खाना तथा पानी खाने सहि तरिका | • पत्रु खानाका असरहरु र पत्रु खानामा कमी ल्याउने उपायहरु | • खानाको उपयोग तथा स्थानीय स्तरमा उत्पादित प्राकृतिक तथा रेसादार, बोक्रायुक्त खानाका फाईदाहरु | • सन्तुतिल भोजनले स्वास्थ्यमा पार्ने सकरात्मक प्रभाव |

## ७. विषयवस्तुको विस्तृतीकरण

### कक्षा १

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| **नागार्जुन नगरपालिकाको परिचय** | नगरपालिकाको भूगोल र राजनैतिक विभाजनको परिचय | ● नगरपालिकाको नाम र आफू बसोबास गर्ने ठाउँको परिचय<br>● आफ्नो टोल वस्तीमा भएका बाटोहरुको परिचय | ● आफू बसेको ठाउँ, टोल, वडा, नगरपालिकाको पहिचान गर्न र नाम बताउन<br>● आफ्नो टोलमा भएका बाटोहरु चिन्न | ● आफू बस्ने ठाउँ, नगरपालिका, वडा तथा विद्यालयको नाम र ठेगाना<br>● आफ्नो घर र विद्यालय नजिकको बाटाको परिचय | ● विद्यार्थीहरूलाई नगरपालिकाको नाम र वडा संख्या बताइ दिने ।<br>● नगरपालिकाको चित्र वा नक्सा प्रदर्शन गरी नाम र वडा सङ्ख्या भन्न लगाउने ।<br>● विद्यार्थीहरूलाई आफ्नो विद्यालय भएको ठाउँको नाम र ठेगाना बताइ दिने र भन्न सिकाउने ।<br>● विद्यालय नजिकको सडक, गोरेटो नाम, अवस्था, लम्वाई आदि बताइ बाटोहरु चिनाइ दिने । | ● विद्यालय भएको क्षेत्रको नक्सा<br>● नगरपालिकाको वडाहरु देखिने नक्सा<br>● स्थानीय बाटोहरुको चित्र नक्सा<br>● श्रव्यदृष्य सामग्रीहरु | ● आफ्नो घर भएको नगरपालिका र वडाको नाम सोध्ने ।<br>● विद्यालयको नाम, ठेगाना र नजिकको बाटोको नाम सोध्ने ।<br>● चित्र वा भिडियो देखाइ बाटो छ छैन् पत्ता लगाउन लगाउने ।<br>● विभिन्न समयमा नगरपालिकाको नाम, तथा आफू बस्ने वडा भने नभनेको यकिन गरी सिकाइ उपलब्धिको मापन गर्ने । | १० |
| **प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण** | स्थानीय बोटबिरुवा | ● स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरुको नाम | ● स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरुको पहिचान गर्न | ● स्थानीय बोटबिरुवाहरु - फलफूल, झारपात, अन्न, तरकारी, जडीबुटीहरु | ● स्थानीय ठाउँमा पाईने विभिन्न बोटबिरुवाहरुको सूची बनाइ चित्र सहित प्रस्तुत गर्ने ।<br>● विद्यालयको वरिपरि स्थलगत अध्ययन गराई त्यहाँ उपलब्ध बिरुवाहरू देखाउने र वरिपरि | ● विभिन्न बोटबिरुवा हरुको नक्सा, चित्र<br>● विभिन्न साना बोटबिरुवा हरु | ● आफ्नो विद्यालय र टोलमा पाईने बोटबिरुवाहरुको नाम भन्न लगाउने ।<br>● चित्र देखाइ विभिन्न बिरुवाहरु चिन्न लगाउने | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | देखिने जडीबुटीको नाम भन्न लगाउने । | | ● आफ्नो बस्तीमा पाईने कुनै तीन वटा फलफूल वा तरकारीको नाम भन्न लगाउने । | |
| | स्थानीय जीवजन्तु | ● स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू र वन्यजन्तुहरू | ● स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू र वन्यजन्तुहरूको पहिचान गरी नाम बताउन | ● स्थानीय क्षेत्रमा पालिने घरपालुवा जनावर तथा पंछीहरु<br>● स्थानीय वनमा पाइने जनावरहरु | ● विद्यालय नजिकैको कुनै घर वा कृषि फर्ममा लगेर त्यहाँ भएका जीवजनावर तथा चराचुरुङ्गीहरू देखाइ तिनीहरूको नाम भन्न, पहिचान गर्न सिकाउने ।<br>● स्थानीय क्षेत्रमा पालिने विभिन्न जनावरहरूको फोटो देखाइ नाम भन्न, पहिचान गर्न लगाउने ।<br>● स्थानीय क्षेत्रमा पाइने विभिन्न जनावरहरूको फोटो देखाइ नाम भन्न लगाउने । जस्तैः स्याल, बँदेल, चितुवा, काग, गिद्ध, रुपी आदि । | ● विभिन्न घरपालुवा तथा वन्यजन्तु हरुको फोटो | ● आफ्नो घर वा नजिकको घरमा पालिएका जीव जनावरहरूको नाम सोध्ने ।<br>● विभिन्न वन्यजन्तुहरूको फोटो देखाइ चिन्न लगाउने ।<br>● फोटोहरू मार्फत बहुबैकल्पिक प्रश्नहरू गर्ने । | ९ |
| | जलस्रोत | ● स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरु | ● आफ्नो टोल र वरिपरी भएका पानीको स्रोतहरुको पहिचान गरी नाम बताउन | ● स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको नाम | ● स्थानीय क्षेत्रमा भएका विभिन्न पानीका स्रोतहरूको जस्तैः धारा, कुवा, इनार, खोला, खोल्सा आदि । फोटो देखाइ तिनीहरूको नाम भन्न लगाउने र चिनाइ दिने । | ● पानीका विभिन्न स्रोतहरुको चित्र, फोटो<br>● श्रव्यदृष्य सामग्रीहरु | ● पानीका स्रोतहरूको नाम सोध्ने ।<br>● चित्र/फोटो देखाइ स्रोतको नाम चिन्न र भन्न लगाउने । | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● विद्यार्थीहरूलाई नजिकको पानीको स्रोतमा अवलोकन भ्रमण गराइ त्यसलाई चिनाउने र प्रयोगबारे बताइ दिने । | | ● पानीका स्रोतहरूको चित्र बनाउन लगाउने ।<br>● फोटोहरू मार्फत बहुबैकल्पिक प्रश्नहरू गर्ने । | |
| | फोहोरमैला व्यवस्थापन | ● फोहोरमैलाको परिचय<br>● घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाई | ● फोहोरमैलाको पहिचान गरी आफू बस्ने वरिपरीको वातावरण सफा राख्न सहयोग गर्न | ● फोहोरमैलाको परिचय<br>● घर, आँगन, विद्यालय, वरिपरीको वातावरणको सरसफाइ -बढार्ने, धुने, जथाभावी फोहोर नफ्याँक्ने बानीको बिकास | ● फोहोर र सफा वातावरणको चित्र वा भिडियो देखाइ सरसफाईको बारेमा छलफल गर्ने ।<br>● जथाभावी फोहोर गर्नुहुँदैन भनेर सिकाउने ।<br>● कक्षाकोठामा राखिएका डस्टवीनहरूमा कागजका टुक्राहरू राख्न लगाउने । | ● फोहोर सफा ठाउँ बुझाउने फोटो तथा चित्रहरु<br>● सरसफाइमा उपयोग गर्न सकिने विभिन्न सामग्रीहरु<br>● श्रव्य दृष्य सामग्रीहरु | ● चित्रहरू देखाइ सफा र फोहोर वातावरण छुट्याउन लगाउने ।<br>● विद्यार्थीहरूको दैनिक क्रियाकलाप अवलोकन गर्ने ।<br>● कक्षाकोठा तथा घर, विद्यालय वरिपरी सफा राख्नुपर्ने कारणहरुबारे सोध्ने । | ८ |
| **प्रकोप र विपद्** | प्राकृतिक र मानव निर्मित प्रकोप | ● स्थानीय क्षेत्रमा भएका तथा हुनसक्ने प्रकोप | ● स्थानीय क्षेत्रमा हुनसक्ने विभिन्न प्रकोप र विपद्हरूको पहिचान गरी नाम बताउन | ● स्थानीय क्षेत्रमा हुनसक्ने विभिन्न प्रकोप र विपद्हरूको नाम जस्तैः आगलागी, सडक दुर्घटना, वाढी, पहिरो, डुबान, भूकम्प लगायतको नाम | ● विभिन्न पत्रपत्रिकाहरू तथा पोष्टरहरूमा प्रकाशित भएका आगलागी, सडक दुर्घटना, बाढी, पहिरो, डुबान, भूकम्प गएका चित्रहरू प्रर्दशन गर्ने र चिनाउने ।<br>● विद्यार्थीहरूलाई विद्यालय नजिकैको पहिरो वा नदी कटान वा डुबान क्षेत्रको अवलोकन गराउने । | ● प्रकोप, विपद तथा दुर्घटना सम्बन्धी फोटो, चित्रहरु<br>● श्रव्य दृक्ष्य सामग्री | ● फोटोहरू देखाइ प्रकोपका नामहरू भन्न लगाउने ।<br>● विपद्का नाम सम्बन्धित फोटोहरू सित जोडा मिलाउन लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरू गर्ने । | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● प्रकोप सम्बन्धी भिडियो देखाउने । | | | |
| **धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल** | स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलको परिचय | ● नगरपालिका भित्रका धार्मिक तथा ऐतिहासिक स्थलहरु | ● नगरपालिका भित्रका धार्मिक तथा ऐतिहासिक स्थलहरु चिन्न र नाम बताउन | ● नगरपालिका भित्रका धार्मिक तथा ऐतिहासिक स्थलहरुको नाम (मठमन्दिर, गुम्बा, बिहार, चर्च, मस्जिद पाटीपौवा) | ● नगरपालिका क्षेत्रभित्र भएका मठमन्दिर, गुम्बा, चर्च, मस्जिदको फोटो देखाइ चिनाउने र नाम भन्न लगाउने ।<br>● विद्यालय नजिकको मठमन्दिर, गुम्बा, चर्च, पाटीपौवा, मस्जिदको अवलोकन भ्रमण गराइ तिनीहरुको नाम बताई परिचय दिने । जस्तैः हसनटार गुम्वा, पञ्चकन्या मन्दिर,कौडु भगवती मन्दिर र भुवनेश्वरी मन्दिर आदि । | ● स्थानीय धार्मिक, साँस्कृतिक, ऐतिहासिक ठाउँहरुको फाटो, त्यस सम्बन्धी ब्रोसर<br>● श्रव्यदृष्य सामग्रीहरु, भिडीयो, डकुमेन्ट्री आदि | ● आफ्नो घर वरपर रहेको मन्दिर तथा धार्मिक स्थलको नाम बताउन लगाउने ।<br>● फोटो देखाइ विभिन्न ठाउँहरु चिन्न लगाउने ।<br>● चित्रमा रंग भर्न लगाउने<br>● बहुबैकल्पिक प्रश्नहरु गरी त्यसका आधारमा मूल्याङ्कन गर्ने । | ९ |
| | स्थानीय पर्यटकीय स्थलको परिचय | ● नगरपालिका भित्रका प्राकृतिक पर्यटकीय क्षेत्रहरु | ● नगरपालिका क्षेत्रभित्र भएका प्राकृतिक पर्यटकीय ठाउँहरुको पहिचान गर्न र नाम बताउन | ● नगरपालिका क्षेत्रभित्र भएका पर्यटकीय ठाउँहरुको नाम जस्तैः रानीवन, भिमढुंगा, स्वीजरल्याण्ड पार्क आदि | ● स्थानीय पर्यटकीय क्षेत्रहरूको नाम र चित्र संकलन गरी प्रदर्शन गर्ने र ठाउँ चिनाइ दिने । जस्तैः रानीवन नगरपालिकाको उत्तर पश्चिम दिशामा तारकेश्वर नगरपालिकासँगको सिमानामा अवस्थित छ ।<br>● विद्यालय नजिकको पर्यटकीय ठाउँको अवलोकन भ्रमण | ● स्थानीय पर्यटकीय ठाउँहरुको फाटो, त्यस सम्बन्धी ब्रोसर श्रव्यदृष्य सामग्रीहरु, भिडियो, डकुमेन्ट्री आदि | ● चित्र देखाइ कुन पर्यटकीय क्षेत्रको नाम हो भनि सोध्ने ।<br>● आफ्नो घर र विद्यालय नजिकको पर्यटकीय ठाउँको नाम सोध्ने ।<br>● बहुबैकल्पिक प्रश्नोत्तर गर्ने । | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | गराइ त्यसको बारेमा छोटो परिचय दिने । | | | |
| **स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति** | स्थानीय जातजाति, भाषा र भेषभूषा | ● स्थानीय क्षेत्रमा बसोबास गर्ने जातजाति | ● स्थानीय क्षेत्रमा बसोबास गर्ने जातजातिहरुको नाम र बोल्ने भाषा बताउन | ● नगरपालिका क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजातिहरुको सूची (नेवार, मगर, सन्यासी, व्राम्हण, क्षेत्री, गुरुङ, परियार, विश्वकर्मा आदि) | ● विद्यार्थीहरूलाई कक्षामा भएका साथीहरूको र आफ्नो नाम थर सहित पालैपालो भन्न लगाउने ।<br>● स्थानीय जातजातिको नाम र उनीहरुले बोल्ने आफ्नो भाषाको चार्ट प्रस्तुत गर्ने ।<br>● विभिन्न जातजातिको भाषा, भेषभूषा सम्बन्धी भिडियो प्रस्तुत गर्ने । | ● विभिन्न स्थानीय जातजातिको सूची<br>● विभिन्न जातजातिको भाषा, भेषभूषा सम्बन्धी भिडियो, पम्पलेट, ब्रोसर | ● आफ्ना साथीहरूको नाम थर बताउन लगाउने ।<br>● फोटो देखाइ भेषभूषा चिन्न लगाउने ।<br>● बहुबैल्पिक प्रश्नहरु गर्ने | १० |
| | स्थानीय चाडपर्व | ● स्थानीय क्षेत्रमा मनाइने चाडपर्वहरु | ● स्थानीय क्षेत्रमा मनाइने चाडपर्वहरुको पहिचान गरी नाम बताउन र चाडपर्वहरुमा सहभागी हुन | ● स्थानीय क्षेत्रमा मनाइने चाडपर्वहरुको नाम । जस्तैः दशैं, तिहार, ल्होसार, छठ, माघी, बुद्ध जयन्ती, क्रिसमस, इद आदि । | ● स्थानीय क्षेत्रमा मनाइने चाडहरुको सूची प्रस्तुत गर्ने जस्तैः दशैं, तिहार, ल्होसार, छठ, माघी, बुद्ध जयन्ती, क्रिसमस, इद, सकिमिला पुन्ही, गुँला, पञ्चदान, सिथी नःख, आदि ।<br>● स्थानीय चाडपर्वमा गरिने क्रियाकलापहरुबारे छलफल गर्ने, विद्यार्थीहरुलाई सोध्ने । | ● विभिन्न चाडपर्व सम्बन्धी फोटो, चित्र तथा श्रव्यदृष्य सामग्रीहरु | ● आफ्नो गाउँघरमा मनाइने चाडहरुको नाम सोध्ने ।<br>● उक्त चाडहरुमा आफ्नो घरमा के गरिन्छ बताउन लगाउने ।<br>● फोटो देखाई के गरिरहेको छ भनेर चिन्न लगाउने ।<br>● बुद्ध जयन्ति कहिले मनाईन्छ सोध्ने । | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● स्थानीय चाडपर्वहरु सम्बन्धी भिडियो, ब्रोसर, फोटो खोजी गरी प्रस्तुत गर्ने । | | | |
| **सामाजिक मूल्य मान्यता र असल संस्कार** | व्यक्तिगत स्वास्थ्य र सरसफाई | ● आफ्नो शरीरका अंगहरुको सरसफाइ | ● आफ्नो शरीरका अंगहरुको सरसफाइ गर्न | ● आफ्नो शरीरका अंगहरुको सरसफाइका क्रियाकलापहरु - हात धुने, नङ काट्ने, नुहाउने, कपाल कार्ने आदि) | ● विद्यार्थीहरुलाई व्यक्तिगत सरसफाइ सम्बन्धी फोटो तथा भिडियोहरु जस्तैः -हात धुने, नङ काट्ने, नुहाउने, कपाल कार्ने आदि देखाई त्यसबाट हामीलाइृ हुने फाईदाहरुबारे बताईदिने ।<br>● हातमुख धुन सिकाउने | ● व्यक्तिगत सरसफाइसँग सम्बन्धित फोटो, पोष्टर तथा भिडियोहरु | ● विद्यार्थीहरूको दैनिक क्रियाकलाप अवलोकन गर्ने ।<br>● पालैपालो हात धुन लगाउने ।<br>● फोटो देखाइ के गरिरहेको चिन्न लगाउने<br>● सरसफाइका फाईदा सोध्ने । | १० |
| | आदर-सत्कार | ● साथी, गुरुहरू, परिवारका सदस्यहरू र छिमेकी बालबालिकासँग घुलमिल र आदर सत्कार | ● साथी, गुरुहरू, परिवारका सदस्यहरू र छिमेकी बालबालिकासँग घुलमिल हुन र आदर सत्कार, सम्मान, प्रकट गर्न | ● साथी, गुरुहरू, परिवारका सदस्यहरू र छिमेकी बालबालिकासँग घुलमिल हुन र आदर सत्कार, सम्मान सम्बन्धीका शब्द तथा अभ्यासहरु | ● विद्यार्थीहरू बीच नमस्कार गर्न सिकाइ एक आपसमा परिचय गर्न अभ्यास गराउने ।<br>● समूहमा बस्न अभ्यास गराउने<br>● आफूभन्दा ठूला मानिस र साथीहरूसँग बोल्दा तपाई, हजुर जस्ता आदरार्थी शब्दहरू प्रयोग गर्न अभ्यास गराउने ।<br>● विद्यार्थीहरुबिच मिलेर पढिरहेको वा खेलिरहेको चित्र वा भिडियोहरु देखाउने । | ● मानिसलाई नकस्कार गरेको, आदर सत्कार गरेको, अरुलाई सहयोग गरेको फोटो, भिडियो<br>● आदर सत्कार सम्बन्धीका कथा कविता, लेख रचनाहरु | ● दैनिक क्रियाकलापको अवलोकन गरी मुल्याङ्कन गर्ने ।<br>● आदरार्थी शब्दहरू प्रयोग गरी आफ्नो साथीको, गुरुको नाम भन्न लगाउने ।<br>● घरका सदस्यहरूको नाम भन्न लगाउने । | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता** | कृषि | ● स्थानीय बालीनालीको नाम | ● आफ्नो बस्ती तथा विद्यालय नजिक उत्पादन हुने बालीनालीको पहिचान गरी नाम बताउन | ● स्थानीय बालीनालीको नाम -धान, मकै, गहुँ, तोरी, पुष्प, फलफूल, आदि | ● स्थानीयस्तरमा उत्पादित कृषिजन्य वस्तुहरू ल्याइ प्रदर्शन गर्ने वा फोटोहरू देखाउने । जस्तैः सागसब्जी, फलफूल धान, मकै, आदि ।<br>● विद्यालय परिसर वा नजिकको तरकारी खेती वा अन्य कुनै खेती भएको क्षेत्रमा अवलोकन भ्रमण गराइ त्यहाँ उत्पादन हुने वस्तुहरूको नाम सहित चिनाइ दिने । | ● विभिन्न बालीनालीहरुको फोटो, चित्र<br>● स्थानीय क्षेत्रमा उत्पादन हुने बालीहरुको सूची | ● वरिपरी रहेका वालीनालीको चित्र देखाइ के हो भनि सोध्ने<br>● स्थानीयस्तरमा उपलब्ध हुने बस्तुहरू र तरकारीहरूको नाम सोध्ने ।<br>● आफ्नो घरको बारी वा कौसी वा नजिकको बारीमा कुन कुन तरकारीहरू उत्पादन हुन्छन् सोध्ने । | १० |
| | परम्परागत व्यापार व्यवसाय | ● व्यापार व्यवसायहरुको नाम | ● स्थानीय बजार र गाउँघरमा हुने व्यापार व्यवसायहरुको नाम बताउन | ● स्थानीय बजार र गाउँघरमा हुने व्यापार व्यवसाय पसलका प्रकारहरुको नाम | ● स्थानीय क्षेत्रमा भएका विभिन्न व्यापारिक क्षेत्रहरूको चित्र संकलन गरी प्रदर्शन गर्ने र चित्र हेरेर पसलको प्रकार पहिचान गर्न सिकाउने<br>● नजिकको बजार भ्रमण गराइ त्यहाँ भएका विभिन्न पसलहरू देखाइ दिने । जस्तैः कपडा, किराना, औषधि, होटल, रेष्टुरेन्ट, साइवर आदि । | ● व्यापार व्यवसायसँग सम्बन्धित फोटो, चित्र, ब्रोसर<br>● श्रव्यदृष्य सामग्री | ● विद्यालय नजिक भएका विभिन्न पसल, व्यवसायहरूको नाम सोध्ने ।<br>● आफ्नो घर वरिपरी वा आफ्नो घरमा भएको पसल के सम्बन्धी हो सोध्ने ।<br>● विभिन्न चित्रहरू देखाइ पसलको प्रकार चिन्न लगाउने । | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | ● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |
| | स्थानीय प्रविधिमा आधारित उद्योग-व्यवसाय | ● स्थानीय परम्परागत प्रविधिबाट उत्पादित वस्तुहरु | ● स्थानीय ठाउँमा उत्पादन हुने वस्तुहरु पहिचान गरी नाम बताउन र त्यसको उपयोग गर्न | ● स्थानीय ठाउँमा उत्पादन हुने पुराना वस्तुहरुको नाम (डोको, नाम्लो, खर्पन, डालो, हलो, हसिया, कोदालो, कुटो आदि) | ● स्थानीय टोल तथा वस्ती वरिपरीका मानिसहरुले गर्ने कामका बारेमा बताइ दिने ।<br>● स्थानीय ठाउँमा मानिसहरुले परापूर्व कालदेखि उत्पादन गर्दै आएका विभिन्न घरायसी सामग्री तथा खाद्य सामग्रीहरुको चित्र प्रस्तुत गर्ने र चिनाइ दिने ।<br>● विद्यार्थीहरुलाई चित्र मार्फत आफ्नो घरमा उत्पादन हुने वस्तुहरुको नाम सोध्ने । | ● विभिन्न सामग्रीहरुको फोटो र तिनीहरुको परिचय सम्बन्धी श्रव्यदृष्य सामग्रीहरु | ● विद्यार्थीहरुलाई आफ्नो नजिकको बेच्न राखेका स्थानीय सामग्रीहरुको नाम सोध्ने<br>● आफ्नो घर परिवारका सदस्यहरूले के के काम गर्छन सोध्ने ।<br>● फोटो र शब्दको जोडा मिलाउन लगाउने ।<br>● विभिन्न सामग्रीहरुको चित्र बनाउन लगाउने । | १० |
| **स्थानीय खेलकुद र योग व्यायाम** | स्थानीय खेलहरु | ● स्थानीय स्तरमा खेलिने खेलहरुको नाम र अभ्यास ( कुनै २ वटा खेल) | ● स्थानीय स्तरमा खेलिने खेलहरुको नाम बताउन र खेल अभ्यास गर्न | ● स्थानीय स्तरमा खेलिने खेलहरुको परिचय र अभ्यास (टोपी लुकाई र दौड) | ● स्थानीय स्तरमा बालबालिकाहरुले खेल्ने खेलहरुको नाम बताईदिने ।<br>● टोपी लुकाई र छोटो दौड खेल सम्बन्धीका क्रियाकलापहरु विद्यार्थीहरुलाई सिकाउने र अभ्यास गराउने । | ● स्थानीय खेलहरुको सूचीको चार्ट<br>● टोपी लुकाई तथा छाटो दौड सम्बन्धी व्याख्या गरिएका पोस्टर, प्रोसर, लेख रचना आदि । | ● विद्यार्थीहरुले घर तथा विद्यालयमा खेल्ने गरेका खेलहरुको नाम सोध्ने ।<br>● चित्रबाट कुन खेल खेलिरहेको छ चिन्न लगाउने ।<br>● स्थानीय खेलहरु खेल्न लगाइ सीपको मूल्याङ्कन गर्ने । | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | योग व्यायाम | ● योगको प्रारम्भिक अभ्यास | ● योग ध्यानको प्रारम्भिक अभ्यास गर्न | ● योग तथा ध्यानको परिचय-योगासन सम्बन्धी जानकारी | ● मेरुदण्ड सोझो बस्न र ताली बजाउने अभ्यास गराउने । <br>● ज्ञान मुद्रा (आँखा चिम्लेर बुढी र चोर औलाको टुप्पा जोडेर बाकी तीन औला सोझो गरेर घुडा माथि राखी शान्त बस्न लगाउने । <br>● नाकबाट लामो श्वास लिन लगाउने । <br>● योगका सामान्य अभ्यासको भिडियो देखाउने । | ● योग अभ्यास सम्बन्धी चित्र, फोटो, भिडियो, बृत्तचित्र | ● क्रियाकलाप अनुसारको बसाइ तथा व्यवहार परिवर्तन अवलोकन गर्ने । <br>● एकरुपमा ताली बजाउन लगाउने । <br>● ज्ञान मुद्रामा बस्न लगाउने । | ८ |

## कक्षा २

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| **नागार्जुन नगरपालिकाको परिचय** | नगरपालिकाको भूगोल र राजनैतिक विभाजनको परिचय | ● नगरपालिकाको चार सिमाना र वडाहरु<br>● नगरपालिकाको भौगोलिक अवस्थाको परिचय | ● नगरपालिकाको वडाहरु र चार सिमाना पहिचान गरी बताउन<br>● नगरपालिका क्षेत्रको भौगोलिक अवस्थाको पहिचान गर्न | ● नगरपालिकाका चार सिमानाका ठाउँहरुको नाम र नगरपालिका भित्रका वडा संख्याहरु<br>● नगरपालिका क्षेत्रको भौगोलिक स्थिति सम्बन्धी जानकारी | ● नगरपालिकाको चित्र देखाइ त्यसका वडा संख्याहरु, नगरपालिकाको केन्द्र र नगरपालिकाको सिमानाबारे बताइ दिने ।<br>● विद्यालय रहेको ठाउँ र त्यहाँबाट देखिने वरिपरीको क्षेत्र देखाइ उक्त ठाउँ समथर, भिरालो, खोंच चुरे, बेंसी, जंगल कस्तो छ प्रश्नोत्तर गर्दै स्पष्ट पारिदिने । | ● चार सिमाना तथा वडाहरु छुट्याइएको नगरपालिकाको नक्सा<br>● नगरपालिकाको भौगोलिक परिचय सम्बन्धी लेख, रचना<br>● मैदान, समथर, खोँच बुझाउने भिडीयो | ● आफ्नो विद्यालय भएको वडा नम्बर सोध्ने ।<br>● फोटो देखाइ समथर, भिरालो, हिमाल, खोंच चिन्न लगाउने ।<br>● आफू बसेको ठाउँको वरिपरीको भौगोलिक स्वरुप कस्तो छ सोध्ने ।<br>● घर तथा विद्यालय नजिकको बाटाहरूको नाम र तिनीहरूले कहाँ जोड्छन् सोध्ने ।<br>● विद्यालय तथा घरको नक्सा बनाइ प्रस्तुत गर्न लगाउने । | १० |
| **प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण** | स्थानीय बोटबिरुवा | ● स्थानीय क्षेत्रमा पाइने तरकारीबाली, अन्न, फलफूलबाली | ● स्थानीय क्षेत्रमा पाइने विभन्न बालीनालीको पहिचान गरी छुट्याउन र उपयोग गर्न | ● विभिन्न प्रकारका स्थानीय बोटबिरुवाहरु - फलफूल, अन्नबाली, तरकारी, जडीबुटीहरु | ● स्थानीय ठाउँमा पाईने विभिन्न बोटबिरुवाहरुको सूची बनाइ तिनीहरुलाई उपयोगका आधारमा विभिन्न प्रकारमा वर्गिकरण गरी चित्र सहित प्रस्तुत गर्ने । जस्तैः धान, मकैः अन्नबाली, | ● विभिन्न बोटबिरुवा हरुको नक्सा, चित्र<br>● विभिन्न बोट बिरुवाहरुको बनौट र | ● आफ्नो विद्यालय र टोलमा पाईने बोटबिरुवाहरुको नाम भन्न लगाउने र तिनीहरुको वर्गिकरण गर्न लगाउने । | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | आँपः फलफूल, रायो, फर्सी, भिन्डी तरकारी आदि ।<br>● विद्यालयको वरिपरि स्थलगत अध्ययन गराइ त्यहाँ उपलब्ध बिरुवाहरू देखाउने र तिनीहरुको वर्गिकरण गरी चिन्न लगाउने । | उपयोग सम्बन्धी श्रव्यदृष्य सामग्री | ● चित्र देखाइ विभिन्न बिरुवाहरु चिन्न लगाउने<br>● आफ्नो बस्तीमा पाईने कुनै तीन वटा फलफूल वा अन्न वा तरकारीको नाम भन्न लगाउने ।<br>● बहुबैकल्पिक प्रश्न गर्ने । | |
| | स्थानीय जीवजन्तु | ● स्थानीयस्तरमा पालिने घरपालुवा जनावरहरूको महत्व | ● स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरूको उपयोगिता र महत्व बताउन | ● स्थानीय क्षेत्रमा पालिने घरपालुवा जनावर तथा पंछीहरुको उपयोग र महत्व | ● विद्यालय नजिकैको कुनै घर वा कृषि फर्ममा लगेर त्यहाँ भएका जीव जनावर तथा चराचुरुङ्गीहरू वा फोटो देखाई तिनीहरू चिन्न लगाउने र उक्त जिव जनावरहरुबाट हामीलाई के फाईदा हुन्छ, हामीले के पाउँछौं भन्ने कुरा बताइ दिने । जस्तैः कुखुराबाट अण्डा, मासु, गाईबाट मल तथा दुध, राँगाबाट मासु तथा खेत जोत्न आदि ।<br>● विद्यार्थीहरुलाई आफ्नो घर वा वरपर पालेका जनावरहरुको सूची | ● विभिन्न घरपालुवा जीवजन्तु हरुको उपयोगिता झल्कने फोटो | ● आफ्नो घर वा नजिकको घरमा पालिएका जीव जनावरहरूको नाम लेख्न लगाउने ।<br>● विभिन्न वन्यजन्तुहरूको फोटो देखाइ तिनीहरुको उपयोगिताबारे सोध्ने ।<br>● कुनै एक पंक्षी र एक जनावरको फाइदाहरुबारे सोध्ने ।<br>● फोटोहरू मार्फत बहुबैकल्पिक प्रश्नहरू गर्ने | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | बनाउन लगाइ तिनीहरुबाट हामीले के के पाउँछौ भन्ने बारेमा प्रस्तुत गर्न लगाउने । | | | |
| | जलस्रोत | ● स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको उपयोग | ● स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको पहिचान गरी तिनीहरुको उपयोगबारे बताउन र केहीको उपयोग गर्न | ● स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको हाम्रो दैनिक जीवनमा उपयोग | ● विद्यालय तथा वरिपरीको क्षेत्रमा भएका बिभिन्न पानीका स्रोतहरूको अवलोकन भ्रमण गराइ तिनीहरूको उपयोगबारे प्रस्तुत गर्ने । जस्तैः खोलाबाट खेतबारीमा सिंचाई गरिन्छ, इनार, धाराको पानी हामी दैनिक क्रियाकलापमा उपयोग गर्छौं आदि ।<br>● हाम्रो दैनिक जीवनमा पानीको उपयोग र महत्वबारेमा सूची बनाइ प्रस्तुत गर्ने । | ● पानीका विभिन्न स्रोतहरुको उपयोग सहितको चित्र, फोटो<br>● पानीको प्रयोग सम्बन्धी पम्प्लेट, ब्रोसर आदि ।<br>● श्रव्यदृष्य सामग्रीहरु | ● स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरूको सूची बनाई उपयोग कहाँ के मा भइरहेको छ भन्न वा लेख्न लगाउने ।<br>● पानीको उपयोगबारे सोध्ने<br>● पानीका स्रोतहरूको चित्र बनाउन लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरू गर्ने<br>● फोटोहरू मार्फत बहुबैकल्पिक प्रश्नहरू गर्ने | ९ |
| | फोहोरमैला व्यवस्थापन | ● फोहोरमैलाको प्रकार (कुहिने र नकुहिने) | ● फोहोरमैलाको पहिचान गरी त्यसलाई कुहिने र नकुहिनेमा वर्गिकरण गर्न र आफू बस्ने वरिपरीको | ● फोहोरमैलाको परिचय र प्रकार (कुहिने र नकुहिने) | ● विद्यालय नजिकैको कुनै खाजाघर वा विद्यालयको क्यान्टिन र कक्षाकोठाहरूको अवलोकन भ्रमण गराइ त्यहाँ के के र कस्ता प्रकारका फोहोरहरू | ● फोहोर वर्गिकरण चार्ट, ब्रोसर, पम्पप्लेट आदि<br>● श्रव्य दृष्य सामग्रीहरु | ● फोहोरको परिचय दिइ प्रकारहरू छुट्याउन लगाउने ।<br>● कक्षाकोठामा निस्कने फोहोरहरूको सूची बनाइ वर्गिकरण गर्न लगाउने । | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | वातावरण सफा राख्न सहयोग गर्न | | निस्कदाँ रहेछन् देखाइ सूची बनाइ प्रस्तुत गर्ने ।<br>● कुहिने र नकुहिने फोहोरको परिचय दिइ माथि संकलित फोहोरहरूलाई कुहिने र नकुहिने फोहोरमा छुट्याउन सिकाउने । | | ● फोटो मार्फत कुहिने र नकुहिने फोहोरहरू छुट्याउन लगाउने ।<br>● आफ्नो घरबाट निस्कने फोहोरहरू के गर्ने गरिएको छ लेख्न लगाउने<br>● कक्षामा दैनिक क्रियाकलापको अवलोकन गर्ने । | |
| **प्रकोप र विपद्** | प्राकृतिक र मानव निर्मित प्रकोप | ● प्राकृतिक तथा मानवीय कारणबाट आउन सक्ने विपत्तिहरू | ● स्थानीय क्षेत्रमा प्राकृतिक तथा मानवीय कारणबाट आउन सक्ने विपत्तिहरूको पहिचान गरी सावधानी अपनाउन | ● स्थानीय क्षेत्रमा प्राकृतिक तथा मानवीय कारणबाट आउन सक्ने विपत्तिहरूको परिचय जस्तैः आगलागी, सडक दुर्घटना, बाढी, पहिरो, घर डुबान, भूकम्प लगायतको असरहरु | ● स्थानीय खोला तथा सडकहरूको भ्रमण गराइ त्यहाँ देखिएका प्रकोपहरूको सूची बनाउन लगाइ प्रस्तुत गर्ने । जस्तैः खोला किनारमा बाढी, पहिरो, सडक छेउमा पहिरो, वनका आगलागी, भूकम्पले भत्काएका संरचना, सडक भत्केको आदि ।<br>● विभिन्न प्रकारका प्रकोपजन्य फोटोहरू देखाइ त्यसको असर र कारणबारे बताइदिने । | ● प्रकोप, विपद तथा दुर्घटना सम्बन्धी फोटो, चित्रहरु<br>● प्रकोप विपद्सँग श्रव्य दृष्य सामग्री | ● आफ्नो घर टोलको वरिपरी भएका प्रकोपहरूको सूची बनाउन लगाउने ।<br>● फोटो मार्फत प्रकोपहरूको पहिचान गर्न लगाउने र त्यसका असरहरुबारे सोध्ने ।<br>● पहिरो जान सक्ने कारणबारे प्रश्नोत्तर गर्ने ।<br>● बहुबैकल्पिक प्रश्नहरू गर्ने | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● प्रकोप सम्बन्धी भिडियो र त्यसबाट सुरक्षित रहने उपायहरु सिकाउने । | | | |
| **धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल** | स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलको परिचय | ● धार्मिक तथा ऐतिहासिक स्थलको महत्व | ● नगरपालिका भित्रका धार्मिक तथा ऐतिहासिक स्थलहरु महत्वबोध गरी बताउन | ● नगरपालिका भित्रका धार्मिक तथा ऐतिहासिक स्थलहरुको महत्व ( मठमन्दिर, गुम्बा, बिहार, चर्च, मस्जिद पाटीपौवा) | ● नगरपालिका क्षेत्रभित्र भएका मठमन्दिर, गुम्बा, चर्च, मस्जिदको फोटो देखाइ तिनीहरु नाम भन्न लगाउने र त्यसको के महत्व छ भन्ने बारेमा छलफल गर्ने ।<br>● विद्यालय नजिकको कुनै एक मठमन्दिर, गुम्बा, चर्च, पाटीपौवा, मस्जिदको अवलोकन भ्रमण गराइ महत्व सहित परिचय दिने । जस्तैः ह्वाइट गुम्वा, भैरव मन्दिर, हसनटार गुम्वा आदि । | ● स्थानीय धार्मिक, साँस्कृतिक, ऐतिहासिक ठाउँहरुको फाटो, त्यस सम्बन्धी ब्रोसर<br>● श्रव्यदृष्य सामग्रीहरु, भिडियो, डकुमेन्ट्री आदि<br>● स्थानीय संस्कृति विद तथा इतिहास विद | ● आफ्नो घर वरपर रहेको मन्दिर तथा धार्मिक स्थलको नाम र महत्व बताउन लगाउने ।<br>● फोटो देखाई स्थानीय ऐतिहासिक, धार्मिक स्थल चिन्न लगाउने र त्यसको महत्व बताउन लगाउने ।<br>● विद्यालय नजिकको कुनै एक धार्मिक वा ऐतिहासिक स्थलको चित्र बनाउन लगाइ छोटो परिचय लेख्न लगाउने । | ९ |
| | स्थानीय पर्यटकीय स्थलको परिचय | ● नगरपालिका भित्रका प्राकृतिक पर्यटकीय क्षेत्रहरुको महत्व | ● नगरपालिका भित्रका प्राकृतिक पर्यटकीय क्षेत्रहरुको महत्वबोध गरी प्रस्तुत गर्न | ● नगरपालिका क्षेत्रभित्र भएका पर्यटकीय ठाउँहरुको उपयोग र महत्व जस्तैः सहिद पार्क, | ● स्थानीय पर्यटकीय क्षेत्रहरूको नाम र चित्र संकलन गरी प्रदर्शन गर्ने, ठाउँ चिनाइ दिने र त्यसको स्थानीय स्तरमा के महत्व छ, स्थानीय समुदायले कसरी उपयोग | ● स्थानीय पर्यटकीय ठाउँहरुको फोटो, त्यस सम्बन्धी ब्रोसर | ● आफ्नो विद्यालय वा घर नजिक रहेका पर्यटकीय क्षेत्रहरूको सूची बनाइ महत्व बताउन लगाउने ।<br>● फोटो हेरेर ठाउँको पहिचान गर्न लगाउने । | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | पुष्पलाल पार्क, रानीवन, स्वीजरल्याण्ड पार्क अदि । | गरिरहेको छ भन्ने बारेमा छलफल गरी निष्कर्ष दिने जस्तैः सहिद पार्कमा विभिन्न प्रजातिका विरुवा छन् । त्यो ठाउँ सुन्दर छ, मानिसहरु त्यहाँ घुम्न जान्छन् ।<br>● विद्यालय नजिकको पर्यटकीय ठाउँको अवलोकन भ्रमण गराइ त्यसको बारेमा महत्व सहित छोटो परिचय दिने । | ● श्रव्यदृष्य सामग्रीहरु, भिडियो, डकुमेन्ट्री आदि | ● घर वा विद्यालय नजिकको पर्यटकीय ठाउँको नक्सा बनाउन लगाउने । | |
| **स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति** | स्थानीय जातजाति, भाषा र भेषभूषा | ● स्थानीय जातजातिले बोल्ने भाषा र लगाउने भेषभूषाहरु | ● स्थानीय क्षेत्रमा बसोबास गर्ने जातजातिले बोल्ने भाषा र लगाउने भेषभूषाहरु पहिचान गर्न | ● नगरपालिका क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजातिहको सूची (मगर, नेवार, क्षेत्री, सन्यासी, परियार, विश्वकर्मा आदि) र उनीहरुले बोल्ने भाषा र | ● स्थानीय जातजातिको नाम र उनीहरुले बोल्ने आफ्नो भाषाको चार्ट प्रस्तुत गर्ने ।<br>● विभिन्न जातजातीको भाषा, भेषभूषा सम्बन्धी भिडियो प्रस्तुत गर्ने ।<br>● स्थानीय कुनै घरको भ्रमण गरी उक्त घरका मानिसहरुले लगाउने परम्परागत भेषभूषाबारे जानकारी लिने सम्भव | ● विभिन्न स्थानीय जातजातिको सूची<br>● विभिन्न जातजातिको भाषा, भेषभूषा सम्बन्धी भिडियो, पम्पलेट, ब्रोसर आदि<br>● स्थानीय नेवार, मगर भाषाको | ● स्थानीय नेवारी र नेपाली भाषामा आदरार्थी शब्दहरु प्रयोग गरी साथीलाई सम्बोधन गर्न लगाउने ।<br>● फोटो देखाइ भेषभूषा चिन्न लगाउने ।<br>● आफ्नो टोलमा बसोबास गर्ने जातजातिहरुको सूची प्रस्तुत गर्न लगाउने ।<br>● बहुबैल्पिक प्रश्नहरु गर्ने । | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लगाउने भेषभूषाहरु सम्बन्धी जानकारी | भएमा उक्त पोशाक अवलोकन समेत गर्ने ।<br>● नेवारी भाषामा केही आदरार्थी शब्दहरु बोल्न सिकाउने । | लीपि सम्बन्धी लेख, रचना, ब्रोसर आदि | | |
| | स्थानीय चाडपर्व | ● स्थानीय क्षेत्रमा मनाइने चाडपर्वहरुको परिचय | ● स्थानीय क्षेत्रमा मनाइने चाडपर्वहरुको परिचय दिइ उक्त चाडपर्वहरुमा सहभागी हुन | ● स्थानीय क्षेत्रमा मनाइने चाडपर्वहरुको नाम र उक्त चाडपर्वहरुमा गरिने क्रियाकलापहरु को छोटो जानकारी । जस्तैः दशैं, तिहार, ल्होसार, छठ, माघी, बुद्ध जयन्ती, क्रिसमस, इद सम्बन्धी क्रियाकलाप । | ● स्थानीय क्षेत्रमा मनाइने चाडहरुको सूची प्रस्तुत गर्ने<br>● स्थानीय चाडपर्वमा गरिने क्रियाकलापहरुबारे छलफल गर्ने, जस्तैः दशैमा टिका लगाउने, तिहारमा देउसी भैलो खेल्ने, बुद्ध जयन्तीमा बुद्धको पूजाआजा गर्ने, क्रिसमसमा इसुको प्राथर्ना गर्ने आदि ।<br>● स्थानीय चाडपर्वमा गरिने क्रियाकलाप सम्बन्धी भिडियो, ब्रोसर, फोटो खोजी गरी प्रस्तुत गर्ने र चाडपर्वहरुमा सहभागी हुन प्रेरित गर्ने । | ● विभिन्न चाडपर्व सम्बन्धी फोटो, चित्र तथा श्रव्यदृष्य सामग्रीहरु<br>● स्थानीय चाडपर्वहरु सम्बन्धी जानकार व्यक्ति | ● आफ्नो वस्ती वरिपरी मनाईने चाडहरुको नाम लेख्न लगाउने ।<br>● उक्त चाडहरुमा आफ्नो घरमा के गरिन्छ बताउन लगाउने ।<br>● फोटो देखाइ के गरिरहेको छ भनेर चिन्न लगाउने ।<br>● चाडपर्वमा गरिने क्रियाकलापहरु सम्बन्धी अभिनय गर्न लगाउने ।<br>● बहुबैकल्पिक प्रश्न गर्ने । | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **सामाजिक मूल्य मान्यता र असल संस्कार** | व्यक्तिगत स्वास्थ्य र सरसफाइ | • शरीरका अंगहरुको सरसफाइ गर्ने अभ्यास | • आफ्नो शरीरका अंगहरुको सरसफाइ गर्न | • हातमुख धुन, नुहाउन, दाँत माझ्न, नङ काट्न तरिकाबारे जानकारी | • हातमुख धुन, नुहाउन, दाँत माझ्न, नङ काट्न तरिकाहरु बुझाउने किसिमका फोटो , भिडियोहरु प्रर्दशन गर्ने ।<br>• विद्यार्थीहरुलाई व्यक्तिगत सरसफाइको महत्वबारे बताइ दिने ।<br>• हातमुख धुने अभ्यास गराउने ।<br>• दाँत माझ्न, नङ काट्न तरिकाबारे सिकाउने । | • व्यक्तिगत सरसफाइ सम्बन्धी फोटो, पम्प्लेट, ब्रोसर<br>• श्रव्यदृष्य सामग्रीहरु | • शरीरको सरसफाइको आवश्यकताबारे सोध्ने ।<br>• हातमुख धुने अभ्यास गर्न लगाउने ।<br>• विद्यार्थीहरुको सरसफाइ सम्बन्धी दैनिक अवलोकन गर्ने । | १० |
| | आदर-सत्कार | • साथी, गुरुहरू, परिवारका सदस्यहरू र छरछिमेकीसँग आदर, सत्कार, सहयोग र मेलमिलाप | • साथी, गुरुहरू, परिवारका सदस्यहरू र छिमेकी बालबालिकासँग घुलमिल हुन र आदर सत्कार प्रकट गर्न | • साथी, गुरुहरू, परिवारका सदस्यहरू र छिमेकी बालबालिकासँग घुलमिल हुन र आदर सत्कार सम्बन्धीका क्रियाकलापहरु र आदरार्थी शब्दहरुको प्रयोग | • विद्यार्थीहरूबीच नमस्कार गर्न सिकाइ एक आपसमा परिचय गर्न लगाउने ।<br>• समूहमा बस्न लगाउने ।<br>• आफूभन्दा ठूलो कक्षाका विद्यार्थीहरूलाई दाजुदिदी भनी सम्बोधन गर्न अभ्यास गराउने ।<br>• आफूभन्दा सानो कक्षाका विद्यार्थीहरूलाई पनि तिमी तपाइ जस्ता आदरार्थी शब्दहरू प्रयोग गर्न सिकाउने । | • मानिसलाई नमस्कार गरेको, आदर सत्कार गरेको, अरुलाई सहयोग गरेको फोटो, भिडीयो आदर सत्कार सम्बन्धीका कथा कविता, लेख रचनाहरु | • नमस्कार गरी आफ्नो परिचय दिन लगाउने ।<br>• आफ्नो घरमा भएका सदस्यहरूको नाता सहित वाक्य बनाउन लगाउने ।<br>• चित्रहरू र शब्दहरूबिच जोडा मिलाउन लगाउने ।<br>• दैनिक क्रियाकलापको अवलोकन गर्ने ।<br>• आदरार्थी शब्द प्रयोगको अवस्था अवलोकन र पृष्ठपोषण प्रदान गर्ने । | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● साथीहरू र शिक्षकहरूबीच नम्र र शिष्ट व्यवहार देखाउन अभिनय गरेर देखाउने र त्यस सम्बन्धी विभिन्न चित्रहरू देखाउने । | | | |
| **स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता** | कृषि | ● स्थानीय कृषि उत्पादन-अन्नबाली, फलफूल, तरकारी, कौशी खेती, पशुपालन, जडीबुटी) | ● आफ्नो बस्ती तथा विद्यालय नजिक उत्पादन हुने कृषि उपजहरुको पहिचान गरी वर्गिकरण गर्न | ● स्थानीय कृषि उत्पादनहरुको पहिचान र वर्गिकरण (अन्नबाली, फलफूल, तरकारी, पशुपालन, जडीबुटी) | ● स्थानीयस्तरमा उत्पादित कृषिजन्य वस्तुहरूको सूची बनाइ फोटो सहित सूची प्रस्तुत गर्ने । जस्तैः साग, बन्दा, मुला, गाजर, धान, मकै, दुध, मासु, फूलहरू आदि ।<br>● माथिका कृषिजन्य वस्तुहरुको उत्पादनका आधारमा वर्गिकरण गर्न सिकाउने वा कुन वस्तु कहाँबाट उत्पादन हुन्छ भन्ने कुरा बताईदिने । जस्तैः धान, चामल, मकैः अन्नबाली, मुसुरो, रहरः दालबाली, साग, भण्टाः तरकारी, दुध, माछामासुः पशुपालन, आँप, भोगटेः फलफूल, सयपत्री, गोदावरीः फूल आदि । | ● विभिन्न बालीनाली हरुको फोटो, चित्र<br>● स्थानीय क्षेत्रमा उत्पादन हुने बालीहरुको सूची | ● आफ् गाउँघर तथा वस्ती वरिपरी उत्पादन हुने कृषि उत्पादनहरुको सूची बनाउन लगाउने ।<br>● विभिन्न प्रकारका कृषि उपजहरुबिच जोडा मिलाउन लगाउने ।<br>● फोटोद्धारा कृषि उपजहरुको वर्गिकरण गर्न लगाउने । | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● विद्यालय नजिकको तरकारी बजार वा कृषि उत्पादन केन्द्रको अवलोकन भ्रमण गराइ त्यहाँ उत्पादित वस्तुहरूको वर्गिकरण गर्न लगाउने । | | | |
| | परम्परागत व्यापार व्यवसाय | ● परम्परागत स्थानीय व्यापारको परिचय | ● स्थानीय बजार र गाउँघरमा हुने व्यापार व्यवसायहरुको पहिचान गरी परिचय दिन | ● स्थानीय क्षेत्रमा बसोबास गर्ने मानिसहरुले परापूर्वकालदेखि गर्दै आइरहेका व्यापार व्ययवसाय सम्बन्धी परिचय | ● स्थानीय मानिसहरुले गर्दै आएका व्यापार, व्यवसायहरुको सूची बनाइ प्रस्तुत गर्ने । जस्तैः चामलको व्यापार, बाँसका सामग्री बनाइ बेच्ने ।<br>● स्थानीय क्षेत्रका मानिसहरुले गर्ने व्यवसायको छोटो परिचय जस्तैः माटाको भाँडा बेच्ने पसल, कपडा पसल आदि । | ● स्थानीय व्यापार व्यवसायहरुको सूची, फोटो, ब्रोसर, पम्प्लेट<br>● स्थानीय बुढापाका, पुरानो व्यापारी | ● स्थानीय मानिसहरुले गर्दै आएका व्यापार, व्यवसायहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● फोटो हेरेर के को पसल हो चिन्न लगाउने ।<br>● आफनो घरका सदस्य वा आफन्तले गर्ने व्यापार व्यवसायको छोटो परिचय दिन लगाउने । | १० |
| | स्थानीय प्रविधिमा आधारित उद्योग-व्यवसाय | ● स्थानीय परम्परागत प्रविधिको परिचय | ● स्थानीय परम्परागत प्रविधिको पहिचान गरी बताउन | ● स्थानीय परम्परागत प्रविधिमा आधारित विभिन्न उद्योग व्यवसायहरुको को परिचय | ● स्थानीय परम्परागत प्रविधिमा आधारित विभिन्न उद्योग व्यवसायहरुको सूची बनाइ प्रस्तुत गर्ने | ● स्थानीय प्रविधिमा आधारित व्यवसाय हरुको सूची, फोटो, ब्रोसर, पम्प्लेट | ● आफ्नो विद्यालय नजिक वा टोलवस्तीमा भएका परम्परागत सामान बनाउने व्यवसाय वा उद्योगहरुको सूची बनाउन लगाउने । | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● स्थानीय क्षेत्रमा भएका परम्परागत प्रविधिमा आधारित व्यवसायहरुको अवलोकन गराउने र त्यसबारेमा परिचय दिने । जस्तैः तानमा लुगा बुन्ने, माटोका भाँडा बनाउने, हलो, कुटो बनाउने आदि | ● श्रव्य दृष्य सामग्री<br>● स्थानीय परम्परागत प्रविविधमा आधारित रहेर सामान उत्पादन गर्ने व्यक्ति | ● परम्परागत प्रविधिमा आधारित उद्योगको परिचय दिन लगाउने ।<br>● फोटो मार्फत उद्योग व्यवसायहरु चिन्न लगाउने । | |
| **स्थानीय खेलकुद र योग व्यायाम** | स्थानीय खेलहरु | ● स्थानीय स्तरमा खेलिने खेलहरुको परिचय र अभ्यास | ● स्थानीय स्तरमा खेलिने खेलहरुको नाम सहित परिचय दिन र खेल अभ्यास गर्न | ● स्थानीय स्तरमा खेलिने खेलहरुको परिचय -पाँच ढुंगे र कवड्डी खेलको परिचय, खेल्ने तरिकाको वर्णन र खेल अभ्यास | ● स्थानीय क्षेत्रमा खेलिने विभिन्न खेलहरुको सूची बनाइ प्रस्तुत गर्ने ।<br>● पाँचढुंगे-पाँचवटा ढुंगा अड्याएर बनाएको संरचना एक पक्षले लडाउन खोज्ने अर्को पक्षले लडाउन नदिने खेल सम्बन्धी जानकारी र खेल्ने प्रक्रियाबारे वर्णन गरी खेल अभ्यास गराउने<br>● कवड्डी खेल सम्बन्धी परिचय, खेल्ने तरिकाबारे जानकारी गराइ खेल अभ्यास गराउने । | ● स्थानीय क्षेत्रमा खेलिने विभिन्न खेलहरुको सूची, ब्रोसर, फोटो<br>● खेल खेल्ने तरिकाबारे जानकारी चार्ट वा श्रव्यदृष्य सामग्री | ● आफ्नो विद्यालय तथा गाउँघरमा खेलिने खेलहरुको सूची बनाउन लगाउने ।<br>● पाँचढुंगे र कवड्डी खेल खेल्ने तरिकाबारे वर्णन गर्न लगाउने ।<br>● पाँचढुंगे र कवड्डी खेल खेल्ने अभ्यास गराइ विद्यार्थीहरुको प्रदशर्नीका आधारमा मूल्याङ्कन गर्ने | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | योग व्यायाम | ● योग ध्यानको प्रारम्भिक अभ्यास | ● योग ध्यानको प्रारम्भिक अभ्यास गर्न | ● सामान्य योग तथा ध्यानको अभ्यास | ● मेरुदण्ड सोझो बस्न बस्न लगाउने ।<br>● ज्ञान मुद्रा (आँखा चिम्लेर बुढी र चोर औलाको टुप्पा जोडेर बाकी तीन औला सोझो गरेर घुँडा माथि राखी शान्त बस्न लगाउने<br>● हात, खुट्टा, दायाँबायाँ, तलमाथि गर्न र सामान्य मार्चपास जस्तो सिकाउने<br>● सामान्य योग अभ्यासका भिडियो देखाउने र अभयास गराउने । | ● योग अभ्यास सम्बन्धी चित्र, फोटो, भिडीयो, बृत्तचित्र | ● क्रियाकलाप अनुसारको बसाइ तथा व्यवहार परिवर्तन अवलोकन गर्ने ।<br>● पालैपालो ताली बजाउन लगाउने ।<br>● हातखुट्टाको चाल मिलाएर चलाउन लगाउने ।<br>● सामान्य योग अभ्यास गराई अवलोकन गर्ने । | ८ |

## कक्षा ३

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| **नागार्जुन नगरपालिकाको परिचय** | नगरपालिकाको भूगोल र राजनैतिक विभाजनको परिचय | ● नगरपालिकाको नक्सा<br>● नगरपालिकाको चार सिमाना सहित वडाहरु | ● नगरपालिकाको सामान्य नक्सा बनाउन र नक्सामा वडाहरु र चार सिमाना पहिचान गरी छुट्याउन | ● नगरपालिकाका चार सिमानाका ठाउँहरुको नाम र नगरपालिका भित्रका वडा संख्याहरु<br>● नगरपालिका क्षेत्रको भौगोलिक स्थिति (भिरालो, समथर, पहाड बेंसी, खोंच, जंगल) सम्बन्धी जानकारी | ● नगरपालिकाको चित्र देखाई त्यसका वडा संख्याहरु, नगरपालिकाको केन्द्र र नगरपालिकाको सिमानाबारे बताईदिने ।<br>● विद्यालय रहेको ठाउँ र त्यहाँबाट देखिने वरिपरीको क्षेत्र देखाइ उक्त ठाउँ समथर, भिरालो, खोंच कस्तो छ प्रश्नोत्तर गर्दै स्पष्ट पारिदिने । | ● चार सिमाना तथा वडाहरु छुट्याइएको नगरपालिकाको नक्सा<br>● नगरपालिकाको भौगोलिक परिचय सम्बन्धी लेख, रचना<br>● मैदान, समथर, खोँच बुझाउने भिडियो | ● नगरपालिकाको नक्सा बनाउन लगाउने र आफ्नो विद्यालय भएको वडा नम्बर सोध्ने ।<br>● फोटो देखाइ समथर, भिरालो, हिमाल, खोंच चिन्न लगाउने ।<br>● आफू बसेको ठाउँ वरिपरीको भौगोलिक स्वरुपबारे सोध्ने ।<br>● विद्यालय नजिकको बाटाहरूको नाम र तिनीहरूले कहाँ जोड्छन् सोध्ने । | १० |
| **प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण** | स्थानीय बोटबिरुवा | ● बोटविरुवाको महत्व र उपयोगिता | ● स्थानीय क्षेत्रमा पाईने बोटबिरुवाको महत्वबोध गरी तिनीहरुको उपयोग गर्न | ● विभिन्न प्रकारका स्थानीय बोटबिरुवाहरु - फलफूल, अन्नबाली, तरकारी, जडीबुटीहरुको | ● स्थानीय ठाउँमा पाईने विभिन्न बोटबिरुवाहरुको सूची बनाइ तिनीहरुको उपयोग र महत्वका बारेमा चित्र सहित प्रस्तुत गर्ने । जस्तैः खानको लागि, भूक्षय रोक्न, सफा | ● विभिन्न बोटविरुवाहरुको महत्व सम्बन्धी सूची, फोटो<br>● विभिन्न बोट बिरुवाहरुको बनौट र | ● आफ्नो विद्यालय र टोलमा पाईने बोटबिरुवाहरुको उपयोग बारे सोध्ने ।<br>● विभिन्न बिरुवाहरुको चित्र बनाइ भागहरु छुट्याउन लगाउने । | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | महत्व र प्रयोगबारे जानकारी | हावा लिन, राम्रो वातावरण बनाउन आदि ।<br>● विद्यालयको वरिपरि स्थलगत अध्ययन गराइ त्यहाँ उपलब्ध बिरुवाहरूको महत्व र उपयोगबारे छलफल गर्ने | उपयोग सम्बन्धी श्रव्यदृष्य सामग्री | ● बोट बिरुवाको महत्वबारे बूँदागत रुपमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |
| | स्थानीय जीवजन्तु | ● स्थानीय वनमा पाइने वन्यजन्तु तथा चराहरुको सूची र महत्व | ● स्थानीय वनमा पाइने वन्यजन्तु र चराहरुको पहिचान गरी सूची बनाउन र महत्व सहित प्रस्तुत गर्न | ● स्थानीय क्षेत्रमा पाईने वन्यजन्तु तथा चराहरुको नाम र तिनीहरुको महत्व | ● स्थानीय वन तथा वरपर पाईने जनावर र चराहरुको सूची बनाइ फोटो समेत खोजी गरेर प्रस्तुत गर्ने । जस्तैः मृग, बदेल, चितुवा, स्याल, सर्प, काग, मयुर, आदि ।<br>● स्थानीय क्षेत्रमा पाईने जीवजनावरहरु किन आवश्यक छन् र यिनीहरुबाट हामीले कसरी फाईदा लिन सक्छौं भन्ने बारेमा स्थानीय विज्ञको सहयोगमा छलफल गर्ने ।<br>● विद्यार्थीहरुलाई आफ्नो घर वा वरपरको वनमा पाइने जनावरहरुको सूची | ● विभिन्न वन्यजन्तु तथा चराहरुको फोटो र महत्व सम्बन्धी चार्ट<br>● वन्यजन्तुहरु को महत्व सम्बन्धी श्रव्यदृष्य सामग्रीहरु | ● आफ्नो घर नजिकको वनमा पाइने जनावर र चराहरुको सूची बनाउन लगाउने ।<br>● स्थानीय वनमा पाईने चरा तथा जनावरहरुको चित्र बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● फोटोहरुमार्फत विभिन्न वन्यजन्तुहरूको पहिचान गर्न लगाउने र तिनीहरुको उपयोगिताबारे सोध्ने ।<br>● बहुबैकल्पिक प्रश्नहरू गर्ने । | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | बनाउन लगाइ तिनीहरुको संरक्षण किन गर्नुपर्छ भन्ने बारेमा छलफल गर्ने । | | | |
| | जलस्रोत | ● स्थानीय क्षेत्रका पानीको स्रोतको परिचय | ● स्थानीय क्षेत्रमा भएका पानीका विभिन्न स्रोतहरुको पहिचान गरी तिनीहरुको परिचय दिन र महत्वबोध गरी उपयोगिता बताउन | ● स्थानीय क्षेत्रमा भएको पानीका स्रोतहरु खोला, कुवा, पोखरीको परिचय, महत्व, उपयोग र संरक्षणका लागि अपनाएका उपायहरु | ● विद्यालय नजिकै भएको कुनै एक पोखरी वा खोला वा कुवाको अवलोकन भ्रमण गराई खोला, पोखरी, कुवा विचमा भिन्नता बारेमा बताइ दिने<br>● नगरपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको सूची बनाई प्रस्तुत गर्ने र तिनिहरुको छोटो परिचय दिने , जस्तैः कुनै खोलाको बारेमा वर्ण गर्ने, कहाँबाट बग्छ ? मुहान कहाँ हो ? त्यसबाट स्थानीलाई के फाइदा भएको छ, आदि ।<br>● विद्यालय नजिकै भएको कुनै एक पोखरीको अवलोकन भ्रमण गराई त्यसको व्यवस्थापनसँग सम्बन्धित जानकार | ● पानीका विभिन्न स्रोतहरुको उपयोग सहितको चित्र, फोटो<br>● पानीको प्रयोग सम्बन्धी पम्प्लेट, ब्रोसर आदि ।<br>● श्रव्यदृष्य सामग्रीहरु<br>● स्थानीय सिमसार क्षेत्रहरुसँग सम्बन्धीत फोटो, लेख, ब्रोसर वा भिडियो | ● स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरूको सूची बनाइ उपयोग कहाँ के मा भईरहेको छ लेख्न लगाउने ।<br>● विद्यालय वा बस्ती नजिकैको कुनै एक खोला वा पोखरी, वा कुण्ड वा कुवाको परिचय र उपयोग स्थानीय जनाकार व्यक्तिसँग सोधेर लेखी प्रस्तुत गर्न लगाउने ।<br>● कुनै एक पोखरीको चित्र बनाउन लगाउने<br>● फोटो मार्फत बहुबैकल्पिक प्रश्नहरू गर्ने । । | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | व्यक्तिलाई भेटेर त्यसको परिचय, उत्पति, उपयोग र हाल संरक्षणका लागि भईरहेका कार्यहरुबारे छलफल गरी बुँदागत रुपमा निष्कर्ष दिने । | | | |
| | फोहोरमैला व्यवस्थापन | ● फोहोरमैलाको वर्गिकरण (ठोस, तरल र ग्याँस) र ठोस फोहोरको व्यवस्थापन | ● स्थानीय क्षेत्रमा निस्किने फोहोरमैलाको वर्गिकरण (ठोस, तरल र ग्याँस) गर्न र ठोस फोहोरको व्यवस्थापनमा सहयोग गर्न | ● स्थानीय क्षेत्रमा निस्किने फोहोरमैलाको वर्गिकरण ( ठोस, तरल र ग्याँस) र ठोस फोहोरको व्यवस्थापन सम्बन्धी जानकारी -कम प्रयोग, पुनः प्रयोग, प्रसोधन र प्रोग गर्नु अगाडी सोच्ने –Reduce, Reuse, Recycle and Rethink को अवधारणा | ● विद्यालय कम्पाउण्ड, क्यान्टिन वा विद्यालय वरपरको अवलोकन भ्रमण गराइ त्यहाँ के कस्ता फोहोरहरू देखिएका छन् टिपोट गर्न लगाउने वा क्यान्टिनमा के फोहोरहरूको रुपमा निस्कन्छ भन्ने बारेमा बताइ उक्त फोहोरहरूलाई ठोस र तरलमा छुट्याउन लगाउने ।<br>● फोहोरहरूलाई ठोस र तरलमा छुट्याईसकेपछि ठोस फोहोरहरूलाई पुनः कुहिने र नकुहिनेमा छुट्याउन लगाउने । | ● फोहोर वर्गीकरण चार्ट, ब्रोसर, पम्पप्लेट आदि<br>● श्रव्य दृष्य सामग्रीहरु<br>● ठोस फोहोरबाट सामानहरु बनाउने विभिन्न बिधिहरु सम्बन्धी भिडियो | ● फोहोरको परिचय दिइ प्रकारहरू छुट्याउन लगाउने ।<br>● आफ्नो घरको भान्सामा निस्कने फोहोरलाई वर्गिकरण गर्न लगाइ त्यसको व्यवस्थापनबारे सोध्ने ।<br>● कक्षाकोठाको फोहोर वर्गिकरण र व्यवस्थापनका उपायहरूबारे लेखी प्रस्तुत गर्न लगाउने ।<br>● कक्षामा दैनिक क्रियाकलापको अवलोकन गर्ने । | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● फोहोरमैलाको सूची चार्ट प्रदर्शन गरी छलफल गर्ने/गराउने ।<br>● कक्षाकोठाबाट निस्कने ठोस फोहोरलाई वर्गिकरण गरी त्यसको व्यवस्थापन गर्न विद्यार्थीहरूलाई सिकाउने | | | |
| **प्रकोप र विपद्** | प्राकृतिक र मानव निर्मित प्रकोप | ● स्थानीय क्षेत्रमा सडक दुर्घटना (कारण, असर र बच्ने उपायहरु) | ● स्थानीय क्षेत्रमा सडक दुर्घटनाको कारण, असर पहिचान गरी सावधानी अपनाउन | ● स्थानीय क्षेत्रमा सडक दुर्घटनाको कारण, असर पहिचान र सावधानीका उपायहरु | ● सवारी दुर्घटनाको परिचय दिइ सवारी दुर्घटनाले स्थानीय क्षेत्रमा हुनसक्ने क्षतिको बारेमा समूहगत छलफल गरी निष्कर्ष प्रस्तुत गराउने ।<br>● सवारी दुर्घटना कम गर्नका लागि अपनाउन सकिने उपायहरूका बारेमा भिडियो प्रस्तुत गर्ने र सूची बनाइ प्रस्तुत गर्ने ।<br>● विद्यार्थीहरुलाई व्यस्त सडक वा शहरबजारमा बाटो काट्दा अपनाउनुपर्ने उपायहरुबारे सिकाउने । | ● सडक, सवारी दुर्घटना सम्बन्धी फोटो, चित्रहरु<br>● सडक दुर्घटनाबाट हुने क्षति, असर न्यूनीकरण र सावधानी सम्बन्धी श्रव्य दृष्य सामग्री | ● स्थानीयस्तरमा सवारी दुर्घटनाका असरहरू के के हुन सक्छन् सोध्ने ।<br>● मानवीय कारणले हुने प्रकोप/दुर्घटना कम गर्नका लागि अपनाउनुपर्ने उपायहरूको बारेमा सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● सडक दुर्घटना कम गर्न अपनाउनुपर्ने उपायहरुबारे अभिनय गर्न लगाउने ।<br>● बाटोमा हिँड्दा, खेल्दा दैनिक क्रियाकलापहरु अवलोकन गर्ने | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल** | स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलको परिचय | ● धार्मिक तथा ऐतिहासिक स्थलको महत्व | ● स्थानीय क्षेत्रमा भएका धार्मिक तथा ऐतिहासिक स्थलहरुको महत्वबोध गरी संरक्षणमा सहयोग गर्न | ● नगरपालिका भित्रका धार्मिक तथा ऐतिहासिक स्थलहरुको नाम र तिनीहरुको महत्व, हालको अवस्था र संरक्षणका उपयाहरुबारे जानकारी | ● विद्यालय नजिकको कुनै एक मठमन्दिर, गुम्बा, चर्च, पाटीपौवा, मस्जिदको अवलोकन भ्रमण गराइ महत्व सहित परिचय दिने । जस्तैः भैरव मन्दिर, छोलिङ गुम्वा, चर्च आदि ।<br>● स्थानीय कुनै धार्मिक, ऐतिहासिक स्थालको फोटो वा त्यससँग सम्बन्धीत भिडीयो देखाई परिचय, महत्व, हालको अवस्था र संरक्षणका उपायहरुबारे छलफल गर्ने<br>● स्थानीय जानकार व्यक्तिसँग अन्तरक्रिया गराउने । | ● स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलहरुसँग सम्बन्धीत ब्रोसर, लेख, रचना, फोटो आदि ।<br>● श्रव्यदृष्य सामग्रीहरु, भिडीयो, डकुमेन्ट्री आदि ।<br>● स्थानीय बुढापाका, संस्कृतिविद तथा इतिहास विद | ● फोटो देखाइ स्थानीय ऐतिहासिक, धार्मिक स्थल चिन्न लगाउने र त्यसको महत्व बताउन लगाउने ।<br>● आफ्नो घर वरपर वा विद्यालय नजिकैको कुनै एक धार्मिक वा ऐतिहासिक स्थलको चित्र बनाई त्यसको छोटो परिचय लेखी प्रस्तुत गर्न लगाउने ।<br>● नजिकको एक स्थलको सरसफाइमा विद्यार्थीलाई सहभागी गराई उनीहरुको कार्य मूल्याङ्कन गर्ने । | ९ |
| | स्थानीय पर्यटकीय स्थलको परिचय | ● सहिदपार्क र आसपासका पर्यटकीय क्षेत्रहरुको परिचय | ● प्राकृतिक पर्यटकीय क्षेत्र सहिद पार्कको परिचय दिन र त्यसको महत्वबोध गरी | ● प्राकृतिक पर्यटकीय क्षेत्र सहिद पार्कको परिचय, महत्व र त्यसको संरक्षणका | ● विद्यार्थीहरुलाई सहिद पार्कको र त्यसको वरपरको क्षेत्रको अवलोकन भ्रमण गराई वा फोटो देखाइ वा त्यस सम्बन्धी जानकार | ● सहिद पार्कको फोटो, त्यस सम्बन्धी ब्रोसर | ● आफ्नो विद्यालय वा घर नजिक रहेका पर्यटकीय क्षेत्रहरूको सूची बनाइ महत्व र संरक्षणका कार्यहरु बताउन लगाउने । | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संरक्षणमा सहयोग गर्न | लागि गर्नुपर्ने कार्यहरुको जानकारी | व्यक्तिसँग भेट गराउने र उक्त पार्कको के महत्व छ, स्थानीय समुदायले कसरी उपयोग गरिरहेको छ भन्ने बारेमा छलफल गरी निष्कर्ष दिने ।<br>● सहिद पार्कको संरक्षणका लागि हाल भईरहेका कार्यहरुको सूची बनाई प्रस्तुत गर्ने र त्यसको दिगो उपयोग र संरक्षणका लागि हामीले गर्नुपर्ने कार्यहरु समेत छलफल गर्ने ।<br>● विद्यालय नजिकको पर्यटकीय ठाउँको अवलोकन भ्रमण गराइ सरसफाइमा विद्यार्थीहरुलाई सहभागी गराउने । | ● श्रव्यदृष्य सामग्रीहरु, भिडियो, डकुमेन्ट्री आदि ।<br>● स्थानीय विज्ञ | ● सहिद पार्कको परिचय र महत्व लेखी प्रस्तुत गर्न लगाउने ।<br>● घर वा विद्यालय नजिकको पर्यटकीय ठाउँको सरसफाइमा सहभागी गराउने र त्यसको संरक्षणका लागि गर्नुपर्ने कार्यहरुका बारेमा प्रस्तुत गर्न लगाउने ।<br>● विद्यार्थीको सहभागिता तथा क्रियाकलाप अवलोकन गर्ने । | |
| **स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति** | स्थानीय जातजाति, भाषा र भेषभूषा | ● स्थानीय जातजाति, भाषा र भेषभूषाको महत्व र संरक्षण | ● स्थानीय जातजाति, भाषा र भेषभूषाको महत्वबोध गरी संरक्षणमा सहयोग गर्न | ● नगरपालिका क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजातिहको सूची (नेवार, | ● स्थानीय विभिन्न जातजातिको भाषा, भेषभूषा सम्बन्धी भिडियो वा चार्ट बनाई प्रस्तुत गर्ने । | ● विभिन्न स्थानीय जातजातिको सूची<br>● विभिन्न जातजातिको | ● स्थानीय नेवारी तथा मगर र नेपाली भाषामा आदरार्थी शब्दहरु प्रयोग गरी एक एक वटा वाक्य बनाउन लगाउने । | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | मगर, क्षेत्री, ब्राम्हण, सन्यासी परियार, विश्वकर्मा आदि) र उनीहरुले बोल्ने भाषा र लगाउने भेषभूषाहरुको महत्व र संरक्षण सम्बन्धी जानकारी | ● स्थानीय कुनै संग्रहालयको भ्रमण गरी उक्त संग्राहलयमा राखिएका विभिन्न जातजातिका मानिसहरुले लगाउने परम्परागत भेषभूषाबारे जानकारी लिने । ● स्थानीय भाषा, भेषभूषाको महत्व र किन संरक्षण गर्नुपर्छ भन्ने कुराको छलफल गरी निष्कर्ष दिने ● नेवारी र मगर भाषामा केही आदरार्थी शब्दहरु सहित वाक्य बनाउन सिकाउने । | भाषा, भेषभूषा सम्बन्धी भिडीयो, पम्पलेट, ब्रोसर आदि ● स्थानीय नेवार र मगर भाषाको लिपी सम्बन्धी लेख, रचना, ब्रोसर आदि | ● फोटो देखाइ भेषभूषा चिन्न लगाउने । ● स्थानीय भेषभूषाको चित्र बनाई प्रस्तुत गर्न लगाउने । ● हाम्रो भाषा, भेषभूषा, संस्कृति संरक्षणका लागि हामीले गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने । | |
| | स्थानीय चाडपर्व | ● स्थानीय मेला, जात्रा, चाडपर्वमा बजाइने बाजाहरु | ● स्थानीय मेला, जात्रा, चाडपर्वमा बजाईने बाजाहरुको पहिचान गर्न बाजा बजाउने सीप प्रस्तुत गर्न | ● स्थानीय क्षेत्रमा लाग्ने मेला, जात्राहरुको परिचय र उक्त अवसरमा बजाइने बाजाहरुको जानकारी | ● स्थानीय मेलाजात्रा, पर्वहरुको परिचय र त्यस अवसरमा गरिने क्रियाकलापहरुबारे छलफल गर्ने । ● स्थानीय मेला जात्रामा बजाइने बाजाहरु देखाउने र तिनीहरु बजाउने सीपबारे छलफल गर्ने । जस्तैः नेवारी | ● विभिन्न मेलाजात्रा सम्बन्धी फोटो, चित्र तथा श्रव्यदृष्य सामग्रीहरु ● स्थानीय परम्परागत | ● आफ्नो वस्ती वा विद्यालयको नजिकमा लाग्ने मेला वा जात्राको छोटो परिचय दिन लगाउने । ● उक्त जात्रा हरुमा के गरिन्छ बताउन लगाउने । ● स्थानीय क्षेत्रमा लाग्ने मेला जात्रा, पर्वहरुमा | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | चाडपर्वहरुमा धिमे बाजा बजाइन्छ ।<br>● स्थानीय मेला जात्रा, चाडपर्वहरुमा बजाईने बाजाहरुको सूची बनाइ प्रस्तुत गर्ने वा प्रत्यक्ष देखाइ केही बाजाहरु सामान्य बजाउने अभ्यास गराउने । जस्तैः धिमे, मादल, सनाई, घण्टी, डम्फू । | बाजाहरुको चित्र, फोटो<br>● स्थानीय बाजा बजाउन जान्ने व्यक्ति | बजाइने बाजाहरुको सूची प्रस्तुत गर्न लगाउने ।<br>● केही बाजाहरु बजाउन लगाउने र अवलोकन गर्ने । | |
| **सामाजिक मूल्य मान्यता र असल संस्कार** | व्यक्तिगत स्वास्थ्य र सरसफाइ | ● आफ्नो सामानहरुको हिफाजत र सरसफाइ | ● आफ्नो सामानहरुको हिफाजत तथा सरसफाइ गर्न र व्यक्तिगत सरसफाइ गर्न | ● आफ्नो दैनिक कार्यमा चाहिने सामानहरुको हिफाजत र व्यक्तिगत सरसफाइका लागि आवश्यक वस्तुहरुको प्रयोग र हिफाजत सम्बन्धी जानकारी जस्तैः किताव, कलम, कापीको सुरक्षा, | ● आफ्नो दैनिक कार्यमा चाहिने सामानहरुको हिफाजत गर्न सिकाउने स जस्तैः कपडामा जथाभावी फोहोर नगर्ने, कपडा तथा जुत्ता चप्पल बेलाबेलामा धोएर सफा लगाउने<br>● व्यक्तिगत सरसफाइका लागि आवश्यक वस्तुहरुको प्रयोग र हिफाजत सम्बन्धी जानकारी दिने जस्तैः किताव, कलम, कापीको सुरक्षा, नुहाउने, दाँत | ● व्यक्तिगत सरसफाइ र आवश्यक सामग्री सम्बन्धी फोटो, पम्प्लेट, ब्रोसर<br>● सामग्री सुरक्षा सम्बन्धी श्रव्यदृष्य सामग्रीहरु | ● हामीले हाम्रो कपडा, जुत्ता किन सफा राख्नुपर्छ सोध्ने ।<br>● आफ्नो व्यक्तिगत सरसफाइका लागि आवश्यक सामग्रीहरुको कसरी हिफजत गर्ने गरिएको छ प्रस्तुत गर्न लगाउने<br>● विद्यार्थीहरुको सरसफाइ सम्बन्धी दैनिक अवलोकन गर्ने | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | कपडा, जुत्ता सफा राख्ने, नुहाउने, दाँत माझ्न, नङ काट्ने तरिका र सामनहरुको सुरक्षा | माझ्न, नङ काट्ने तरिका र सामनहरुको सुरक्षाबारे सिकाउने ।<br>● विद्यार्थीहरुलाई व्यक्तिगत सरसफाइको महत्वबारे बताइ दिने । | | | |
| | आदर-सत्कार | ● पारिवारिक मेलमिलाप र हाम्रो उत्तरदायित्व | ● पारिवारिक मेलमिलाप कायम राख्नको लागि हामीले गर्नुपर्ने कार्यहरुको महत्वबोध गरी अनुसरण गर्न | ● पारिवारिक मेलमिलाप कायम राख्नको लागि हामीले गर्नुपर्ने कार्यहरुबारे जानकारी र अभ्यास ( सम्मान, माया, काममा सहयोग, साँचो बोल्ने, चोर्ने, झुक्याउने जस्ता काममा नलाग्ने) | ● विद्यालय तथा परिवारमा आफूभन्दा ठूलालाई आदर गर्न र सानालाई माया गर्न सिकाउने । आदरार्थी शब्दहरु प्रयोग गर्न प्रेरित गर्ने ।<br>● घरमा फूर्सदमा भएको समयमा आफूले सक्ने कामहरु सघाउन, त्यसमा होसियारी अपनाउन प्रेरित गर्ने ।<br>● झूटो बोल्ने, चोरी गर्ने जस्ता कार्यहरु नराम्रो हुन भन्ने बुझाउन विभिन्न भिडियोहरु देखाइ राम्रो कार्य मात्र गर्न अभिप्र्रित गर्ने ।<br>● हामीले दैनिक जीवनमा गर्नुहुने र गर्नुनहुने | ● पारिवारिक मेलमिलाप, असल नागरिक सम्बन्धीका भिडियो, बृत्तचित्र, लेख, रचना<br>● हामीले विद्यालय तथा घर र समाजमा गर्नुहुने र गर्नुनहुने कार्यहरुको सूची, चार्ट | ● आफूभन्दा ठूलालाई आदर र सानालाई माया किन गर्नुपछ भन्ने बारेमा सोध्ने ।<br>● विद्यार्थीहरुले घरमा अभिभावकहरुलाई के के काममा सहयोग गर्दछन् सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● विद्यार्थीहरुको दैनिक क्रियाकलापको अवलोकन गर्ने । | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कार्यहरुको सूची बनाइ प्रस्तुत गर्ने । जस्तैः ( सम्मान, माया, काममा सहयोग, साँचो बोल्ने, चोर्ने, झुक्याउने जस्ता काममा नलाग्ने आदि । | | | |
| **स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता** | कृषि | • स्थानीय कृषि तथा कौशी खेती उत्पादनको महत्व र फाइदा | • कौसी खेती तथा स्थानीय कृषि उत्पादनको महत्वबोध गरी फाइदाहरु बताउन र स्थानीय कृषि उपजको उपयोगमा सहयोग गर्न | • स्थानीय कृषि उत्पादनको उपयोग सम्बन्धी जानकारी तथा कृषि उत्पादनको महत्व र फाइदाहरुको वर्णन | • स्थानीय स्तरमा उत्पादित कृषिजन्य वस्तुहरूको सूची बनाइ त्यसको उपयोग, फोटो सहित प्रस्तुत गर्ने । जस्तैः बन्दा, मुला, गाँजर, दाल, धान, मकै, दुध, मासु, फूलहरू आदि ।<br>• कृषि उत्पादनबाट हामीलाई पुग्ने फाइदाहरूको सूची तयार पारी प्रस्तुत गर्ने ।<br>• चित्र देखाइ कृषि उत्पादनको सामान्य फाइदाहरूको बारेमा समूहगत छलफल गराइ प्रस्तुत गर्न लगाउने ।<br>• विभिन्न प्रकारका तरकारीहरु घरको छत वा कौसीमा पनि गर्न सकिन्छ | • विभिन्न बालीनाली हरुको उपयोगिता सहितको फोटो, चित्र<br>• स्थानीय क्षेत्रमा उत्पादन हुने बालीहरुको महत्व सम्बन्धी चार्ट | • आफ्नो गाउँघर तथा वस्ती वरिपरी उत्पादन हुने कृषि उत्पादनहरुको उपयोग कसरी हुन्छ बताउन लगाउने ।<br>• विभिन्न प्रकारका कृषि उपजहरु र त्यसको उपयोग बिच जोडा मिलाउन लगाउने ।<br>• स्थानीय कृषि उपजहरुको महत्वबारे लेख्न लगाउने ।<br>• आफ्नो घरमा विद्यार्थीहरुलाई कुनै एक कृषि सम्बन्धी बिरुवा रोप्न लगाउने र त्यसको उपयोगबारे | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | भन्ने देखाउन त्यस सम्बन्धिको भिडियो प्रस्तुत गर्ने वा कौसीमा खेती भईरहेको घरको खेतीको अवलोकन गराउने । | | लेखी प्रस्तुत गर्न लगाउने । | |
| | परम्परागत व्यापार व्यवसाय | ● परम्परागत स्थानीय व्यवसायको महत्व र संरक्षण | ● परम्परागत स्थानीय व्यवसायको महत्व बताउन र संरक्षणमा सहयोग गर्न | ● परम्परागत स्थानीय व्यवसायको महत्व सम्बन्धी जानकारी र परम्परागत व्यवसायको संरक्षणमा हामीले गर्नुपर्ने कार्यहरु | ● स्थानीय मानिसहरुले गर्दै आएका व्यापार, व्यवसायहरुको सूची बनाइ त्यसको महत्व सहित प्रस्तुत गर्ने । जस्तैः चामलको व्यापार, बाँसका सामग्री बनाइ बेच्ने कार्यबाट स्थानीय समुदायमा हुने आर्थिक गतिबिधि, स्थानीय क्षेत्रको परिचय आदि ।<br>● परम्परागत व्यापार व्यवसायको संरक्षणको आवश्यकता र संरक्षणका लागि हामीले गर्नुपर्ने कार्यहरुबारे छलफल गर्ने | ● स्थानीय व्यापार व्यवसायको महत्व सम्बन्धी सूची, फोटो, ब्रोसर, पम्प्लेट<br>● स्थानीय बुढापाका, पुरानो व्यापारी | ● स्थानीय मानिसहरुले गर्दै आएका व्यापार, व्यवसायहरुको महत्वको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● स्थानीय टोलमा भएका विभिन्न प्रकारका व्यवसायको सूची बनाउन लगाउने<br>● आफनो घरका सदस्य वा आफन्तले गर्ने व्यापार व्यवसायको छोटो परिचय दिन लगाउने ।<br>● परम्परागत व्यवसायको संरक्षणमा हामीले गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने । | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय प्रविधिमा आधारित उद्योग-व्यवसाय | ● स्थानीय प्रविधिमा आधारित उद्योगहरुको परिचय र महत्व | ● स्थानीय प्रविधिमा आधारित उद्योगहरुको परिचय दिन र महत्व बताउन | ● स्थानीय परम्परागत प्रविधिमा आधारित विभिन्न उद्योग व्यवसायहरुको परिचय र महत्व | ● स्थानीय परम्परागत प्रविधिमा आधारित विभिन्न उद्योग व्यवसायहरुको सूची बनाइ छोटा परिचय सहित प्रस्तुत गर्ने ।<br>● स्थानीय क्षेत्रमा भएका परम्परागत प्रविधिमा आधारित व्यवसायहरुको अवलोकन गराउने र त्यसबारेमा परिचय र त्यसको महत्वबारे जानकारी गराउने । जस्तैः तानमा लुगा बुन्ने, माटोका भाँडा बनाउने, हलो, कुटो बनाउने आदिबाट आर्थिक फाईदा हुन्छ, हाम्रो परापूर्व कालमा मानिसहरुले उपयोग गर्ने सामग्रीबारे जानकारी पाईन्छ, आफ्नो ठाउँको विशेषता झल्किन्छ आदि । | ● स्थानीय प्रविधिमा आधारित व्यवसाय हरुको सूची, फोटो, ब्रोसर, पम्प्लेट<br>● श्रव्य दृष्य सामग्री<br>● स्थानीय परम्परागत प्रविधिमा महत्व सम्बन्धी सूची | ● आफ्नो विद्यालय नजिक वा टोलवस्तीमा भएका परम्परागत सामान बनाउने व्यवसाय वा उद्योगहरुको सूची बनाउन लगाउने ।<br>● परम्परागत प्रविधिमा आधारित उद्योगको परिचय दिन लगाउने<br>● फोटो मार्फत उद्योग व्यवसायहरु चिन्न लगाउने ।<br>● परम्परागत प्रविधिमा आधारित उद्योगको महत्वबारे उल्लेख गर्न लगाउने । | १० |
| **स्थानीय खेलकुद र योग व्यायाम** | स्थानीय खेलहरु | ● स्थानीय स्तरमा खेलिने खेलहरुको परिचय र अभ्यास | ● स्थानीय स्तरमा खेलिने खेलहरुको परिचय दिन र | ● स्थानीय स्तरमा खेलिने खेलहरुको | ● स्थानीय क्षेत्रमा खेलिने विभिन्न खेलहरु खेल्ने | ● स्थानीय क्षेत्रमा खेलिने विभिन्न | ● आफ्नो विद्यालय तथा गाउँघरमा खेलिने | १० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | खेल अभ्यास गर्न | परिचय तथा भाले जुधाई, चुङ्गी र धनुषवाँण खेलको परिचय, खेल्ने तरिकाको वर्णन र खेल अभ्यास | तरिकाबारे छलफल गर्ने र खेल्ने अभ्यास गराउने ।<br>● भाले जुधाई, चुङ्गी र धनुषवाँण खेल सम्बन्धी जानकारी दिने र खेल्ने प्रक्रियाबारे वर्णन गरी खेल अभ्यास गराउने ।<br>● स्थानीय खेलहरुको महत्वबारे बताइ दिने । | खेलहरुको सूची, ब्रोसर, फोटो<br>● खेल खेल्ने तरिकाबारे जानकारी चार्ट वा श्रव्यदृष्य सामग्री | खेलहरुको परिचय दिन लगाउने ।<br>● भाले जुधाई, चुङ्गी र धनुषवाँण खेल्ने तरिकाबारे वर्णन गर्न लगाउने ।<br>● भाले जुधाई, चुङ्गी र धनुषवाँण खेल खेल्ने अभ्यास गराइ विद्यार्थीहरुको प्रदशर्नीका आधारमा मूल्याङ्कन गर्ने । | |
| | योग ध्यान र सन्तुलित भोजन | ● योग ध्यान र सन्तुलित भोजनको परिचय | ● योग ध्यानको अभ्यास गर्न र सन्तुलित भोजनको पहिचान गर्न | ● दैनिक जिवनमा सामान्य योग ध्यानको अभ्यास र सन्तुलित भोजनको पहिचान | ● ज्ञान मुद्रा( आँखा चिम्लेर बूढी र चोर औंलाको टुप्पा जोडेर बाँकी तीन औंला सोझो गरेर घुँडामाथि राखी शान्त बस्न लगाउने ।<br>● श्वासप्रश्वास सम्बन्धी खेल खेलाउने<br>● योग गर्ने तरिकाहरुबारे भिडियो देखाइ अभ्यास गराउने ।<br>● सन्तुलित भोजन वा विभिन्न प्रकारका खानाको | ● योग अभ्यास सम्बन्धी चित्र, फोटो, भिडियो, बृत्तचित्र<br>● खानाका विभिन्न परिकारहरुको सूची र फोटो | ● हात खुट्टा चलाउने अभ्यास गर्न लगाउने<br>● खेल, योग ध्यानको परिचय दिन लगाउने<br>● विभिन्न प्रकारका खानाहरुको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● व्यायाम र खानाको सम्बन्धबारे सोध्ने ।<br>● दैनिक क्रियाकलाप अवलोकन गर्ने । | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | महत्वबारे छलफल गर्ने र त्यसले हाम्रो शरीरमा पुग्ने फाइदाहरुका बारेमा छलफल गर्ने । | | | |

**कक्षा ४**

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| **नागार्जुन नगरपालिकाको परिचय** | नगरपालिकाको भूगोल र राजनैतिक विभाजनको परिचय | ● नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि तथा छिमेकी नगरपालिका हरुको नाम | ● नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि बताउन तथा तथा चार सिमानामा रहेका छिमेकी नगरपालिकाहरु छुट्याउन | ● नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि सम्बन्धी वर्णन<br>● नगरपालिकाका चार सिमानाकाका ठाउँहरुको नाम र नगरपालिका भित्रका वडा संख्याहरु र नगरपालिकाको केन्द्र सम्बन्धी जानकारी | ● नगरपालिकाको स्थापना र यसको ऐतिहासिक परिचय कसरी, के आधारमा नागार्जुन रहन गयो भन्नेबारेमा लेखिएका ऐतिहासिक दस्तावेजहरु खोजी गरी प्रस्तुत गर्ने ।<br>● स्थानीय इतिहासबिदसँग छलफल गराउने ।<br>● नगरपालिकाको चित्र देखाइ त्यसका वडा संख्याहरु, नगरपालिकाको केन्द्र र नगरपालिकाको सिमानाबारे बताइ दिने । | ● चार सिमाना तथा वडाहरु छुट्याइएको नगरपालिकाको नक्सा<br>● नगरपालिकाको परिचय सम्बन्धी लेख, रचना, भिडियो, बृत्तचित्र | ● नगरपालिकाको नक्सा बनाउन लगाइ चार सिमाना र वडाहरु छुट्याउन लगाउने ।<br>● नगरपालिकाको ऐतिहासिक परिचय दिन लगाउने ।<br>● आफ्नो विद्यालय वा वस्ती भएको वडाको नक्सा बनाउन लगाउने र वडा कार्यालय कहाँ रहेको छ नक्सामा चिन्ह लगाउन लगाउने | ८ |
| **प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण** | स्थानीय बोटबिरुवा | ● स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको नाम | ● स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको पहिचान गरी सूची बनाउन | ● स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको सूची र परिचय | ● स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको सूची बनाइ - तुलसी, चरी अमिलो, तीतेपाती, निम, दुबो, ध्यूकुमारी, पारिजात, अमला, आदि । तिनीहरुको महत्वका बारेमा चित्र सहित प्रस्तुत गर्ने । | ● विभिन्न औषधिजन्य बोटबिरुवा हरुको महत्व सम्बन्धी सूची, फोटो<br>● विभिन्न बोट बिरुवाहरुको | ● आफ्नो विद्यालय र टोलमा पाईने औषधिजन्य वनस्पतिहरुको सूची बनाउन लगाउने ।<br>● फोटोहरुमार्फत औषधिजन्य विरुवाहरु चिन्न लगाउने । | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● विद्यालयको वरिपरि स्थलगत अध्ययन गराई त्यहाँ उपलब्ध बिरुवाहरूको मध्ये औषधिजन्य विरुवाहरु चिनाइ दिने र त्यसको संरक्षणमा अभिप्रेरित गर्ने । | बनौट र उपयोग सम्बन्धी श्रव्यदृष्य सामग्री | ● औषधिजन्य बोट बिरुवाको महत्वबारे बुँदागत रुपमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |
| | स्थानीय जीवजन्तु | ● स्थानीय वनमा पाइने जनावरको परिचय | ● स्थानीय वनमा पाइने जनावरहरुको पहिचान गरी तिनीहरुको परिचय दिन | ● स्थानीय क्षेत्रमा पाईने वन्यजन्तुहरुको परिचय र महत्व । जस्तैः जस्तैः मृग, बदेल, चितुवा, स्याल, सर्प, विभिन्न पुतलीहरु आदि | ● स्थानीय वन तथा वरपर पाईने जनावरको सूची बनाई फोटो समेत खोजी गरेर प्रस्तुत गर्ने । जस्तैः मृग, बदेल, चितुवा, स्याल, सर्प, आदि ।<br>● स्थानीय क्षेत्रमा पाईने जीवजनावरहरुको परिचय, बासस्थान, खाने खाना तथा महत्व सम्बन्धी स्थानीय विज्ञको सहयोगमा छलफल गर्ने ।<br>● विद्यार्थीहरुलाई आफ्नो घर नजिकको वनमा पाइने जनावरहरु अभिभावकलाई सोधेर सूची बनाउन लगाइ तिनीहरुको संरक्षण किन गर्नुपर्छ भन्ने बारेमा छलफल गर्ने । | ● विभिन्न वन्यजन्तुहरुको फोटो र परिचय तथा महत्व सम्बन्धी चार्ट<br>● वन्यजन्तुहरुको महत्व सम्बन्धी श्रव्यदृष्य सामग्रीहरु | ● आफ्नो घर नजिकको वनमा पाईने जनावरहरुको सूची बनाउन लगाउने ।<br>● स्थानीय वनमा पाईने जनावरहरुको चित्र बनाई परिचय सहित प्रस्तुत गर्न लगाउने ।<br>● फोटोहरुमार्फत विभिन्न वन्यजन्तुहरूको पहिचान गर्न लगाउने र तिनीहरुको उपयोगिताबारे सोध्ने ।<br>● बहुबैकल्पिक प्रश्नहरू गर्ने । | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जलस्रोत | ● जलस्रोतको प्रदुषण, कारण र असरहरु | ● स्थानीय क्षेत्रमा भएका जलस्रोतहरुको प्रदुषणका कारणहरु पहिचान गरी त्यसको असरहरु बताउन र प्रदुषण कम गर्ने कार्यमा सहयोग गर्न । | ● स्थानीय क्षेत्रमा भएका जलस्रोतहरुको प्रदुषणका कारणहरु त्यसबाट हामी लगायत जीव जनावर र बोटविरुवालाई हुने असरहरु पानीका स्रोतहरुमा प्रदुषण कम गर्नुपर्ने कार्यहरु | ● नजिकको खोला, खोल्सा, कुवा आदिको अवलोकन भ्रमण गराइ त्यस क्षेत्रमा पानीको परिपरी के कस्ता फोहोरहरू देखिएका छन् टिपोट गर्न लगाइ उक्त फोहोरहरू कहाँबाट कसरी आएका हुन सक्छन् भन्ने बारेमा पालोपालो सोधि अन्त्यमा सूची तयार पार्न लगाउने । जस्तैः पानीका स्रोतहरू फोहोर हुने कारणहरू ( स्रोतमा फोहोर मिसाउनु, स्रोत वरिपरी दिशापिसाव गर्नु, खोला खोल्सामा ढल मिसाउनु, पानीको मुहान वरिपरी गाईवस्तु छाडा छोड्नु, कलकारखानाबाट उत्सर्जन हुने फोहोर पानी मिसाउनु आदि ।<br>● पानीको स्रोत फोहोर हुँदा त्यसले गर्ने असरहरूको सूची बनाइ प्रस्तुत गर्ने ।<br>● विद्यालय नजिकै भएको कुनै एक पोखरी वा इनार | ● पानीका विभिन्न स्रोतहरुको उपयोग र प्रदुषण सहितको चित्र, फोटो<br>● पानीको प्रयोग सम्बन्धी पम्प्लेट, ब्रोसर आदि । | ● पानीका स्रोतहरू फोहोर हुने कारणहरूको सूची बनाउन लगाउने ।<br>● विभिन्न फोटोहरू देखाइ पानीको स्रोत परिपरी के भईरहेको चिन्न, भन्न, लेख्न लगाउने ।<br>● पानीको स्रोत फोहोर हुँदा त्यसबाट हामीलाई पर्न सक्ने असरहरूको सूची बनाउन लगाउने ।<br>● आफ्नो घर वा विद्यालय वरिपरी भएका पानीका स्रोतहरूमा फोहोर मिसिएको छ छैन् बताउन लगाउने ।<br>● सिमसार क्षेत्रको संरक्षणको आवश्यकता बारे सोध्ने । | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | वा कुनै पानीको स्रोतको अवलोकन भ्रमण गराई त्यसको महत्व र संरक्षण सम्बन्धी छलफल गर्ने र उक्त क्षेत्रको सरसफाइमा विद्यार्थीलाई सहभागी गराउने ।<br>● पानीको मुहान प्रदुषण र संरक्षण सम्बन्धी भिडियो वा लेख वा ब्रोसर भएमा प्रस्तुत गर्ने । | | ● नजिकैको पानीको स्रोतको संरक्षण र सरसफाईमा विद्यार्थीहरु परिचालन गरी उनीहरुको क्रियाकलाप अवलोकन गर्ने । | |
| | फोहोरमैला व्यवस्थापन | ● फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर | ● स्थानीय क्षेत्रमा निस्किने फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान गरी व्यवस्थापनमा सहयोग गर्न | ● स्थानीय क्षेत्रमा निस्किने फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर ( घाउ खटिरा, झाडापखाला, जुका, आँखा पाक्ने, वातावरण प्रदूषण) | ● नजिकैको फोहोर फ्याकिएको ठाउँ वा डम्पिङ साइटको अवलोकन भ्रमण गरी त्यहाँ देखिएका फोहोरको अवस्थाबारे छलफल गर्ने ।<br>● फोहरमैलाको असरको सूची चार्ट बनाइ प्रदर्शन र प्रश्नोत्तर गर्ने । (घाउ खटिरा, झाडापखाला, जुका, आँखा पाक्ने, वातावरण प्रदूषण आदि सँग सम्बन्धित)<br>● फोहोरका असरहरू झल्किने विभिन्न पोष्टर | ● फोहोरको असर सम्बन्धी चार्ट, ब्रोसर, पम्पप्लेट आदि<br>● श्रव्य दृष्य सामग्रीहरु<br>● ठोस फोहोरबाट सामानहरु बनाउने विभिन्न बिधिहरु सम्बन्धी भिडियो | ● विद्यालयमा निस्कने फोहोरको सूची बनाइ वर्गिकरण गर्न लगाउने<br>● फोहोरका कारण मानव स्वास्थ्यमा पर्ने नकरात्मक असरहरुको सूची बनाउन लगाउने<br>● हात धुने अभ्यास गराइ निरन्तरताको अवलोकन र मूल्याङ्कन गर्ने ।<br>● प्रश्नोत्तर गर्ने । कक्षामा दैनिक क्रियाकलापको अवलोकन गर्ने । | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | तथा भिडियोहरू प्रदर्शन गर्ने ।<br>● विद्यालयमा वेग्लावेग्लै भाँडो राखी सड्ने नसड्ने फोहोर संकलन गर्न लगाइ सड्ने फोहरवाट प्राङ्गारिक मल वनाउन सिकाउने । | | | |
| **प्रकोप र विपद्** | प्राकृतिक र मानव निर्मित प्रकोप | ● भूकम्प हावाहुरी, आगलागी/डढेलो, घर आगलागी | ● स्थानीय क्षेत्रमा भूकम्प, चट्याङ, हावाहुरी, आगलागी/डढेलो, घर आगलागीको पहिचान गरी सावधानी अपनाउन | ● स्थानीय क्षेत्रमा भूकम्प, चट्याङ, हावाहुरी, आगलागी, आगलागीको कारण र सावधानीका उपायहरु | ● स्थानीय क्षेत्रमा हुन सक्ने भूकम्प, चट्याङ, हावाहुरी, आगलागी/डढेलो, घर आगलागी आदिका कारण र असरहरुबारे छलफल गरी सावधानीका उपायहरुको सूची प्रस्तुत गर्ने ।<br>● भूकम्प, चट्याङ, हावाहुरी, आगलागी/डढेलो, घर आगलागी सम्बन्धी भिडियो प्रस्तुत गर्ने र सावधानीका उपायहरुको अभ्यास गराउने । | ● भूकम्प, चट्याङ, हावाहुरी, आगलागी/डढेलो, घर आगलागी सम्बन्धी फोटो, चित्रहरु<br>● प्रकोपबाट हुन सक्ने क्षति, असर न्यूनीकरण र सावधानी सम्बन्धी श्रव्य दृष्य सामग्री | ● स्थानीय स्तरमा आगलागीका कारण र असरहरू के के हुन सक्छन् सोध्ने ।<br>● मानवीय कारणले हुने प्रकोप/दुर्घटना कम गर्नका लागि अपनाउनुपर्ने उपायहरूको बारेमा सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● भूकम्पबाट बच्नका लागि अपनाउनुपर्ने उपायहरुबारे अभिनय गर्न लगाउने ।<br>● दैनिक क्रियाकलापहरु अवलोकन गर्ने । | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल** | स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलको परिचय | ● नागार्जुन जामाचो, बरवलडाँडा मन्दिर र बद्री नारायण धाम परिचय | ● नगरपालिका भित्रका धार्मिक तथा ऐतिहासिक स्थलहरु नागार्जुन जामाचो, बरवलडाँडा मन्दिर र बद्री नारायण धामको परिचय दिन र तिनीहरुको महत्व बोध गरी संरक्षणमा सहभागिता जनाउन | ● नगरपालिका भित्रका धार्मिक तथा ऐतिहासिक स्थलहरुको नाम र ऐतिहासिक स्थलहरु नागार्जुन जामाचो, बरवलडाँडा मन्दिर र बद्री नारायण धामको परिचय, महत्व, हालको अवस्था र संरक्षणका उपयाहरुबारे जानकारी | ● नागार्जुन जामाचो, बरवलडाँडा मन्दिर र बद्री नारायण धामको अवलोकन भ्रमण गराइ वा त्यसको फोटो वा त्यससँग सम्बन्धित भिडियो देखाई त्यसको परिचय, महत्व, हालको अवस्था र संरक्षणका उपयाहरुबारे छलफल गर्ने ।<br>● नागार्जुन जामाचो, बरवलडाँडा मन्दिर र बद्री नारायण धाम आदिबारे जानकार व्यक्तिसँग त्यसको उत्पति, व्यवस्थापन तथा संरक्षणबारे विद्यार्थीहरुलाई छलफल गराउने ।<br>● विद्यालय नजिकको कुनै एक मठमन्दिर, गुम्बा, चर्च, पाटीपौवा, मस्जिदको अवलोकन भ्रमण गराइ त्यसको सरसफाइ कार्यमा सहभागी गराउने । | ● नागार्जुन जामाचो, बरवलडाँडा मन्दिर र बद्री नारायण धामसँग सम्बन्धीत ब्रोसर, लेख, रचना, फोटो आदि ।<br>● श्रव्यदृष्य सामग्रीहरु, भिडियो, डकुमेन्ट्री आदि<br>● स्थानीय संस्कृतिविद तथा इतिहास विद | ● आफ्नो घर वरपर रहेको मन्दिर तथा धार्मिक स्थलको महत्व र संरक्षणका लागि हामीले गर्न सक्ने कार्यहरुको सूची बनाउन लगाउने ।<br>● फोटो देखाइ स्थानीय ऐतिहासिक, धार्मिक स्थल चिन्न लगाउने र त्यसको महत्व बताउन लगाउने ।<br>● नागार्जुन जामाचो, बरवलडाँडा मन्दिर र बद्री नारायण धामको चित्र बनाइ तिनीहरुको छोटो परिचय लेखी प्रस्तुत गर्न लगाउने ।<br>● बद्री नारायण धाममा लाग्ने मेलामा गरिने कार्यहरुबारे सोध्ने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय पर्यटकीय स्थलको परिचय | ● पुष्पलाल पार्क लगायत वरपरका पर्यटकीय स्थलहरुको परिचय | ● पुष्पलाल पार्क लगायत वरपरका पर्यटकीय स्थलहरुको परिचय दिन र त्यसको महत्वबोध गरी संरक्षणमा सहयोग गर्न | ● पर्यटकीय क्षेत्र पुष्पलाल पार्क परिचय, महत्व र त्यसको संरक्षणका लागि गर्नुपर्ने कार्यहरुको जानकारी | ● विद्यार्थीहरुलाई पुष्पलाल पार्क क्षेत्र अवलोकन भ्रमण गराई वा फोटो देखाई वा त्यस सम्बन्धी जानकार व्यक्तिसँग भेट गराउने र उक्त पार्कको के महत्व छ, स्थानीय समुदायले कसरी उपयोग गरिरहेको छ भन्ने बारेमा छलफल गरी निष्कर्ष दिने ।<br>● पुष्पलाल पाक क्षेत्रमा पर्यटकीय गतिविधिका लागि हाल भईरहेका कार्यहरुको सूची बनाइ प्रस्तुत गर्ने र त्यसको दिगो उपयोग र संरक्षणका लागि हामीले गर्नुपर्ने कार्यहरु समेत छलफल गर्ने ।<br>● विद्यालय नजिकको पर्यटकीय ठाउँको अवलोकन भ्रमण गराइ सरसफाइमा विद्यार्थीहरुलाई सहभागी गराउने । | ● पुष्पलाल पार्क क्षेत्रको फोटो, त्यस सम्बन्धी ब्रोसर<br>● श्रव्यदृष्य सामग्रीहरु, भिडियो, डकुमेन्ट्री आदि<br>● स्थानीय विज्ञ | ● आफ्नो विद्यालय वा घर नजिक रहेका पर्यटकीय क्षेत्रहरूको सूची बनाइ महत्व र संरक्षणका कार्यहरु बताउन लगाउने ।<br>● पुष्पलाल पार्क क्षेत्रको पर्यटकीय महत्व लेखी प्रस्तुत गर्न लगाउने ।<br>● घर वा विद्यालय नजिकको पर्यटकीय ठाउँको सरसफाइमा सहभागी गराउने र त्यसको संरक्षणका लागि गर्नुपर्ने कार्यहरुका बारेमा प्रस्तुत गर्न लगाउने ।<br>● विद्यार्थीको सहभागिता तथा क्रियाकलाप अवलोकन गर्ने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति** | स्थानीय जातजाति, भाषा भेषभूषा र संस्कृति | ● स्थानीय जातजातिले बोल्ने भाषा र संस्कृतिको परिचय | ● स्थानीय जातजाति, भाषा, भेषभूषा र संस्कृतिको पहिचान र महत्वबोध गरी संरक्षणमा सहयोग गर्न | ● नगरपालिका क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजातिहको सूची (नेवार गुरुङ, मगर, नेवार, सन्यासी, क्षेत्री, यादव, परियार, विश्वकर्मा आदि) र उनीहरुले बोल्ने भाषा र लगाउने भेषभूषाहरुको महत्व र संरक्षण सम्बन्धी जानकारी | ● स्थानीय विभिन्न जातजातिको भाषा, भेषभूषा सम्बन्धी भिडियो वा चार्ट बनाई प्रस्तुत गर्ने<br>● स्थानीय कुनै संग्रहालयको भ्रमण गरी उक्त संग्राहलयमा राखिएका विभिन्न जातजातिका मानिसहरुले लगाउने परम्परागत भेषभूषाबारे जानकारी लिने ।<br>● स्थानीय भाषा, भेषभूषाको महत्व र किन संरक्षण गर्नुपर्छ भन्ने कुराको छलफल गरी निष्कर्ष दिने<br>● नेवारी, गुरुङ, मगर भाषामा केही आदरार्थी शब्दहरु सहित वाक्य बनाउन सिकाउने । | ● विभिन्न स्थानीय जातजातिको सूची<br>● विभिन्न जातजातकिो भाषा, भेषभूषा सम्बन्धी भिडियो, पम्पलेट, ब्रोसर आदि<br>● स्थानीय नेवार मगर भाषाको लिपी सम्बन्धी लेख, रचना, ब्रोसर आदि | ● स्थानीय नेवारी तथा मगर र नेपाली भाषामा आदरार्थी शब्दहरु प्रयोग गरी दुइ दुइ वटा वाक्य बनाउन लगाउने<br>● स्थानीय भेषभूषाको चित्र बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● हाम्रो भाषा, भेषभूषा, संस्कृति संरक्षणका लागि हामीले गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने ।<br>● आफनो घरका सदस्यहहरु वा टोलका मानिसहरुले विभिन्न चाडपर्वमा लगाउने परम्परागत भेषभूषाको चित्र बनाइ प्रस्तुत गर्न लगाउने । | ८ |
| | स्थानीय चाडपर्व | ● स्थानीय क्षेत्रमा लाग्ने मेला जात्राको परिचय | ● स्थानीय क्षेत्रमा लाग्ने मेला जात्राको परिचय दिन र महत्वबोध गर्न | ● स्थानीय क्षेत्रमा लाग्ने मेला, जात्राहरुको परिचय र | ● स्थानीय मेलाजात्रा, पर्वहरुको परिचय र त्यस अवसरमा गरिने क्रियाकलापहरुबारे छलफल गर्ने । | ● विभिन्न मेलाजात्रा सम्बन्धी लेख, रचना, फोटो, चित्र तथा | ● आफ्नो वस्ती वा विद्यालयको नजिकमा लाग्ने मेला वा जात्राको छोटो परिचय र महत्व | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | गरिने क्रियाकलापहरु | ● आफ्नो विद्यालय नजिकको कुनै एक मेला वा जात्राको प्रत्क्ष्य अवलोकन गराउने वा त्यहाँ कुन अवसरमा, किन, कहिलेदेखि मेला लाग्ने गरेको भन्नेबारेमा बताइ दिने ।<br>● स्थानीय क्षेत्रमा विभिन्न चाडपर्वहरुमा लाग्ने मेलाजात्राहरुको महत्व प्रस्तुत गर्ने ।<br>● स्थानीय मेलाजात्रामा सहभागी हुँदा हामीले ध्यान दिनुपर्ने कुराहरुबारे छलफल गर्ने । | श्रव्यदृष्य सामग्रीहरु | लेखेर प्रस्तुत गर्न लगाउने ।<br>● उक्त जात्राहरुमा के गरिन्छ बताउन लगाउने ।<br>● स्थानीय मेला जात्रामा सहभागिता जनाउँदा ध्यान दिनुपर्ने कुराहरुको सूची बनाउन लगाउने । | |
| **सामाजिक मूल्य मान्यता र असल संस्कार** | असल संस्कार | ● स्थानीय मानिसहरुले घरमा पाहुना तथा मान्यजन लाई गर्ने आदर सत्कारको परिचय | ● स्थानीय मानिसहरुले घरमा पाहुना तथा मान्यजन लाई गर्ने आदर सत्कारको अनुसरण गरी दैनिक जीवनमा लागू गर्न | ● स्थानीय जातजातिहरुले घरमा पाहुना तथा मान्यजन लाई गर्ने मान सम्मान तथा आदर सत्कार सम्बन्धी जानकारी | ● विद्यार्थीहरुलाई आफ्नो घरमा पाहुना आउँदा पाहुनालाई के कसरी आदर गर्ने गरिएको छ र त्यसमा आफ्नो के भूमिका छ भन्ने बारेमा छलफल गरी निष्कर्ष दिने । जस्तै: नमस्कार गर्ने, बस्न अनुरोध गर्ने, चिया पानी, खाना आदि पकाएर खुवाउने । | ● आदर सत्कार सम्बन्धी फोटो, पम्प्लेट, ब्रोसर, श्रव्यदृष्य सामग्री<br>● स्थानीय समुदायका बुढापाका मानिस | ● आफ्नो घरमा आउने मान्यजनलाई तपाई कसरी स्वागत गर्नुहुन्छ भनेर सोध्ने ?<br>● स्थानीय मगर र नेवार जातिमा पाहुनालाई गर्ने आदर सत्कार सम्बन्धी बुझेर लेख्न लगाउने वा परियोजना कार्य गर्न लगाउने । | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● विद्यालय नजिकैका कुनै तीनवटा बेग्लाबेग्लै जातजातिको घरमा गई त्यहाँका मानिससँग उनीहरुको परम्परा अनुसार पाहुनालाई कसरी सत्कार गरिएको छ भन्ने बारेमा छलफल गराई टिपोट गर्न लगाउने ।<br>● आदर सत्कार सम्बन्धी नाटक, भिडियो, बृत्तचित्र देखाउने र विद्यार्थीहरुलाई पनि समूहमा अभिनय गर्न सिकाउने । | | ● आदर सत्कारले हाम्रो परिचयमा के कस्तो फाइदा पुऱ्याउँछ भन्ने बारेमा सोध्ने ।<br>● दैनिक क्रियाकलापको अवलोकन गर्ने ।<br>● विद्यार्थीहरुको समूह बनाइ आदर सत्कार सम्बन्धी अभिनय गर्न लगाउने । | |
| | नैतिक मूल्य मान्यता | ● सभ्य परिवार र आत्म अनुशासन | ● स्थानीय समुदाय तथा समाजमा सभ्य परिवारको परिचय दिई, आत्म अनुशासनका लागि आवश्यक गुणहरुको अनुसरण गर्न | ● परिवारको आधारणा, परिचय र परिवारका सदस्यहरु बिचको मेलमिलाप , अनुशासन तथा एक अर्कामा सम्मान सम्बन्धी वर्णन | ● असल परिवार र अनुशासन सम्बन्धी भिडियो वा बृतचित्र प्रस्तुत गर्ने ।<br>● परिवारको आधारणा र महत्वबारे बताइ दिने ।<br>● विद्याथीहरुलाई आफ्नो घरका सदस्यहरुसँग आफूले कसरी व्यवहार गर्ने गरेको छ भन्ने बारेमा पालैपालो भन्न लगाउने । | ● असल परिवार, समाज तथा समुदायको अवधारण सम्बन्धी लेख रचना, पम्पप्लेट, ब्रोसर<br>● श्रव्यदृय सामग्रीहरु | ● असल वा सभ्य परिवारको परिचय दिन लगाउने ।<br>● आफ्नो घरमा रहेका परिवारका सदस्यहरुसँग कस्तो व्यवहार गनुपर्छ ? सोध्ने ।<br>● हामी किन अनुशासनमा बस्नुपर्छ र त्यसबाट के फाइदा हुन्छ लेख्न लगाउने । | ८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● सभ्य परिवारमा हुनुपर्ने गुणहरुका बारेमा छलफल गर्ने । जस्तैः परिवार तथा बाहिरका मानिससँग मेलमिलाप राख्ने, नम्र बोल्ने, आपत विपदमा सहयोग गर्ने, आफूभन्दा सानालाई माया र ठूलालाई सम्मान गर्ने , कुनैपनि किसिमको विभेद नगर्ने आदि ।<br>● विद्यार्थीहरुले घर तथा विद्यालयमा पालन गर्नुपर्ने अनुशासनबारे सूची बनाइ प्रस्तुत गर्ने । | | ● दैनिक क्रियाकलापको अवलोकन गर्ने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने ।<br>● सभ्य र असल मानिसमा हुनुपर्ने गुणहरुबारे सूची बनाइ प्रस्तुत गर्न लगाउने । | |
| **स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता** | कृषि | ● तरकारी खेती - काउली, आलु र मुला) कौशी खेती | ● स्थानीय तरकारी खेती -काउली, आलु र मुला) उत्पादनको आधारभूत सीप सिकेर उपयोगमा सहयोग गर्न | ● स्थानीय तरकारी खेती काउली, आलु र मुला) उत्पादनको आधारभूत सीप र महत्व सम्बन्धी वर्णन | ● स्थानीय स्तरमा उत्पादित तरकारीवालीहरुको सूची बनाइ त्यसको उपयोग, फोटो सहित प्रस्तुत गर्ने । जस्तैः आलु, साग, बन्दा, मुला, गाजर, आदि ।<br>● हामीले हाम्रो घरको खाली जग्गा नभएमा कौसी वा छतमा पनि मुला, साग, काउली जस्ता तरकारीहरु आफै उत्पादन गर्न सक्छौं | ● विभिन्न तरकारी बालीहरुको उपयोगिता सहितको फोटो, चित्र<br>● स्थानीय क्षेत्रमा उत्पादन हुने तरकारीबालीहरु को महत्व सम्बन्धी चार्ट | ● आफ्नो गाउँघर तथा वस्ती वरिपरी उत्पादन हुने तरकारीबालीहरुका सूची बनाउन लगाउने<br>● साग र मुला खेती सम्बन्धी वर्णन गर्न लगाउने ।<br>● विद्यार्थीहरुको समूह बनाइ विद्यालयमा काउली र मुला रोप्न | ७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | भन्ने कुरा देखाउन त्यस सम्बन्धी भिडियो प्रस्तुत गर्ने वा विद्यालयको छतमा विभिन्न तरकारीहरु लगाउन सिकाउने ।<br>● काउली, आलु र मुला उत्पादन सम्बन्धी सीपको विकास गर्न त्यस सम्बन्धी भिडियो वा बृत्तचित्र प्रर्दशन गर्ने । जसमा बीउ, रोप्ने मौसम, माटोको निर्मार्ण, सिंचाई, गोडमेल, बाली संकलन जस्ता कुराहरु समेट्ने ।<br>● विद्यालय नजिकैको कृषि फर्मको अवलोकन गरी तरकारी उत्पादन सम्बन्धी त्यहाँका जानकार व्यक्तिसँग छलफल गर्ने ।<br>● विद्यालयको खाली जग्गामा विद्यार्थीहरु परिचालन गरी आलु र मुला रोपेर हेरचाह र अवलोकन गर्न लगाउने | ● आलु, काउली, साग र मुलाको खेती सम्बन्धी भिडियो, बृत्तचित्र, पोष्टर आदि । | लगाउने र उनीहरुको सीप बिकासको मुल्याङ्कन गर्ने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | परम्परागत व्यापार व्यवसाय | ● परम्परागत व्यवसायको संरक्षणमा स्थानीय समुदाय | ● परम्परागत व्यवसायको संरक्षणमा स्थानीय समुदायको भूमिका बताउन र परम्परागत पेशा, व्यवसायको सम्मान गर्न | ● परम्परागत स्थानीय व्यवसायको महत्व सम्बन्धी जानकारी र परम्परागत व्यवसायको संरक्षणमा हामीले गर्नुपर्ने कार्यहरु | ● स्थानीय मानिसहरुले गर्दै आएका व्यापार, व्यवसायहरुको सूची बनाइ त्यसको महत्व सहित प्रस्तुत गर्ने । जस्तैः चामलको व्यापार, बाँसका सामग्री बनाई बेच्ने कार्यबाट स्थानीय समुदायमा हुने आर्थिक गतिबिधि, स्थानीय क्षेत्रको परिचय आदि ।<br>● परम्परागत व्यापार व्यवसायको महत्व, संरक्षणको आवश्यकता र संरक्षणका स्थानीय समुदायले गर्नुपर्ने कार्यहरुबारे छलफल गर्ने । | ● स्थानीय व्यापार व्यवसायहरुको महत्व सम्बन्धी सूची, फोटो, ब्रोसर, पम्प्लेट<br>● स्थानीय बुढापाका, पुरानो व्यापारी | ● परम्परागत व्यवसायको परिभाषा सोध्ने ।<br>● आफ्नो टोलमा भएको कुनै एक पुरानो पसलको बारेमा अविभावकलाई सोधेर परिचय लेख्न लगाउने ।<br>● परम्परागत व्यापार व्यवसायको संरक्षणमा समुदायले गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने । | ७ |
| | स्थानीय प्रविधिमा आधारित उद्योग-व्यवसाय | ● नगरपालिका क्षेत्रभित्रको पहिलो उद्योगको परिचय | ● स्थानीय प्रविधिमा आधारित नगरपालिका क्षेत्रभित्रको पहिलो उद्योगको पहिचान गरी त्यसको संरक्षणको आवश्यकता बोध | ● स्थानीय परम्परागत प्रविधिमा आधारित पहिलो उद्योगको परिचय, त्यसको उत्पादन, | ● स्थानीय परम्परागत प्रविधिमा आधारित विभिन्न उद्योग व्यवसायहरुको सूची बनाई छोटो परिचय सहित प्रस्तुत गर्ने ।<br>● स्थानीय क्षेत्रमा भएको पहिलो उद्योगको अवलोकन गराउने र त्यसबारेमा परिचय र | ● स्थानीय प्रविधिमा आधारित व्यवसाय हरुको सूची, फोटो, ब्रोसर, पम्प्लेट<br>● श्रव्य दृष्य सामग्री | ● आफ्नो विद्यालय नजिक वा टोलवस्तीमा भएका परम्परागत सामान बनाउने व्यवसाय वा उद्योगहरुको सूची बनाई त्यसको उत्पादनबारे लेख्न लगाउने । | ६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | गरी संरक्षण कार्यमा सहयोग गर्न | त्यसबाट स्थानीयले लिएको फाइदा, उद्योगको हालको अवस्था र संरक्षण, सुचारु सम्बन्धी जानकारी | त्यसको महत्वबारे जानकारी गराउने । जस्तैः तानमा लुगा बुन्ने, माटोका भाँडा बनाउने, हलो, कुटो बनाउने आदिबाट आर्थिक फाईदा हुन्छ, हाम्रो परापूर्व कालमा मानिसहरुले उपयोग गर्ने सामग्रीबारे जानकारी पाइन्छ, आफ्नो ठाउँको विषेशता झल्किन्छ आदि ।<br>● नगरपालिका क्षेत्रको पहिलो उद्योगबारे खोजी गरी त्यससँग सम्बन्धित फोटो, भिडियो प्रस्तुत गर्ने, त्यसको परिचय र महत्वबारे बताइ दिने । | ● नगरपालिका क्षेत्रको पहिलो उद्योगको परिचय सम्बन्धी लेख, रचना, ब्रोसर, फोटो, भिडियो आदि । | ● नगरपालिका भित्रको सबभन्दा पुरानो उद्योगको परिचय दिन लगाउने ।<br>● फोटो मार्फत उद्योग व्यवसायहरु चिन्न लगाउने ।<br>● परम्परागत प्रविधिमा आधारित उद्योगको महत्वबारे उल्लेख गर्न लगाउने ।<br>● उद्योग सम्बन्धी परियोजना कार्य गराउने । | |
| **स्थानीय खेलकुद, योग र सन्तुलित भोजन** | स्थानीय खेलकुद, योग, व्यायाम | ● शारीरिक कसरतका लागि स्थानीय स्तरमा प्रचलित अभ्यास | ● शारीरिक कसरतका लागि स्थानीय स्तरमा प्रचलित अभ्यासहरु गर्न | ● स्थानीय स्तरमा शारीरिक अभ्यासका लागि खेलिने खेलहरु जस्तैः दौड, भकुण्डो, क्रिकेट, त्यसैगरी शरीर तन्काउने, | ● स्थानीय क्षेत्रमा खेलिने विभिन्न खेलहरु खेल्ने खेलहरुको सूची प्रस्तुत गर्ने र खेल्ने तरिकाबारे छलफल सहित अभ्यास गराउने । जस्तैः खेलहरु जस्तैः दौड, भकुण्डो त्यसैगरी शरीर तन्काउने, उफ्रने जस्ता खेलहरु । | ● स्थानीय क्षेत्रमा प्रचलित विभिन्न खेलहरुको सूची, ब्रोसर, फोटो<br>● खेल खेल्ने तरिकाबारे जानकारी चार्ट | ● आफ्नो विद्यालय तथा गाउँघरमा खेलिने खेलहरुको परिचय दिन लगाउने ।<br>● कुनै दुईवटा स्थानीय खेलहरुको प्रतिस्पर्धा गराउने ।<br>● सामान्य योगका आसनहरु गर्न लगाउने | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उफ्रने जस्ता खेल र खेल्ने तरिकाको वर्णन तथा खेल अभ्यासको वर्णन | ● स्थानीय विज्ञको सहयोगमा विभिन्न योग व्यायामहरु गराउने । ● स्थानीय खेलहरुको महत्वबारे बताइ दिने । | वा श्रव्यदृष्य सामग्री | र विद्यार्थीहरुको प्रदशर्नीका आधारमा मूल्याङ्कन गर्ने । | |
| | सन्तुलित भोजन | ● प्राकृतिक र पत्रु खानाको परिचय | ● प्राकृतिक र पत्रु खानाको पहिचान गरी उपयोग गर्न | ● घरमा बनेका प्राकृतिक र चिल्लो रहित स्वस्थकर खानाहरुबारे जानकारी ● बजारमा पाईने पत्रुखाना (junk food) सम्बन्धी जानकारी | ● स्थानीय क्षेत्रमा उत्पादन हुने अन्न, सागपात, आलु, फलफूलको सेवनबाट फाईदा हुन्छ भन्ने कुरा बताउने । ● चिल्लोरहित, ताजा, रेसादार खानाले, रसायन नमिसाइएको खानाले हामीलाई हुने फाईदाहरुबारे छलफल गर्ने ● बजारमा पाइने पत्रुखाना (junk food) हरुको सूची बनाई त्यसले हामीलाई गर्ने असरहरुबारे प्रस्तुत गर्ने । ● प्राकृतिक खाना र पत्रु खाना सम्बन्धी भिडियो प्रस्तुत गर्ने । | ● स्वस्थकर, प्राकृतिक खाना र पत्रु खानाहरुको सूची, फोटो, पोस्टर ● स्वस्थकर, प्राकृतिक खाना र पत्रु खाना सम्बन्धी भिडियो, बृत्तचित्र ● स्थानीय पोषण विज्ञ | ● प्राकृतिक र पत्रु खानाको परिचय दिन लगाउने । ● स्थानीय क्षेत्रमा पाइने पत्रु खानाहरुको सूची बनाउन लगाउने । ● पत्रु खानाको असरबारे वर्णन गर्न लगाउने । ● दैनिक खाजाको अवलोकन गर्ने । | ७ |

**कक्षा ५**

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| **नागार्जुन नगरपालिकाको परिचय** | नगरपालिकाको भूगोल र राजनैतिक विभाजनको परिचय | ● नगरपालिका क्षेत्रको भू-बनोटको - वनजंगल, खेतीयोग्य, भू-सतह) पहिचान | ● नगरपालिका क्षेत्रको भू-बनोटको - वनजंगल, खेतीयोग्य, भू-सतह) पहिचान गरी छुट्याउन | ● नगरपालिका क्षेत्रको भू-बनोटको - वनजंगल, खेतीयोग्य, भू-सतह) परिचय | ● भूबनोट र सीमाना सहित नगरपालिकाको परिचय दिने<br>● विद्यालय भएको स्थान र त्यस वरपरको भौगोलिक अवस्थाको जानकारी गराउने । जस्तैः समथर क्षेत्र, भिरालो क्षेत्र, खाली ठाउँ, नदीनाला, बाटो, खेती योग्य जमीन, घरहरू भएको क्षेत्र आदि ।<br>● नक्सा वा भिडियो, वा फोटो देखाई नगरपालिकाभित्रका ठाउँहरूको भौगोलिक अवस्था बर्णन गर्ने । | ● भू-बनोट छुट्याइएको नगरपालिकाको नक्सा<br>● नगरपालिकाको परिचय सम्बन्धी लेख, रचना, भिडियो, बृत्तचित्र | ● आफ्नो घर वरपरको भौगोलिक अवस्थाको नक्सा सहित वर्णन गर्न लगाउने ।<br>● आफू बसेको वडाको भौगोलिक अवस्थाको छोटो परिचय दिन लगाउने ।<br>● आफ्नो विद्यालय वा वस्ती भएको वडाको नक्सा बनाउन लगाउने र भौगोलिक अवस्था कस्तो छ चिन्न लगाउने । | ८ |
| **प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण** | स्थानीय बोटबिरुवा | ● स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको उपयोग | ● स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको पहिचान गरी उपयोग गर्न | ● स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको सूची र परिचय - तुलसी, तेजपात, घोडताप्रे, धसिंगरे, निम, दुबो, ध्यूकुमारी, | ● स्थानीय क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको सूची बनाई -तुलसी, तेजपात, घोडताप्रे, धसिंगरे, निम, दुबो, घ्यूकुमारी, पारिजात, अमला, बज्रदन्ती आदि तिनीहरुको महत्व र उपयोग बारेमा चित्र सहित प्रस्तुत गर्ने । जस्तैः कुन | ● विभिन्न औषधिजन्य बोट बिरुवा हरुको महत्व र प्रयोग सम्बन्धी सूची, फोटो | ● आफ्नो विद्यालय र टोलमा पाईने कुनै तीनवटा औषधिजन्य वनस्पतिहरुको उपयोग लेखेर प्रस्तुत गर्न लगाउने ।<br>● फोटोहरु मार्फत औषधिजन्य विरुवाहरु | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | पारिजात, अमला, आदि) र उपयोग | वनस्पति के मा उपयोग गर्न सकिन्छ ? उदाहरणका लागिः घाँटी दुख्दा, सामान्य ज्वरो आएमा नीमको पत्ता पकाएर खाने चलन छ ।<br>● विद्यालयको वरिपरि स्थलगत अध्ययन गराई त्यहाँ उपलब्ध बिरुवाहरूको मध्ये औषधिजन्य बिरुवाहरु चिनाइ दिने र त्यसको उपयोग बताई संरक्षणमा अभिप्रेरित गर्ने ।<br>● विभिन्न औषधिजन्य स्थानीय बिरुवाहरु रोप्न सिकाउने र विद्यार्थीलाई हेरचाह गर्न लगाउने । | ● विभिन्न बोट बिरुवाहरुको बनौट र उपयोग सम्बन्धी श्रव्यदृष्य सामग्री | चिन्न र प्रयोग भन्न लगाउने<br>● औषधिजन्य बोट बिरुवाको महत्वबारे बूँदागत रुपमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने ।<br>● प्रत्येक विद्यार्थीलाई आफ्नो घरमा कुनै एक औषीधजन्य वनस्पति रोपेर हुर्काउन लगाउने | |
| | स्थानीय जीवजन्तु | ● स्थानीय क्षेत्रमा पाइने चराहरुको परिचय | ● स्थानीय क्षेत्रमा पाइने चराहरुको पहिचान गरी महत्व बताउन | ● स्थानीय क्षेत्रमा पाइने चराहरुको परिचय र महत्व जस्तैः कोइली, गिद्ध, मैना, गौंथली, भंगेरा, कोकले आदि । | ● स्थानीय वन तथा वरपर पाइने चराहरुको सूची बनाई फोटो समेत खोजी गरेर प्रस्तुत गर्ने । जस्तैः कोइली, गिद्ध, मैना, सुनकण्ठे, लामपुछ्रे, भंगेरा, काग, रुपी आदि ।<br>● स्थानीय क्षेत्रमा पाइने चराहरुको परिचय, बासस्थान, खाने खाना तथा | ● विभिन्न स्थानीय क्षेत्रमा पाइने चराहरुको फोटो र परिचय तथा महत्व सम्बन्धी चार्ट<br>● चराको महत्व सम्बन्धी | ● आफ्नो घर नजिकको वनमा पाईने चरा र जनावरको सूची बनाउन लगाउने ।<br>● स्थानीय वनमा पाइने चराहरुको चित्र बनाई परिचय सहित प्रस्तुत गर्न लगाउने । | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | महत्व सम्बन्धी स्थानीय विज्ञको सहयोगमा छलफल गर्ने ।<br>● विद्यार्थीहरुलाई आफ्नो घर नजिक देखिने चराहरुको नाम अभिभावकलाई सोधेर सूची बनाउन लगाई तिनीहरुको संरक्षण किन गर्नुपर्छ भन्ने बारेमा छलफल गर्ने । | श्रव्यदृष्य सामग्रीहरु | ● फोटोहरुमार्फत विभिन्न चराहरूको पहिचान गर्न लगाउने र तिनीहरुको उपयोगिताबारे सोध्ने ।<br>● बहुबैकल्पिक प्रश्नहरू गर्ने । | |
| | जलस्रोत | ● स्थानीय जलस्रोत संरक्षण र व्यवस्थापनमा स्थानीय प्रयास | ● स्थानीय जलस्रोत संरक्षण र व्यवस्थापनमा स्थानीय प्रयासको महत्वबोध गरी संरक्षणमा सहयोग गर्न | ● स्थानीय जलस्रोत संरक्षण र व्यवस्थापनमा स्थानीय क्षेत्रमा भएका वा गरिँदै आएका प्रयासहरुबारे बर्णन | ● पानीका स्रोतहरूको महत्वको बारेमा वर्णन गर्ने<br>● विद्यालय नजिकको कुनै एक जलस्रोत क्षेत्रको अवलोकन गराइ त्यसको संरक्षण र व्यवस्थापनका लागि गरेका प्रयासहरूको बारेमा जानकारी गराउने । जस्तैः फोहोर फाल्न मनाही गरेको, तटबन्ध निर्माण गरेको, बिरुवा लगाएको आदि ।<br>● पानीको स्रोत संरक्षणका उपायहरूबारे बृत्तचित्र वा भिडियो देखाइ कक्षामा | ● पानीका विभिन्न स्रोतहरुको उपयोग सहितको चित्र, फोटो, पम्प्लेट, ब्रोसर आदि ।<br>● श्रव्यदृष्य सामग्रीहरु<br>● पानीको स्रोत संरक्षण तथा व्यवस्थापन सम्बन्धी फोटो, लेख, ब्रोसर वा भिडियो | ● आफ्नो घर नजिकैको कुनै एक जलस्रोत क्षेत्रको अवलोकन गरी त्यसको संरक्षण र व्यवस्थापनका लागि गरेका प्रयासहरूको खोजी गरी बुँदागत रुपमा लेखेर कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● नगरपालिका वा नजिकको वडा कार्यालयको भ्रमण गरी नगरपालिका र त्यस सम्बन्धी वडाहरूले जलस्रोत संरक्षणमा गरेका प्रयासहरूको | ८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | छलफल गरी बुँदागत रुपमा सूची तयार गर्ने । | ● स्थानीय जानकार व्यक्ति | सूची तयार गरी प्रस्तुति गर्न लगाउने ।<br>● नजिकैको पानीको स्रोतको संरक्षण र सरसफाईमा विद्यार्थीहरु परिचालन गरी उनीहरुको क्रियाकलाप अवलोकन गर्ने । | |
| | प्रदूषण र फोहोरमैला व्यवस्थापन | ● स्थानीय क्षेत्रमा वातावरण प्रदुषण (जल, वायु, ध्वनि, जमीन) | ● स्थानीय क्षेत्रमा वातावरण प्रदुषण (जल, वायु, ध्वनि, जमीन)को पहिचान गरी असर कम गर्ने उपायहरु अवलम्बन गर्न | ● स्थानीय प्रदूषणका प्रकारहरू (वायु, जल, जमीन र ध्वनि प्रदूषण)<br>● वायु प्रदूषणको कारण, असर र रोकथामका उपायहरू<br>● जल प्रदूषणको कारण, असर र रोकथामका उपायहरू<br>● जमीन प्रदूषणको कारण, असर र रोकथामका उपायहरू<br>● ध्वनि प्रदूषणका कारण, असर र | ● प्रदूषणको परिभाषा दिने<br>● नजिकैको खोलानाला, वजार कलकारखानाको अवलोकन भ्रमण गराइ त्यसक्षेत्रमा देखिएका प्रदूषण वारे टिपोट गर्न लगाउने र समूहगत छलफल गर्न लगाउने ।<br>● प्रदूषणको प्रकारहरूबारे जानकारी दिइ त्यसको कारण, असर र रोकथामका उपायहरू वारे अन्तरक्रिया गराउने ।<br>● कुनै प्रदूषित क्षेत्रको स्थलगत भ्रमण गराइ उक्त क्षेत्रलाई कसरी प्रदूषण मुक्त गर्न सकिन्छ छलफल गर्ने/गराउने र प्रतिवेदन तयार गर्न लगाइ प्रस्तुत गर्न लगाउने । | ● विभिन्न प्रदुषण सम्बन्धी चार्ट, ब्रोसर, पम्पप्लेट आदि<br>● श्रव्य दृष्य सामग्रीहरु<br>● स्थानीय क्षेत्रमा हुने वा भएका प्रदुषणको सूची | ● प्रदूषणको परिचय दिन लगाउने ।<br>● आफ्नो घर वरिपरि देखिने प्रदूषण झल्किने किसिमको चित्र बनाइ कक्षाकोठामा प्रस्तुत गर्न लगाउने ।<br>● नजिकैको खोलानाला, ताल मठमन्दिरको भ्रमण गरी त्यहाँको प्रदूषणको अवस्थाको बारेमा एउटा परियोजना तयार पारेर कक्षामा प्रस्तुत गर्न लगाउने । | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | रोकथामका उपायहरू | | | ● प्रश्नोत्तर गर्ने । दैनिक क्रियाकलापको अवलोकन गर्ने । | |
| **प्रकोप र विपद्** | प्राकृतिक र मानव निर्मित प्रकोप | ● स्थानीय क्षेत्रमा भूक्षय, पहिरो, वाढी तथा डुबान | ● स्थानीय क्षेत्रमा भूक्षय, पहिरो, वाढी तथा डुबानको पहिचान गरी सावधानी अपनाउन | ● स्थानीय क्षेत्रमा भूक्षय, पहिरो, वाढी तथा डुबान हुनसक्ने क्षेत्रहरुको पहिचान, सूची र सावधानीका लागि अपनाउनुपर्ने उपायहरु | ● भूक्षय, पहिरो, वाढी तथा डुबान संभावित स्थानीय स्थानहरूको प्रत्यक्ष भ्रमण गराइ त्यसबारे परिचय दिने<br>● स्थानीय क्षेत्रमा भएका प्राकृतिक प्रकोपहरूको सूची बनाइ त्यसले पारेको असरबारे छलफल तथा पत्रपत्रिका लगायतका सूचनाको स्रोतहरूबारे प्रस्तुती दिने ।<br>● बढी, पहिरो, डुबान सम्बन्धी भिडियो प्रस्तुत गर्ने र सावधानीका उपायहरुको अभ्यास गराउने । | ● बाढी, पहिरो, डुवान सम्बन्धी फोटो, चित्रहरु<br>● प्रकोपबाट हुन सक्ने क्षति क्षति, असर न्यूनीकरण र सावधानी सम्बन्धी श्रव्य दृष्य सामग्री | ● भूक्षय, पहिरो, वाढी तथा डुबानका बारेमा छोटो वर्णन गर्न लगाउने<br>● प्रकोपका कारण निम्तिने असरहरुको सूची बनाइ असर कम गर्नका लागि अपनाउनुपर्ने उपायहरूको बारेमा प्रस्तुत गर्न लगाउने ।<br>● विद्यालय नजिकको खाली जग्गामा वृक्षारोपण गरी त्यसको रेखदेख गर्न लगाउने । | ८ |
| **धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल** | स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलको परिचय | ● ह्वाइट गुम्बा, पचली भैरव मन्दिर र भुवनेश्वरी मन्दिर परिचय | ● नगरपालिका भित्रका धार्मिक तथा ऐतिहासिक स्थलहरु ह्वाइट गुम्बा, पचली भैरव मन्दिर र | ● नगरपालिका भित्रका धार्मिक तथा ऐतिहासिक स्थलहरु ह्वाइट गुम्बा, पचली भैरव मन्दिर र भुवनेश्वरी मन्दिर | ● ह्वाइट गुम्बा, पचली भैरव मन्दिर र भुवनेश्वरी मन्दिर अवलोकन भ्रमण गराई वा तिनीहरुको फोटो वा ती क्षेत्रहरुसँग सम्बन्धित भिडीयो देखाइ तिनीहरुको उत्पति, जनविश्वास, | ● ह्वाइट गुम्बा, पचली भैरव मन्दिर र भुवनेश्वरी मन्दिरसँग सम्बनधित ब्रोसर, लेख, | ● आफ्नो घर वरपर रहेको मन्दिर तथा धार्मिक स्थलको महत्व र संरक्षणका लागि हामीले गर्न सक्ने कार्यहरुको सूची बनाउन लगाउने । | ८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भुवनेश्वरी मन्दिरको परिचय दिन र महत्व बोध गरी, हालको अवस्था बुझेर संरक्षणमा सहभागीता जनाउन | परिचय, महत्व, हालको अवस्था र संरक्षणका उपयाहरुबारे जानकारी | परिचय, महत्व, हालको अवस्था र संरक्षणका उपयाहरुबारे छलफल गर्ने ।<br>● ह्वाइट गुम्बा, पचली भैरव मन्दिर र भुवनेश्वरी मन्दिरबारे जानकार व्यक्तिसँग उत्पति, व्यवस्थापन तथा संरक्षणबारे विद्यार्थीहरुलाई छलफल गराउने ।<br>● विद्यालय नजिकको कुनै एक मठमन्दिर, गुम्बा, चर्च, पाटीपौवा, मस्जिदको अवलोकन भ्रमण गराइ त्यसको सरसफाइ कार्यमा सहभागी गराउने । | रचना, फोटो आदि ।<br>● श्रव्यदृष्य सामग्रीहरु, भिडीयो, डकुमेन्ट्री आदि<br>● स्थानीय बुढापाका, संस्कृतिविद तथा इतिहास विद | ● फोटो देखाइ स्थानीय ऐतिहासिक, धार्मिक स्थल चिन्न लगाउने र त्यसको महत्व बताउन लगाउने ।<br>● ह्वाइट गुम्बा, पचली भैरव मन्दिर र भुवनेश्वरी मन्दिरको चित्र बनाई त्यसको छोटो परिचय लेखी प्रस्तुत गर्न लगाउने ।<br>● पचली भैरवमा गरिने पूजाबारे बुझेर लेख्न लगाउने । | |
| | स्थानीय पर्यटकीय स्थलको परिचय | ● रानीवन क्षेत्र लगायत वरपरका पर्यटकीय स्थलहरुको परिचय | ● रानीवन क्षेत्र लगायत वरपरका पर्यटकीय स्थलहरुको परिचय दिन र त्यसको महत्वबोध गरी संरक्षणमा सहयोग गर्न | ● रानीवन क्षेत्र लगायत वरपरका पर्यटकीय स्थलहरुको परिचय, महत्व, फाईदा र त्यसको हालको अवस्था र संरक्षणका लागि गर्नुपर्ने कार्यहरुको जानकारी | ● विद्यार्थीहरुलाई रानीवन क्षेत्र अवलोकन भ्रमण गराई वा फोटो देखाई वा त्यस सम्बन्धी जानकार व्यक्तिसँग भेट गराउने र उक्त क्षेत्रको के महत्व छ, स्थानीय समुदायले कसरी उपयोग गरिरहेको छ भन्ने बारेमा छलफल गरी निष्कर्ष दिने । | ● रानीवन क्षेत्रको फोटो, त्यस सम्बन्धी ब्रोसर<br>● श्रव्यदृष्य सामग्रीहरु, भिडीयो, डकुमेन्ट्री आदि<br>● स्थानीय विज्ञ | ● आफ्नो विद्यालय वा घर नजिक रहेका पर्यटकीय क्षेत्रहरूको सूची बनाइ महत्व र संरक्षणका कार्यहरु बताउन लगाउने ।<br>● रानीवन क्षेत्रको पर्यटकीय महत्व लेखी प्रस्तुत गर्न लगाउने ।<br>● घर वा विद्यालय नजिकको पर्यटकीय | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● रानीवन क्षेत्रमा पर्यटकीय गतिविधिका लागि हाल भईरहेका कार्यहरुको सूची बनाई प्रस्तुत गर्ने र त्यसको दिगो उपयोग र संरक्षणका लागि हामीले गर्नुपर्ने कार्यहरु समेत छलफल गर्ने<br>● विद्यालय नजिकको पर्यटकीय ठाउँको अवलोकन भ्रमण गराइ त्यसको महत्वबारे बताउने र सरसफाइमा विद्यार्थीहरुलाई सहभागी गराउने । | | ठाउँको सरसफाइमा सहभागी गराउने र त्यसको संरक्षणका लागि गर्नुपर्ने कार्यहरुका बारेमा प्रस्तुत गर्न लगाउने ।<br>● विद्यार्थीको सहभागिता तथा क्रियाकलाप अवलोकन गर्ने । | |
| **स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति** | स्थानीय जातजाति, भाषा भेषभूषा र संस्कृति | ● स्थानीय मगर जाति (भाषा, भेषभूषा, चाडपर्व जन्म, विवाह, मृत्यु संस्कार) | ● स्थानीय मगर जाति (भाषा, भेषभूषा, चाडपर्व जन्म, विवाह, मृत्यु संस्कार) को परिचय दिन र स्थानीय चाडपर्व, संस्कृतिको सम्मान गर्न | ● स्थानीय मगर जाति (भाषा, भेषभूषा, चाडपर्व जन्म, विवाह, मृत्यु संस्कार)को परिचय तथा स्थानीय चाडपर्व, संस्कृतिको महत्व र संरक्षणसम्बन्धी जानकारी | ● स्थानीय मगर जातिको भाषा, भेषभूषा, संस्कृति सम्बन्धी भिडियो वा चार्ट बनाई प्रस्तुत गर्ने ।<br>● स्थानीय विभिन्न जातजातिको भाषा, भेषभूषा, संस्कृति सम्बन्धी भिडियो वा चार्ट बनाई प्रस्तुत गर्ने ।<br>● स्थानीय कुनै संग्रहालयको भ्रमण गरी उक्त संग्राहलयमा राखिएका गुरुङ | ● विभिन्न स्थानीय जातजातिको सूची<br>● स्थानीय मगर जातिको भाषा, भेषभूषा सम्बन्धी भिडीयो, पम्पलेट, ब्रोसर आदि<br>● स्थानीय विज्ञ | ● स्थानीय मगर जातिमा मानिस जन्मिदा गरिने क्रियाकलापबारे लेख्न लगाउने ।<br>● गुरुङ र मगर भेषभूषाको चित्र बनाई प्रस्तुत गर्न लगाउने ।<br>● हाम्रो भाषा, भेषभूषा, संस्कृति संरक्षणका लागि हामीले गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने ।<br>● आफनो घर वा समुदायमा विवाह | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | लगायत विभिन्न जातजातीका मानिसहरुले लगाउने परम्परागत भेषभूषाबारे जानकारी लिने<br>● स्थानीय विज्ञको सहयोगमा मगर जाति (भाषा, भेषभूषा, जन्म, विवाह, मृत्यु संस्कार) सम्बन्धी र त्यसको सम्बर्धनमा समुदायले गर्नुपर्ने कार्यहरुबारे छलफल गर्ने । | | उत्सवमा गरिने क्रियाकलापहरुबारे अभिभावकलाई सोधेर लेखी प्रस्तुत गर्न लगाउने । | |
| | स्थानीय चाडपर्व, रितीरिवाज र संस्कार | ● भूमे पूजा, माघी पर्व तथा मारुनी नाच ( स्थानीय मगर समुदायको) | ● स्थानीय क्षेत्रमा बसोबास गर्ने मानिसहरुले मनाउने भूमे पूजा, माघी पर्व तथा मारुनी नाचको ( स्थानीय मगर समुदायको) परिचय दिई, त्यसका विभिन्न क्रियाकलापहरु मा सहभागी हुन र स्थानीय | ● स्थानीय क्षेत्रमा लाग्ने मेला, जात्राहरुको परिचय र गरिने क्रियाकलापहरु | ● स्थानीय मगर जातिहरुले परमपरागत रुपमा गर्दै आएको भूमे पूजा, माघी पर्व तथा मारुनी नाच सम्बन्धी भिडियो वा लेखहरु खोजी गरी त्यसको परिचय दिने र त्यस अवसरमा गरिने क्रियाकलापहरुबारे छलफल गर्ने ।<br>● आफ्नो विद्यालय नजिकको कुनै एक मेला वा जात्राको प्रत्यक्ष अवलोकन गराउने वा त्यहाँ कुन अवसरमा, किन, कहिलेदेखि मेला लाग्ने | ● विभिन्न मेलाजात्रा सम्बन्धी लेख, रचना, फोटो, चित्र तथा श्रव्यदृष्य सामग्रीहरु<br>● भूमे पूजा सम्बन्धी लेख, रचना, फोटो, चित्र तथा श्रव्यदृष्य सामग्रीहरु | ● ल्होसार र माघी पर्वको छोटो परिचय र महत्व लेखेर प्रस्तुत गर्न लगाउने ।<br>● भूमे पूजा किन गरिन्छ र उक्त पूजामा के के गरिन्छ बताउन लगाउने ।<br>● स्थानीय मेला जात्रामा सहभागिता जनाउँदा ध्यान दिनुपर्ने कुराहरुको सूची बनाउन लगाउने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | चाडपर्वको सम्मान गर्न | | गरेको भन्नेबारेमा बताइ दिने<br>● स्थानीय क्षेत्रमा विभिन्न चाडपर्वहरुमा लाग्ने मेलाजात्राहरुको महत्व प्रस्तुत गर्ने ।<br>● पर्व, मेलाजात्रा मनाउँदा हामीले ध्यान दिनुपर्ने कुराहरुबारे छलफल गर्ने । | | ● बहुबैकल्पिक प्रश्नहरु गर्ने ।<br>● मारुनी नाच सम्बन्धी परियोजना कार्य गर्न लगाउने । | |
| **सामाजिक मूल्य मान्यता र असल संस्कार** | असल संस्कार | ● सकरात्मक सोच र चरित्र निर्माण | ● घर, विद्यालय तथा समुदायमा असल नागरिक बन्नका लागि सकारात्मक सोच र चरित्र निर्माणको महत्वबोध गरी अनुशासनमा बस्न | ● घर, विद्यालय तथा समुदायमा असल नागरिक बन्नका लागि सकरात्मक सोच र चरित्र निर्माणको महत्वबोध गरी अनुशासनको महत्व तथा मान सम्मान र आदर सत्कार सम्बन्धी जानकारी | ● विद्यार्थीहरुलाई सकारात्मक सोच भनेको के हो भन्ने बारेमा बताउने, सम्बन्धित बृत्तचित्र वा भिडियो प्रस्तुत गरी छलफल गर्ने ।<br>● विद्यार्थीहरुलाई आफ्नो घरमा पाहुना आउँदा पाहुनालाई के कसरी आदर गर्ने गरिएको छ र त्यसमा आफ्नो के भूमिका छ भन्ने बारेमा छलफल गरी निष्कर्ष दिने । जस्तैः नमस्कार गर्ने, बस्न अनुरोध गर्ने, चिया पानी, खाना आदि पकाएर खुवाउने । | ● सकारात्मक सोचले समाजमा पर्ने सकारात्मक प्रभावका बारेमा भिडियो वा बृत्रचित्र<br>● असल नागरिकका असल गुण सम्बन्धी सूची फोटो, पम्प्लेट, ब्रोसर, श्रव्यदृष्य सामग्री | ● असल मानिसमा हुनुपर्ने गुणहरुकाबारेमा सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● गाउँ टोल वा नगरपालिका भित्रको कुनै एक सामाजिक व्यक्तिको खोजी गरी परिचय दिन लगाउने ।<br>● असल चरित्रले समाजमा के कस्तो फाइदा पुऱ्याउँछ भन्ने बारेमा सोध्ने ।<br>● दैनिक क्रियाकलापको अवलोकन गर्ने । | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | • राम्रो व्यवहार र असल चरित्र हुनका लागि मानिसमा हुनुपर्ने गुणहरुको सूची बनाई प्रस्तुत गर्ने ।<br>• सकरात्मक सोच र अनुशासनले समाजमा पार्ने सकारात्मक प्रभावका बारेमा छलफल गरी निष्कर्ष दिने ।<br>• असल नागरिक बन्न हामीले गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने । | | • विद्यार्थीहरुको समूह बनाई आदर सत्कार सम्बन्धी अभिनय गर्न लगाउने । | |
| | नैतिक मूल्य मान्यता | • असल परिवारमा अभिभावकको भूमिका | • समूदाय तथा समाजमा सभ्य परिवारको परिचय दिई, असल परिवारमा अभिभावकले खेल्नुपर्ने भूमिकाको वणर्न गर्न र अनुसरण गर्न अभिभावकलाई प्रेरित गर्न | • परिवारको आधारणा, परिचय र परिवारका सदस्यहरु बीचको मेलमिलाप, अनुशासन तथा एक अर्कामा सम्मान र अभिभावकको भूमिका सम्बन्धी वर्णन | • असल परिवार, अनुशासन र परिवारमा अभिभावकले निभाउनुपर्ने सकारात्मक भूमिका सम्बन्धी भिडियो वा बृतचित्र प्रस्तुत गर्ने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घरमा को को सदस्यहरु छन् र उनीहरुसँग आफूले कसरी व्यवहार गर्ने गरेको छ भन्ने बारेमा पालैपालो भन्न लगाउने ।<br>• असल अभिभावक भएर छोराछोरी, परिवारका अन्य सदस्यहरु र समाजमा | • असल परिवार, समाज तथा समुदायमा असल मानिसको भूमिका सम्बन्धी लेख रचना, पम्पप्लेट, ब्रोसर<br>• श्रव्यदृष्य सामग्रीहरु<br>• स्थानीय समाजसेवी | • असल वा सभ्य परिवारको परिचय दिन लगाउने ।<br>• असल परिवारका लागि असल अभिभावक बन्न के कस्ता कुराहरुमा ध्यान दिनुपर्छ सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>• हामी किन अनुशासनमा बस्नुपर्छ र त्यसबाट के फाइदा हुन्छ लेख्न लगाउने । | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | गर्नुपर्ने कार्यहरुको सूची बनाई प्रस्तुत गर्ने ।<br>● असल अभिभावकबाट असल परिवार र असल परिवारबाट असल समाज बन्छ भन्ने कुरा देखाउन कुनै नाटक वा भिडियो खोजीगरी प्रदर्शन गर्ने ।<br>● विद्यार्थीहरुले घर तथा विद्यालयमा पालन गर्नुपर्ने अनुशासनबारे सूची बनाई प्रस्तुत गर्ने । | | ● दैनिक क्रियाकलापको अवलोकन गर्ने ।<br>● असल विद्यार्थी र असल अभिभावकमा हुनुपर्ने गुणहरुबारे सूची बनाई प्रस्तुत गर्न लगाउने । | |
| **स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता** | कृषि | ● अन्नखेती - धान, गहुँ र मकै खेती) | ● स्थानीय अन्नखेती - धान, गहुँ र मकै खेती) उत्पादनको आधारभूत सीप सिकेर उत्पादन र उपयोगमा सहयोग गर्न | ● स्थानीय अन्नखेती -धान र मकै खेती) उत्पादनको आधारभूत सीप र महत्व सम्बन्धी वर्णन | ● स्थानीय स्तरमा उत्पादित अन्नवालीहरुको सूची बनाइ त्यसको उपयोग, फोटो सहित प्रस्तुत गर्ने । जस्तैः बन्दा, मुला, गाजर, आदि ।<br>● धन, गहुँ र मकै उत्पादन सम्बन्धी सीपको विकास गर्न त्यस सम्बन्धी भिडीयो वा बृत्तचित्र प्रर्दशन गर्ने । जसमा बीउ, रोप्ने मौसम, माटोको निर्मार्ण, सिंचाई, गोडमेल, बाली संकलन जस्ता कुराहरु समेट्ने । | ● विभिन्न अन्न बालीहरुको उपयोगिता सहितको फोटो, चित्र<br>● स्थानीय क्षेत्रमा उत्पादन हुने अन्नबालीहरुको महत्व सम्बन्धी चार्ट<br>● धान, गहुँ र मकै खेती सम्बन्धी | ● आफ्नो गाउँघर तथा वस्ती वरिपरी उत्पादन हुने अन्न बालीहरुको सूची बनाउन लगाउने<br>● धान, मकै खेती सम्बन्धी वर्णन गर्न लगाउने ।<br>● विद्यार्थीहरुको समूह बनाइ विद्यालयको खाली ठाउँमा वा एक एक वटा गमलामा मकै रोप्न लगाउने र उनीहरुको सीप | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● विद्यालय नजिकैको कृषि फर्मको अवलोकन गरी अन्न उत्पादन सम्बन्धी त्यहाँका जानकार व्यक्तिसँग छलफल गर्ने । | भिडियो, बृत्तचित्र, पोष्टर आदि । | बिकासको मुल्याङ्कन गर्ने ।<br>● विद्यालयको खाली जग्गामा धान रोप्न लगाउने । | |
| | परम्परागत व्यापार व्यवसाय | ● स्थानीय व्यापार, पेसा र व्यवसायको बजार व्यवस्थापन | ● स्थानीय ब्यापार, पेसा र व्यवसायको बजार व्यवस्थापनको महत्व बताउन र परम्परागत पेशा, व्यवसायको सम्मान गर्न | ● परम्परागत स्थानीय व्यवसायको महत्व र परम्परागत व्यवसायको संरक्षण र प्रवर्धनमा बजारको महत्व त्यसका लागि समुदायको भूमिका | ● स्थानीय हाट बजारको अवलोकन भ्रमण गराई त्यहाँ के कस्ता स्थानीय उत्पादनहरु बेच्न राखिएको छ भन्ने बारेमा सूची बनाउन लगाउने र कुनै एक व्यपारीसँग उक्त सामग्रीको माग र बजार अवस्था कस्तो रहेको छ भन्ने बारेमा छलफल गर्ने ।<br>● स्थानीय व्यवसायहरुको सूची बनाइ त्यसको महत्व सहित प्रस्तुत गर्ने । जस्तैः चामलको व्यापार, बाँसका सामग्री बनाई बेच्ने कार्यबाट स्थानीय समुदायमा हुने आर्थिक गतिबिधि, स्थानीय क्षेत्रको परिचय आदि । | ● स्थानीय व्यापार व्यवसायहरुको महत्व सम्बन्धी सूची, फोटो, ब्रोसर, पम्प्लेट<br>● स्थानीय बुढापाका, पुरानो व्यापारी | ● आफ्नो टोल वा नजिकमा लाग्ने हाट बजारको अवलोकन गरी त्यहाँ पाइने स्थानीय परम्परागत उत्पादनहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● आफ्नो टोलमा भएको कुनै एक पुरानो पसलको बारेमा अभिभावकलाई सोधेर परिचय लेख्न लगाउने ।<br>● परम्परागत व्यापार व्यवसायको संरक्षणमा समुदायले गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● परम्परागत व्यापार व्यवसायको महत्व, संरक्षणको आवश्यकता र संरक्षणका स्थानीय समुदायले गर्नुपर्ने कार्यहरुबारे छलफल गर्ने । | | | |
| | स्थानीय प्रविधिमा आधारित उद्योग-व्यवसाय | ● परम्परागत प्रविधिमा आधारित माटोको सामान निर्माण | ● परम्परागत प्रविधिमा आधारित माटोका सामानहरु निर्माण गर्ने सीपको बिकास गरी विभिन्न माटोका सामग्रीहरु बनाउन | ● स्थानीय परम्परागत प्रविधिमा आधारित माटोका सामानहरुको परिचय, माटोको सामान बनाउने उद्योगहरुबारे जानकारी त्यसबाट हुने फाइदा, उद्योगको हालको अवस्था र संरक्षण, सुचारु सम्बन्धी जानकारी | ● स्थानीय परम्परागत प्रविधिमा आधारित विभिन्न उद्योग व्यवसायहरुको सूची बनाई छोटा परिचय सहित प्रस्तुत गर्ने ।<br>● स्थानीय क्षेत्रमा उत्पादन हुने माटोका सामग्रीहरुको सूची बनाइ तिनीहरु कहाँ, कुन ठाउँमा उत्पादन हुन्छन् भन्ने बारेमा बताउने ।<br>● स्थानीय क्षेत्रमा भएको माटोको सामान उत्पादन गर्ने उद्योग अवलोकन वा माटोका सामान बनाउने व्यक्तिसँग भेट गराइ त्यसबारेमा परिचय र त्यसको महत्वबारे जानकारी गराउने । | ● स्थानीय प्रविधिमा आधारित व्यवसाय हरुको सूची, फोटो, ब्रोसर, पम्प्लेट<br>● श्रव्य दृष्य सामग्री<br>● नगरपालिका क्षेत्रमा भएको माटोको सामग्री सम्बन्धी उद्योगको परिचय सम्बन्धी लेख, रचना, ब्रोसर, फोटो, भिडियो आदि । | ● आफ्नो विद्यालय नजिक वा टोलवस्तीमा भएका परम्परागत माटोका सामान बनाउने व्यवसाय वा उद्योगहरुको सूची बनाइ त्यसको उत्पादनबारे लेख्न लगाउने ।<br>● स्थानीय रुपमा माटोका विभिन्न उत्पादनहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● माटोको कुनै एक सामग्री बनाइ प्रदर्शन गर्न लगाउने ।<br>● माटोको सामग्रीको नमूना प्रदर्शनीको | ६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● स्थानीय विज्ञको सहयोगमा कुनै एक माटोको सामान बनाउने अभ्यास गराउने ।<br>● माटोका सामानहरु बनाउने तरिकासँग सम्बन्धीत फोटो, भिडियो प्रस्तुत गर्ने, त्यसको परिचय र महत्वबारे बताइ दिने । | | अवलोकन गर्ने र मुल्याङ्कन गर्ने ।<br>● माटोको सामग्री बनाउने उद्योग सम्बन्धी परियोजना कार्य गराउने । | |
| **स्थानीय खेलकुद, योग र सन्तुलित भोजन** | स्थानीय खेलकुद, योग, व्यायाम | ● स्थानीय स्तरमा खेलिने खेलकुद तथा योग व्यायामको महत्व | ● स्थानीय स्तरमा खेलिने खेलकुद तथा योग व्यायामको महत्वबोध गरी खेल तथा योगहरुको अभ्यास गर्न | ● स्थानीय स्तरमा शारीरिक अभ्यासका लागि खेलिने खेलहरु खेल्ने तरिकाको वर्णन तथा खेल अभ्यास र योगको महत्व सम्बन्धी वर्णन | ● स्थानीय क्षेत्रमा खेलिने खेलहरूको महत्वको सूची तयार पारी कक्षामा प्रस्तुत गर्ने । जस्तैः परम्परागत अभ्यास कायम, शारीरिक तन्दुरुस्ती आदि ।<br>● सूक्ष्म व्यायामको भिडियो देखाउने, शिक्षकले गरेर देखाउने र विद्यार्थीहरूलाई अभ्यास गराउने ।<br>● योग ध्यानका फाइदाहरूबारे चर्चा गर्ने (शारीरिक तथा मानसिक फाइदा)<br>स्थानीय विज्ञको सहयोगमा विभिन्न योग व्यायामहरु गराउने । | ● स्थानीय क्षेत्रमा प्रचलित विभिन्न खेलहरुको सूची, ब्रोसर, फोटो<br>● खेल खेल्ने विभिन्न योगका तरिकाबारे जानकारी चार्ट वा श्रव्यदृष्य सामग्री | ● स्थानीय क्षेत्रमा खेलिने खेलहरूको महत्वको सूची बनाउन लगाउने<br>● योग ध्यानका फाइदा बताउन लगाउने ।<br>● कुनै दुईवटा स्थानीय खेलहरुको प्रतिस्पर्धा गराउने ।<br>● सामान्य योगका आसनहरु गर्न लगाउने र विद्यार्थीहरुको प्रदशर्नीका आधारमा मूल्याङ्कन गर्ने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सन्तुलित भोजन | ● खाना तथा पानी खाने सहि तरिका | ● खाना तथा पानी खाने सहि तरिकाको अनुसरण गर्न | ● खाना खाने तथा पानी पिउने सहि मात्रा र तरिका सम्बन्धी वर्णन | ● शरीरलाई स्वस्थ्य राख्नको लागि पानीको महत्वबारे बताइ दिने । पानी पिउने सहि मात्रा र समयबारे तालिका बनाई प्रस्तुत गर्ने ।<br>● ताजा, रेसादार खानाले, रसायन नमिसाईएको खानाले हामीलाई हुने फाइदाहरुबारे छलफल गर्ने<br>● खाना खाने सहि मात्रा र तरिकाबारे छलफल गर्ने ।<br>● खानापानी बढी वा कम भएमा हाम्रो स्वास्थ्यमा पर्ने असरहरुका बारेमा स्थानीय जानकार व्यक्तिसँग छलफल गराउने । | ● स्वस्थकर, प्राकृतिक खाना र पत्रु खाना सम्बन्धी भिडियो, बृत्तचित्र<br>● खाना र पानी खाने सहि तरिकाबारे तालिका, सूची, पोस्टर, भिडीयो आदि<br>● स्थानीय पोषण विज्ञ | ● स्वस्थ शरीरका लागि पानी र खाना किन आवश्यक छ भन्नेबारेमा लेख्न लगाउने ।<br>● विद्यार्थीहरुलाई आफ्नो पानी र खाना खाने तालिका बनाई प्रस्तुत गर्न लगाउने ।<br>● पत्रु खानाको असरबारे वर्णन गर्न लगाउने ।<br>● दैनिक खाजाको अवलोकन गर्ने । | ७ |

## कक्षा ६

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| **नागार्जुन नगरपालिकाको परिचय** | नगरपालिकाको भूगोल र राजनैतिक विभाजनको परिचय | ● नगरपालिकाको नक्सामा चार सिमाना तथा वडाहरुको वर्गिकरण | ● नगरपालिकाले ओगटेको क्षेत्रको रेखांकन गरी<br>नगरपालिकाको समान्य नक्सा बनाइ संकेत चिन्हहरू राख्न | ● नगरपालिकाको नक्सा बनाउने तरिका र नक्सामा संकेत चिन्हहरु राख्नबारे जानकारी र सीपको वर्णन | ● नगरपालिकाले ओगटेको क्षेत्रको बारेमा नक्सा वा चित्र देखाएर बर्णन गर्ने ।<br>● नगरपालिकाको नक्सा देखाइ वरिपरीका सीमानाहरूको जानकारी दिने ।<br>● नगरपालिकाको समान्य नक्सा बनाइ त्यसमा संकेत/ चिन्हहरू राख्न सिकाउने, अंक्षस र देशान्तर छुट्याउन सिकाउने । दिइएको नक्सामा भएका संकेतका आधारमा महत्वपूर्ण साँस्कृतिक, ऐतिहासिक ठाउँहरू पहिचान गर्न लगाउने । | ● नगरपालिकाको संकेत सहितको नक्सा<br>● नगरपालिकाको परिचय सम्बन्धी लेख, रचना, भिडियो, बृत्तचित्र | ● नगरपालिकाको नक्सामा सीमानाको चार किल्ला छुट्याई, संकेत सहितको नक्सा बनाउन लगाउने ।<br>● नक्सामा आफ्नो विद्यालय भएको वडा छुट्याउन लगाउने ।<br>● आफ्नो विद्यालय वा वस्ती भएको वडाको नक्सा बनाउन लगाउने र भौगोलिक अवस्था कस्तो छ चिन्न लगाउने । | ७ |
| | नगरपालिकाका कार्यहरु | ● नगरपालिकाको संरचना | ● नगरपालिकाको वडागत तथा निर्वाचित प्रतिनिधिको संरचना बताउन | ● नगरपालिकाको संरचना सम्बन्धी जानकारी | ● नगरपालिकाको संरचनाबारे छलफल गर्ने । जस्तैः नगरपालिकामा रहेका वडा संख्या, कतिजना जनप्रतिनिधिहरु हुन्छन्, नगरपालिका भित्र कतिजना | ● नगरपालिकाको संरचना सम्बन्धी नगरपालिकाबाट प्रकाशित ब्रोसर वा श्रव्यदृष्य सामग्री | ● आफू बस्ने वडामा कतिजना जनप्रतिनिधिहरु रहेका छन् बुझेर नाम सहित लेख्न लगाउने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | र कुन कुन पदमा निर्वाचित जनप्रतिनीधिहरु हुन्छन् भन्ने बारेमा बताईदिने ।<br>● नगरपालिकाको संरचना सम्बन्धी कुनै लेख वा भिडियो भएमा प्रस्तुत गर्ने ।<br>● नजिकको वडा कार्यालय वा नगरपालिकाको कार्यालयको भ्रमण गरी नगरपालिकाको संरचना र त्यहाँबाट जनताले पाइने सेवा सुविधा सम्बन्धी छलफल गर्ने । | | ● आफ्नो नगरपालिकाका जनप्रतिनिधिहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● नगरपालिका वा वडा कार्यालयबाट हामीले पाउने सेवा सुविधाहरुको सूची प्रस्तुत गर्न लगाउने । | |
| **प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण** | स्थानीय बोटविरुवा | ● स्थानीय वनहरु र व्यवस्थापन | ● स्थानीय क्षेत्रमा भएका वनहरुको सूची बनाई व्यवस्थापनका आधारमा तिनीहरुको वर्गीकरण गर्न र वन पैदावरहरुको उपयोग गर्न तथा वनको संरक्षणमा | ● वनको परिचय, प्रकार र महत्व - निजी वन, कबुलियती, धार्मिक, सामुदायिक, राष्ट्रिय वन– राष्ट्रिय निकुञ्ज) को परिचय | ● नागार्जुन नगरपालिका क्षेत्रमा भएका व्यवस्थापनका आधारमा वनका प्रकारहरूको सूची बनाइ छोटकरीमा वर्णन गर्ने । जस्तैः निजी वन, सामूदायिक वन, संरक्षित वन, धार्मिक वन आदि)<br>● विद्यालय नजिकैको वन कार्यालय वा वनका पदाधिकारसिँग भेट गराई उक्त वनको व्यवस्थापन र संरक्षणका कार्यहरुबारे छलफल गर्ने । | ● स्थानीय क्षेत्रमा भएका वनहरुको सूची<br>● वनका प्रकार सम्बन्धी चार्ट<br>● विभिन्न श्रव्य दृष्य सामग्रीहरु | ● स्थानीय क्षेत्रमा भएका विभिन्न वनहरुको नामको सूची प्रस्तुत गर्ने लगाउने ।<br>● वनका प्रकारहरु छुट्याउन लगाउने ।<br>● वनको महत्व सम्बन्धी सोध्ने ।<br>● नजिकको वनको अवलोकन भ्रमणका आधारमा परियोजना कार्य गर्न लगाउने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सहभागिता जनाउन | | ● वनबाट हुने फाइदाहरूको बारेमा छलफल गरी निष्कर्ष दिने । | | | |
| | स्थानीय जीवजन्तु | ● वन्यजन्तुको संरक्षणमा स्थानीयको भूमिका | ● स्थानीय वनमा पाइने वन्यजन्तुको महत्व र हालको अवस्था बुझेर संरक्षणमा सहयोग गर्न | ● स्थानीय क्षेत्रमा पाईने विभिन्न वन्यजन्तु तथा चराहरुको महत्व, तिनीहरुको हालको अवस्था र संरक्षणका लागि समुदायले गर्नुपर्ने कार्यहरुको जानकारी | ● स्थानीय वन तथा वरपर पाईने वन्यजन्तु र चराहरुको बासस्थान, खाने खाना तथा महत्व सम्बन्धी स्थानीय विज्ञको सहयोगमा छलफल गर्ने ।<br>● वन्यजन्तुहरू संरक्षणका लागि स्थानीय स्तरमा गर्न सकिने क्रियालापहरूका बारेमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्ने ।<br>● स्थानीय क्षेत्रमा पाइने वन्यजन्तु संरक्षणका लागि विद्यार्थीहरूले गर्न सक्ने प्रयासहरूको सूची तयार गर्न लगाइ कक्षाकोठामा प्रस्तुत गर्न लगाउने । | ● विभिन्न स्थानीय क्षेत्रमा पाईने वन्यजन्तुहरुको फोटो र परिचय तथा महत्व सम्बन्धी चार्ट<br>● वन्यजन्तुको संरक्षणमा स्थानीय समुदायले गर्नुपर्ने कार्यहरुको सूची, चार्ट | ● आफ्नो घर नजिकको वनमा पाइने चरा र जनावरको सूची बनाउन लगाउने ।<br>● विद्यार्थीहरुलाई वन्यजन्तुको संरक्षण किन गर्नुपर्छ भन्ने बारेमा सोध्ने ।<br>● वन्यजन्तु संरक्षणमा स्थानीय समुदायको भूमिका शीर्षकमा बक्तृत्वकलाको आयोजना गर्ने ।<br>● उक्त बक्तृत्वकलाको आधारमा मूल्याङ्न गर्ने । | ७ |
| | जलस्रोत | ● नगरपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी | ● नगरपालिका क्षेत्रमा खानेपानीका स्रोतहरुको पहिचान गर्न, | ● नगरपालिका क्षेत्रमा खानेपानीका स्रोतहरुको सूची, स्थानीय | ● खानेपानीका लागि उपयोग गरिने स्रोतहरुको सूची बनाई प्रस्तुत गर्ने ।<br>● नजिकको खानेपानी व्यवस्थापनको कार्यालय वा | ● पानीको वितरण र व्यवस्थापन सम्बन्धी फोटो, लेख, ब्रोसर वा भिडियो | ● आफ्नो घर नजिकैको कुनै एक जलस्रोत क्षेत्रको अवलोकन गरी त्यसको संरक्षण र | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सुद्दिकरणका स्थानीय उपायहरु | नगरपालिका क्षेत्रमा पानी वितरणको अवस्था बुझ्रेर पानी सुद्दिकरणका स्थानीय उपायहरु अवलम्बन गर्न | समुदायमा पानी वितरणको प्रक्रिया र  पिउने पानी सुद्दिकरणका स्थानीय उपायहरुबारे जानकारी | उपभोक्ता समितिका व्यक्तिसँग भेट गराई स्थानीय क्षेत्रमा पानीको वितरण र व्यवस्थापन कसरी गरिएको छ भन्ने बारेमा छलफल गर्ने ।<br>● स्थानीयस्तरमा पानी शुद्धीकरणका लागि अपनाइने परम्परागत उपायहरूबारे स्थानीय बूढापाकासँग छलफल गराउने र उनीहरूका अनुभव आदानप्रदान गर्ने । जस्तैः पानी सफा गर्न सामान्य छान्ने, बालुवा अंगार मिसाइ फिल्टर बनाउने आदि ।<br>● पानी शुद्धीकरणका उपायहरूको बारेमा वर्णन गर्ने । जस्तैः उमाल्ने, फिल्टर गर्ने, बजारमा पाइने पानी शुद्धीकरण गर्ने विभिन्न औषधीहरूको प्रयोग गर्ने विधिबारे जानकारी गराउने । | ● पानी सुद्दिकरणका उपायहरुबारे ब्रोसर, भिडियो आदि<br>● स्थानीय जानकार व्यक्ति<br>● श्रव्यदृष्य सामग्रीहरु | व्यवस्थापनका लागि गरेका प्रयासहरूको खोजी गरी बुँदागत रुपमा लेखेर कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● आफ्नो घरमा खानेपानीको शुद्धीकरणका लागि अपनाईएका विधिहरूको बारेमा वर्णन गर्न लगाउने ।<br>● पानी शुद्धीकरणका विधिहरूमध्ये कुनै एक बिधिको सचित्र वर्णन गर्न लगाउने ।<br>● आफ्नो घर र टोलमा पानीको व्यवस्थापन कसरी गरिएको छ र सुद्दिकरणका कुन कुन उपायहरु अवलम्बन गरिएको छ बुझ्रेर लेखी प्रस्तुत गर्न लगाउने । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● पानीको सुद्दिकरणका उपायहरूबारे बृत्तचित्र वा भिडियो देखाइ कक्षामा छलफल गरी बुँदागत रुपमा सूची तयार गर्ने । | | | |
| | प्रदूषण र फोहोरमैला व्यवस्थापन | ● स्थानीय वातावरणमा प्रदुषण न्यूनीकरण का उपायहरू-जल, वायु, ध्वनि, जमीन<br>● फोहोरमैला व्यस्थापन (3R+) | ● स्थानीय वातावरणमा प्रदुषण न्यूनीकरणका उपायहरू-जल, वायु, ध्वनि, जमीन) अवलम्बन गर्न र असरबाट बच्न सावधानी अपनाउन<br>● स्थानीय क्षेत्रमा फोहोरमैला व्यस्थापनका उपायहरु अवलम्बन गर्न (3R+ values) | ● स्थानीय क्षेत्रमा प्रदूषणको असर न्यूनीकरणका उपायहरु प्रकारहरू (वायु, जल, जमीन र ध्वनि प्रदूषण)<br>● स्थानीय क्षेत्रमा फोहोरमैला व्यस्थापनका उपायहरु (3R+ values) | ● प्रदुषणको परिचय सहित विभिन्न प्रदूषणका प्रकारहरूबारे जानकारी दिइ त्यसको कारण, असर र रोकथामका उपायहरूवारे छलफल गरी वताइदिने ।<br>● स्थानीय क्षेत्रमा भएका प्रदूषणहरूको सूची बनाइ प्रस्तुत गर्ने ।<br>● नजिकैको खोला, नदी, पोखरी, खोल्सा वा डम्पिङ्ग साइटको भ्रमण गराइ त्यहाँ देखिएका प्रदूषणहरूको बारेमा बताइ त्यसबाट समुदायमा परेका असरहरू र त्यसको रोकथामका उपायहरूबारे बुँदागत रुपमा बताइदिने । | ● विभिन्न प्रदुषण सम्बन्धी चार्ट, ब्रोसर, पम्पप्लेट आदि<br>● फोहोर व्यवस्थापन सम्बन्धी भिडीयो वा स्थानीय फोहोर व्यवस्थापन केन्द्रको ब्रोसर<br>● श्रव्य दृष्य सामग्रीहरु | ● आफ्नो घर वरिपरि देखिने प्रदूषण झल्किने किसिमको चित्र बनाउन लगाइ त्यो प्रदूषण कम गर्न हामीले गर्न सकिने कार्यहरूको बारेमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>● नजिकैको खोलानाला, ताल मठमन्दिरको भ्रमण गरी त्यहाँको प्रदूषणको अवस्थाको बारेमा एउटा परियोजना तयार पारेर कक्षामा प्रस्तुत गर्न लगाइ पृष्ठपोषण दिने ।<br>● आफ्नो घरबाट निस्कने फोहोरहरूलाई कसरी | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● कक्षाकोठाबाट निस्कने फोहरलाई व्यवस्थापन गर्न लगाउने ।<br>● ठोस फोहोरहरूको पुनः प्रयोग गरेर बनाइएका सामानहरू देखाएर कम गर्ने, पुनः प्रयोग, प्रशोधन तथा प्रयोग अगाडि एकपटक सोच्ने (3R+: Reduce, Reuse, Recycle, Rethink) को सिद्धान्तबारे बुझाउने ।<br>● स्थानीय कागज बनाउने केन्द्रको भ्रमण गराउने ।<br>● कागजहरूको पुन प्रयोग गरेर फोटो फ्रेम लगायत विभिन्न सामग्रीहरूको निर्माण गर्न सिकाउने ।<br>● तरल फोहोरको व्यवस्थापन गर्न सिकाउने । जस्तैः सब्जी पखालेको पानी करेसाबारीमा प्रयोग गर्ने ।<br>● प्रदुषण नियन्त्रण र फोहोर व्यवस्थापन सम्बन्धी बृत्तचित्र वा भिडियो प्रस्तुत गर्ने । | | व्यवस्थापन गरीएको छ कक्षामा छलफल गर्न लगाइ निचोडलाई समूहगत रुपमा प्रस्तुत गर्न लगाउने ।<br>● पुन : प्रयोग गरेर कागज वा प्लाष्टिकको कुनै एक सामग्री तयार पारेर प्रदर्शन गर्न लगाउने<br>● तरल फोहोर व्यवस्थापनका उपायहरूको सूची बनाउन लगाउने । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **प्रकोप र विपद्** | प्रकोप विपद् व्यवस्थापन | ● नगरपालिका क्षेत्रमा हुन सक्ने विभिन्न विपद्हरूका रोकथाम तथा क्षति न्यूनीकरण | ● नगरपालिका क्षेत्रमा हुन सक्ने विभिन्न विपद्हरुमा सावधानी अपनाउन र रोकथाम तथा क्षति न्यूनीकरणमा सहयोग गर्न | ● नगरपालिका क्षेत्रमा हुन सक्ने विभिन्न विपद्हरुमा सावधानी अपनाउनका लागि गर्नुपर्ने उपायहरु र रोकथाम तथा क्षति न्यूनीकरणका उपायहरु | ● स्थानीयस्तरमा त्यस्ता विपद्हरू भोगेका मानिसहरूसँग अन्तरक्रिया गर्ने र अनुभव सुन्ने । जस्तैः आगलागी, घर आगलागी, डुबान हुनको मुख्य कारण, रोकथाम तथा क्षति न्यूनीकरण गर्ने उपायहरू ।<br>● स्थानीय विज्ञहरूसँग प्रकोप/विपद् सम्बन्धी छलफल गरी त्यसको असर न्यूनीकरणका लागि स्थानीयस्तरमा गर्न सकिने क्रियाकलापहरूको सूची प्रस्तुत गर्ने ।<br>● नजिकैको प्रकोपजन्य क्षेत्रको अवलोकन भ्रमण गराइ त्यहाँ देखिएका समस्याहरूबारे छलफल गर्ने<br>● स्कूल प्राङ्गणमा वा अन्य क्षेत्रमा अरु स्थानीयहरू सहित विभिन्न अवसर पारेर विद्यार्थीहरूको र्‍याली गर्ने । | ● बाढी, पहिरो, डुवान सम्बन्धी फोटो, चित्रहरु<br>● प्रकोपबाट हुन सक्ने क्षति क्षति, असर न्यूनीकरण र सावधानी सम्बन्धी श्रव्य दृष्य सामग्री | ● मानवीय कारणबाट निम्तिन सक्ने विपद्हरूको सूची तयार पारी प्रस्तुत गर्न लगाउने ।<br>● आगलागी, घर आगलानी, डुबानबाट आईपर्न सक्ने खतराहरूलाई कम गर्न हामीले गर्न सक्ने कार्यहरूको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● बि.सं. २०७२ सालको भूकम्पबारे अभिभावकलाई सोधेर छोटकरीमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>● विपद्बाट बच्नका लागि अपनाइने उपायहरुको अभिनय गर्न लगाउने । | ८ |
| **धार्मिक ऐतिहासिक** | स्थानीय धार्मिक तथा ऐतिहासिक | ● हसनटार गुम्वा, पञ्चकन्या | ● नगरपालिका भित्रका धार्मिक | ● नगरपालिका भित्रका धार्मिक | ● हसनटार गुम्वा, पञ्चकन्या मन्दिर,कौडु भगवती मन्दिर | ● स्थानीय मठ, मन्दिर, | ● आफ्नो वस्ती नजिक रहेको कुनै एक गुम्बा | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **तथा पर्यटकीय स्थल** | स्थलको परिचय | मन्दिर,कौडु भगवती मन्दिर र भुवनेश्वरी मन्दिर परिचय | तथा ऐतिहासिक स्थलहरु हसनटार गुम्वा, पञ्चकन्या मन्दिर,कौडु भगवती मन्दिर र भुवनेश्वरी मन्दिरको परिचय दिन र महत्व बोध गरी, हालको अवस्था बुझ्रेर संरक्षणमा सहभागीता जनाउन | तथा ऐतिहासिक स्थलहरु हसनटार गुम्वा, पञ्चकन्या मन्दिर,कौडु भगवती मन्दिर र भुवनेश्वरी मन्दिरको परिचय, महत्व, हालको अवस्था र संरक्षणका उपयाहरुबारे जानकारी | र भुवनेश्वरी मन्दिर अवलोकन भ्रमण गराई वा तिनीहरुको फोटो वा ती क्षेत्रहरुसँग सम्बन्धीत भिडियो देखाई तिनीहरुको उत्पति, जनविश्वास, परिचय, महत्व, हालको अवस्था र संरक्षणका उपयाहरुबारे छलफल गर्ने ।<br>● हसनटार गुम्वा, पञ्चकन्या मन्दिर,कौडु भगवती मन्दिर र भुवनेश्वरी मन्दिरबारे जानकार व्यक्तिसँग उत्पति, व्यवस्थापन तथा संरक्षणबारे विद्यार्थीहरुलाई छलफल गराउने ।<br>● विद्यालय नजिकको कुनै एक मठमन्दिर, गुम्वा, चर्च, पाटीपौवा, मस्जिदको अवलोकन भ्रमण गराइ त्यसको सरसफाई कार्यमा सहभागी गराउने । | गुम्बा/बिहारसँग सम्बन्धीत ब्रोसर, लेख, रचना, फोटो आदि ।<br>● श्रव्यदृष्य सामग्रीहरु, भिडियो, डकुमेन्ट्री आदि ।<br>● स्थानीय बुढापाका, संस्कृतिविद तथा इतिहास विद | वा कुनै एक धार्मिक स्थानको परिचय सहित संरक्षणका लागि हामीले गर्न सक्ने कार्यहरुको सूची बनाउन लगाउने ।<br>● नगरपालिका क्षेत्र भित्रको सबभन्दा पुरानो गुम्बाको परिचय दिन लगाउने<br>● हामीले हाम्रा धार्मिक तथा ऐतिहासिक स्थलको संरक्षण किन गर्नुपर्छ सोध्ने । | |
| | स्थानीय पर्यटकीय स्थलको परिचय | ● गणेशमान स्मृति पार्क र स्वीजरलयाण्ड पार्क परिचय | ● पर्यटकीय क्षेत्र गणेशमान स्मृति पार्क र स्वीजरल्याण्ड | ● गणेशमान स्मृति पार्क र स्वीजरलयाण्ड पार्क क्षेत्रको | ● विद्यार्थीहरुलाई गणेशमान स्मृति पार्क र स्वीजरल्याण्ड पार्क क्षेत्र अवलोकन भ्रमण गराई वा फोटो देखाइ वा | ● गणेशमान स्मृति पार्क र स्वीजरल्याण्ड पार्क क्षेत्रको | ● आफ्नो विद्यालय वा घर नजिक रहेका पर्यटकीय क्षेत्रहरूको सूची बनाइ महत्व र | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पार्कको परिचय दिन र त्यसको महत्वबोध गरी संरक्षणमा सहयोग गर्न | परिचय, महत्व, फाईदा र त्यसको हालको अवस्था र संरक्षणका लागि गर्नुपर्ने कार्यहरुको जानकारी | तिनीहरु सम्बन्धी जानकार व्यक्तिसँग भेट गराउने र उक्त क्षेत्रको के महत्व छ, स्थानीय समुदायले कसरी उपयोग गरिरहेको छ भन्ने बारेमा छलफल गरी निष्कर्ष दिने ।<br>● गणेशमान स्मृति पार्क र स्वीजरल्याण्ड पार्क क्षेत्रमा पर्यटकीय गतिविधिका लागि हाल भईरहेका कार्यहरुको सूची बनाई प्रस्तुत गर्ने र त्यसको दिगो उपयोग र संरक्षणका लागि हामीले गर्नुपर्ने कार्यहरु समेत छलफल गर्ने ।<br>● विद्यालय नजिकको पर्यटकीय ठाउँको अवलोकन भ्रमण गराइ त्यसको महत्वबारे बताउने र सरसफाइमा विद्यार्थीहरुलाई सहभागी गराउने । | फोटो, त्यस सम्बन्धी ब्रोसर<br>● श्रव्यदृष्य सामग्रीहरु, भिडियो, डकुमेन्ट्री आदि ।<br>● स्थानीय विज्ञ | संरक्षणका कार्यहरु बताउन लगाउने ।<br>● गणेशमान स्मृति पार्क र स्वीजरल्याण्ड पार्क क्षेत्रको पर्यटकीय महत्व लेखी प्रस्तुत गर्न लगाउने ।<br>● घर वा विद्यालय नजिकको पर्यटकीय ठाउँको सरसफाइमा सहभागी गराउने र त्यसको संरक्षणका लागि गर्नुपर्ने कार्यहरुका बारेमा प्रस्तुत गर्न लगाउने ।<br>● विद्यार्थीको सहभागिता तथा क्रियाकलाप अवलोकन गर्ने । | |
| **स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति** | स्थानीय जातजाति, भाषा भेषभूषा र संस्कृति | ● स्थानीय नेवार जाति (भाषा, भेषभूषा, चाडपर्व, जन्म, | ● स्थानीय नेवार जाति (भाषा, भेषभूषा, चाडपर्व, जन्म, | ● स्थानीय नेवार जाति (भाषा, भेषभूषा, चाडपर्व, जन्म, विवाह, | ● स्थानीय नेवार जतिको भाषा, भेषभूषा, संस्कृति सम्बन्धी भिडियो वा चार्ट बनाइ प्रस्तुत गर्ने । | ● स्थानीय थारु संग्रहालय<br>● स्थानीय नेवार जातिको भाषा, | ● आफ्नो समुदायमा मानिस जन्मिदा र विवाहमा गरिने क्रियाकलापबारे | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | विवाह, मृत्यु संस्कार) | विवाह, मृत्यु संस्कार) को परिचय दिन र स्थानीय चाडपर्व, संस्कृतिको सम्मान गर्न | मृत्यु संस्कार) को परिचय तथा स्थानीय चाडपर्व, संस्कृतिको महत्व र संरक्षण सम्बन्धी जानकारी | ● स्थानीय कुनै संग्रहालयको भ्रमण गरी उक्त संग्राहलयमा राखिएका नेवार लगायत विभिन्न जातजातीका मानिसहरुले लगाउने परम्परागत भेषभूषाबारे जानकारी लिने<br>● स्थानीय विज्ञको सहयोगमा नेवार जाति (भाषा, भेषभूषा, जन्म, विवाह, मृत्यु संस्कार) सम्बन्धी छलफल गर्ने र त्यसको सम्बर्धनमा समुदायले गर्नुपर्ने कार्यहरुबारे पनि छलफल गर्ने । | भेषभूषा सम्बन्धी भिडीयो, पम्पलेट, ब्रोसर आदि<br>● स्थानीय थारु संस्कृति विज्ञ | अभिभावकलाई सोधेर लेख्न लगाउने ।<br>● नेवारी भेषभूषाको चित्र बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● हाम्रो भाषा, भेषभूषा, संस्कृति संरक्षणका लागि हामीले गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने ।<br>● विभिन्न जातजातिका भेषभूषा लगाउन लगाई अभिनय गर्न लगाउने । | |
| | स्थानीय चाडपर्व, रितीरिवाज र संस्कार | ● स्थानीय नेवार समुदायले मनाउने चाडपर्वहरु ( सकिमिला पुन्ही, गुँला, पञ्चदान, सिथी नःख, आदि)को परिचय | ● स्थानीय नेवार समुदायले मनाउने चाडपर्वहरु ( सकिमिला पुन्ही, गुँला, पञ्चदान, सिथी नःख, आदि)को परिचय दिई उक्त पर्वहरुमा गरिने | ● स्थानीय नेवार समुदायले मनाउने चाडपर्वहरु ( सकिमिला पुन्ही, गुँला, पञ्चदान, सिथी नःख, आदि तथा स्थानीय क्षेत्रमा लाग्ने मेला, जात्राहरुको | ● स्थानीय नेवार समुदायले मनाउने चाडपर्वहरु (सकिमिला पुन्ही, गुँला, पञ्चदान, सिथी नःख, आदि)को परिचय र त्यस अवसरमा गरिने क्रियाकलापहरुबारे छलफल गर्ने ।<br>● विद्यालय नजिकैको कुनै एक नेवार समुदायको घरमा गई कुनै एक पर्वबारे उक्त | ● विभिन्न मेलाजात्रा सम्बन्धी लेख, रचना, फोटो, चित्र तथा श्रव्यदृष्य सामग्रीहरु<br>● स्थानीय पर्व सम्बन्धी लेख, रचना, फोटो, चित्र तथा | ● योमरी पुन्ही र गाईजात्रा पर्वको छोटो परिचय र महत्व लेखेर प्रस्तुत गर्न लगाउने ।<br>● उक्त पर्वहरुमा के गरिन्छ बताउन लगाउने ।<br>● स्थानीय मेला जात्रामा सहभागिता | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | क्रियाकलापहरु मा सहभागी हुन र चाडपर्वहरुको सम्मान गर्न | परिचय र गरिने क्रियाकलापहरु | घरका मानिससँग अन्तरक्रिया गराउने ।<br>● आफ्नो विद्यालय नजिकको कुनै एक मेला वा जात्राको प्रत्यक्ष अवलोकन गराउने वा त्यहाँ कुन अवसरमा, किन, कहिलेदेखि मेला लाग्ने गरेको भन्नेबारेमा बताईदिने<br>● स्थानीय क्षेत्रमा विभिन्न चाडपर्वहरुमा लाग्ने मेलाजात्राहरुको महत्व प्रस्तुत गर्ने ।<br>● पर्व, मेलाजात्रा मनाउँदा हामीले ध्यान दिनुपर्ने कुराहरुबारे छलफल गर्ने । | श्रव्यदृष्य सामग्रीहरु | जनाउँदा ध्यान दिनुपर्ने कुराहरुको सूची बनाउन लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने ।<br>● स्थानीय कुनै एक पर्व सम्बन्धी परियोजना कार्य गर्न लगाउने । | |
| **सामाजिक मूल्य मान्यता र असल संस्कार** | असल संस्कार | ● स्थानीय सामाजिक व्यक्तित्व | ● स्थानीय सामाजिक व्यक्तित्वको परिचय र सामजमा योगदान ( पहिलो शैक्षिक संस्था खोल्ने) | ● स्थानीय क्षेत्रमा सामाजिक विकासका लागि शिक्षा क्षेत्रमा योगदान दिने सामाजिक व्यक्तित्वको परिचय, उसले समाजमा गरेको योगदान ( पहिलो शैक्षिक | ● नगरपालिका क्षेत्रमा भएको सबभन्दा पुरानो शैक्षिक संस्थाबारे खोजी गरी त्यस संस्थाको परिचय र उक्त संस्था खोल्न महत्वपूर्ण योगदान दिने स्थानीयहरुबारे जानकारी गराउने ।<br>● आफ्ने विद्यालयको स्थापनाबारे छलफल गर्ने । | ● स्थानीय पुरानो शैक्षिक संस्था तथा व्यक्ति सम्बन्धी फोटो, ब्रोसर, लेख, रचाना, भिडियो<br>● सकरात्मक सोच, असल बानी र सामाजिक सेवा | ● स्थानीय व्यक्तिको योगदानले समाजमा भएको सकरात्मक प्रभावका बारेमा लेख्न लगाउने ।<br>● नगरपालिकाको सबभन्दा पुरानो शैक्षिक संस्था र आफ्नो विद्यालयको | ७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संस्था खोल्ने) र सामाजिक व्यक्तित्वको अनुसरण | ● स्थानीय सामाजिक व्यक्तित्वले समाजमा गरेका राम्रा कार्यहरुको उदाहरण प्रस्तुत गर्ने ।<br>● विद्यार्थीहरुलाई सामाजिक कार्यहरुमा सहयोग गर्ने बानीको बिकास गर्न विभिन्न प्रेरणात्मक बृत्तचित्र वा भिडियो प्रस्तुत गरी छलफल गर्ने ।<br>● असल कार्य र सकरात्मक सोचले समाजमा पार्ने सकरात्मक प्रभावका बारेमा छलफल गरी निष्कर्ष दिने । | जगाउने किसिमका बृत्तचित्रहरु | छोटो परिचय दिन लगाउने ।<br>● गाउँ टोल वा नगरपालिका भित्रको कुनै एक सामाजिक व्यक्तिको खोजी गरी परिचय दिन लगाउने<br>● दैनिक क्रियाकलापको अवलोकन गर्ने । सामाजिक कार्यमा सहयोगबाट हुने फाईदाहरुकाबारेमा लेख्न लगाउने । | |
| | नैतिक मूल्य मान्यता | ● सामाजिक कुरितीहरुको परिचय | ● सामाजिक कुरितीहरुको पहिचान गरी त्यसता कुरितीहरु कम गर्न सहयोग गर्न र अभिभावकलाई प्रेरित गर्न | ● सामाजिक कुरितीहरुको परिचय त्यसता कुरितीहरु कम गर्न हामीले गर्नुपर्ने कार्यहरुको जानकारी | ● बाल विवाह, बहुविवाह, आर्थिक विभेद - धनी गरीबको भिन्नता), लैङ्गिक विभेद, जातिय विभेद तथा सामाजिक विभेद आदिको परिचय तथा असर र त्यसको न्यूनीकरणका उपायहरू सम्बन्धि छलफल गरी बुँदागत रुपमा प्रस्तुत गर्ने । यदि समाजमा त्यस्ता कार्य भएका स्थान, समूह | ● सामाजिक कुरिती र विभेद सम्बन्धी लेख रचना, पम्पप्लेट, ब्रोसर<br>● श्रव्यदृष्य सामग्रीहरु | ● सामाजिक कुरीतिहरूको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● सामाजिक, लैङ्गिक विभेद विरुद्ध हामीले स्थानीयस्तरमा गर्न सकिने कियाकलापहरूका बारेमा लेखी प्रस्तुत गर्न लगाउने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | भए उदाहरण दिइ सुसूचित गर्ने ।<br>● सामाजिक कुरिती नियन्त्रण सम्बन्धी काम गर्ने स्थानीय संघसंस्थाका प्रतिनिधिहरूसँग विभेद, सम्बन्धी छलफल, अन्तरकिया गर्ने/गराउने । स्थानीय संघसंस्थाको परिचय दिने ।<br>● सामाजिक कुरीति, विभेद, सम्बन्धी चेतनामूलक भिडियो प्रस्तुत गर्ने ।<br>● सामाजिक कुरीतिहरू विरुद्ध स्थानीय क्षेत्रमा गर्न सकिने कार्यक्रमहरू गर्ने (घरदैलो, सचेतना, पोष्टरिङ्ग, ऱ्याली, सडक नाटक आदि) संचालन गर्ने । | | ● सामाजिक, लैङ्गिक विभेद विरुद्ध हामीले स्थानीयस्तरमा गर्न सकिने कियाकलापहरूका बारेमा स्थानीय ठाउँ तथा अन्य विद्यार्थीहरूलाई बुझाउन समुहगत रुपमा नाटक प्रदर्शन गर्न लगाउने । | |
| **स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता** | कृषि | ● पशुपालन (कुखुरापालन माछा र बंगुर पालन) | ● पशुपालन - कुखुरा, माछा र बंगुर पालन) उत्पादनको आधारभूत सीप सिकेर उत्पादन | ● स्थानीय पशुपालन - कुखुरा, माछा र बंगुर पालन) उत्पादनको आधारभूत सीप र | ● स्थानीय स्तरमा पशुपालनसँग सम्बन्धित विभिन्न उत्पादनहरुको सूची बनाइ त्यसको उपयोग, फोटो सहित प्रस्तुत गर्ने । जस्तैः दुध, घिउ, माछामासु, अण्डा, रौं, छाला आदि । | ● विभिन्न पशुपालनको तरिका र उपयोगिता सहितको फोटो, चित्र | ● आफ्नो गाउँघर तथा वस्ती वरिपरी गरिने पशुपालनको सूची बनाउन लगाउने ।<br>● माछापालन सम्बन्धी वर्णन गर्न लगाउने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | र उपयोगमा सहयोग गर्न | महत्व सम्बन्धी वर्णन | ● पशुपालन सम्बन्धी सीपको विकास गर्न त्यस सम्बन्धी भिडीयो वा बृत्तचित्र प्रर्दशन गर्ने । जसमा विभिन्न प्रजाति, गोठ वा खोरको निर्माण, आवश्यक घाँस, दानापानी, उत्पादन दिन लाग्ने समय, जस्ता कुराहरु समेट्ने ।<br>● विद्यालय नजिकैको कृषि - कुखुरा, माछा वा बंगुर) फर्मको अवलोकन गरी पशुपालन सम्बन्धी त्यहाँका जनाकार व्यक्तिसँग छलफल गर्ने । | ● कुखुरा, माछा र बंगुरपालन सम्बन्धी भिडियो, बृत्तचित्र, पोष्टर आदि । | ● विद्यालय नजिकैको कुनै एक कुखुरापालन केन्द्र, माछापालन केन्द्र वा बंगुरपालन केन्द्रको अवलोकन गर्न लगाई उक्त केन्द्रको परिचय सहितको परियोजना कार्य गर्न लगाउने ।<br>● सीप बिकासको मूल्याङ्कन गर्ने । | |
| | परम्परागत व्यापार व्यवसाय | ● स्थानीय परम्परागत उत्पादनको बजारीकरण(हाट बजारहरु परिचय) | ● स्थानीय परम्परागत उत्पादनको बजारीकरणका लागि स्थानीय हाटबजारहरुको परिचय दिन | ● परम्परागत स्थानीय व्यवसायको महत्व र परम्परागत व्यवसायको संरक्षण र प्रवर्धनमा बजारको महत्व त्यसका लागि | ● स्थानीय क्षेत्रमा लाग्ने हाट बजारहरुको सूची प्रस्तुत गर्ने ।<br>● स्थानीय हाट बजारको अवलोकन भ्रमण गराई त्यहाँ के कस्ता स्थानीय उत्पादनहरु बेच्न राखिएको छ भन्ने बारेमा सूची बनाउन लगाउने र कुनै एक व्यपापारीसँग उक्त सामग्री बेच्न हाट बजारको | ● स्थानीय क्षेत्रमा लाग्ने हाटबजाहरुको सूची<br>● स्थानीय व्यापार व्यवसायहरुको महत्व सम्बन्धी सूची, फोटो, ब्रोसर, पम्प्लेट | ● आफ्नो टोल वा नजिकमा लाग्ने हाट बजारको अवलोकन गरी त्यहाँ पाईने स्थानीय परम्परागत उत्पादनहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● स्थानीय उत्पादनको बजार प्रर्बधनमा हाट बजारको महत्व | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | समुदायको भूमिका | सहयोग कस्तो छ रु स्थानीय माग र बजार अवस्था कस्तो रहेको छ भन्ने बारेमा छलफल गर्ने ।<br>● स्थानीय बुढापाकासँग ३० वर्ष पहिलेको हाट र अहिलेको हाटमा के फरक छ भन्ने बारेमा छलफल गराउने ।<br>● परम्परागत व्यापार व्यवसायको प्रवर्धनमा स्थानीय समुदायले गर्नुपर्ने कार्यहरुबारे छलफल गर्ने । | ● स्थानीय बुढापाका, पुरानो व्यापारी | शीर्षकमा निबन्ध लेख्न लगाउने ।<br>● परम्परागत व्यापार व्यवसायको संरक्षणमा समुदायले गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने । | |
| | स्थानीय प्रविधिमा आधारित उद्योग-व्यवसाय | ● परम्परागत प्रविधिमा आधारित बाँसको सामान निर्माण | ● परम्परागत प्रविधिमा आधारित बाँसका सामानहरु निर्माण निर्माण गर्ने सीपको बिकास गरी विभिन्न बाँसका सामग्रीहरु बनाउन | ● स्थानीय परम्परागत प्रविधिमा आधारित बाँसका सामानहरुको परिचय, बाँसको सामान बनाउने उद्योगहरुबारे जानकारी त्यसबाट फाईदा, उद्योगको हालको अवस्था, बजारमा माग र संरक्षण, | ● स्थानीय परम्परागत प्रविधिमा आधारित विभिन्न उद्योग व्यवसायहरुको सूची बनाइ छोटो परिचय सहित प्रस्तुत गर्ने ।<br>● स्थानीय क्षेत्रमा उत्पादन हुने बाँसका सामग्रीहरुको सूची बनाइ तिनीहरु कहाँ, कुन ठाउँमा उत्पादन हुन्छन् भन्ने बारेमा बताउने ।<br>● स्थानीय क्षेत्रमा भएको बाँसको सामान उत्पादन गर्ने उद्योग अवलोकन वा | ● स्थानीय प्रविधिमा आधारित व्यवसाय हरुको सूची, फोटो, ब्रोसर, पम्प्लेट<br>● श्रव्य दृष्य सामग्री<br>● नगरपालिका क्षेत्रमा भएको बाँसको सामग्री सम्बन्धी | ● आफ्नो विद्यालय नजिक वा टोलवस्तीमा भएका परम्परागत बाँसका सामान बनाउने व्यवसाय वा उद्योगहरुको सूची बनाइ त्यसको उत्पादनबारे लेख्न लगाउने ।<br>● स्थानीय रुपमा बाँसका विभिन्न उत्पादनहरुको सूची | ६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सुचारु सम्बन्धी जानकारी | बाँसका सामान बनाउने व्यक्तिसँग भेट गराई त्यसबारेमा परिचय र त्यसको बजार माग सम्बन्धी जानकारी गराउने ।<br>● स्थानीय विज्ञको सहयोगमा कुनै एक बाँसको सामान बनाउने अभ्यास गराउने ।<br>● बाँसका सामानहरु बनाउने तरिकासँग सम्बन्धीत फोटो, भिडियो प्रस्तुत गर्ने, त्यसको परिचय र महत्वबारे बताईदिने । | उद्योगको परिचय सम्बन्धी लेख, रचना, ब्रोसर, फोटो, भिडियो आदि । | बनाई प्रस्तुत गर्न लगाउने ।<br>● बाँसको कुनै एक सामग्री बनाई प्रर्दशन गर्न लगाउने ।<br>● बाँसको सामानको बजारमा माग र अवस्थाबारे परियोजना कार्य गर्न लगाउने । | |
| **स्थानीय खेलकुद, योग र सन्तुलित भोजन** | स्थानीय खेलकुद, योग, व्यायाम | ● योग ध्यानको परिचय र विभिन्न प्रकारका योगप्रणायाम र ध्यानको अभ्यास | ● योग ध्यानको परिचय दिई, विभिन्न प्रकारका योगप्रणायाम र ध्यानको अभ्यास | ● योग ध्यानको परिचय, विभिन्न प्रकारका योगप्रणायाम र ध्यानको अभ्यास सम्बन्धी जानकारी | ● विभिन्न योगहरूको नामसहित गर्ने तरिकाबारे भिडियो प्रस्तुत गर्ने । जस्तै: बसेर गर्ने (गौमुख आशन, बज्र आशन) उठेर गर्ने ( ताड आशन, धुव आशन) सुतेर गर्ने (शब आशन, ध्वज आशन) लगायत योगहरूको नाम पहिचान र अभ्यास)<br>● स्थानीय योग गुरुबाट योग तथा आशन सम्बन्धी अभ्यास गराउने । | ● विभिन्न योगा र प्रणायाम सम्बन्धी सूची, ब्रोसर, फोटो, श्रव्यदृष्य सामग्री | ● बसेर, उठेर वा सुतेर गर्ने कुनै २।२ वटा आशन गरेर देखाउन लगाउने ।<br>● कुनै एउटा योग तथा आशनको बारेमा वर्णन गर्न लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरू गर्ने ।<br>● सामान्य योगका आसनहरु गर्न लगाउने र विद्यार्थीहरुको | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● सूक्ष्म व्यायामको भिडियो देखाउने, शिक्षकले गरेर देखाउने र विद्यार्थीहरूलाई अभ्यास गराउने ।<br>● योग ध्यानका फाइदाहरूबारे चर्चा गर्ने (शारीरिक तथा मानसिक फाइदा) बारेमा चर्चा गर्ने । | | प्रदशर्नीका आधारमा मल्याङ्कन गर्ने । | |
| | सन्तुलित भोजन | ● पत्रु खानाका असरहरु र पत्रु खानामा कमी ल्याउने उपायहरु | ● पत्रु खानाका असरहरु पहिचान गरी पत्रु खानामा कमी ल्याउने बानीको बिकास गर्न | ● प्राकृतिक र चिल्लो रहित स्वस्थकर खानाको फाइदाहरु र बजारमा पाईने पत्रुखानाको (junk food) असर सम्बन्धी जानकारी | ● प्राकृतिक खाना र पत्रु खाना सम्बन्धी भिडियो प्रस्तुत गर्ने<br>● चिल्लोरहित, ताजा, रेसादार खानाले, रसायन नमिसाईएको खानाले हामीलाई हुने फाईदाहरुबारे छलफल गर्ने ।<br>● बजारमा पाईने पत्रुखाना (junk food) हरुको सूची बनाई त्यसले हामीलाई गर्ने असरहरुबारे प्रस्तुत गर्ने । | ● स्वस्थकर, प्राकृतिक खाना र पत्रु खानाहरुको सूची, फोटो, पोस्टर<br>● स्वस्थकर, प्राकृतिक खाना र पत्रु खाना सम्बन्धी भिडियो, बृत्तचित्र<br>● स्थानीय पोषण विज्ञ | ● प्राकृतिक र पत्रु खानाको परिचय दिन लगाउने ।<br>● पत्रु खानाहरुले हाम्रो स्वस्थ्यमा पार्ने असरहरुका बारेमा लेख्न बनाउन लगाउने ।<br>● पत्रु खाना खाने बानीमा कमी ल्याउन हामीले सुर्धानु पर्ने बानीको सूची बनाउन लगाउने ।<br>● दैनिक खाजाको अवलोकन गर्ने । | ७ |

## कक्षा ७

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| **नागार्जुन नगरपालिकाको परिचय** | नगरपालिकाको भूगोल र राजनैतिक विभाजनको परिचय | • नगरपालिकाको भूगोल, जनसंख्या, जातजाति र शैक्षिक संस्थाहरु सम्बन्धी परिचय | • नगरपालिकाको भूगोल, जनसंख्या, जातजाति र शैक्षिक संस्थाहरुको पहिचान गर्न | • नगरपालिकाको भूगोल, जनसंख्या, जातजाति र शैक्षिक संस्थाहरुको परिचय | • नगरपालिकाको भूगोलको बारेमा नक्सा वा चित्र देखाएर बर्णन गर्ने ।<br>• नगरपालिका भित्रका जातजाति, जनसंख्या तथा शैक्षिक संस्थाहरुको सूची बनाई प्रस्तुत गर्ने ।<br>• विद्यार्थीहरुलाई आफ्नो विद्यालय भएको वडाको भएका जातजाति, जनसंख्या तथा शैक्षिक संस्थाहरु खोजी गरी परियोजना तयार पार्न लगाउने ।<br>• नगरपालिकाको परिचय सम्बन्धी भिडियो वा बृत्तचित्र भएमा प्रस्तुत गर्ने वा स्थानीय जनाकार व्यक्तिसँग छलफल गर्ने । | • नगरपालिकाको भूगोल र संकेत सहितको नक्सा<br>• नगरपालिकाको जनसंख्या, शैक्षिक संस्थाहरु सम्बन्धी जानकारी मुलक लेख रचना, ब्रोसर<br>• नगरपालिकाको परिचय सम्बन्धी लेख, रचना, भिडियो, बृत्तचित्र | • आफू बस्ने वडाको नक्सा बनाउन लगाई त्यहाँका जातजाति र शैक्षिक संस्थाहरुको सूची बनाउन लगाउने ।<br>• नगरपालिकाको जनसंख्या लिंग, उमेर आदिका आधारमा विवरण प्रतिवेदन तयार गर्न लगाउने ।<br>• नगरपालिकाको भौगोलिक अवस्थाबारे लेखेर प्रस्तुत गर्न लगाउने । | ७ |
| | नगरपालिकाका कार्यहरु | • वडाको परिचय र वडा कार्यालयका कार्यहरु | • नगरपालिकाका वडाहरुको परिचय र वडा कार्यालयबाट पाइने सेवा | • नगरपालिकाका वडाहरुको परिचय, वडा कार्यालयबाट पाइने सेवाहरु | • नगरपालिकाको संरचनाबारे छलफल गर्ने । जस्तै: नगरपालिकामा रहेका वडा संख्या, कतिजना जनप्रतिनिधीहरु हुन्छन्, | • नगरपालिकाको वा वडा कार्यालयको नागरिक वडापत्र | • आफू बस्ने वडाको छोटो परिचय सहित कतिजना जनप्रतिनिधिहरु रहेका | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सुविधा बुझेर तिनीहरुको उपयोगमा अभिभावकलाई सहयोग गर्न । | र सेवा लिन अपनाउनुपर्ने प्रक्रियाहरुको जानकारी | नगरपालिका भित्र कतिजना र कुन कुन पदमा निर्वाचित जनप्रतिनीधिहरु हुन्छन् भन्ने बारेमा बताईदिने ।<br>● नजिकको वडा कार्यालय वा नगरपालिकाको कार्यालयको भ्रमण गरी त्यहाँबाट जनताले पाईने सेवा सुविधा सम्बन्धी कर्मचारी वा जनप्रतिनिधिसँग छलफल गर्ने<br>● सेवा लिनका लागि आवश्यक पर्ने आधारभूत कुराहरुको बारेमा बताईदिने । जस्तै: विभिन्न निवेदनहरुको ढाँचा र आवश्यक कागजात । | ● नगरपालिकाबाट प्रकाशित सेवा सुविधा सम्बन्धी ब्रोसर वा श्रव्यदृष्य सामग्री<br>● विभिन्न प्रकारका सेवा लिनलाई आवेदन दिने आवेदनका नमूनाहरु | छन् बुझेर नाम सहित लेख्न लगाउने ।<br>● वडा कार्यालयबाट हामीले पाउने सेवा सुविधाहरुको सूची प्रस्तुत गर्न लगाउने ।<br>● तपाईलाई आफ्नो घरमा विद्युत जोड्नुपर्ने छ त्यसका लागि कहाँ गरेर सिफारिस लिनुपर्दछ र त्यसको प्रक्रिया के हुन्छ भन्ने बारेमा एउटा परियोजना तयार पार्नुहोस् । | |
| **प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण** | स्थानीय बोटविरुवा | ● वनको संरक्षण र व्यवस्थापनमा स्थानीय समुदाय र नगरपालिका | ● स्थानीय क्षेत्रमा भएका वनहरुका व्यवस्थापनका आधारमा वर्गीकरण गर्न र वनको संरक्षणमा समुदायको दायित्व स्थानीय | ● स्थानीय क्षेत्रमा भएका वनहरुका व्यवस्थापन सम्बन्धी जानकारी, हालको अवस्था र संरक्षणका लागि स्थानीय समुदायले | ● स्थानीय क्षेत्रमा भएका वनहरुको अवस्था र महत्व सम्बन्धी स्थानीय जानकार व्यक्तिसँग छलफल गराई निष्कर्ष दिने ।<br>● विद्यालय नजिकैको वन कार्यालय वा वनका पदाधिकारसिँग भेट गराई उक्त वनको व्यवस्थापन र संरक्षणका कार्यहरुबारे छलफल गर्ने । | ● स्थानीय क्षेत्रमा भएका वनहरुको सूची, र तिनीहरुको व्यवस्थापन र उपयोग सम्बन्धी चार्ट<br>● स्थानीय वनको संरक्षण र प्रर्वधनका लागि हामीले गर्नुपर्ने | ● स्थानीय क्षेत्रमा भएका वनको महत्व सम्बन्धी सोध्ने ।<br>● नजिकको वनको अवलोकन भ्रमण गरी त्यसको उपयोग र संरक्षणमा भएका कार्यहरुबारे बुझेर परियोजना कार्य गर्न लगाउने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | समुदायलाई बोध गराई संरक्षणमा सहभागीता जनाउन | गर्नुपर्ने कार्यहरु | ● वनको संरक्षण र दिगो उपयोगका लागि स्थानीय समुदायले गर्दै आएका प्रयासहरुको र नगरपालिकाको भूमिका बारेमा खोजी गरी बताईदिने<br>● वनको दिगो उपयोग र संरक्षणका लागि हामीले गर्नुपर्ने कार्यहरुको सूची बनाई प्रस्तुत गर्ने । | कार्यहरुको सूची<br>● विभिन्न श्रव्य दृष्य सामग्रीहरु | ● स्थानीय वनको संरक्षणमा विद्यार्थीले गर्नुपर्ने, समुदाय र नगरपालिकाले गर्नुपर्ने कार्यहरुको सूची प्रस्तुत गर्न लगाउने ।<br>● दैनिक व्यवहार अवलोकन गर्ने । | |
| | स्थानीय जीवजन्तु | ● पारिस्थितीकीय प्रणाली सन्तुलनमा वन्यजन्तुको भूमिका | ● स्थानीय क्षेत्रमा पारिस्थितीकीय प्रणाली सन्तुलनमा वन्यजन्तुको महत्वबोध गरी तिनीहरुको संरक्षणमा सहभागी हुन | ● स्थानीय क्षेत्रमा पारिस्थितीकीय प्रणाली सन्तुलनमा वन्यजन्तुको महत्व तथा तिनीहरुको हालको अवस्था र संरक्षणका लागि समुदायले गर्नुपर्ने कार्यहरुको जानकारी | ● स्थानीय वन तथा वरपर पाईने वन्यजन्तुहरुको महत्व सम्बन्धी स्थानीय विज्ञको सहयोगमा छलफल गर्ने ।<br>● पारिस्थितीकीय प्रणालीको बारेमा बताई त्यसको सन्तुलनमा कसरी वन्यजन्तुहरुले सहयोग गरिरहेका हुन्छने भन्नेबारेमा भिडियो वा बृत्तचित्र प्रस्तुत गरी छलफल गर्ने ।<br>● वन्यजन्तुहरू संरक्षणका लागि स्थानीयस्तरमा गर्न सकिने क्रियालापहरूका | ● विभिन्न स्थानीय क्षेत्रमा पाईने वन्यजन्तुहरुको फोटो र परिचय तथा महत्व सम्बन्धी चार्ट<br>● वन्यजन्तुको संरक्षणमा स्थानीय समुदायले गर्नुपर्ने कार्यहरुको सूची, चार्ट | ● विद्यार्थीहरुलाई वन्यजन्तुको संरक्षण किन गर्नुपर्छ भन्ने बारेमा सोध्ने ।<br>● स्थानीय क्षेत्रमा पाइने वन्यजन्तु संरक्षणका लागि विद्यार्थीहरूले गर्न सक्ने प्रयासहरूको सूची तयार गर्न लगाइ कक्षाकोठामा प्रस्तुत गर्न लगाउने ।<br>● वन्यजन्तु संरक्षणमा स्थानीय समुदायको भूमिका शिर्षकमा | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | बारेमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्ने । | | बक्तृत्वकलाको आयोजना गर्ने । | |
| | जलस्रोत | ● जमीन मुनीको पानी र आकासे पानी संकलन | ● स्थानीय क्षेत्रमा जमीन मुनीको पानी संकलन गर्ने तरिका र आकासे पानी संकलनको महत्वबोध गरी पानी संकलन गर्ने सीप हासिल गर्न | ● जमीन मुनीको पानी संकलन गर्ने तरिका र प्रक्रियाबारे जानकारी तथा आकासे पानी संकलन बिधि | ●नजिकको खानेपानी व्यवस्थापनको कार्यालय वा उपभोत्ता समितिका व्यक्तिसँग भेट गराई स्थानीय क्षेत्रमा पानीको वितरण र व्यवस्थापन कसरी गरिएको छ भन्ने बारेमा छलफल गर्ने ।<br>●स्थानीयस्तरमा पानी निकाल्नका लागि बनाइने बोरिङ्गका बारेमा स्थानीय विज्ञसँग छलफल गराउने र त्यसको निर्माण तथा कार्य प्रक्रियाबारे बताउने ।<br>●आकासेपानी संकलन (Rainwater Harvesting) को अवधारणा, महत्व र संकलन गर्ने तरिकाबारे फोटो वा भिडीयो मार्फत देखाउने ।<br>● जमीन मुनिको पानी तान्न बोरिङ्ग गरेको ठाउँ वा आकाशे पानी संकलन गरिरहेको ठाउँको अवलोकन | ●बोरिङ्ग निर्माण र कार्य प्रक्रिया सम्बन्धी फोटो, लेख, ब्रोसर वा भिडियो<br>●आकसेपानी संकलन विधिको फोटो, लेख, ब्रोसर वा भिडियो<br>●पानी सुद्दिकरणका उपायहरुबारे ब्रोसर, भिडियो आदि<br>● स्थानीय जानकार व्यक्ति | ●आफ्नो घर नजिकैको कुनै धारा वा इनारको निर्माण कसरी गरिएको हो र त्यहाँको पानी के का लागि उपयोग गरिन्छ अविभावकलाई सोधेर लेख्न लगाई प्रस्तुत गर्न लगाउने ।<br>●आकासेपानी संकलनको तरिकाहरुबारे वणर्न गर्न लगाई त्यसको महत्व समेत प्रस्तुत गर्न लगाउने ।<br>●जमीनमुनिको पानीलाई पानी शुद्धीकरण गर्नका लागि अपनाईने विधिहरूमध्ये कुनै एक बिधिको सचित्र वर्णन गर्न लगाउने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | भ्रमण गराई त्यसको कार्य प्रक्रिया प्रत्यक्ष देखाउने वा तिनीहरुको कार्य प्रक्रियाको भिडियो खोजी गरी प्रर्दशन गर्ने । | | | |
| | प्रदूषण र फोहोरमैला व्यवस्थापन | ● स्थानीय वातावरण प्रदुषणको न्यूनीकरण र फोहोरमैला व्यवस्पथापनमा स्थानीय समुदाय, संघसंस्थाहरू<br>● कम्पोष्टिङ - गड्यौले मल बनाउने, बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रिया) | ● स्थानीय वातावरण प्रदुषणको न्यूनीकरण र फोहोरमैला व्यवस्पथापनमा स्थानीय समुदाय, संघसंस्थाहरूको भूमिका पहिचान गरी न्यूनीकरणका उपायहरु अवलम्बन गर्न<br>● घर तथा विद्यालयमा कम्पोष्टिङ - गड्यौले मल बनाउने, बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने कार्य गर्न | ● स्थानीय वातावरण प्रदुषणको न्यूनीकरण र फोहोरमैला व्यवस्पथापनमा स्थानीय समुदाय, संघसंस्थाहरूको भूमिका<br>● घर तथा विद्यालयमा कम्पोष्टिङ - गड्यौले मल बनाउने, बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने तरिकाहरु | ● स्थानीय क्षेत्रमा फोहोर व्यस्थापन र प्रदुषण नियन्त्रणमा काम गरिरहेका संघसंस्थाहरुको खोजी गरी सूची बनाइ तिनीहरुले गर्ने कार्यहरुको बारेमा प्रस्तुत गर्ने<br>● फोहोर व्यस्थापन र प्रदुषण नियन्त्रणमा स्थानीय समुदाय तथा विद्यार्थीले गर्नुपर्ने कार्यहरुको सूची सहित छलफल गर्ने ।<br>● कक्षाकोठावाट निस्कने फोहोरलाई वर्गीकरण गरी जैविक फोहोरलाई कम्पोष्ट बनाउन सिकाउने । जस्तैः गड्यौले मल बनाउने, खाल्डे मल बनाउने, भाँडोमा मल बनाउने आदि ।<br>● स्थानीय विज्ञको सहायता लिई फोहोरलाई कसरी कम गर्न सकिन्छ र घरबाट | ● प्रदुषण र फोहोर व्यवस्थापन सम्बन्धी भिडियो वा स्थानीय फोहोर व्यवस्थापन केन्द्रको ब्रोसर<br>● फोहोर व्यवस्थापनका लागि हामीले गर्नुपर्ने कार्यहरुको सूची<br>● गड्यौले मल बनाउने, बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने तरिकाहरु सम्बन्धी श्रव्य दृष्य सामग्रीहरु | ● आफ्नो टोलमा प्रदुषण तथा फोहोर व्यवस्थापनका लागि के कस्ता कार्यहरु गर्ने गरिएको छ, स्थानीय टोल बिकास संस्थाका प्रतिनिधि वा वडाका जनप्रतिनिधिसँग सोधर लेखी प्रस्तुत गर्न लगाउने ।<br>● स्वच्छ वातावरणका लागि स्थानीय क्षेत्रमा समुदाय र विद्यार्थीले गर्नुपर्ने कार्यहरुको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● पुन : प्रयोग गरेर कागज वा प्लाष्टिकको कुनै एक सामग्री तयार पारेर प्रदर्शन गर्न लगाउने । | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | निस्कने फोहोरले पार्ने असर तथा त्यसलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्नेबारेमा छलफल गर्ने ।<br>● मल बनाउने विधिहरू सम्बन्धी भिडियोहरू प्रस्तुत गर्ने ।<br>● प्रदुषण नियन्त्रण र फोहोर व्यवस्थापन सम्बन्धी बृत्तचित्र वा भिडियो प्रस्तुत गर्ने । | | ● तरल फोहोर व्यवस्थापनका उपायहरूको सूची बनाउन लगाउने ।<br>● विद्यालयमा निस्कने फोहोरलाई विन कम्पोष्टिङ गर्न लगाई मल करेसाबारीमा हाल्न लगाउने । | |
| **प्रकोप र विपद्** | प्रकोप विपद् व्यवस्थापन | ● नगरपालिका क्षेत्रमा हुन सक्ने विभिन्न विपद्हरूको असर न्यूनीकरण र सावधानीका लागि प्रकोप तथा विपद् व्यवस्थापनको विद्यालयमा योजना निर्माण र कार्यान्वयन | ● नगरपालिका क्षेत्रमा हुन सक्ने विभिन्न विपद्हरूको असर पहिचान गरी असर न्यूनीकरण र सावधानीका लागि विद्यालयमा प्रकोप, विपद योजना निर्माण गर्न र कार्यान्वयनमा सहयोग गर्न | ● नगरपालिका क्षेत्रमा हुन सक्ने विभिन्न प्रकोप विपद्हरूको असर पहिचान, असर न्यूनीकरण र सावधानीका लागि विद्यालयमा प्रकोप, विपद योजना निर्माण र कार्यान्वयन | ● प्राकृतिक प्रकोपबाट उत्पन्न हुनसक्ने विपद्हरूको बारेमा छलफल गरी त्यसबाट सुरक्षित रहन हामीले अपनाउनु पर्ने उपायहरूका बारेमा भिडियो वा पोष्टरहरू प्रदर्शन गर्ने, विज्ञसँग छलफल गर्ने, परामर्श लिने ।<br>● विज्ञको सुझावका आधारमा क्षति न्यूनीकरणका लागि तत्काल गनुपर्ने कार्यहरूको सूची तयार पारी सबैले देख्ने ठाउँमा टाँस्ने । जस्तैः विद्यालयमा हुँदा भूकम्प | ● प्रकोपबाट हुन सक्ने क्षति क्षति, असर न्यूनीकरण र सावधानी सम्बन्धी श्रव्य दृष्य सामग्री<br>● विपद् व्यवस्थापन योजना निर्माण सम्बन्धी लेख, किताव, बृत्तचित्र आदि | ● विपद् व्यवस्थापनमा अल्पकालीन र दीर्घकालीन योजनाहरूबारे वर्णन गर्न लगाउने ।<br>● समुहगत रुपमा विद्यालयको विपद् योजना सामग्री बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● भूकम्पको बेला हामीले सुरक्षित रहन गर्न सकिने कार्यहरूको बारेमा | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | आएमा के गर्ने, हावाहुरी आउमा के गर्ने आदि ।<br>● प्रकोपको पूर्व तयारीका लागि आवश्यक आधारभूत सामग्रीहरूको बारेमा छलफल गरी सूची तयार पार्ने र ती सामानहरू प्रदर्शन गर्ने ।<br>● प्रकोप व्यवस्थापनको अल्पकालीन र दीर्घकालीन योजनाबारे छलफल गरी योजना निर्माण र त्यसको अभ्यास गर्ने ।<br>● स्कूल प्राङ्गणमा वा अन्य क्षेत्रमा अरु स्थानीयहरू सहित विभिन्न अवसर पारेर विद्यार्थीहरूको र्‍याली गर्ने । | | प्रस्तुती दिन लगाउने ।<br>● स्थानीय सडक सुरक्षा सम्बन्धी योजना बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● समुहगत रुपमा जनचेतनामुलक सामग्रीहरू समुदायमा प्रस्तुत गर्न लगाउने ।<br>● विपद्बाट बच्नका लागि अपनाइने उपायहरुको अभिनय गर्न लगाउने । | |
| **धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल** | स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलको परिचय | ● छोर्तेन गुम्वा, तारकेश्वर मन्दिर, गणेशथोक वनदेवी मन्दिर, स्थानीय चर्च र मस्जिद परिचय | ● नगरपालिका भित्रको छोर्तेन गुम्वा, तारकेश्वर मन्दिर, गणेशथोक वनदेवी मन्दिर लगायत पुरानो | ● नगरपालिका भित्रको छोर्तेन गुम्वा, तारकेश्वर मन्दिर, गणेशथोक वनदेवी मन्दिर लगायत | ● छोर्तेन गुम्वा, तारकेश्वर मन्दिर, गणेशथोक वनदेवी मन्दिरको अवलोकन भ्रमण गराई वा तिनीहरुको फोटो देखाई वा भिडियो देखाई उक्त क्षेत्रहरुको परिचय दिने त्यहाँ गरिने क्रियाकलापहरु र उक्त क्षेत्रहरुको | ● छोर्तेन गुम्वा, तारकेश्वर मन्दिर, गणेशथोक वनदेवी मन्दिर, स्थानीय चर्च, मस्जिदसँग सम्बन्धित | ● छोर्तेन गुम्वा, तारकेश्वर मन्दिर, गणेशथोक वनदेवी मन्दिरको प्रवर्धनका लागि स्थानीय समुदाय र विद्यार्थीले गर्नुपर्ने कार्यहरुको | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | चर्च र मस्जिदको पहिचान गरी त्यहाँ गरिने क्रियाकलापहरु बारे बताउन र उक्त क्षेत्रहरुको ऐतिहासिक तथा धार्मिक महत्वबोध गरी संरक्षण तथा प्रर्वधनमा सहयोग गर्न | पुरानो चर्च र मस्जिदको परिचय, त्यहाँ गरिने क्रियाकलापहरु र उक्त क्षेत्रहरुको ऐतिहासिक तथा धार्मिक महत्व तथा संरक्षण र प्रवर्धनमा स्थानीयको भूमिका | ऐतिहासिक तथा धार्मिक महत्व तथा संरक्षण र प्रवर्धनमा स्थानीय मानिसहरुले के गरिरहेका छन् र हामीले उक्त क्षेत्रहरुको संरक्षण र प्रवर्धनका लागि के के गर्न सकिन्छ भन्नेबारेमा अन्तरक्रिया गर्ने ।<br>● विद्यालय नजिकको कुनै एक चर्च वा मस्जिदको अवलोकन भ्रमण गराई त्यसको परिचय, महत्व, हालको अवस्था र संरक्षणका उपायहरुबारे छलफल गर्ने ।<br>● नगरपालिका क्षेत्रभित्र रहेका चर्च, मस्जिद, गुम्वा आदिको बारेमा खोजी गरी जानकार व्यक्तिसँग उत्पति, व्यवस्थापन तथा संरक्षणबारे विद्यार्थीहरुलाई छलफल गराउने ।<br>● विद्यालय नजिकको कुनै एक मठमन्दिर, गुम्बा, चर्च, पाटीपौवा, मस्जिदको | ब्रोसर, लेख, रचना, फोटो आदि<br>● श्रव्यदृष्य सामग्रीहरु, भिडीयो, डकुमेन्ट्री आदि<br>● स्थानीयसंस्कृतिवद तथा इतिहास विद | सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● आफ्नो वस्ती नजिक रहेको कुनै एक चर्च वा मस्जिद वा कुनै एक धार्मिक स्थानको परिचय सहित संरक्षणका लागि हामीले गर्न सक्ने कार्यहरुको सूची बनाउन लगाउने ।<br>● हामीले हाम्रा धार्मिक तथा ऐतिहासिक स्थलको संरक्षण किन गर्नुपर्छ सोध्ने ।<br>● आफ्नो घर वा वस्ती नजिकको चर्च वा मस्जिदमा गरिने क्रियाकलापहरु त्यहाँका जानकार व्यक्तिहरुसँग सोधेर लेखी प्रस्तुत गर्न लगाउने । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | अवलोकन भ्रमण गराइ त्यसको त्यसको महत्वबारे छलफल गर्ने । | | ● अवलोकन भ्रमणको परियोजना कार्य गराउने । | |
| | स्थानीय पर्यटकीय स्थलको परिचय | ● सहिद पार्क र मनमोहन स्मृति पार्क परिचय तथा व्यवस्थापन | ● पर्यटकीय क्षेत्र सहिद पार्क र मनमोहन स्मृति पार्कको परिचय दिन, नीतिहरुको व्यस्थापकिय व्यवस्था बुझ्न र त्यसको महत्वबोध गरी संरक्षण र प्रर्वधनमा सहयोग गर्न | ● पर्यटकीय सहिद पार्क र मनमोहन स्मृति पार्क क्षेत्रको परिचय, महत्व, फाईदा र त्यसको हालको अवस्था, संरक्षण र प्रर्वधनका लागि गर्नुपर्ने कार्यहरुको जानकारी | ● विद्यार्थीहरुलाई सहिद पार्क क्षेत्र र मनमोहन स्मृति पार्क अवलोकन भ्रमण गराइ वा फोटो देखाइ वा त्यस सम्बन्धी जानकार व्यक्तिसँग भेट गराउने र उक्त क्षेत्रको के महत्व छ, स्थानीय समुदायले कसरी उपयोग गरिरहेको छ भन्ने बारेमा छलफल गरी निष्कर्ष दिने ।<br>● सहिद पार्क र मनमोहन स्मृति पार्क क्षेत्रमा पर्यटकीय गतिविधिका लागि हाल भईरहेका कार्यहरुको सूची बनाई प्रस्तुत गर्ने र त्यसको दिगो उपयोग र संरक्षणका लागि हामीले गर्नुपर्ने कार्यहरु समेत छलफल गर्ने ।<br>● विद्यालय नजिकको पर्यटकीय ठाउँको अवलोकन भ्रमण गराइ त्यसको परिचय लगायत व्यवस्थापनका | ● सहिद पार्क र मनमोहन स्मृति पार्क क्षेत्रको फोटो, त्यस सम्बन्धी ब्रोसर<br>● श्रव्यदृष्य सामग्रीहरु, भिडीयो, डकुमेन्ट्री आदि ।<br>● स्थानीय विज्ञ | ● आफ्नो विद्यालय वा घर नजिक रहेका पर्यटकीय क्षेत्रहरूको सूची बनाइ महत्व र संरक्षणका कार्यहरु बताउन लगाउने ।<br>● सहिद पार्क र मनमोहन पार्क क्षेत्रको पर्यटकीय महत्व र त्यसको व्यस्थापनमा स्थानीय समुदाय वा नगरपालिकाले के गरिरहेको छ भन्ने बारेमा परियोजना कार्य गराउने ।<br>● घर वा विद्यालय नजिकको पर्यटकीय ठाउँको सरसफाईमा सहभागी गराउने र त्यसको संरक्षणका लागि गर्नुपर्ने | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पक्षहरु समेटेर परियोजना कार्य गराई निष्कर्ष दिने । | | कार्यहरुका बारेमा प्रस्तुत गर्न लगाउने ।<br>● विद्यार्थीको सहभागीता तथा क्रियाकलाप अवलोकन गर्ने । | |
| **स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति** | स्थानीय जातजाति, भाषा भेषभूषा र संस्कृति | ● स्थानीय तामाङ, ब्राम्हण, क्षेत्री, सन्यासी लगायत विभिन्न जातजाति - चाडपर्व, भाषा, भेषभूषा, जन्म, विवाह, मृत्यु संस्कार) | ● स्थानीय तामाङ, ब्राम्हण, क्षेत्री, सन्यासी लगायत विभिन्न जातजाति - चाडपर्व, भाषा, भेषभूषा, जन्म, विवाह, मृत्यु संस्कार) पहिचान गरी स्थानीय चाडपर्वमा सहभागी हुन र संस्कृतिको सम्मान गर्न | ● स्थानीय तामाङ, ब्राम्हण, क्षेत्री, सन्यासी लगायत विभिन्न जातजाति - चाडपर्व, भाषा, भेषभूषा, जन्म, विवाह, मृत्यु संस्कार) को परिचय तथा चाडपर्व, संस्कृतिको महत्व र संरक्षण तथा प्रर्वधन | ● स्थानीय तामाङ, ब्राम्हण, क्षेत्री, सन्यासी लगायत विभिन्न जातजातिको भाषा, भेषभूषा, संस्कृति सम्बन्धी भिडीयो वा चार्ट बनाई प्रस्तुत गर्ने ।<br>● स्थानीय कुनै संग्रहालयको भ्रमण गरी उक्त संग्राहलयमा राखिएका विभिन्न जातजातिका मानिसहरुले लगाउने परम्परागत भेषभूषाबारे जानकारी लिने । उनीहरुले विभिन्न चाडपर्वमा बजाउने बाजाहरुका बारेमा छलफल गर्ने ।<br>● स्थानीय विज्ञको सहयोगमा तामाङ, ब्राम्हण, क्षेत्री, सन्यासी लगायत विभिन्न जातजातिको (भाषा, भेषभूषा, जन्म, विवाह, मृत्यु संस्कार, | ● स्थानीय संग्रहालय<br>● स्थानीय विभिन्न जातिको भाषा, भेषभूषा, चापपर्व, बाजागाजा सम्बन्धी भिडीयो, पम्पलेट, ब्रोसर आदि<br>● स्थानीय संस्कृति विज्ञ | ● स्थानीय तामाङ जातिमा मानिस जन्मिदा र विवाहमा गरिने क्रियाकलापबारे लेख्न लगाउने ।<br>● नेवार र मगर जातिले विभिन्न चाडपर्वमा बजाउने बजाहरुको सूची र चित्र बनाउन लगाउने ।<br>● ब्राम्हण, क्षेत्री, सन्यासी लगायतका मानिसले चाडपर्व, पूजा आदिमा बजाईने बाजाहरुको नाम लेख्न लगाउने ।<br>● केही बाजाहरु बजाउने अभ्यास गराउने र अवलोकन गर्ने ।<br>● हाम्रो भाषा, भेषभूषा, संस्कृति संरक्षणका | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | चाडपर्व) र त्यसको सम्बर्धनमा समुदायले गर्नुपर्ने कार्यहरुबारेमा स्थानीय जानकार व्यक्तिसँग अन्तरक्रिया गराउने । | | लागि हामीले गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने । | |
| | स्थानीय चाडपर्व, रितीरिवाज र संस्कार | ● विस्केट जात्रा, गाईजात्रा, नागार्जुनमा लाग्ने मेला लगायत स्थानीय क्षेत्रमा लाग्ने मेलाहरुको परिचय | ● विस्केट जात्रा, गाईजात्रा, नागार्जुनमा लाग्ने मेला लगायत स्थानीय क्षेत्रमा लाग्ने मेलाहरुको परिचय दिई त्यहाँ हुने क्रियाकलापहरुमा सहभागी हुन र चाडपर्वहरुको सम्मान गर्न | ● विस्केट जात्रा, गाईजात्रा, नागार्जुनमा लाग्ने मेला लगायत स्थानीय क्षेत्रमा लाग्ने मेलाहरुको परिचय दिई त्यहाँ हुने क्रियाकलापहरु प्रर्वधन र संरक्षण | ● विस्केट जात्रा, गाईजात्रा, नागार्जुनमा लाग्ने मेलाका बारेमा परिचय दिई त्यस अवसरमा गरिने क्रियाकलापहरु, बनाईने परिकार त्यसको महत्वबारे छलफल गर्ने ।<br>● विभिन्न जात्राहरुको भिडीयो प्रस्तुत गरी स्थानीय जानकार व्यक्तिसँग छलफल गर्ने ।<br>● आफ्नो विद्यालय नजिकको कुनै एक मेला वा जात्राको प्रत्यक्ष अवलोकन गराउने वा त्यहाँ कुन अवसरमा, किन, कहिलेदेखि मेला लाग्ने गरेको भन्नेबारेमा बताईदिने ।<br>● स्थानीय क्षेत्रमा विभिन्न चाडपर्वहरुमा लाग्ने मेलाजात्राहरुको महत्व प्रस्तुत गर्ने । | ● विभिन्न मेलाजात्रा सम्बन्धी लेख, रचना, फोटो, चित्र तथा श्रव्यदृष्य सामग्रीहरु<br>● विस्केट जात्रा, गाईजात्रा, सम्बन्धी लेख, रचना, फोटो, चित्र तथा श्रव्यदृष्य सामग्रीहरु<br>● स्थानीय विज्ञ | ● विस्केट जात्रा र गाई जात्राको छोटो परिचय र महत्व लेखेर प्रस्तुत गर्न लगाउने ।<br>● उक्त पर्वहरुमा के गरिन्छ बताउन लगाउने ।<br>● स्थानीय मेला जात्रामा सहभागिता जनाउँदा ध्यान दिनुपर्ने कुराहरुको सूची बनाउन लगाउने ।<br>● स्थानीय चाडपर्व सम्बन्धी परियोजना कार्य गर्न लगाउने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● पर्व, मेलाजात्रा मनाउँदा हामीले ध्यान दिनुपर्ने कुराहरुबारे छलफल गर्ने ।<br>● धार्मिक सहिष्णुता, एक अर्काका धार्मिक क्रियाकलापहरुको सम्मान गर्ने बानीको विकास गर्न चाडपर्वहरुमा सहभागी गराउने । | | | |
| **सामाजिक मूल्य मान्यता र असल संस्कार** | असल संस्कार | ● विद्यालय तथा समुदायमा भएका सामाजिक संघसंस्थाहरु (बालक्लव र अन्य स्थानीय संस्थाहरु) | ● विद्यालय तथा समुदायमा भएका सामाजिक संघसंस्थाहरु (बालक्लव र अन्य स्थानीय संस्थाहरु) को महत्वबोध गरी उक्त संघसंस्थाका सामाजिक कार्यहरुमा सहभागी हुन | ● विद्यालय तथा समुदायमा भएका सामाजिक संघसंस्थाहरु (बालक्लव र अन्य स्थानीय संस्थाहरु) सूची र परिचय, तिनीहरुको महत्व र उक्त संघसंस्थाले गर्ने कार्यहरु | ● विद्यालयमा भएका विभिन्न संघसंस्थाको परिचय र तिनीहरुले गर्ने कामहरुबारे जानकारी गराउने । जस्तैः इको क्लव, बाल क्लव, जुनियर रेडक्रस सोसाइटी आदि ।<br>● विद्यार्थीहरुलाई उक्त क्लवहरुमा सहभागी गराई विद्यालयमा सामुहिक कार्यमा सहभागी गराउने ।<br>● विद्यार्थीहरुलाई सामाजिक कार्यहरुमा सहयोग गर्ने बानीको बिकास गर्न विभिन्न प्रेरणात्मक बृत्तचित्र वा भिडीयो प्रस्तुत गरी छलफल गर्ने । | ● विद्यालयमा भएका संस्थाहरुको सूची र त्यस सम्बन्धी फोटो, ब्रोसर, लेख, रचना, भिडीयो<br>● सकरात्मक सोच, असल बानी र सामाजिक सेवा जगाउने किसिमका बृत्तचित्रहरु | ● आफ्नो विद्यालयमा बाल क्वल, जुनीयर रेडक्रस, इको क्लव आदिले गर्ने कार्यहरुबारे लेख्न लगाउने ।<br>● विद्यालय परिसरमा सरसफाई तथा पुष्प बगैंचा बनाउन लगाउने ।<br>● सामाजिक कार्यमा सहयोगबाट हुने फाईदाहरुकाबारेमा लेख्न लगाउने ।<br>● दैनिक क्रियाकलापको अवलोकन गर्ने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ● असल कार्य र सकरात्मक सोचले समाजमा पार्ने सकरात्मक प्रवाभका बारेमा छलफल गरी निष्कर्ष दिने । | | | |
| | नैतिक मूल्य मान्यता | ● कुलत र दुर्व्यसनीको असर र नियन्त्रण | ● कुलत र दुर्व्यसनीको असर पहिचान गरी तिनीहरुबाट टाढा रहन र नियन्त्रणका लागि स्थानीय समुदायलाई सहयोग गर्न | ● कुलत र दुर्व्यसनीको परिचय, असर तिनीहरुबाट बच्न हामीले अपनाउनुपर्ने उपायहरु र दुर्व्यसनी नियन्त्रणका लागि परिवार र स्थानीय समुदायको भूमिका | ● कुलत र दुर्व्यसनीको परिचय तथा असर र त्यसको न्यूनीकरणका उपायहरू सम्बन्धि छलफल गरी बुँदागत रुपमा प्रस्तुत गर्ने । त्यसता कार्यबाट सतर्क रहन सुसूचित गर्ने । जस्तैः जाँड,रक्सी, गाँजा, अफिम, खैनी, चरेस आदिको असरबारे छलफल ।<br>● कुलत र दुर्व्यसनी नियन्त्रण सम्बन्धी काम गर्ने स्थानीय संघसंस्थाका प्रतिनिधिहरूसँग छलफल, अन्तरक्रिया गर्ने/गराउने ।<br>● कुलत र दुर्व्यसनी सम्बन्धी चेतनामूलक भिडियो प्रस्तुत गर्ने ।<br>● कुतल विरुद्ध स्थानीय क्षेत्रमा गर्न सकिने कार्यक्रमहरू गर्ने (घरदैलो, सचेतना, | ● कुलत र दुर्व्यसनी सम्बन्धी लेख रचना, पम्पप्लेट, ब्रोसर<br>● श्रव्यदृष्य सामग्रीहरु | ● विभिन्न खराव बानी, कुलतहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● कुलत र दुर्व्यसनी विरुद्ध हामीले स्थानीयस्तरमा गर्न सकिने कियाकलापहरूका बारेमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>● कुलत र दुर्व्यसनीको विरुद्ध हामीले स्थानीयस्तरमा गर्न सकिने कियाकलापहरूका बारेमा स्थानीय ठाउँ तथा अन्य विद्यार्थीहरूलाई बुझाउन समुहगत रुपमा नाटक प्रदर्शन गर्न लगाउने | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पोष्टरिङ्ग, र्‍याली, सडक नाटक आदि) संचालन गर्ने । | | ● घरदैलो कार्यक्रम संचालन गरी दैनिक क्रियाकलाप अवलोकन गर्ने । | |
| **स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता** | कृषि | ● पुष्प खेती - सयपत्री, गोदावरी, गुलाफ, चमेली, लगायत) | ● पुष्प खेती - सयपत्री, गोदावरी, गुलाफ, चमेली, लगायत) उत्पादनको आधारभूत सीप सिकेर उत्पादन र उपयोग र बजारीकरणमा सहयोग गर्न | ● पुष्प खेती - सयपत्री, गोदावरी, गुलाफ, चमेली, लगायत) उत्पादनको आधारभूत सीप, तिनीहरुको उपयोग र प्रर्वधन/ बजारीकरण | ● स्थानीय स्तरमा उत्पादन हुने विभिन्न प्रकारका फूलहरुको सूची बनाइ त्यसको उपयोग, फोटो सहित प्रस्तुत गर्ने । जस्तैः - सयपत्री, गोदावरी, गुलाफ, चमेली, लगायत) फलफूल खेती सम्बन्धी सीपको विकास गर्न त्यस सम्बन्धी भिडीयो वा बृत्तचित्र प्रर्दशन गर्ने । जसमा विभिन्न बिउ, विरुवा, रोप्ने समय, उत्पादन दिन लाग्ने समय, गोडमेल, बजार, जस्ता कुराहरु समेट्ने ।<br>● विद्यालय नजिकैको कुनै एक पुष्प बगैंचा वा फलफूल बगैंचा वा कृषिफर्मको अवलोकन गरी पुष्प उत्पादन सम्बन्धी त्यहाँका जनाकार व्यक्तिसँग छलफल गर्ने । | ● विभिन्न पुष्प खेती गर्ने तरिका, उपयोगिता सहितको फोटो, चित्र, भिडियो, बृत्तचित्र, पोष्टर आदि | ● आफ्नो गाउँघर तथा वस्ती वरिपरी गरिने फलफूलखेतीको सूची बनाउन लगाउने ।<br>● आफ्नो गाउँघर तथा वस्ती वरिपरी देखिने फूलहरुको सूची बनाउन लगाउने ।<br>● पुष्प खेती सम्बन्धी वर्णन गर्न लगाउने ।<br>● विद्यालय नजिकैको कुनै एक बगैंचा वा कृषि केन्द्रको अवलोकन गर्न लगाइ उक्त केन्द्रको परिचय सहितको परियोजना कार्य गर्न लगाउने ।<br>● सीप बिकासको मूल्याङ्कन गर्ने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | व्यापार व्यवसाय | ● पर्यटन परिचय | ● पर्यटनको परिचय दिई पर्यटकीय क्षेत्र तथा प्रकारहरु छुट्याउन र स्थानीय पर्यटकीय गतिबिधिमा सहयोग गर्न | ● स्थानीय क्षेत्रमा पर्यटनको परिचय, पर्यटकीय क्षेत्र तथा प्रकारहरुको वर्गीकरण स्थानीय पर्यटकीय गतिबिधिको प्रर्वधन | ● स्थानीय क्षेत्रमा पर्यटकीय गतिबिधिहरुको सूची प्रस्तुत गर्ने ।<br>● पर्यटनको परिचय दिइ त्यसको प्रकार, महत्व र आर्थिक क्रियाकलापमा पर्यटनको भूमिका सम्बन्धी छलफल गर्ने ।<br>● विद्यालय नजिकको कुनै एक पर्यटकीय स्थलको भ्रमण गराई त्यहाँ आउने पर्यटकहरुको बारेमा जानकारी लिने र उक्त कार्यबाट स्थानीय समुदायमा पुगेको फाईदा वा बेफाईदाहरुका बारेमा स्थानीयसँग छलफल गराई निष्कर्ष दिने ।<br>● पर्यटन व्यवसायको प्रवर्धनमा स्थानीय समुदायले गर्नुपर्ने कार्यहरुबारे छलफल गर्ने । | ● स्थानीय पर्यटकीय क्षेत्रहरुको सूची<br>● पर्यटन र पर्यटकीय क्रियाकलाप सम्बन्धी फोटो, ब्रोसर, पम्प्लेट<br>● स्थानीय पर्यटन व्यसायी | ● स्थानीय पर्यटकीय क्षेत्रहरुको सूची बनाई त्यहाँ हुने पर्यटकीय क्रियाकलापहरुको बारेमा लेख्न लगाउने<br>● पर्यटन व्यवसायको प्रर्बधनमा स्थानीय समुदायको भूमिका लेख्न लगाउने ।<br>● विद्यालय नजिकको पर्यटकीय क्षेत्रको बारेमा परियोजना कार्य गराउने । | ७ |
| | स्थानीय प्रविधिमा आधारित | ● परम्परागत प्रविधिमा आधारित | ● परम्परागत प्रविधिमा आधारित | ● स्थानीय परम्परागत प्रविधिमा | ● स्थानीय परम्परागत प्रविधिमा आधारित विभिन्न उद्योग व्यवसायहरुको सूची | ● स्थानीय प्रविधिमा आधारित | ● आफ्नो विद्यालय नजिक वा टोलवस्तीमा भएका | ६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | उद्योग-व्यवसाय | काठको सामान निर्माण | काठका सामानहरु निर्माण निर्माण गर्ने सीपको बिकास गरी विभिन्न काठका सामग्रीहरु बनाउन र तिनीहरुको बजारीकरणमा सहयोग गर्न | आधारित काठका सामानहरुको परिचय, काठको सामान बनाउने उद्योगहरुबारे जानकारी त्यसबाट फाईदा, उद्योगको हालको अवस्था, बजारमा माग र संरक्षण, सुचारु सम्बन्धी जानकारी | बनाइ छोटो परिचय सहित प्रस्तुत गर्ने ।<br>● स्थानीय क्षेत्रमा उत्पादन हुने काठका सामग्रीहरुको सूची बनाइ तिनीहरु कहाँ, कुन ठाउँमा उत्पादन हुन्छन् भन्ने बारेमा बताउने ।<br>● स्थानीय क्षेत्रमा भएको काठको सामान उत्पादन गर्ने उद्योग अवलोकन वा काठका सामान बनाउने व्यक्तिसँग भेट गराई त्यसबारेमा परिचय र त्यसको बजार माग सम्बन्धी जानकारी गराउने ।<br>● स्थानीय विज्ञको सहयोगमा कुनै एक काठको सामान बनाउने अभ्यास गराउने ।<br>● काठका सामानहरु बनाउने तरिकासँग सम्बन्धित फोटो, भिडियो प्रस्तुत गर्ने, त्यसको परिचय र महत्वबारे बताईदिने । | व्यवसाय हरुको सूची, फोटो, ब्रोसर, पम्प्लेट<br>● श्रव्य दृष्य सामग्री<br>● नगरपालिका क्षेत्रमा भएको काठका सामग्री सम्बन्धी उद्योगको परिचय सम्बन्धी लेख, रचना, ब्रोसर, फोटो, भिडियो आदि । | परम्परागत काठका सामान बनाउने व्यवसाय वा उद्योगहरुको सूची बनाइ त्यसको उत्पादनबारे लेख्न लगाउने ।<br>● स्थानीय रुपमा काठका विभिन्न उत्पादनहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● काठको कुनै एक सामग्री बनाइ प्रर्दशन गर्न लगाउने ।<br>● स्थानीय क्षेत्रमा उत्पादित सामानको बजारमा माग र अवस्थाबारे परियोजना कार्य गर्न लगाउने । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **स्थानीय खेलकुद, योग र सन्तुलित भोजन** | स्थानीय खेलकुद, योग, व्यायाम | • योग ध्यानको दैनिक जीवनमा प्रयोग र यसबाट स्वास्थ्यमा पर्ने सकरात्मक प्रभाव | • योग ध्यानले हाम्रो दैनिक जीवनमा र स्वास्थ्यमा पर्ने सकरात्मक प्रभावको महत्वबोध गरी योग ध्यानको अभ्यास गर्न र अरुलाई सिकाउन | • योग ध्यानले हाम्रो दैनिक जीवनमा र स्वास्थ्यमा पर्ने सकरात्मक प्रभाव र योग अभ्यासका सिपहरु | • विभिन्न योगहरूको नामसहित गर्ने तरिकाबारे भिडियो प्रस्तुत गर्ने । जस्तैः बसेर गर्ने (गौमुख आशन, बज्र आशन) उठेर गर्ने ( ताड आशन, धुव आशन) सुतेर गर्ने (शब आशन, ध्वज आशन) लगायत योगहरूको नाम पहिचान र अभ्यास)<br>• योग ध्यानका फाइदाहरूबारे चर्चा गर्ने (शारीरिक तथा मानसिक फाइदा) बारेमा चर्चा गर्ने ।<br>• दैनिक अभ्यासको तालिका बनाउन लगाउने र कुनै प्रसिद्ध व्यक्तिहरूले बनाएको नमूना प्रदर्शन गर्ने र त्यसै अनुरुप दैनिक अभ्यास गर्ने । | • विभिन्न योगा र प्रणायाम सम्बन्धी सूची, ब्रोसर, फोटो, श्रव्यदृष्य सामग्री<br>• योग ध्यानको फाईदा सम्बन्धी सूची, ब्रोसर, फोटो, श्रव्यदृष्य सामग्री<br>• स्थानीय योग गुरु | • योग ध्यानले कसरी हाम्रो स्वास्थ्यमा राम्रो प्रभाव पार्दछ भन्ने बारेमा सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>• कुनै एउटा योग तथा आशनको बारेमा वर्णन गर्न लगाउने ।<br>• सामान्य योगका आसनहरु गर्न लगाउने र विद्यार्थीहरुको प्रदशर्नीका आधारमा मूल्याङ्कन गर्ने । | ७ |
| | सन्तुलित भोजन | • स्थानीय स्तरमा उत्पादित खानाको उपयोग र प्राकृतिक तथा रेसादार, बेक्रायुक्त | • स्थानीय स्तरमा उत्पादित प्राकृतिक तथा रेसादार, बेक्रायुक्त खानाका फाईदाहरुको | • स्थानीय स्तरमा उत्पादित प्राकृतिक तथा रेसादार, बेक्रायुक्त खानाका | • प्राकृतिक खाना र पत्रु खाना सम्बन्धी भिडीयो प्रस्तुत गर्ने ।<br>• चिल्लोरहित, ताजा, रेसादार खानाले, रसायन नमिसाईएको खानाले हामीलाई हुने फाईदाहरुबारे | • स्वस्थकर, प्राकृतिक खाना र पत्रु खानाहरुको सूची, फोटो, पोस्टर | • प्राकृतिक र रेसादार खानाको महत्व लेख्न लगाउने ।<br>• पत्रु खानाहरुले हाम्रो स्वस्थ्यमा पार्ने असरहरुका बारेमा | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | खानाका फाईदाहरु | महत्वबोध गरी प्राकृतिक खानाखाने बानीको बिकास गर्न | फाईदाहहरु र महत्वबोध पत्रुखानाको (junk food) असर सम्बन्धी जानकारी | छलफल गर्ने । जस्तैः रोग क्षमता बढाउने ।<br>● बजारमा पाईने पत्रुखाना (junk food) हरुको सूची बनाई त्यसले हामीलाई गर्ने असरहरुबारे प्रस्तुत गर्ने ।<br>● हाम्रो दैनिक जीवनमा सन्तुतिल भोजन र योगव्यायामको अन्तरसम्बन्धबारे विज्ञसँग छलफल गरी बुँदागत रुपमा प्रस्तुत गर्ने । | ● स्वस्थकर, प्राकृतिक खाना र पत्रु खाना सम्बन्धी भिडियो, बृत्तचित्र<br>● स्थानीय पोषण विज्ञ | लेख्न बनाउन लगाउने ।<br>● पत्रु खाना खाने बानीमा कमी ल्याउन हामीले सुर्धानु पर्ने बानीको सूची बनाउन लगाउने ।<br>● पत्रु खानाको असर सम्बन्धी समुहमा मिलेर नाटक देखाउन लगाउने । | |

कक्षा ८

| क्षेत्र | मुख्य विषयवस्तु | समावेश गर्नुपर्ने विषयवस्तुहरु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| **नागार्जुन नगरपालिकाको परिचय** | नगरपालिकाका सेवा सुविधाहरु | ● नगरपालिकाले दिने सेवा सुविधाहरु | ● नगरपालिकाको संरचना र सेवा प्रवाहबारे जानकारी हासिल गरी उपयोग गर्न | ● नगरपालिकाको संरचना र सेवा प्रवाहबारे जानकारी | ●नगरपालिकाबाट पाईने सेवा सुविधाहरु र त्यसका लागि अपनाउनुपर्ने प्रक्रियाहरुको सूची वा चार्ट बनाई प्रस्तुत गर्ने । जस्तैः नयाँ घरको नक्सा पास, विकासका कार्यहरुमा बजेट, सामान्य झैझगडा मेलमिलाप आदि<br>●विद्यार्थीहरुलाई नगरपालिका कार्यालयको भ्रमण गराई त्यहाँबाट पाईने सेवा सुविधा सम्बन्धी सथानीय जनप्रतिनिधि वा कर्मचारीसँग भेट गराई अन्तरक्रिया गराउने ।<br>●नगरपालिकाको सेवा सुविधा सम्बन्धी भिडीयो वा बृत्तचित्र भएमा प्रस्तुत गर्ने वा स्थानीय जनाकार व्यक्तिसँग छलफल गर्ने ।<br>●सेवा लिनका लागि आवश्यक पर्ने आधारभूत कुराहरुको बारेमा बताईदिने । जस्तैः विभिन्न निवेदनहरुको ढाँचा र आवश्यक कागजात । | ●नगरपालिकाको परिचय र सेवा सुविधा सम्बन्धी लेख, रचना, भिडियो, बृत्तचित्र<br>●नगरपालिकाको नागरिक वडापत्र | ●नगरपालिका बाट हामीले पाइने सेवा सुविधाहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>●यदि कुनै विद्यार्थीको कक्षा ८ वा कक्षा १० को परीक्षाको मार्कसिटमा नाम बिग्रिएर आयो अव उक्त नाम सच्याउन के के प्रक्रिया अपनाउनुपर्छ क्रमबद्ध रुपमा लेखेर प्रस्तुत गर्न लगाउने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | नगरपालिकाका कार्यहरु | ● स्थानीय तहमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी परिचय | ● स्थानीय तहमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी प्रावधान बुझेर तिनीहरुले गर्ने कार्य सम्पादनको वर्णन गर्न र आवश्यकता अनुसार सहयोग लिन | ● स्थानीय तहमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी प्रावधान, तिनीहरुले गर्ने कार्य सम्पादनको वर्णन | ● नगरपालिकाको संरचनाबारे छलफल गर्ने । जस्तैः नगरपालिकामा रहेका वडा संख्या, जनप्रतिनिधि संख्या हुन्छन्, नगरपालिका भित्र कतिजना र कुन कुन पदमा निर्वाचित जनप्रतिनीधिहरु हुन्छन् भन्ने बारेमा बताइ दिने<br>● नगरपालिकाको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका भनेको के हो र तिनीहरुको काम कर्तव्य र अधिकार सम्बन्धी स्थानीय विज्ञसँग छलफल गराउने ।<br>● स्थानीय सरकारको कार्यपालिका, कार्यपालिका र व्यवस्थापिका सम्बन्धी भिडीयो वा बृत्तचित्र खोजी गरी प्रर्दशन गर्ने र अन्तरक्रिया गर्ने । | ● स्थानीय तहमा कार्यपालिका, व्यवस्थापिका र न्यापयालिका सम्बन्धी भिडियो , बृत्तचित्र<br>● नगरपालिका बाट प्रकाशित सेवा सुविधा सम्बन्धी ब्रोसर वा श्रव्यदृष्य सामग्री | ● नगरपालिकाको संरचना चार्ट बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● नगरपालिकामा हुने कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले गर्ने कार्यहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● परियोजना कार्य गराउने | ७ |
| **प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण** | स्थानीय बोटविरुवा | ● शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज परिचय, | ● शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रको परिचय दिई, त्यसको | ● शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रको | ● राष्ट्रिय निकुञ्ज क्षेत्र भनेको के हो र त्यसको के महत्व छ भन्नेबारेमा बताइ दिने ।<br>● शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जसँग सम्बन्धीत ब्रोसर, | ● शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जसँग ब्रोसर, चार्ट, | ● शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको परिचय दिन लगाउने ।<br>● शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जबाट | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | वनको अवस्था र संरक्षण | महत्व, त्यसबाट समुदायलाई भएको फाइदा पहिचान गरी वन संरक्षणका कार्यहरुमा सहभागीता जनाउन | परिचय, महत्व, त्यसबाट समुदायलाई भएको फाइदा र वन संरक्षणका लागि विद्यार्थी, समुदाय, नगरपालिकाले गर्नुपर्ने कार्यहरु | लेखद्धारा वा निकुञ्ज क्षेत्रको प्रत्यक्ष अवलोकन गराइ राष्ट्रिय निकुञ्जको बारेमा छलफल गर्ने ।<br>● विद्यालय नजिकैको वन कार्यालय वा वनका पदाधिकारीसँग भेट गराइ उक्त वनको व्यवस्थापन र संरक्षणका कार्यहरुबारे छलफल गर्ने ।<br>● वनको संरक्षण र दिगो उपयोगका लागि स्थानीय समुदायले गर्दै आएका प्रयासहरु र नगरपालिकाको भूमिका बारेमा खोजी गरी बताइ दिने ।<br>● वनको दिगो उपयोग र संरक्षणका लागि हामीले गर्नुपर्ने कार्यहरुको सूची बनाइ प्रस्तुत गर्ने । | बृत्तचित्र, भिडीयो आदि<br>● स्थानीय वनको संरक्षण र प्रर्वधनका लागि हामीले गर्नुपर्ने कार्यहरुको सूची<br>● विभिन्न श्रव्य दृष्य सामग्रीहरु | स्थानीय क्षेत्रमा भएका फाईदाहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● स्थानीय क्षेत्रमा भएका वनको संरक्षणका लागि विद्यार्थीले गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने ।<br>● नजिकको वनको अवलोकन भ्रमण गरी त्यसको उपयोग र संरक्षणमा भएका कार्यहरुबारे बुझ्रेर परियोजना कार्य गर्न लगाउने ।<br>● दैनिक व्यवहार अवलोकन गर्ने । | |
| | स्थानीय जीवजन्तु | ● वन्यजन्तु अपराध नियन्त्रण र कानुनी व्यवस्था | ● स्थानीय क्षेत्रमा वन्यजन्तु अपराध सम्बन्धी कानुनी प्राधान बुझ्रेर सतर्कता | ● स्थानीय क्षेत्रमा वन्यजन्तु अपराध सम्बन्धी कानुनी प्राधान, | ● स्थानीय वन तथा वरपर पाईने वन्यजन्तुहरुको महत्व सम्बन्धी स्थानीय विज्ञको सहयोगमा छलफल गर्ने । | ● वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धीका कानुनहरुको | ● वन्यजन्तु अपराध सम्बन्धी दण्ड सजायहरुको बारेमा लेखेर प्रस्तुत गर्न लगाउने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | अपनाउन, समाजमा सुसूचित गर्न र वन्यजन्तु अपराध नियन्त्रण गर्न अपनाउनुपर्ने उपायहरुको खोजी र पहिचान गरी संरक्षणमा सहभागी हुन | न्यूनीकरण, सतर्कता र वन्यजन्तु अपराध नियन्त्रण गर्न अपनाउनुपर्ने उपायहरु | ● वन्यजन्तुहरुको शिकार गरेमा, मारेमा वा त्यसलाई असर गरेमा, बेचविखन गरेमा हुने कानुनी कारवाहीहरुबारे बताईदिने र स्थानीय विज्ञसँग छलफल गराउने ।<br>● मानव र वन्यजन्तु बिच हुने द्वन्द्वहरुका बारेमा छलफल गरी त्यसलाई न्यूनीकरण गर्नका लागि स्थानीय क्षेत्रमा अपनाउन सकिने कार्यहरुको सूची प्रस्तुत गर्ने ।<br>● वन्यजन्तुको अपराध सम्बन्धी कानुनी प्रावधानहरुबारे बृत्तचित्र प्रस्तुत गरी छलफल गर्ने । | संगालो र चार्ट<br>● वन्यजन्तु र मानवबिचको द्वन्द्व सम्बन्धी लेख, रचना, ब्रोसर, भिडियो आदि<br>● वन्यजन्तुको संरक्षणमा स्थानीय समुदायले गर्नुपर्ने कार्यहरुको सूची, चार्ट | ● मानव र वन्यजन्तुको द्वन्द्व किन हुन्छ र यसलाई कम गर्न हामीले स्थानीय स्तरमा अपनाउनुपर्ने कार्यहरुको सूची प्रस्तुत गर्न लगाउने ।<br>● वन्यजन्तु मार्नु वा तिनीहरुलाइ असर पार्नु कानूनी अपराध हो भन्ने कुरा बुझाउन एउटा सामुहिक नाटक तयार पारी समुदायमा प्रस्तुत गर्ने लगाउने । | |
| | जलस्रोत | ● स्थानीय खोलानाला र अन्य ठाउँमा पाइने खनीजहरु तथा जलस्रोत र खनीज बिचको अन्तर सम्बन्ध | ● स्थानीय खोलानाला र अन्य ठाउँमा पाइने खनीजहरु पहिचान गर्न, जलस्रोत र खनीज बिचको अन्तर सम्बन्धको | ● स्थानीय खोलानाला र अन्य ठाउँमा पाइने खनीजहरुको परिचय, जलस्रोत र खनीज बिचको अन्तरसम्बन्ध, महत्व, | ● खनिजको परिचय दिई स्थानीय क्षेत्रमा पाईने विभिन्न खनीज पदार्थहरुको सूची बनाइ प्रस्तुत गर्ने ।<br>● ढुंगा, माटो, बालुवा जथाभावी निकाल्दा हाम्रा नदीनालाहरु कसरी विग्रिरहेका छन् भन्ने बारेमा छलफल गर्ने र त्यसबाट मानव समुदाय | ● खनिज पदार्थ सम्बन्धी फोटो, लेख, ब्रोसर वा भिडियो<br>● स्थानीय विज्ञ | ● स्थानीय क्षेत्रमा पाईने खनिज पदार्थहरुको सूची सहित उपयोग लेखेर प्रस्तुत गर्न लगाउने ।<br>● ढुंगा, माटो, बालुवा जथाभावी निकाल्दा हाम्रा नदीनालाहरुमा पर्ने असरहरुबारे सोध्ने | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | महत्वबोध गरी संरक्षण र व्यवस्थापनमा सहयोग गर्न | व्यवस्थापन र संरक्षणका कार्यहरु | लगायत स्थानीय वातावरणमा पर्ने असरहरुबारे छलफल गर्ने ।<br>● नदीजन्य पदार्थहरु निकाल्नको लागि नगरपालिकाले बनाएको नियम खोजीगरी बताइ दिने<br>● कुनै ढुंगा वा बालुवा खानीको वा नदीजन्य पदार्थ संकलन केन्द्रको अवलोकन भ्रमण गराई त्यसको कार्य प्रक्रिया प्रतक्ष्य देखाउने वा भिडियो माफर्त देखाउने । | | ● खनिज पदार्थको उत्खनन्मा नगरपालिकाले बनाएको नियम कार्यान्वयनमा हामीले कसरी सहयोग गर्न सकिन्छ भन्ने बारेमा परियोजना कार्य गराउने । | |
| | प्रदूषण र फोहोरमैला व्यवस्थापन | ● स्थानीय वातावरण प्रदुषणको न्यूनीकरण र फोहोरमैला व्यवस्पथापनमा नगरपालिकाको भूमिका<br>● स्थानीय क्षेत्रमा जलवायु परिवर्तन | ● स्थानीय वातावरण प्रदुषणको न्यूनीकरण र फोहोरमैला व्यवस्पथापनमा नगरपालिकाको भूमिका पहिचान गरी प्रदुषण र फोहोर व्यवस्थापनमा सहयोग गर्न<br>● स्थानीय क्षेत्रमा जलवायु | ● स्थानीय वातावरण प्रदुषणको न्यूनीकरण र फोहोरमैला व्यवस्पथापनमा नगरपालिकाले संचालन गर्दै आएका कार्यहरु<br>● स्थानीय क्षेत्रमा जलवायु परिवर्तनको परिचय, असर पहिचान र | ● स्थानीय क्षेत्रमा फोहोर व्यस्थापन र प्रदुषण नियन्त्रणमा नगरपालिकाले गरिहेका कार्यहरुको खोजी गरी सूची बनाई प्रस्तुत गर्ने ।<br>● फोहोर व्यस्थापन र प्रदुषण नियन्त्रणमा स्थानीय समुदाय तथा विद्यार्थीले गर्नुपर्ने कार्यहरुको सूची सहित छलफल गर्ने ।<br>● प्रदुषण नियन्त्रण र फोहोर व्यवस्थापन सम्बन्धी बृत्तचित्र वा भिडियो प्रस्तुत गर्ने । | ● प्रदुषण र फोहोर व्यवस्थापन सम्बन्धी भिडीयो वा स्थानीय फोहोर व्यवस्थापन केन्द्रको ब्रोसर<br>● फोहोर व्यवस्थापनका लागि हामीले गर्नुपर्ने | ● आफ्नो टोलमा प्रदुषण तथा फोहोर व्यवस्थापनका लागि के कसता कार्यहरु गर्ने गरिएको छ, स्थानीय टोल बिकास संस्थाका प्रतिनिधि वा वडाका जनप्रतिनिधिसँग सोधर लेखी प्रस्तुत गर्न लगाउने ।<br>● पुन : प्रयोग गरेर कागज वा प्लाष्टिकको कुनै एक | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिवर्तनको असर पहिचान गरी न्यूनीकरणका उपायहरु अवम्बन गर्न | न्यूनीकरणका उपायहरु | ● मौसम र जलवायुको परिचय दिई जलवायु परिवर्तनबारे बताइ दिने । <br>● स्थानीय वातावरण प्रदुषण र जलवायु परिवर्तनले स्थानीय क्षेत्रमा पारेको असरहरूको बारे स्थानीय विज्ञहरुसँग छलफल गर्ने । <br>● पहिले र अहिलेको मौसममा भएको भिन्नताको बारेमा स्थानीय अग्रजहरूसँग सोधखोज गर्ने/गराउने । <br>● विद्यार्थीहरूलाई चित्र प्रदर्शन छलफल र श्रव्यदृश्यवाट हरित गृह ग्याँस र विश्वव्यापी तापक्रमका बारेमा जानकारी दिने । <br>● वैकल्पिक ऊर्जा, वृक्षरोपण, औद्योगिक ठोस फोहोरमैला व्यवस्थापन, आगलागी आदि न्यूनीकरणसँग सम्बन्धित कुराहरूबारे छलफल गर्ने र परियोजना बनाउने । | कार्यहरुको सूची <br>● गड्यौले मल बनाउने, बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने तरिकाहरु सम्बन्धी श्रव्य दृष्य सामग्रीहरु <br>● जलवायु परिवर्तन सम्बन्धी श्रव्य दृष्य सामग्रीहरु | सामग्री तयार पारेर प्रदर्शन गर्न लगाउने । <br>● तरल फोहोर व्यवस्थापनका उपायहरूको सूची बनाउन लगाउने । <br>● मौसम, जलवायु र जलवायु परिवर्तन सम्बन्धी परिचय दिन लगाउने । <br>● जलवायु परिवर्तनले स्थानीय क्षेत्रमा पारेका असरहरू खोजी गरी त्यसको न्यूनीकरण र अनुकुलनका लागि स्थानीयस्तरमा गर्न सकिने क्रियाकलापहरू समेटेर परियोजना प्रतिवेदन तयार पार्न लगाइ प्रस्तुत गर्न लगाउने । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **प्रकोप र विपद्** | विपद् व्यवस्थापन | ● स्थानीय क्षेत्रमा प्रकोप तथा विपद् व्यवस्थापनको योजना निर्माण र कार्यान्वयनमा नगरपालिकाको भूमिका | ● स्थानीय क्षेत्रमा प्रकोप तथा विपद् व्यवस्थापनको योजनाका सीपहरु पहिचान गरी विद्यालय तथा समुदायमा प्रकोप, विपद योजना निर्माण गर्न र कार्यान्वयनमा सहयोग गर्न | ● नगरपालिका क्षेत्रमा हुन सक्ने विभिन्न प्रकोप विपद्हरूको असर पहिचान, असर न्यूनीकरण र सावधानीका लागि समुदायमा प्रकोप, विपद योजना निर्माण र कार्यान्वयनमा नगरपालिकाको भूमिका | ● प्राकृतिक प्रकोपबाट उत्पन्न हुनसक्ने विपद्हरूको बारेमा छलफल गरी त्यसबाट सुरक्षित रहन हामीले अपनाउनु पर्ने उपायहरूका बारेमा भिडियो वा पोष्टरहरू प्रदर्शन गर्ने, विज्ञसँग छलफल गर्ने, परामर्श लिने ।<br>● विज्ञको सुझावका आधारमा क्षति न्यूनीकरणका लागि तत्काल गनुपर्ने कार्यहरूको सूची तयार पारी सबैले देख्ने ठाउँमा टाँस्ने । जस्तैः विद्यालयमा हुँदा भूकम्प आएमा के गर्ने, हावाहुरी आउमा के गर्ने आदि ।<br>● प्रकोपको पूर्व तयारीका लागि नगरपालिकाले के गरिरहेको छ र त्यस कार्यमा हामीले कसरी सहयोग गर्न सक्छौं भन्नेबारेमा नगरपालिकाका प्रतिनिधीसँग अन्तरक्रिया गराउने ।<br>● प्रकोप व्यवस्थापनको अल्पकालीन र दीर्घकालीन योजनाबारे छलफल गरी | ● प्रकोपबाट हुन सक्ने क्षति क्षति, असर न्यूनीकरण र सावधानी सम्बन्धी श्रव्य दृष्य सामग्री<br>● विपद् व्यवस्थापन योजना निर्माण सम्बन्धी लेख, किताव, बृत्तचित्र आदि<br>● नगरपालिकाको विपद् व्यवस्थापन योजना पुस्तिका | ● स्थानीय क्षेत्रमा विपद व्यवस्थापन र शहरी सुरक्षा सम्बन्धी नगरपालिकाले के गरिरहेको छ वा योजना के छ भन्ने बारेमा आफ्नो वस्ती भएका वडाका प्रतिनिधि वा नगरपालिकाका प्रतिनिधिसँग छलफल गरी बुँदागत रुपमा लेखेर प्रस्तुत गर्न लगाउने ।<br>● समुहगत रुपमा विद्यालयको विपद् योजना सामग्री बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● भूकम्पको बेला हामीले सुरक्षित रहन गर्न सकिने कार्यहरूको बारेमा प्रस्तुती दिन लगाउने ।<br>● स्थानीय सडक र शहरी सुरक्षा सम्बन्धी योजना बनाइ प्रस्तुत गर्न लगाउने । | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | योजना निर्माण र त्यसको अभ्यास र प्रचारप्रसार गर्ने ।<br>● शहरी सुरक्षा सम्बन्धी विज्ञसँग छलफल गर्ने । | | ● समुहगत रुपमा जनचेतनामुलक सामग्रीहरू समुदायमा प्रस्तुत र अभिनय गर्न लगाउने । | |
| **धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल** | स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलको परिचय | ● इचंगु नारायण, हल्चोक आकास भैरव, इन्द्रेणी मन्दिर, कृष्ण मन्दिर, ह्वाइट गुम्वा लगायतका स्थानीय धार्मिक ऐतिहासिक क्षेत्रहरुको परिचय | ● इचंगु नारायण, हल्चोक आकास भैरव, इन्द्रेणी मन्दिर, कृष्ण मन्दिर, ह्वाइट गुम्वा लगायतका स्थानीय धार्मिक ऐतिहासिक क्षेत्रहरुको परिचय दिई त्यहाँ गरिने क्रियाकलापहरु बारे बताउन र उक्त क्षेत्रहरुको ऐतिहासिक तथा धार्मिक महत्वबोध गरी संरक्षण तथा प्रर्वधनमा सहयोग गर्न | ● इचंगु नारायण, हल्चोक आकास भैरव, इन्द्रेणी मन्दिर, कृष्ण मन्दिर, ह्वाइट गुम्वा लगायतका स्थानीय धार्मिक ऐतिहासिक क्षेत्रहरुको परिचय, त्यहाँ गरिने क्रियाकलापहरु र उक्त क्षेत्रहरुको संरक्षण तथा प्रर्वधनमा स्थानीय समुदाय, विद्यार्थीको भूमिका | ● इचंगु नारायण, हल्चोक आकास भैरव, इन्द्रेणी मन्दिर, कृष्ण मन्दिर, ह्वाइट गुम्वा लगायतका स्थानीय धार्मिक ऐतिहासिक क्षेत्रहरुको अवलोकन गराई वा तिनीहरुको फोटो देखाई तिनीहरुको परिचय, महत्व, हालको अवस्था, संरक्षण र प्रर्वधनका लागि अपनाउनुपर्ने उपायहरुबारे छलफल गर्ने ।<br>● विद्यालय नजिकको कुनै एक चर्च, मस्जिद, गुम्वा वा मन्दिरको अवलोकन भ्रमण गराई त्यसको परिचय, महत्व, व्यवस्थापन र प्रर्वधनका उपायहरुबारे सम्बन्धीत व्यक्तिसँग छलफल गराउने ।<br>● स्थानीय इतिहासविद, संस्कृतिविदसँग इचंगु नारायण, हल्चोक आकास | ● इचंगु नारायण, हल्चोक आकास भैरव, इन्द्रेणी मन्दिर, कृष्ण मन्दिर, ह्वाइट गुम्वासँग सम्बन्धित ब्रोसर, लेख, रचना, फोटो आदि<br>● श्रव्यदृष्य सामग्रीहरु, भिडियो, डकुमेन्ट्री आदि<br>● स्थानीय संस्कृतिविद तथा इतिहास विद | ● इचंगु नारायण, हल्चोक आकास भैरव, इन्द्रेणी मन्दिर, कृष्ण मन्दिरको महत्व सहित परिचय दिन लगाउने ।<br>● आफ्नो वस्ती नजिक रहेको कुनै एक धार्मिक स्थानको परिचय सहित संरक्षणका लागि हामीले गर्न सक्ने कार्यहरुको सूची बनाउन लगाउने ।<br>● हामीले हाम्रा धार्मिक तथा ऐतिहासिक स्थलको संरक्षण किन गर्नुपर्छ सोध्ने ।<br>● अवलोकन भ्रमणको आधारमा परियोजना कार्य गराउने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | भैरव, इन्द्रेणी मन्दिर, कृष्ण मन्दिर, ह्वाइट गुम्वा लगायतका स्थानीय धार्मिक ऐतिहासिक क्षेत्रहरुको महत्व र व्यवस्थापन सम्बन्धी अन्तरक्रिया गराउने । | | | |
| | स्थानीय पर्यटकीय स्थलको परिचय | ● भीमढुंगा, रानीवन, थाप्ले लगायतका पर्यटकीय क्षेत्रहरुको परिचय र व्यवस्थापन | ● भीमढुंगा, रानीवन, थाप्ले लगायतका पर्यटकीय क्षेत्रहरुको परिचय दिई व्यवस्थापनमा स्थानीय समुदाय, सरकार र आफ्नो भूमिकाको पहिचान गरी संरक्षण र प्रवर्धनका कार्यहरुमा सहभागी हुन | ● भीमढुंगा, रानीवन, थाप्ले लगायतका पर्यटकीय क्षेत्रहरुको परिचय र व्यवस्थापनमा स्थानीय समुदाय, सरकार र विद्यार्थीको भूमिका | ● भीमढुंगा, रानीवन, थाप्ले क्षेत्रको अवलोकन भ्रमण गराई त्यहाँ भइरहेका पर्यटकीय गविधिहरु सम्बन्धी स्थानीय व्यक्तिसँग अन्तरक्रिया गराउने<br>● विद्यार्थीहरुलाई समुहमा विभाजन गरी विद्यालय नजिकको कुनै एक पर्यटकीय क्षेत्रको नमुना व्यवस्थापन योजना समुहगत रुपमा बनाउन लगाइ प्रस्तुत गर्न लगाउने र निष्कर्ष दिने ।<br>● पर्यटकीय स्थानहरुको प्रवर्धन र संरक्षणमा स्थानीय सरकारले चालेका कदमहरुका बारेमा नगरपालिकाका पदाधिकारी वा स्थानीय विज्ञसँग अन्तरक्रिया गराउने ।<br>● पर्यटकीय स्थलहरुको प्रवर्धनसँग सम्बन्धीत भिडियो | ● भीमढुंगा, रानीवन, थाप्ले लगायत स्थानीय पर्यटकीय क्षेत्रको फोटो, त्यस सम्बन्धी ब्रोसर<br>● श्रव्यदृष्य सामग्रीहरु, भिडियो, डकुमेन्ट्री आदि<br>● पर्यटकीय क्षेत्र व्यवस्थापन सम्बन्धी नगरपालिकाको योजना<br>● स्थानीय विज्ञ | ● भीमढुंगा, रानीवन, थाप्ले क्षेत्रको छोटो परिचय र पर्यटकीय क्रियाकलापहरुबारे लेख्न लगाउने ।<br>● आफ्नो घर नजिक रहेका कुनै एक पर्यटकीय क्षेत्रको बारेमा बुझेर नमुना व्यवस्थापन योजना बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● पर्यटकीय स्थलहरुको प्रवर्धनका लागि नगरपालिकाले बनाएका योजनाहरु खोजी गरी बुँदागत रुपमा लेख्न लगाउने ।<br>● पर्यटकयि क्षेत्रहरुको प्रवर्धन र संरक्षणमा विद्यार्थीको भूमिका | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | वा बृत्रचित्र खोजी गरी देखाउने र स्थानीय क्षेत्रको प्रवर्धन गर्न अभिप्रेरित गर्ने । | | विषयक बक्तृव्तकलाको आयोजना गर्ने ।<br>● घर वा विद्यालय नजिकको पर्यटकीय ठाउँको सरसफाईमा सहभागी गराउने<br>● विद्यार्थीको सहभागीता तथा क्रियाकलाप अवलोकन गर्ने । | |
| **स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति** | स्थानीय जातजाति, भाषा भेषभूषा र संस्कृति | ● स्थानीय भाषा तथा भेषभूषा संरक्षण र सर्म्बधनमा स्थानीय सरकारको भूमिका | ● स्थानीय भाषा तथा भेषभूषा संरक्षण र सर्म्बधनमा स्थानीय सरकार तथा समुदायको भूमिका पहिचान गरी संरक्षण र प्रवर्धनमा सहभागी हुन र संस्कृतिको सम्मान गर्न | ● स्थानीय भाषा तथा भेषभूषा संरक्षण र सर्म्बधनमा स्थानीय सरकार तथा समुदायको भूमिका तथा संस्कृतिको सम्मान | ● नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने विभिन्न जातजतिको भाषा, भेषभूषा, संस्कृति सम्बन्धी भिडियो वा चार्ट बनाइ प्रस्तुत गर्ने र विद्यार्थीहरुलाई लेख्न लगाउने<br>● स्थानीय भाषा, भेषभूषा, धर्म, संस्कृति, कला आदिको प्रवर्धन र संरक्षणका लागि स्थानीय सरकार तथा स्थानीय समुदायले गर्नुपर्ने कार्यहरुको सूची बनाई प्रस्तुत गर्ने ।<br>● स्थानीय भाषा, धर्म, संस्कृतिको हामीले किन | ● स्थानीय संग्रहालय<br>● स्थानीय जातजातिको भाषा, भेषभूषा, चापपर्व, बाजागाजा सम्बन्धी भिडीयो, पम्पलेट, ब्रोसर आदि<br>● स्थानीय संस्कृति विज्ञ | ● स्थानीय संस्कृति प्रवधृन र संरक्षण्का लागि नगरपालिकाले गर्दै आएका कार्यहरुबारे खोजी गरी बुँदागत रुपमा लेख्न लगाउने ।<br>● विभिन्न चापपर्वमा बजाउने बजाहरुको सूची र चित्र बनाउन लगाउने ।<br>● हाम्रो भाषा, भेषभूषा, संस्कृति संरक्षणका लागि हामीले गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सम्मान गर्नुपर्छ भन्नेबारेमा सोध्ने ।<br>● स्थानीय संस्कृतिको सम्बर्धन सम्बन्धी एउटा सडक नाटक तयार पारी विद्यार्थीहरुको सहभागितामा समुदायमा प्रस्तुत गर्ने । | | ● विद्यार्थीहरुको सडक नाटकमा सहभागिताको अवलोकन गर्ने ।<br>● विद्यार्थीहरुको व्यवहारिक परिवर्तन अवलोकन गर्ने | |
| | स्थानीय चाडपर्व, रितीरिवाज र संस्कार | ● दशैं, तिहार, बुद्ध जयन्ती, क्रिसमस, इद परिचय र हाम्रो धार्मिक, सामाजिक सहिष्णुता | ● दशैं, तिहार, बुद्ध जयन्ती, क्रिसमस, इद लगायतका स्थानीय क्षेत्रमा मनाईने चाडहरुको महत्वबोध गरी चाडपर्वहरुमा सहभागी हुन र हाम्रो धार्मिक, साँस्कृतिक, सामाजिक सहिष्णुता कायम राख्न सहयोग गर्न | ● दशैं, तिहार, बुद्ध जयन्ती, क्रिसमस, इद लगायतका स्थानीय क्षेत्रमा मनाईने चाडहरुमा गरिने क्रियाकलापहरु र हाम्रो धार्मिक, साँस्कृतिक, सामाजिक सहिष्णुता | ● दशैं, तिहार, बुद्ध जयन्ती, क्रिसमस, इद लगायतका स्थानीय क्षेत्रमा मनाईने चाडहरुमा गरिने क्रियाकलापहरु र बनाइने परिकारहरुबारे छलफल गरी निष्कर्ष दिने ।<br>● पर्व, मेलाजात्रा मनाउँदा हामीले ध्यान दिनुपर्ने कुराहरुबारे छलफल गर्ने ।<br>● धार्मिक सहिष्णुता र सम्मानको महत्वबारे छलफल गर्ने ।<br>● धार्मिक सहिष्णुता, एक अर्काका धार्मिक क्रियाकलापहरुको सम्मान गर्ने बानीको विकास गर्न चाडपर्वहरुमा सहभागी गराउने । | ● विभिन्न चाडपर्व, मेलाजात्रा सम्बन्धी लेख, रचना, फोटो, चित्र तथा श्रव्यदृष्य सामग्रीहरु<br>● स्थानीय विज्ञ | ● स्थानीय क्षेत्रमा मानाईने चाडहरुको छोटो परिचय र महत्व लेखेर प्रस्तुत गर्न लगाउने ।<br>● धर्मिक सहिष्णुता भनेको के हो र समुदायमा शहिष्णुता कायम गर्न हामीले गर्नुपर्ने कार्यहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● स्थानीय मेला जात्रामा सहभागीता जनाउँदा ध्यान दिनुपर्ने कुराहरुको सूची बनाउन लगाउने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **सामाजिक मूल्य मान्यता र असल संस्कार** | असल संस्कार | ● स्थानीय क्षेत्रमा भएका सामाजिक संघसंस्थाहरुले गर्ने कार्यहरु ( महिला समुह, क्लव, रेडक्रस, स्काउट) र सामाजिक संस्थाहरुमा हाम्रो सहभागिता | ● स्थानीय क्षेत्रमा भएका सामाजिक संघसंस्थाहरुले गर्ने कार्यहरु ( महिला समुह, क्लव, रेडक्रस, स्काउट) र सामाजिक संस्थाहरुको महत्वबोध गरी सामाजिक काममा सहभागिता जनाउन | ● स्थानीय क्षेत्रमा भएका सामाजिक संघसंस्थाहरुले गर्ने कार्यहरु ( महिला समुह, क्लव, रेडक्रस, स्काउट) र सामाजिक संस्थाहरुले गर्ने कार्यहरु र हाम्रो सहभागिता | ● विद्यालय तथा समुदायमा भएका विभिन्न संघसंस्थाको परिचय र तिनीहरुले गर्ने कामहरुबारे जानकारी गराउने । जस्तैः महिला समुह, क्लव, रेडक्रस, स्काउट, स्थानीय युवा क्लव आदि ।<br>● विद्यार्थीहरुलाई उक्त संस्थाका आधिकारिक व्यक्तिहरुसँग भेट गराई उनीहरुले गर्ने काम र समाजमा पारेको सकारात्मक प्रभावका बारेमा चर्चा गर्न लगाउने, अन्तरक्रिया गराउने<br>● विद्यार्थीहरुलाई सामाजिक कार्यहरुमा सहयोग गर्ने बानीको बिकास गर्न विभिन्न प्रेरणात्मक बृत्तचित्र वा भिडियो प्रस्तुत गरी छलफल गर्ने ।<br>● विद्यार्थीहरुलाई विद्यालयमा हुने विभिन्न कार्यक्रमहरुमा स्वयंसेवकको रुपमा परिचालन गर्ने । | ● समुदायमा भएका संस्थाहरुको सूची र त्यस सम्बन्धी फोटो, ब्रोसर, लेख, रचना, भिडियो<br>● सकारात्मक सोच, असल बानी र सामाजिक सेवा जगाउने किसिमका बृत्तचित्रहरु | ● आफ्नो टोलमा महिला समुह वा आमा समुहको बारेमा सोधीखोजी त्यसले गर्ने कार्यहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● विद्यालयमा रेडक्रस र स्काउटले गर्ने कार्यहरुबारे बुझेर लेख्न लगाउने ।<br>● सामाजिक कार्यमा सहयोगबाट हुने फाईदाहरुका बारेमा लेख्न लगाउने ।<br>● विद्यालयमा हुने कार्यहरुमा सहभागिताको अवलोकन गर्ने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | नैतिक मूल्य मान्यता | ● सामाजिक विभेद र कुरीति, कुलत सम्बन्धि नगरपालिकाको कानूनी प्रावधान र कार्यान्वयन | ● सामाजिक विभेद र कुरीति, कुलतको असर पहिचान गरी त्यसबाट टाढा रहन र यस्ता नराम्रा कार्यहरुको न्यूनीकरणका लागि नगरपालिकाले निर्माण गरेका नियम कानुनहरुको बारेमा बुझेर समुदायमा सुसुचित गर्न | ● कुलत र दुर्व्यसनीको परिचय, असर तिनीहरुबाट बच्न हामीले अपनाउनुपर्ने उपायहरु र दुर्व्यसनी नियन्त्रणका लागि परिवार र स्थानीय समुदायको भूमिका | ● सामाजिक विभेद, कुलत, दुर्व्यसनीको परिचय तथा असर र त्यसको न्यूनीकरणका उपायहरू सम्बन्धी छलफल गरी बुँदागत रुपमा प्रस्तुत गर्ने । त्यस्ता कार्यबाट सतर्क रहन सुसूचित गर्ने ।<br>● कुलत र दुर्व्यसनी नियन्त्रण सम्बन्धी काम गर्ने स्थानीय संघसंस्थाका प्रतिनिधिहरूसँग छलफल, अन्तरक्रिया गर्ने/गराउने ।<br>● सामाजिक विभेद, कुलत र दुर्व्यसनी सम्बन्धी चेतनामूलक भिडियो प्रस्तुत गर्ने ।<br>● सामाजिक विभेद, कुतल विरुद्ध स्थानीय क्षेत्रमा गर्न सकिने कार्यक्रमहरू गर्ने (घरदैलो, सचेतना, पोष्टरिङ्ग, ऱ्याली, सडक नाटक आदि) संचालन गर्ने ।<br>● सामाजिक विभेद, कुलत जस्ता सामाजिम अपराधहरुको कानुनी सजायहरुबारे स्थानीय विज्ञसँग छलफल गर्ने र | ● सामाजिक विभेद, कुलत र दुर्व्यसनी सम्बन्धी लेख रचना, पम्पप्लेट, ब्रोसर<br>● श्रव्यदृष्य सामग्रीहरु<br>● सामाजिक अपराध विरुद्धको नियम कानूनको सूची | ● सामाजिक विभेद अपराध हो यसलाई हटाउन हामी सबै जाग्नुपर्छ भन्ने शिर्षकमा बक्तृत्वकलाको आयोजना गर्ने ।<br>● कुलत र दुर्व्यसनी विरुद्ध हामीले स्थानीयस्तरमा गर्न सकिने कियाकलापहरूका बारेमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>● सामजिक विभेद, कुलत तथा दुर्व्यसनी नियन्त्रणका लागि नगरपालिकाले गर्दै आएका कार्यक्रमहरु खोजी गरी बुँदागत रुपमा प्रस्तुत गर्न लगाउने ।<br>● घरदैलो कार्यक्रम संचालन गरी विद्यार्थीको दैनिक क्रियाकलाप अवलोकन गर्ने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | नगरपालिकाले गर्दै आएका कार्यहरुबारे जानकारी दिने । | | | |
| **स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता** | कृषि | ● जडीबुटी खेती<br>● कृषि व्यवसायमा चुनौति र कृषि प्रवर्धनमा स्थानीय सरकारको भूमिका | ● स्थानीय क्षेत्रमा गरिने जडीबुटी खेतीहरु सम्बन्धी आधारभूत सीप सिकेर उत्पादन र उपयोग तथा बजारीकरणमा सहयोग गर्न<br>● कृषि क्षेत्रमा आइपर्नसक्ने चुनौतिहरुको पहिचान गरी सावधानी अपनाउने कार्यमा सहयोग गर्न | ● स्थानीय क्षेत्रमा गरिने जडीबुटी खेतीहरु सम्बन्धी आधारभूत सीप उपयोग तथा बजारीकरण<br>● कृषि क्षेत्रमा आइपर्नसक्ने चुनौतिहरुको पहिचान र सावधानीका उपायहरु | ● स्थानीय स्तरमा पाईने विभिन्न औषधिजन्य वनस्पतिहरुको सूची बनाइ त्यसको उपयोग, फोटो सहित प्रस्तुत गर्ने । जस्तैः तुलसी, धसिंगरे, निम, दुबो, घ्यूकुमारी, पारिजात, अमला, बज्रदन्ती आदि ।<br>● जडीबुटी खेती सम्बन्धी सीपको विकास गर्न त्यस सम्बन्धी भिडीयो वा बृत्तचित्र प्रर्दशन गर्ने वा कुनै जडीबुटी खेती गरेको ठाउँमा अवलोकन गराउने । जसमा विभिन्न बिउ, विरुवा, रोप्ने समय, उत्पादन दिन लाग्ने समय, गोडमेल, बजार, जस्ता कुराहरु समेट्ने ।<br>● विद्यार्थीहरुलाई प्रत्येकले आफ्नो घरमा कम्तीमा कुनै एक जडीबुटी रोप्न लगाउने, उक्त जडीबुटीको बिऊ वा विरुवा तथा रोप्ने बिधि र | ● विभिन्न जडीबुटी खेती गर्ने तरिका, उपयोगिता सहितको फोटो, चित्र, भिडियो, बृत्तचित्र, पोष्टर आदि ।<br>● कृषि क्षेत्रमा आइपर्न सक्ने चुनौतिहरुको सूची | ● आफ्नो गाउँघर तथा वस्ती वरिपरी गरिने जडीबुटीहरुको सूची बनाउन लगाउने ।<br>● विद्यालय नजिकैको कुनै एक जडीबुटी वा कृषि केन्द्रको अवलोकन गर्न लगाई उक्त केन्द्रको परिचय सहितको परियोजना कार्य गर्न लगाउने ।<br>● कृषि क्षेत्रमा आईपर्न सक्ने चुनौतिहरुलाई कम गर्न स्थानीय कृषक तथा स्थानीय सरकारले गर्नुपर्ने कार्यहरु बुँदागत रुपमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>● जडीबुटी खेती सम्बन्धी सीप | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | उपयोग लेखी चित्र सहित प्रस्तुत गर्न लगाउने ।<br>● स्थानीय क्षेत्रमा कृषि व्यवसाय संचालन गर्दा आईपर्न सक्ने चुनौति र ती चुनौति कम गर्न कृषकहरुले अपनाउनुपर्ने सावधानीका विषयमा स्थानीय कृषी फार्म संचालक वा कृषि विज्ञसँग अन्तरक्रिया गराउने । | | बिकासको मूल्याङ्कन गर्ने । | |
| | व्यापार व्यवसाय | ● होमस्टे व्यवसाय संचालन | ● होमस्टे व्यवसाय संचालन गर्नका लागि आवश्यक आधारभूत कुराहरुको जनाकारी प्राप्त गरी होम स्टे संचालन गर्न | ● होमस्टे व्यवसाय संचालन गर्नका लागि आवश्यक आधारभूत कुराहरुको जनाकारी | ● पर्यटनको परिचय दिई त्यसको प्रकार, महत्व र आर्थिक क्रियाकलापमा पर्यटनको भूमिका सम्बन्धी छलफल गर्ने<br>● पर्यटन व्यवसायको प्रवर्धनमा स्थानीय समुदायले गर्नुपर्ने कार्यहरुबारे छलफल गर्ने ।<br>● होम स्टेको परिचय दिई यसको संचालनका लागि आधारभूत आवश्यक कुराहरुको सूची बनाई प्रस्तुत गर्ने ।<br>● विद्यालय नजिकको कुनै होम स्टे संचालन भईरहेको क्षेत्रको अवलोकन गराई सम्बन्धित | ● स्थानीय पर्यटकीय क्षेत्रहरुको सूची<br>● पर्यटन र पर्यटकीय क्रियाकलाप सम्बन्धी फोटो, ब्रोसर, पम्प्लेट<br>● स्थानीय पर्यटन व्यसायी, होम स्टेसँग सम्बन्धित | ● पर्यटन व्यवसायको प्रर्बधनमा स्थानीय समुदायको भूमिका लेख्न लगाउने ।<br>● विद्यालय नजिकको पर्यटकीय क्षेत्रको बारेमा परियोजना कार्य गराउने<br>● होम स्टेको परिचय दिई यसका लागि आवश्यक कुराहरुको बुँदागत रुपमा लेखी प्रस्तुत गराउने ।<br>● मानौ तपाईको घरको दुईवटा कोठाहरु खाली छन् । तपाईले अव उक्त कोठाहरुलाई उपयोग | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | व्यक्तिसँग भेट गराई होम स्टे संचालनका सीपहरु र फाईदा सम्बन्धी अन्तरक्रिया गराउने । जस्तैः थाप्ले होम स्टे ।<br>● देशको कुनै नमुना होम स्टे सम्बन्धी भिडियो वा बृत्तचित्र खोजी गरी प्रस्तुत गर्ने । | | गरी होम स्टे संचालन गर्ने बिचार गर्नुभयो । अव तपाईको घरमा होम स्टे संचालनको योजना बनाइ प्रस्तुत गर्नुहोस् । | |
| | स्थानीय प्रविधिमा आधारित उद्योग-व्यवसाय | ● परम्परागत प्रविधिमा आधारित तेल र उखु पेल्ने तरिका र तिनीहरुको प्रवर्धन | ● परम्परागत प्रविधिमा आधारित तेल र उखु पेल्ने सीपको बिकास गरी परम्परागत व्यवसायको प्रवर्धन र संरक्षणमा सहयोग गर्न | ● परम्परागत प्रविधिमा आधारित तेल र उखु पेल्ने सीप सम्बन्धी जानकारी, उक्त प्रकारका उद्योगको हालको अवस्था, बजारमा माग र संरक्षण, सुचारु सम्बन्धी जानकारी | ● स्थानीय परम्परागत प्रविधिमा आधारित विभिन्न उद्योग व्यवसायहरुको सूची बनाई छोटो परिचय सहित प्रस्तुत गर्ने ।<br>● स्थानीय प्रविधिमा आधारित तेल र उखु पेल्ने मेसिनको फोटो वा बृत्तचित्र खोजी गरी प्रस्तुत गर्ने ।<br>● स्थानीय बुढापाका जस्ले परम्परागत तेल पेल्ने कोलको उपयोग गरेका थिए उनीहरुसँग अन्तरक्रिया गराउने ।<br>● स्थानीय क्षेत्रमा भएको तेल पेल्ने मिल र उखु पेल्ने मेसिनको अवलोकन गराई वा जानकार व्यक्तिसँग भेट गराई त्यसबारेमा परिचय र बजार | ● स्थानीय प्रविधिमा आधारित व्यवसाय हरुको सूची, फोटो, ब्रोसर, पम्प्लेट<br>● श्रव्य दृष्य सामग्री<br>● नगरपालिका क्षेत्रमा भएको तेल र उखु पेल्ने उद्योगको परिचय सम्बन्धी लेख, रचना, ब्रोसर, फोटो, भिडियो आदि । | ● आफ्नो विद्यालय नजिक वा टोलवस्तीमा भएको तेल पेल्ने मिलको परिचय लेख्न लगाउने ।<br>● उखुबाट रस निकाल्ने परम्परागत प्रक्रियाका बारेमा समुदायका बुढापाकालाई सोधेर लेखी प्रस्तुत गर्न लगाउने ।<br>● स्थानीय क्षेत्रमा उत्पादित सामानको बजारमा माग र अवस्थाबारे परियोजना कार्य गर्न लगाउने । | ६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | माग सम्बन्धी जानकारी गराउने ।<br>● परम्परागत प्रविधिमा आधारित उद्योग व्यवसाय र हाम्रो जिवनशैली विषयमा स्थानीय विज्ञसँग अन्तरक्रिया गराउने, निष्कर्ष प्रस्तुत गर्ने । | | | |
| **स्थानीय खेलकुद, योग र सन्तुलित भोजन** | स्थानीय खेलकुद, योग, व्यायाम | ● स्थानीय क्षेत्रमा भएका योग तथा ध्यान केन्द्रको परिचय र संचालित गतिविधीहरू | ● स्थानीय क्षेत्रमा भएका योग तथा ध्यान केन्द्रको परिचय र संचालित गतिविधीहरूको पहिचान गरी तिनीहरुको प्रर्वधनमा सहयोग गर्न तथा योग ध्यानको अभ्यास गर्न र अरुलाई सिकाउन | ● स्थानीय क्षेत्रमा भएका योग तथा ध्यान केन्द्रको परिचय र संचालित गतिविधीहरू र तिनीहरुको प्रर्वधन | ● स्थानीय क्षेत्रमा भएका योग, व्यायाम, जिम, खेदकुद प्रशिक्षण केन्द्र आदिको खोजी गरी सूची बनाउने र तिनीहरुले संचालन गर्दै आएका क्रियाकलापहरुबारे बताउने ।<br>● विद्यालय नजिकैको कुनै एक योग, व्यायाम, जिम, खेदकुद प्रशिक्षण केन्द्रको अवलोकन भ्रमण गराई त्यसको सेवा सुविधा सम्बन्धी संचालकसँग छलफल गरी प्रतिवेदन तयार पार्न लगाउने ।<br>● खेल,योग ध्यानका फाइदाहरूबारे चर्चा गर्ने ( शारीरिक तथा मानसिक फाइदा) बारेमा चर्चा गर्ने ।<br>● दैनिक अभ्यासको तालिका बनाउन लगाउने र कुनै | ● विभिन्न खेल, योगा र प्रणायाम सम्बन्धी सूची, ब्रोसर, फोटो, श्रव्यदृष्य सामग्री<br>● योग ध्यानको फाईदा सम्बन्धी सूची, ब्रोसर, फोटो, श्रव्यदृष्य सामग्री<br>● स्थानीय योग, ध्यान, जिम लगायत विभिन्न खेल प्रशिक्षण केन्द्रहरुको ब्रोसर | ● स्थानीय कुनै एक खेलकुद, योग, व्यायाम प्रशिक्षण केन्द्रको परिचय दिन लगाउने ।<br>● योग ध्यानले कसरी हाम्रो स्वास्थ्यमा राम्रो प्रभाव पार्दछ भन्ने बारेमा सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● कुनै एउटा योग तथा आशनको बारेमा वर्णन गर्न लगाउने ।<br>● विद्यार्थीहरुको क्रियाकलाप अवलोकन गर्ने । | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रसिद्ध व्यक्तिहरूले बनाएको नमूना प्रदर्शन गर्ने र त्यसै अनुरुप दैनिक अभ्यास गर्ने । | | | |
| | सन्तुलित भोजन | ● सन्तुतिल भोजनले स्वास्थ्यमा पार्ने सकरात्मक प्रभाव | ● सन्तुतिल भोजनले स्वास्थ्यमा पार्ने सकरात्मक प्रभावबारे जानकारी हासिल गरी सन्तुलित भोजनको अभ्यास गर्न | ● सन्तुतिल भोजनले स्वास्थ्यमा पार्ने सकरात्मक प्रभावबारे जानकारी र सन्तुलित भोजनको अभ्यास | ● प्राकृतिक खाना र पत्रु खाना सम्बन्धी भिडीयो प्रस्तुत गर्ने ।<br>● चिल्लोरहित, ताजा, रेसादार खानाले, रसायन नमिसाईएको खानाले हामीलाई हुने फाईदाहरुबारे छलफल गर्ने । जस्तैः रोग क्षमता बढाउने ।<br>● बजारमा पाईने पत्रुखाना (junk food) हरुको सूची बनाई त्यसले हामीलाई गर्ने असरहरुबारे प्रस्तुत गर्ने ।<br>● हाम्रो दैनिक जीवनमा सन्तुतिल भोजन र योगव्यायामको अन्तरसम्बन्धबारे विज्ञसँग छलफल गरी बुँदागत रुपमा प्रस्तुत गर्ने । जस्तैः सन्तुलित भोजन गरेर दैनिक व्यायाम गरेमा हाम्रो शरीरको रोगसँग लड्ने क्षमता बढ्छ । | ● स्वस्थकर, प्राकृतिक खाना र पत्रु खानाहरुको सूची, फोटो, पोस्टर<br>● स्वस्थकर, प्राकृतिक खाना र पत्रु खाना सम्बन्धी भिडीयो, बृत्तचित्र<br>● सन्तुलित भोजन र योग व्यायामको अन्तरसम्बन्धका बारेमा भिडीयो | ● प्राकृतिक र पत्रु खानाको फरक लेखी प्रस्तुत गर्न लगाउने ।<br>● पत्रु खाना खाने बानीमा कमी ल्याउन हामीले सुर्धानु पर्ने बानीको सूची बनाउन लगाउने ।<br>● सन्तुतिल भोजन र योगव्यायामको महत्वबारे बुँदागत रुपमा लेख्न लगाउने ।<br>● पत्रु खानाको असर सम्बन्धी समुहमा मिलेर नाटक देखाउन लगाउने | ७ |

| क्षेत्र | बिषयबस्तु | सिकाई उपलब्धि | बिषयबस्तुको बिस्तृतिकरण | सिकाई सहजिकरण क्रियाकलाप | मूल्यांकन प्रक्रिया | पाठ्य घन्टी |
|---|---|---|---|---|---|---|
| म र मेरो वृत्ति | १. वृत्तिको परिचय र सिद्धान्त<br>२. वृत्ति छनौट गर्दा ध्यान दिनु पर्ने कुराहरु | स्थानीय क्षेत्रमा भएका वृत्तिको पहिचान / तयारी, छनौट र अबसरको बारेमा जानकारी प्राप्त गर्नेछन् | - काम, पेशा, जागीर र वृत्तिको परिचय,<br>- वृत्ति सम्बन्धि बिद्यार्थीहरुको पूर्व ज्ञानको पहिचान<br>- वृत्तिबिकासका सिद्धान्तहरु<br>- वृत्तिका बिशेषता, प्रभाब पार्ने तत्व र वृत्तिको छनौट | वृत्तिको परिचय प्रस्तुत गरी विद्यार्थीको अपेक्षा संकलन गर्ने ,<br>वृत्ति र यसको महत्वमाथि प्रकाश पार्ने<br>विद्यार्थीहरुबीच "के तिमी वृत्तीको लागि तयार छौ" भन्ने क्रियाकलाप गराउने,<br>वृत्ति विकासका सिद्धान्त, बिशेषता, प्रभाब पार्ने तत्वहरुको बारेमा कक्षाकोठामा बिस्तृत छलफल गर्ने,<br>फ्लिप्चार्टको मध्यमबाट जागीर र वृत्तिको फरक बारे स्पष्ट पार्ने | वृत्ति र जागिरको फरक सहितको कार्य कक्षाकोठामा प्रस्तुत गर्न लगाउने,<br>स्थानीय वडा, नगरपालिका, शिक्षा महाशाखामा भ्रमण गरी स्थानीय स्तरमा उपलब्ध वृत्ति र उक्त वृत्ति हासिल गर्ने प्रक्रिया र अबसरको बारेमा जानकारी हासिल गरी सोको प्रस्तुत गर्ने | ३ |
| | ३. वृत्ति खोजी पथ र वृत्ति अन्तर्बार्ता | म को हुँ (Who am I) भन्ने बुझेर बताउन सक्ने हुनेछन्,<br>कामको संसार (World of Work) लाई बुझ्न सक्नेछन्,<br>वृत्तिको विकल्पको विकास र तयारी कसरी गर्न सकिन्छ बताउन सक्नेछन्,<br>वृत्ति छनौट गर्ने क्रममा आबश्यक जानकारीको लागि नियमित रुपमा | वृत्ति खोजी पथ अन्तरगत रुची, खुबी र क्षमताको पहिचान<br>आफुलाई बुझ्नु,<br>कामको संसारको जानकारी<br>वृत्ति विकल्पको विकास र वृत्तिको तयारी | वृत्ति खोजी पथको फ्लिपचार्ट र कार्यपत्र प्रस्तुत गरि वृत्ति छनौट प्रक्रियाको ४ चरणको बारेमा स्पष्टता पार्ने,<br>सुनेको र देखेको आधारमा मात्र वृत्ति छनौट नगरी यसको बारेमा बिस्तृत जानकारी लिएर मात्र आफ्नो निर्णय गर्नु पर्दछ भन्ने कुरालाई जोड दिने,<br>समूह कार्यको लागि समुहमा बिभाजन गरि "वृत्ति अन्तरबार्ता पत्र (२ पृष्ठ) को प्रयोग गरि छलफल गराउने, | रुची र खुबीको बारेमा उदाहरण सहित कार्य प्रस्तुत गर्ने,<br><br>स्थानीय स्तरमा भएका कामको संसारको सुची तयार गरि कक्षाकोठामा छलफलको लागि कार्य संचालन गर्ने,<br><br>समूह कार्य गरि वृत्ति अन्तरबार्ता संचालन गर्ने | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अभ्यास गर्न सक्षम हुनेछन् / | | | | |
| | ४. जीवन रेखा | बिद्यार्थीहरुले शिक्षा, तालिम र अनुभवको महत्वबारे बताउने सक्नेछन | काम, शिक्षा, तालिम आदिको बारेमा चरणबद्द प्रक्रियाको बारेमा स्पष्टता भइ जिबनको हरेक निर्णयले दिर्घकालिन प्रभावको जानकारी | प्रत्येक बिद्यार्थीहरुलाई "जीबन रेखा" कार्यपत्र बाट जीबन रेखालाई ब्याख्या र बुझाईको आधारमा संग संगइ कार्यपत्र भर्न लगाउनु होस् | | २ |
| | ५. रुची र खुबी | आफुलाई बुझ्ने क्रममा आफ्नो रुची र खुबीको पहिचान गरि आफ्नो क्षमता बारे थाह हुनेछ | रुची के हो? रुचीका प्रकार, रुची र वृत्तिको सम्बन्ध, खुबी के हो ? वृत्ति संग सम्बन्धित आफ्नो रुची र खुबी बारे छलफल | समूह कार्य गरि रुची र खुबीको चर्चा गर्ने, रुची र खुबीको फ्लिप्चार्टको माध्यम बाट हरेक बिद्यार्थीहरुलाई रुची र खुबीको कार्यपत्र भर्न लगाउने, | प्रत्येक बिद्यार्थीहरुले आ-आफ्नो रुची र खुबी पहिचान गरि आफ्नो क्षमताको बारेमा परियोजना कार्य बाट प्रस्तुत गर्न लगाउने | २ |
| | ६. नेपालको शैक्षिक संकाय/धार नेपालको शिक्षा प्रणाली, | शैक्षिक संकाय/धार, शिक्षाको व्यवस्था, सामान्य शिक्षा, प्राबिधिक शिक्षा, ब्यबसायिक शिक्षाको बारेमा जानकारी भइ आफुले रोजेको बिषय, वृत्तिको बारेमा बताउन सक्नेछन / | शैक्षिक संकाय/धार अन्तरगत बिशुद्द बिज्ञान, मानविकी, ब्यबस्थापन, चिकित्सा बिज्ञान, इनजीनियरिंग, शिक्षाशास्त्र, कानुन आदिको बारेमा जानकारी गराउने, शिक्षाको व्यवस्था, सामान्य शिक्षा, प्राबिधिक शिक्षा, ब्यबसायिक शिक्षाको बारेमा स्पष्टता पार्ने | फ्लिप्चार्ट र जानकारी पत्रको प्रयोग गरि सम्पूर्ण बिद्यार्थीहरुलाई सहभागी गराई छलफल र त्यस अन्तर्गतको बिषयबारे बताउने, SEE पछी कुन बिषय छान्ने बारेमा सोध्ने, र सम्बन्धित धार, र प्रणालीको बारेमा बुझाउने | आफुले रोजेको सम्भावित शैक्षिक धार, बिषयको चरणबद्ध प्रक्रिया लाई समूह कार्य गरि प्रतुत गर्न लगाउने | २ |

## ८. पाठ्यघण्टा र अंक विभाजन तालिका

### कक्षा १-३

| क्र.स. | क्षेत्र/एकाइ | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | |
|---|---|---|---|---|---|---|---|
| | | पाठ्यघण्टा | अङ्कभार | पाठ्यघण्टा | अङ्कभार | पाठ्यघण्टा | अङ्कभार |
| १. | नागार्जुन नगरपालिकाको परिचय | १० | ६ | १० | ६ | १० | ६ |
| २. | प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण | ३५ | २० | ३५ | २० | ३५ | २० |
| ३. | प्रकोप र विपद | १० | ६ | १० | ६ | १० | ६ |
| ४. | धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल | १८ | १२ | १८ | १२ | १८ | १२ |
| ५. | स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति | २० | १४ | २० | १४ | २० | १४ |
| ६. | सामाजिक मूल्य मान्यता र असल संस्कार | १९ | १२ | १९ | १२ | १९ | १२ |
| ७. | स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता | ३० | १८ | ३० | १८ | ३० | १८ |
| ८. | स्थानीय खेलकुद र योग व्यायाम | १८ | १२ | १८ | १२ | १८ | १२ |
| | | **१६०** | **१००** | **१६०** | **१००** | **१६०** | **१००** |

### कक्षा ४-५

| क्र.स. | क्षेत्र/एकाइ | कक्षा ४ | | कक्षा ५ | |
|---|---|---|---|---|---|
| | | पाठ्यघण्टा | अङ्कभार | पाठ्यघण्टा | अङ्कभार |
| १. | नागार्जुन नगरपालिकाको परिचय | ८ | ६ | ८ | ६ |
| २. | प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण | ३२ | २४ | ३२ | २४ |
| ३. | प्रकोप/विपद व्यवस्थापन | ८ | ६ | ८ | ६ |
| ४. | धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल | १५ | १२ | १५ | १२ |
| ५. | स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति | १५ | १२ | १५ | १२ |
| ६. | सामाजिक मूल्य मान्यता र असल संस्कार | १६ | १२ | १६ | १२ |
| ७. | स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता | २० | १६ | २० | १६ |
| ८. | स्थानीय खेलकुद, योग र सन्तुलित भोजन | १४ | १२ | १४ | १२ |
| | | **१२८** | **१००** | **१२८** | **१००** |

**कक्षा ६-८**

| क्र.स. | क्षेत्र/एकाइ | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|---|
| | | पाठ्यघण्टा | अङ्कभार | पाठ्यघण्टा | अङ्कभार | पाठ्यघण्टा | अङ्कभार |
| १. | नगार्जुन नगरपालिकाको परिचय | १४ | १० | १४ | १० | १४ | १० |
| २. | प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण | ३० | २६ | ३० | २६ | ३० | २६ |
| ३. | प्रकोप/विपद व्यवस्थापन | ८ | ६ | ८ | ६ | ८ | ६ |
| ४. | धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल | १४ | १० | १४ | १० | १४ | १० |
| ५. | स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति | १४ | १० | १४ | १० | १४ | १० |
| ६. | सामाजिक मूल्य मान्यता र असल संस्कार | १४ | १२ | १४ | १२ | १४ | १२ |
| ७. | स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता | २० | १६ | २० | १६ | २० | १६ |
| ८. | स्थानीय खेलकुद, योग र सन्तुलित भोजन | १४ | १० | १४ | १० | १४ | १० |
| | | **१२८** | **१००** | **१२८** | **१००** | **१२८** | **१००** |

## ९. सिकाइ सहजीकरण प्रक्रिया

विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउन विद्यार्थी केन्द्रित विधिलाई प्राथमिकता दिएर सिकाइ अगाडि बढाउनुपर्छ । यस पाठ्यक्रमलाई विद्यालयमा विद्यार्थीहरूबीच प्रभावकारी शिक्षण गर्नका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, वेवमा आधारित सामग्री र स्थानीय विज्ञसँगको अन्तरक्रिया लगायतका शैक्षणिक सामग्रीहरुको अधिकतम प्रयोग गर्नु पर्नेछ । सिकाइ सहजीकरण गर्न विभिन्न प्रचलित विधिहरू अपनाउन सकिने छ ।

कुनै पनि सिकाइ दिगो हुनका लागि सिकारुहरुले/विद्यार्थीहरुले प्रत्यक्ष अनुभव गरेका कुराहरुले महत्वपूर्ण प्रभाव पारेको हुन्छ । त्यसका लागि सहजकर्ताले जहिले पनि विद्यार्थीहरुको रुची, उनीहरुको अवस्थालाई बुझ्रेर विद्यार्थी केन्द्रीत सहजीकरण गर्नुपर्दछ । जसबाट विद्यार्थीहरुको संज्ञानात्मक (Congnitive), भावनात्मक (Affective) तथा मनोक्रियात्मक (Psychomotor) सिकाइमा प्रतक्ष्य फाईदा पुग्छ । विद्यार्थी केन्द्रीत सहजीकरण गर्दा सहजकर्ताले मुख्य गरी निम्न तीनवटा तहलाई ध्यानमा राखी कक्षा संचालन गर्नुपर्दछ ।

क) पूर्व तयारी : विद्यार्थीहरुमा उत्प्रेरणा जगाउने

ख) उपयुक्त सहजीकरण बिधि : विद्यार्थी केन्द्रीत अन्तरक्रियात्मक शिक्षण विधिहरुको प्रयोग गर्ने

ग) अभिलेखीकरण तथा सिकाई उपलब्धि/सक्षमता मापन : विषय वस्तुको अभिलेखीकरण र त्यसको प्रस्तुति गर्ने

**पूर्व तयारी :** स्थानीय विषयको सहजीकरण गर्दा सहजकर्ता/शिक्षकले कक्षाकोठामा पस्नु अगाडि र कक्षामा पसिसकेपछि विषयवस्तुको सहजीकरण गर्नुभन्दा अगाडि विभिन्न चरणका तयारीहरु गर्नुपर्दछ, जस्लाई पूर्व तयारी भनिन्छ । कक्षामा जानु अगाडि विषयस्तुसँग सम्बन्धित कुराहरुको खोजी गरी त्यसको पाठ योजना सहितको तयारी प्रथम चरणको तयारी हो, जसमा सिकाइ उपलब्धी, सक्षमता समावेश गरी सहजीकरणका विधिहरु समेतको तयारी गर्नुपर्दछ। यदि कोही अन्य सहजकर्ता, विषयवस्तु बिज्ञलाई बोलाउने हो भने उक्त व्यक्तिलाई पनि विषयवस्तुबारे अग्रीम जानकारी गराउनु पर्दछ। यदि अवलोकन भ्रमण वा बाहिरी वातावरणमा लगेर सिकाउन लागिएको छ भने त्यस ठाउँको बारेमा अग्रीम जानकारी लिई त्यस अनुरुपको तयारी गनुपर्दछ।

सहजकर्ता कक्षाकोठामा विषयवस्तुको तयारी सहित प्रवेश गरिसकेपछि कक्षामा विद्यार्थीहरुको बसाइको अवस्थामा ध्यान दिनुपर्दछ । विषयवस्तुको माग र सहजीकरण बिधिलाई सहयोग पुग्नेगरी यु (U) आकार, राउन्ड टेवल (Round Table) आकार, स्क्वायर (Square) आकार, लहरमा (Line) राख्ने जस्ता विभिन्न तरिकामा कक्षाकोठाको बसाइको व्यवस्था मिलाउनुपर्दछ । विद्यार्थीहरुको इच्छा बुझ्ने, विभिन्न खेलहरु खेलहरु मार्फत उत्प्रेरणा जगाउने कार्य गर्नुपर्दछ । विद्यार्थीहरुमा उत्प्रेरणा दुई तरिकाबाट जगाउन सकिन्छ । जसमा बाहिरी कुराहरुको सहयोगमा उत्प्रेरणा जगाउने (Extrinsic Motivation) जस्तैः विषयवस्तुसँग सम्बन्धित प्रश्नहरु गरी पुरस्कारको व्यवस्था गरेर तथा आफैंभित्रबाट उत्प्रेरणा जगाउने (Intrinsic motivation), जस्तैः विद्यार्थीहरुलाई केही रमाइला अनुभवहरु सुनाई उनीहरुमा पनि विषयवस्तु सम्बन्धी जान्ने इच्छाशक्ति बढाउन अभिप्रेरित गर्ने । विद्यार्थीहरुमा उत्प्रेरणासँगै अघिल्लो दिनको विषयवस्तु वा क्रियाकलापको अनुभव, समीक्षा विद्यार्थीहरुबाटै गर्ने/गराउने र आजको विषयवस्तुलाई जोडेर विषयवस्तुमा प्रवेश गर्ने गर्नुपर्दछ।

**उपयुक्त सहजीकरण बिधि :** शिक्षक वा सहजकर्ताले तयारीका चरणहरु पूरा गरी विषयवस्तुमा प्रवेश गरेपछि उद्देश्य अनुसार सक्षमता हासिल हुने गरी विद्यार्थी केन्द्रीत विधिहरु उपयोग गरी सहजीकरण गर्नुपर्दछ। हाल प्रचलनमा रहेका प्रश्नोत्तर विधि, प्रदर्शन विधि, समस्या समाधान विधि, अवलोकन, छलफल, अभिनय, कथावाचन, क्षेत्र भ्रमण, परियोजना, द्रुत लेखन, जिग्सअ, मष्तिस्क मन्थन आदि विधिहरु अपनाउन सकिन्छ। पाठ्यक्रमको उद्देश्य अनुसार एकैपटकमा पनि एक भन्दा धेरै बिधिहरुको प्रयोग गर्न सकिन्छ तर सबै बिधिहरुमा विद्यार्थी केन्द्रीत, सक्रिय सहभागिता, समाजिक सहभागिता, उपयुक्त क्रियाकलाप र रणनीतिको प्रयोग हुनुपर्दछ।

**अभिलेखीकरण तथा सिकाइ उपलव्धि/सक्षमता मापन :** विद्यार्थीहरुलाई आफूले सिकेका कुराहरुको अभिलेखीकरण गर्न लगाउनु पनि सहजीकरण प्रक्रियाको एक महत्वपूर्ण अंग हो। यहाँ अभिलेखीकरण गर्नु भन्नुको अर्थ विद्यार्थीहरुले सिकेका कुराहरुलाई हुबहु कापीमा लेख्ने भन्न खोजिएको होइन् । विद्यार्थीहरुले आफूले सिकेका कुराहरुको अभिलेखीकरण गर्ने क्रममा विषयवस्तुमा आधारित कथा, कविता, निवन्ध आदि लेख्ने, चित्र बनाउने, विभिन्न फोटोहरु टाँस्ने वा वास्तविक वस्तुहरु नै टाँस्ने, जस्तैः कुहिने र नकुहिने वस्तु छुट्याउने विषय छ भने कागजको टुक्रा र प्लाष्टिक टाँस्ने, कुनै बिरुवाको जीवनचक्र वा खेती सम्बन्धी छ भने त्यसको विउ, पातहरु टाँस्न सकिन्छ । कुनै विषय वस्तुमा क्षेत्र भ्रमण, अवलोकन आदि गराइएको छ भने त्यसको सामूहिक परियोजना कार्य गराइ प्रस्तुत गर्न लगाउनुपर्छ। कुनै विषयवस्तुहरुमा विद्यार्थीहरुलाई सीपसँग सम्बन्धित सामग्रीहरु बनाउन लगाई प्रस्तुत गर्न लगाउने । जस्तैः बाँसका सामग्री बनाउन लगाउने । विद्यार्थीहरुलाई विषयवस्तुको

सहजीकरणका क्रममा यस्ता विभिन्न कार्यहरु गराउँदा उनीहरुसँग सिकेका कुराहरुको अभिलेख रहिरन्छ र भविष्यमा पुनरावलोकन गर्न समेत सहज हुन्छ । यसरी विद्यार्थीहरुले गरेको अभिलेखको प्रस्तुति गर्न लगाइ उनीहरुलाई सकारात्मक पृष्ठपोषण (Positive feedback) सहित हौसला प्रदान (Appreciation) गर्नुपर्दछ । विद्यार्थीहरुको अभिलेखीकरण, प्रस्तुति, अभिनय जस्ता कार्यहरुबाट सहजकर्ताले सहजीकरण गरेका विषयवस्तुहरुको सिकाइ उपलब्धी, सक्षमता, सीप कति हाँसिल भयो भन्ने कुराको मापन समेत गर्न सक्छन् । सिकाइ सहजीकरणका क्रममा विद्यार्थीहरुको दैनिक कार्य, अनुभव, सीप तथा व्यवहारिक परिवर्तनको समेत अवलोकन गर्दै सहजकर्ताले समेत प्रत्येक विद्यार्थीहरुको दैनिक अभिलेख राख्ने कार्य सम्पन्न गरेपछि मात्र सहजीकरणको प्रक्रिया पूरा भएको मानिन्छ । विद्यार्थी तथा सहजकर्ता दुवैले राख्ने अभिलेखबाट विद्यार्थी मूल्याङ्कन प्रक्रिया सम्पन्न गर्न समेत सजिलो हुन्छ ।

## १०. विद्यार्थी मूल्याङ्कन प्रक्रियाः

यस स्थानीय विषयको पठनपाठनपछि विद्यार्थी मूल्याङ्कनका निम्न तरिकाहरु अवलम्बन गरिने छ ।

१. आधारभूत तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गरिने भएकोले यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा पनि यस पद्धतिलाई अनुशरण गरिने छ ।

२. स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले गरेर, अवलोकन गरेर सिक्ने भएकोले नियमित विद्यार्थी अवलोकन गरेर, पृष्ठपोषण प्रदान गरी प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गरिने छ ।

३. प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) फाईल रहनेछ र त्यसभित्र विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यवहारिक परिवर्तन, अवलोकन, हाजिरी, सामूहिक कार्यमा सक्रियताका अभिलेख रहनेछ र त्यस आधारमा मूल्याङ्कन गरिने छ ।

४. कक्षा १-३ को विद्यार्थी मूल्याङ्कनका लागि निरन्तर मूल्याङ्कन पद्धति (Continuous Assessment System-CAS) अपनाउनुपर्दछ । जसमा सैद्धान्तिक तथा प्रयोगात्मक क्रियाकलापहरू समावेश गर्नुपर्दछ । यसैका आधारमा कक्षोन्नति गरिने छ । यसका लागि निरन्तर मूल्याङ्कन पद्धतिको अनुसूची १ र २ फारम प्रयोगमा ल्याउनुपर्नेछ ।

५. कक्षा ४-५ मा ५०% निरन्तर मूल्याङ्कन पद्धति (निर्माणात्मक पद्धति) (CAS) र ५०% निर्णयात्मक (बार्षिक परीक्षा) बाट विद्यार्थीको मूल्याङ्कन गरिने छ । बिद्यार्थीलाई कक्षोन्नति निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा गरिने छ । तर कक्षा ४-८ को  लिखित मूल्याङ्कन अक्षराङ्कन मूल्याङ्कन पद्धतीमा गरिनेछ ।

६. निर्माणात्मक मूल्याङ्कनमा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक, र प्र. अ. को निर्णयबाट कक्षोन्नति गर्न सकिनेछ ।

७. कक्षा ६-७ मा ६०% निर्णयात्मक (बार्षिक परीक्षा) र ४०% निर्माणात्मक  (निरन्तर मूल्याङ्कन पद्धति)बाट विद्यार्थीको मूल्याङ्कन गरिने छ । निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ ।

८. आधारभूत तहको अन्त्य (कक्षा ८) मा ६०% निर्णयात्मक (बार्षिक परीक्षा) र ४०% निर्माणात्मक/प्रयोगात्मक पद्धतिबाट विद्यार्थीको मूल्याङ्कन गरिने छ । निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ । लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४० % हुनेछ र अक्षराङ्कन मूल्याङ्कन पद्धतीमा गरिनेछ ।

९. विद्यार्थीहरूको मूल्ल्याङ्कन गर्दा ज्ञान तथा बोध तहका (Knowledge Level) अति छोटा प्रश्नहरू, सामान्य बुझाईका आधारमा उत्तर दिने छोटा प्रश्नहरू समेट्नु पर्दछ । त्यसैगरी विश्लेषण गर्ने, अनुसन्धान गर्ने, विभिन्न सामानका नमूनाहरू बनाइ प्रस्तुत गर्ने, कुनै कामहरु आफै गर्न सक्ने र विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि सीप तहका (Skill Level) प्रश्नहरु समेट्न पर्दछ । यसका साथै व्यवहारिक परिवर्तन (Attitude) सँग सम्बन्धित किसिमका प्रश्नहरू समाबेस गर्नुपर्ने छ ।

१०. प्रयोगात्मक क्रियाकलापको मूल्याङ्कन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमूनाहरू बनाइ प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ । यसभित्र विषयवस्तुको ज्ञान, बोध, सीपको क्षमता, बुझाइको प्रस्तुतिकरण, व्यवहार परिवर्तन जस्ता पक्षहरू समेट्नुपर्ने छ ।

११. प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा स्थानीय वातावरण, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप/विपद्, सामाजिक मूल्यमान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनुपर्ने छ ।

१२. कक्षा १ देखि ८ सम्मको निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि रुब्रिक्सको विकास गरिने छ। रुब्रिक्सलाई विद्यार्थी मूल्याङ्कनको अभिन्न अङ्ग बनाइने छ ।

१३. विद्यार्थी मूल्याङ्कन सम्बन्धी अन्य विधि र प्रक्रिया राष्ट्रिय पाठ्यक्रम प्रारूपमा उल्लेख गरेको प्रावधान प्रतिकूल नहुने गरी हुनेछ ।

## ११. पाठ्यक्रमको कार्यान्वयन प्रक्रियाः

यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक र शिक्षकको भूमिका महत्वपूर्ण हुनेछ। विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अबलम्बन गरिने छ । समूदायका बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय, क्षेत्रमा जानीफकार व्यक्तिहरू स्रोतव्यक्तिको रूपमा रहनेछन् । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यता अनुसार स्थानीय भाषा, नेपाली भाषा वा अंग्रेजी माध्यम समेत अवलम्बन गर्न सक्नेछन् । विषय क्षेत्रमा आबद्ध गाउँपालिका/नगरपालिका एवम् जिल्लाका विवरणहरू सङ्कलन गरी पठनपाठनमा प्रयोग गरिने छ । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइनेछ । विद्यार्थीहरूको समूहकार्य, अन्तरक्रियालाई जोड दिइनेछ । पाठ्यक्रममा आधारित भइ पाठ्यसामग्रीको बिकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रिया सम्बन्धी अभिमुखीकरण, तालिम आदिको व्यवस्था गरिने छ ।

## १२. समय निर्धारण:

आधारभूत तह कक्षा १-३ मा स्थानीय विषयको साप्ताहिक पाठ्यभार ५ घण्टा हुनेछ जसमा वार्षिक १६० घण्टा पठनपाठन गर्नुपर्नेछ । त्यसैगरी आधारभूत तह कक्षा ४-८ मा स्थानीय विषयको साप्ताहिक ४ घण्टा कायम गरी वार्षिक १२८ पाठ्यघण्टा दिइएको छ। प्रत्येक शैक्षिक सत्र बैशाखदेखि सुरु भएर चैत्र मसान्तसम्म कायम रहने छ। प्रचलित शिक्षा ऐन, नियमावली र कार्यबिधि बमोजिम प्रत्येक शैक्षिक सत्रमा २२० दिन विद्यालय खुल्नेछ र २०० दिन पठनपाठन हुनेछ। प्रत्येक घण्टी वा घण्टा १ घण्टाको हुनेछ। पाठ्यांश अनुसार विद्यार्थीहरूलाई अध्ययन/अवलोकन भ्रमण/प्रयोगात्मक क्रियाकलापलाई पनि अध्ययन अवधिमा मिलान गरिने छ।

## १३. पाठ्यक्रम परिमार्जन:

समयको परिवर्तनसँगै मानिसका सामाजिक इच्छा, आकाङ्क्षा र आवश्यकताहरू पनि बढ्छन् । ती आवश्यकताहरू शैक्षिक पाठ्यांशमा समावेश हुनुपर्दछ, जसले विद्यार्थीहरूको ज्ञान, सीप र व्यवहारमा सकरात्मक परिवर्तन ल्याउन सकोस । यसै अनुरूप यो पाठ्यक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न पनि परिमार्जन हुनेछ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, साँस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको सकारात्मक सन्र्दभहरूको खोज, अनुसन्धान र अध्ययन गरिनेछ र प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ। परिवर्तित सन्दर्भलाई यस पाठ्यक्रमले निरन्तर सम्बोधन गर्दै अगाडि बढ्नेछ।

## अनुसूचीहरु

## अनुसूची १

### विधा/क्षेत्र, क्रम अनुसार कक्षागत अनुमानित पाठ संख्या तालिका

| क.स. | बिधा/क्षेत्र | कक्षा अनुसार अनुमानित पाठ संख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १. | नागार्जुन नगरपालिकाको परिचय | १ | १ | १ | १ | १ | २ | २ | २ |
| २. | प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण | ४ | ४ | ४ | ५ | ५ | ५ | ५ | ५ |
| ३. | प्रकोप/विपद व्यवस्थापन | १ | १ | १ | १ | १ | १ | १ | १ |
| ४. | धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल | २ | २ | २ | २ | २ | २ | २ | २ |
| ५. | स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति | २ | २ | २ | २ | २ | २ | २ | २ |
| ६. | सामाजिक मूल्य मान्यता र असल संस्कार | २ | २ | २ | २ | २ | २ | २ | २ |
| ७. | स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |
| ८. | स्थानीय खेलकुद, योग र सन्तुलित भोजन | २ | २ | २ | २ | २ | २ | २ | २ |
| **जम्मा** | | **१७** | **१७** | **१७** | **१८** | **१८** | **१९** | **१९** | **१९** |

## अनुसूची २

## विद्यार्थी मूल्याङ्कन योजना तालिका

**(क) निर्माणात्मक/प्रयोगात्मक परीक्षा (निरन्तर मूल्याङ्कन)**

**कक्षा १-३**

औसत अंक विशिष्टीकरण तालिका

| **क.स.** | **मापदण्ड (कार्य)** | **अङ्कभार** |
|---|---|---|
| १. | कक्षामा उपस्थिति तथा व्यवहारिक परिवर्तन | १० |
| २. | समूह निर्माण तथा समूहमा सहभागिता | १० |
| ३. | क्रियाकलापको योजना निर्माण | १० |
| ४. | क्रियाकलापको नमूना निर्माण/क्रियाकलाप सम्पन्न | ३० |
| ५. | उत्तर लेखन/प्रतिवेदन तयारी/नमूनाको चित्र | ३० |
| ६. | प्रस्तुति/अभिनय/प्रश्नको मौखिक उत्तर | १० |
| | **जम्मा** | **१००** |

**कक्षा : ४-५**

औसत अंक विशिष्टीकरण तालिका

| **क.स.** | **मापदण्ड (कार्य)** | **अङ्कभार** |
|---|---|---|
| १. | कक्षामा उपस्थिति तथा व्यवहारिक परिवर्तन | ५ |
| २. | समूह निर्माण तथा समूहमा सहभागिता | ५ |
| ३. | क्रियाकलापको योजना निर्माण | ५ |
| ४. | क्रियाकलापको नमूना निर्माण/क्रियाकलाप सम्पन्न | १५ |
| ५. | उत्तर लेखन/प्रतिवेदन तयारी/नमूनाको चित्र | १५ |
| ६. | प्रस्तुति/अभिनय/प्रश्नको मौखिक उत्तर | ५ |
| | **जम्मा** | **५०** |

**कक्षा : ६-८**

औसत अंक विशिष्टीकरण तालिका

| क.स. | मापदण्ड (कार्य) | अङ्कभार |
|---|---|---|
| १. | कक्षामा उपस्थिति तथा व्यवहारिक परिवर्तन | ५ |
| २. | समूह निर्माण तथा समूहमा सहभागिता | ५ |
| ३. | क्रियाकलापको योजना निर्माण | ५ |
| ४. | क्रियाकलापको नमूना निर्माण/क्रियाकलाप सम्पन्न | १० |
| ५. | उत्तर लेखन/प्रतिवेदन तयारी/नमूनाको चित्र | १० |
| ६. | प्रस्तुति/अभिनय/प्रदर्शनी | ५ |
| | **जम्मा** | ४० |

## (ख) निर्णयात्मक (आवधिक) परीक्षा

**कक्षा : ४-५** पूर्णाङ्क : ५०

समय : १ घण्टा ३० मिनेट उत्तीर्णाङ्कः अक्षराङ्कनमा मूल्याङ्कन गरिने

**औसत प्रश्न तालिका (तहगत रुपमा)**

| ज्ञान/बोध तह (Knowledge/Understanding Level) | सीप/उच्च तह (Skill Level/Higher Abilities) | व्यवहारिक परिवर्तन/उच्च तह (Attitude/Higher Abilities) |
|---|---|---|
| ५० % | ३०% | २० % |

**कक्षा : ६-८**

पूर्णाङ्क : ६०

समय : १ घण्टा ४८ मिनेट उत्तीर्णाङ्कः अक्षराङ्कनमा मूल्याङ्कन गरिने

**औसत प्रश्न तालिका (तहगत रुपमा)**

| ज्ञान/बोध तह (Knowledge/Understanding Level) | सीप/उच्च तह (Skill Level/Higher Abilities) | व्यवहारिक परिवर्तन/उच्च तह (Attitude/Higher Abilities) |
|---|---|---|
| ४० % | ३०% | ३०% |

**(ग) परीक्षा प्रक्रिया**

- ❖ विद्यार्थीहरूको मूल्याङ्कन गर्दा निर्माणात्मक (Formative) पद्धति तथा निर्णयात्मक (Summative) पद्धति, सैद्धान्तिक र प्रयोगात्मक (Theoritical and Practical) दुबै अपनाउनु पर्दछ ।
- ❖ ज्ञान तथा बोध तह (Knowledge/Understanding Level) मा अति छोटा प्रश्नहरू पर्दछन् । जस अन्तर्गत वस्तुगत बहुबैल्पिक उत्तर, खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठीक बेठीक छुट्याउने, चित्र हेरेर चिन्ने आदि पर्दछन् । त्यसैगरी छोटो उत्तर लेख्ने/भन्ने एक वाक्य देखि चार वाक्यसम्मको उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू पर्दछन् ।
- ❖ सीप तथा उच्च तह (Skill/Higher Abilities) अन्तर्गत लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू पर्दछन् । जसमा विद्यार्थीको ब्याख्या गर्ने, विश्लेषण गर्ने, नमूनाहरू बनाउने, गरेर देखाउने, व्यवहारिक ज्ञानको क्षमता आदि पर्दछन् ।
- ❖ व्यवहारिक परिवर्तन तथा उच्च तह (Attitude/Higher Abilities) अन्तर्गत सकरात्मक परिवर्तन, विद्यार्थीहरुको दैनिक आनीबानी, समाजिक कार्यहरुमा सहभागीता, सम्मान आदि जस्ता कुराहरूको मूल्याङ्कन गरिन्छ ।
- ❖ मूल्याङ्कनमा संज्ञानात्मक (Congnitive), भावनात्मक (Affective) तथा मनोक्रियात्मक (Psychomotor) क्षेत्रलाई समेत समेटेको हुनुपर्दछ ।
- ❖ प्रयोगात्मक क्रियाकलापमा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमूनाहरू बनाइ प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ । यस भित्र विषयवस्तुको ज्ञान, बोध, सीपको क्षमता, बुझाइको प्रस्तुतिकरण, व्यवहारिक परिवर्तन जस्ता कुराहरू पर्दछन् ।

❖ प्रयोगात्मक परीक्षा संचालन गर्दा स्थानीय वातावरण, जैविक विविधता, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप/बिपद्का उदाहरणहरू, सामाजिक मूल्यमान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनु पर्दछ ।

## अनुसूची ३
## विधा/क्षेत्र, क्रम अनुसार कक्षागत अनुमानित प्रश्न संख्या योजना तालिका

### कक्षा ४-५

| क.स. | बिधा/क्षेत्र | अति छोटो उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न संख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रश्न संख्या | अंकभार | जम्मा अंक | प्रश्न संख्या | अंकभार | जम्मा अंक | प्रश्न संख्या | अंकभार | जम्मा अंक | | |
| १. | नागार्जुन नगरपालिकाको परिचय | २ | १ | २ | १ | २ | २ | - | - | - | ३ | ४ |
| २. | प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण | ३ | १ | ३ | १ | २ | २ | २ | ३ | ६ | ६ | ११ |
| ३. | प्रकोप/विपद व्यवस्थापन | १ | १ | १ | १ | २ | २ | - | - | - | २ | ३ |
| ४. | धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| ५. | स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति | २ | १ | २ | १ | २ | २ | १ | ३ | ३ | ४ | ७ |
| ६. | सामाजिक मूल्य मान्यता र असल संस्कार | २ | १ | २ | २ | २ | ४ | - | - | - | ४ | ६ |
| ७. | स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता | २ | १ | २ | १ | २ | २ | १ | ३ | ३ | ४ | ७ |
| ८. | स्थानीय खेलकुद, योग र सन्तुलित भोजन | २ | १ | २ | २ | २ | ४ | - | - | - | ४ | ६ |
| **जम्मा** | | **१५** | **१** | **१५** | **१०** | **२** | **२०** | **५** | **३** | **१५** | **३०** | **५०** |

**नोटः**

१. प्रश्न बनाउँदा तीनै तहका (ज्ञान, बोध, उच्च/ज्ञान, सीप, व्यवहारिक परिवर्तन/संज्ञात्मक, भावनात्मक, मनोक्रियात्मक) प्रश्नहरु समावेश गर्नुपर्छ ।

२. ज्ञान तहमा १ अंकभार हुने, बोध तहमा २ अंकभार हुने र उच्च तहमा ३ अंकभार हुनेगरी प्रश्न निर्माण गर्नुपर्दछ ।

## कक्षा ६-८

| क.स. | बिधा/क्षेत्र | अति छोटो उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न संख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रश्न संख्या | अंकभार | जम्मा अंक | प्रश्न संख्या | अंकभार | जम्मा अंक | प्रश्न संख्या | अंकभार | जम्मा अंक | | |
| १. | नागार्जुन नगरपालिकाको परिचय | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| २. | प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण | ४ | १ | ४ | २ | २ | ४ | १ | ४ | ४ | ७ | १२ |
| ३. | प्रकोप/विपद व्यवस्थापन | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| ४. | धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल | ३ | १ | ३ | - | - | - | १ | ४ | ४ | ४ | ७ |
| ५. | स्थानीय भाषा, भेषभूषा, चाडपर्व र संस्कृति | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| ६. | सामाजिक मूल्य मान्यता र असल संस्कार | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| ७. | स्थानीय पेशा, व्यवसाय, प्रविधि र उद्यमशीलता | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| ८. | स्थानीय खेलकुद, योग र सन्तुलित भोजन | २ | १ | २ | २ | २ | ४ | - | - | - | ४ | ६ |
| **जम्मा** | | **१४** | **१** | **१४** | **९** | **२** | **१८** | **७** | **४** | **२८** | **३०** | **६०** |

**नोटः**

१. प्रश्न बनाउँदा तीनै तहका (ज्ञान, बोध, उच्च/ज्ञान, शिप, व्यवहारिक परिवर्तन/संज्ञात्मक, भावनात्मक, मनोक्रियात्मक) प्रश्नहरु समावेश गर्नुपर्छ।

२. ज्ञान तहमा १ अंकभार हुने, बोध तहमा २ अंकभार हुने र उच्च तहमा ४ अंकभार हुनेगरी प्रश्न निर्माण गर्नुपर्दछ।

## अनुसूची ४

## निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख र स्तर निर्धारण

| क.स. | मूल्याङ्कन आधार | अति उत्तम | उत्तम | सामान्य |
|---|---|---|---|---|
| १. | कक्षामा उपस्थिति तथा व्यवहारिक परिवर्तन | √√√ | √√ | √ |
| २. | समूह निर्माण तथा समूहमा सहभागिता | √√√ | √√ | √ |
| ३. | क्रियाकलापको योजना निर्माण | √√√ | √√ | √ |
| ४. | क्रियाकलापको नमूना निर्माण/क्रियाकलाप सम्पन्न | √√√ | √√ | √ |
| ५. | उत्तर लेखन/प्रतिवेदन तयारी/नमूनाको चित्र | √√√ | √√ | √ |
| ६. | रचनात्मक कार्य/प्रस्तुति/अभिनय/प्रश्नको मौखिक उत्तर | √√√ | √√ | √ |
| | **जम्मा** | **१८** | **१२** | **६** |

नोटः रेजा लगाउन रुव्रिक्स तयार गर्नुपर्ने छ ।

**रेजाको प्रतिशत निकाल्ने तरिकाः**

रेजा सुत्र प्रतिशत = विद्यार्थीले पाएको जम्मा रेजा संख्या X १०० / जम्मा पढाइ भएको पाठ संख्या X १८

उदाहरणको लागि, कक्षामा पहिलो त्रैमासिक सम्ममा पढाई भएको पाठ संख्या = ६

कुनै विद्यार्थीले उक्त विषयमा प्राप्त गरेको जम्मा रेजा संख्या = ८०

सुत्र अनुसार, रेजा प्रतिशत = ८० X १०० / ६ X १८

= ७४.०७४ प्रतिशत

**रेजा प्रतिशतका आधारमा श्रेणी निर्धारण गर्ने तरिकाः**

पाठगत आधारमा रेजा दिइसकेपछि हरेक त्रैमासिकमा रेजा प्रतिशतका आधारमा विद्यार्थीहरुलाई निम्न लिखित तरिकाले क, ख, ग र घ श्रेणीमा छुट्याउनु पर्दछ ।

| क.स. | कक्षा | रेजा प्रतिशत | श्रेणी स्तर | कक्षा | रेजा प्रतिशत | श्रेणी स्तर |
|---|---|---|---|---|---|---|
| १. | १-५ | ७०-१०० | क | ६-८ | ८०-१०० | क |
| २. | १-५ | ४०-६९ | ख | ६-८ | ६०-७९ | ख |
| ३. | १-५ | ४० भन्दा तल | ग | ६-८ | ४०-५९ | ग |
| ४. | - | - | - | ६-८ | ४० भन्दा तल | घ |

## सन्दर्भ सामग्री


- नेपालको संविधान, २०७२, कानुन किताव समिति, बबरमहल, काठमाडौंः नेपाल सरकार
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कानुन किताव समिति बबरमहल, काठमाडौंः नेपाल सरकार
- राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित), २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- लाङटाङको सेरोफेरो, स्थानीय पाठ्यक्रम, २०७४, गोसाइकुण्ड गाउँपालिका, रसुवा/वन्यजन्तु संरक्षण संघ नेपाल, हाम्रो बुढानीलकण्ठ २०७६, बुढानीलकण्ठ नगरपालिका, काठमाडौं/वन्यजन्तु संरक्षण संघ नेपाल, हाम्रो गौरव, हाम्रो भरतपुर, स्थानीय पाठ्यक्रम, २०७६, भरतपुर महानगरपालिका, चितवन/वन्यजन्तु संरक्षण संघ नेपाल, हाम्रो शंखरापुर, स्थानीय पाठ्यक्रम, २०७६, शंखरापुर नगरपालिका, काठमाडौं/वन्यजन्तु संरक्षण संघ नेपाल
- नागार्जुन नगरपालिकाको आ.व. २०७६/०७७ को बार्षिक निति कार्यक्रम तथा बजेट पूस्तिका २०७६ (नगरपालिकाको वेवपेज)
- Ian Keith, Allen Rugambwa, Frances Vavrus, and Adrian Maganga : The Active Teaching and Learning Handbook, 2016

**नागार्जुन नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

हरिसद्दि,सीतापाइला, काठमाडौं